वर्तमान नेपाली महिला मुक्ति आन्दोलनः महिला नेतृत्वहरुको विचार

# मूल्याङ्कन

विचार-अन्तर्क्रियामुखी मासिक

वर्ष १०
अंक ३
०४८/४९
चैत्र/ बैशाख

यस अंकको
रु. १२/-

**अन्तर्वार्ताः**
विष्णुबहादुर मानन्धर,
झलनाथ खनाल,
माधव नेपाल,
लिलामणि पोखरेल,
डा. बाबुराम भट्टराई



सोलिडेरिटी समूह, चिकित्सक,
वकिल, प्राध्यापक, शिक्षक,
विद्यार्थी, महिला, लेखक,
कलाकारको सहभागिताको
अन्तर-कथा

गिरिजा सरकारले मारेका
शहीदहरू

जन-आन्दोलनको कारण-
विकास प्रक्रिया,
स्वरुप र शिक्षा

## विशेषः जन-आन्दोलन २०४६

# बोर्डिङ्ग पास - समयको उपहार

एक वृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी थिइनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिरहेकी आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिंडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुसी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

**बोर्डिङ्ग पास - अमूल्य समयको उपहार ।**

**देशको कुना काप्चासम्म विकासको प्रतिफल पुर्‍याउनमा संलग्न**



## शाही नेपाल वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने




## यस भित्र




**विशेष**

**२०४६ सालको ऐतिहासिक जन-आन्दोलनको वहुआयामिक मूल्यांकन**

- जन-आन्दोलन किन भएको थियो?
- उपयुक्त परिस्थिति कसरी तयार भयो?
- चरणवद्ध विकास प्रक्रिया
- यसले सिकाएका पाठहरू

(२५)

**अन्तर्वार्ता**

- क. विष्णुबहादुर मानन्धर / २९
- क. झलनाथ खनाल/ ३२
- क. माधव नेपाल / ४३
- क. लिलामणि पोखरेल/ ३७
- क. बाबुराम भट्टराई/ ४४

**आन्दोलनकारी भूमिका**

प्रोफेसनल सोलिडेरिटी समूह/ ४७ · चिकित्साकर्मी/ ५३ · प्राध्यापक/ ५१ · वकिल/ ४८ · लेखक-कलाकार/ ५५ · शिक्षक/ ६० · महिलाहरू/ ५९ · विद्यार्थी/ ५७

**मुक्त-क्षेत्र**

**घटना-विवरण**

पाटन (६३)
र
कीर्तिपुर (६७)

चैत्र २४ गते लोकेन्द्रको सन्देश गणेशमान सम्म
डा. देवेन्द्रराज पाण्डेको संस्मरण / ३५

चैत्र २४ गते वीर अस्पतालको वातावरण कस्तो थियो?
डा. भरत प्रधान र डा. मदन उपाध्यायसंग कुराकानी/ ४०





**महिला मुक्ति आन्दोलन**

- मुक्ता श्रेष्ठ (लेख) १४

अष्ट लक्ष्मी शाक्य/ शशी श्रेष्ठ/ जमुना थापा/ सुसन मास्के/ (बिचार) १९

**संसद अधिवेसन :**
नेपाली कांग्रेसको वहुमतको तानाशाहीलाई तह लगाउने कसरी? ११





**हाम्रो मूल्यांकन :** ४

**अन्तर्क्रिया :** ५
वैचारिक स्पष्टताका लागि आवश्यक दुई कुराहरू
- मोहन विक्रम सिंह

वैचारिक अन्तर्क्रियाले आन्दोलनलाई एकीकृत बनाउन ठूलो महत्व राख्दछ
- सी.पी. मैनाली

**घटना-प्रवाह :** ७

**यसपालिको चैत्र २४ गते**

**विश्व-कम्युनिस्ट गतिविधि :**
फिलिपिन्स २३

**आँखी-झ्याल** २४
अमेरिका : मानव अधिकार

**ज्ञान-विज्ञान** ७०

**साहित्य कला सँस्कृति :** ७२
टेलिफिल्म : रात
पाब्लो नेरूदाको कविता

**नीति/नैतिकता :** ७१
ढोंग - डी.आर. पोखरेल

**विविध :**
केही आर्थिक परीसूचकहरू
अर्जुन पौडेलसंग कुराकानी

**पाठक प्रतिकृया :** ७४

१२ विदेशी मुद्राको आंशिक परिवर्तनीयता : उदारता कि पूँजीपतिहरूको शोषणयुक्त अराजकता?
वालमुकुन्द खरेल

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

२०४८ चैत्र- २०४९ वैशाख

संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ

सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ

कार्यकारी सम्पादक
हरिगोविन्द लुईंटेल

सह सम्पादक
राजेन्द्र महर्जन

व्यवस्थापक
श्याम खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा) लि का लागि
सुवास श्रेष्ठद्वारा प्रकाशित
सम्पर्क कार्यालय

"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा) लि.
न्हूसाल, झोछें, ख-२,२३७ काठमाडौं-२३
फोन : २१३६९४ पो.व. नं. ३०२६


# अहिलेको आवश्यकता
# संयुक्त, उद्देश्यमूलक र जिम्मेवारपूर्ण आन्दोलन

यस वर्षको चैत्र २४ गतेले फेरि एक पटक दुई वर्ष अघिको उथल पुथलकारी दिनको संझनालाई ताजा बनाई दिएको छ। नेपाल बन्द आशातीत रूपमा सफल भएको छ। नेपाली जनता बहुदलीय स्वतन्त्रता पाए पछि पनि झन झन महंगो र कष्टकर हुँदै गइरहेको जिन्दगी र पुरानै भ्रष्ट, निरंकुश र गैर-जनमुखी राज्ययन्त्रबाट आजित भएका छन् र त्यसमा परिवर्तन ल्याउन सशक्त आन्दोलन चाहन्छन् भन्ने कुरा यो सफलताले प्रष्ट देखाएको छ। नेतृत्वदायी शक्ति तम्तयार हुने हो भने आन्दोलनको निम्ति अत्यन्त अनुकूल वस्तुगत परिस्थिति तयार भईरहेको छ।

गोली हान्नु पर्ने कुनै परिस्थिति नै खडा नभइकन पनि गिरिजा सरकारले संविधान बमोजिम सडकमा उत्रेका निहत्था जनतामाथि अन्धाधुन्ध गोली बर्साएर एक दर्जन भन्दा बढी निर्दोष मानिसको ज्यान लिने र शयौं नागरिकलाई घाइते पार्ने अक्षम्य काम गरेको छ। इतिहासले गिरिजा सरकारको यस नरसंहारकारी करतूतले रक्ताम्य बनेको चैत्र २४ लाई "खूनी कालो दिन" को रूपमा संझना गर्नेछ। यो नरसंहारले के प्रश्न खडा गरेको छ भने सरकारलाई बेलैमा माग पत्र र पूर्वसूचना दिएर बिना हातहतियार जनताले गरेको जुलुसमाथि अनायास गोली बर्षा गर्ने यही आचरण र संस्कृति नै नेपाली कांग्रेसको "समाजवाद र प्रजातन्त्र" भन्ने हो भने "निरंकुशतन्त्र" भनेको चाहिं के हो? रगत बहाएर ल्याएको वहुदल र पहिलेको पंचायती निरंकुश राजतन्त्रमा जनताको निम्ति अब फरक रह्यो नै के?

जनहत्यालाई जायज ठहऱ्याउन आन्दोलनकारी जनताले ढुंगामूढा, लूटपात र आगजनी गरेको हुनाले आत्मरक्षाको लागि बाध्य भएर गोली हानेको भनेर पंचायती शैलीमा गिरीजा सरकारले गरिरहेको प्रचार पनि त्यत्तिकै असत्य र अनैतिकतापूर्ण छ। यदि जनताले त्यति धेरै ढुंगामूढा गरेका थिए भने प्रहरीहरू घाइते भएको तथ्य किन सरकारले जन-समक्ष ल्याउन सकेको छैन? आत्मरक्षा गर्नु थियो भने गिरफ्तारी, लाठीचार्ज, अश्रुग्याँस, हवाई फायर जस्ता पूर्व-कदमहरू किन अप्नाइएनन्? किन सरकारकै विशेष प्रहरीको डि.एस.पी., आफ्नै घरभित्र बसेका नागरिकहरू र ६, ७ र १३ वर्षका बच्चाहरू र विदेशी नागरिकले गोली खाए? के उनीहरूले पनि ढुंगामूढा लूटपाट र आगजनी गरेर सरकारलाई गोली हान्न बाध्य परेका थिए?

व्यापक जनसहभागिता सहित चैत्र २४ को सफलता र गिरिजा सरकारले चलाएको निर्मम दमनको घटनापछि आन्दोलन संभावना र संकटको दोबाटोमा खडा भएको छ। यदि क्रान्तिकारी वाम शक्तिहरू अहंकार, पूर्वाग्रह, कुच्चिडको र एक्लै जस लिने मानसिकताबाट माथि उठेर देश र जनताको तात्कालीक मुख्य समस्या र चैत्र २४ को जनहत्याको विरूद्धमा एक गठ हुने र संभव अन्य सबैलाई एक गठ पार्ने कार्यनीति अप्नाउँछन्, २०४६ सालमा जस्तै संयुक्त मोर्चा बनाएर मुख्य प्रहार लक्ष्यलाई एक्ल्याउँदै उद्देश्यपूर्ण र जिम्मेवारपूर्ण ढंगले आन्दोलनमा उत्रन्छन भने यो आन्दोलन व्यापक जनसमर्थन सहित सफलताको चुलीतिर जान सक्ने व्यापक संभावना छ। यही विन्दुबाट गिरीजा सरकारको पक्षमा जन-समर्थन नामेट हुँदै जान सक्ने र क्रान्तिकारी शक्तिहरू देशमा प्रभुत्वशाली हुने सक्ने संभावना छ। तर संकीर्ण अहं, एक्लै जस लिने मानसिकता, वा पूर्वाग्रहको कारणले यस्तो हुन सकेन भने यो अनुकूल मौका मात्र गुम्ने छैन, गिरीजा सरकार अरू उद्दण्डतापूर्वक दमनशाली भएर क्रान्तिकारी शक्तिमाथि प्रस्तुत हुनेछ, आन्दोलनको उपलब्धीको हविगत कर्मचारी आन्दोलन जस्तै हुनेछ र जनतामा यसबाट व्यापक निराशा र हतोत्साह हावी हुने पनि संभावना छ। यस दोवाटोमा उभिएर कुन बाटो चुन्ने? एउटा गंभीर चुनौतीको घडी क्रान्तिकारी वाम शक्तिको सामुन्ने खडा भएको छ। आवश्यकता यतिखेर इमान्दारीपूर्ण पहलकदमीको छ, अरूको पहलको प्रतीक्षाको होइन।

चैत्र २४ को संघर्षले के शिक्षा दिएको छ भने संघर्षको कार्यक्रम घोषित गरिदिएर मात्र उद्देश्य हात लाग्दैन। संघर्षका गतिविधिको मुख्य लगाम पनि नेतृत्वदायी शक्तिको हातमा हुनु जरूरी छ। संघर्ष त उठाइयो, तर त्यसको मुख्य गतिविधिमा आफ्नो नियन्त्रण रहेन भने गतिविधिहरूमा दुश्मन शक्तिको घूसपैठ भएर संघर्षको दिशा नै अवाञ्छित र उल्टो पनि हुन जान सक्दछ। त्यसले संघर्षमा फाइदा भन्दा बढी नोक्सानी नै गर्नेहुन्छ। त्यसैले अहिलेको जरूरत उद्देश्यमूलक, संगठित र जिम्मेवारपूर्ण आन्दोलनको हो। अहिलेको मूल सवाल - के गरियो भने आन्दोलनमा आफ्नो पकड रहिरहन्छ, आन्दोलन सबैभन्दा बढी उपलब्धीपूर्ण र सफल बन्छ भन्नेको हो। आन्दोलन कसरी जनस्तरमा व्यापक पार्ने र कहाँ पुऱ्याएर आन्दोलन टुंग्याउने भन्नेको हो। यसका निम्ति यी सवालमा आन्दोलनका नेतृत्वदायी शक्तिमा हरहमेशा विचार स्पष्टता भई राख्नु जरूरी भएको छ!

आन्दोलनमा ठहराव ल्याउन र आन्दोलनकारी शक्तिमा फाटो ल्याउन गिरिजा सरकारले यतिखेर बल्छीको रूपमा स्थानीय निकायको चुनावलाई फ्याँक्न सक्ने संभावना छ। यो स्थितिमा चुनावी अभियानलाई नै महंगी, राष्ट्रघाती संझौता र निरंकुशतन्त्र विरोधी आन्दोलनका रूपमा कसरी बदल्ने र आन्दोलनको विकासको संभावनाले जरूरी पाऱ्यो भने चुनावलाई नै कसरी पछि सार्ने- यी दुवै संभावनालाई क्रांतिकारी बामशक्तिहरूले अहिलेदेखि नै ध्यानमा राख्न जरूरी भएको छ। ❑

टाईप सेटिङ्ग तथा मुद्रण : मोडर्न प्रिण्टिङ्ग प्रेस, कान्तिपथ, काठमाडौं। फोन नं. २१४८८६



विचार स्पष्टताको लागि विचार-अन्तर्क्रिया जरूरी भएको विषयमा "मूल्यांकन" ले गतांकहरूमा गरेको ध्यानाकर्षण बारे विभिन्न प्रकारका प्रतिकृयाहरू देखा परेका छन्। यसबारे अरू छलफल चलाउन जरूरी ठानी हामीले बदलिंदो विश्वपरिस्थिति र समाजवादी खेमामा आइरहेको गंभीर विचारधारात्मक संकटको परिप्रेक्ष्यमा नेपाली कम्युनिष्ट आन्दोलनमा समाजको आमूल परिवर्तनको निम्ति विचार स्पष्टताको जुन गम्भीर समस्या विद्यमान छ, त्यसको समाधानको निम्ति आन्दोलनभित्र विभिन्न समूहहरू बीच विचार-अन्तर्क्रियाको महत्वका बारेमा क. मोहनविक्रम सिंह (ने.क.पा. मसाल) र क. सि.पि. मैनाली (ने.क.पा. एमाले) सँग विचार माग गरका थियौं।



# क्रान्तिकारी वैचारिक स्पष्टताका लागि आवश्यक दुई कुराहरू

**मोहन विक्रम सिंह**

तपाईंले उठाएका विषयहरूका २ वटा पक्षहरू छन्, प्रथम पक्षले प्रधान महत्व राख्दछः द्वितीय पक्षले गौण महत्व। प्रश्नको प्रथम र प्रधान पक्ष विचार स्पष्टताको गम्भीर समस्यासित संवन्धित छ, जव कि दोस्रो पक्ष विभिन्न समूहहरू बीच विचार-अन्तर्क्रियाको महत्वसित। उक्त दुवै पक्षहरूले महत्व राख्दछन्, तर ती दुवै पक्षहरूको महत्वमा जुन अन्तर छ, त्यसमाथि समुचित ध्यान दिनुपर्ने आवश्यकता छ। यदि यसो गरेनौं भने र उदाहरणका लागि, यदि हामीले दोस्रो पक्षलाई प्राथमिकता दिन पुग्यौं भने मूल उद्देश्य अर्थात वैचारिक स्पष्टताको पक्ष, को आधार नै समाप्त हुने छ। त्यसकारण हामीले दोस्रो पक्षको आवश्यकता र महत्वलाई पनि स्वीकार गर्दै प्रधान जोड पहिलो पक्षमाथि नै दिनु पर्दछ। तर हाम्रो देशमा पहिलो पक्षलाई प्रायशः उपेक्षा गरिन्छ वा गौण रूपमा लिइन्छ र दोस्रो पक्षमाथि नै बढी जोड दिने गरिन्छ।

वास्तवमा आजको विश्व र नेपालको पनि कम्युनिष्ट आन्दोलनको स्थितिमाथि ध्यान दिंदा विचार स्पष्टताको प्रश्नले अत्यन्त गम्भीर महत्व राख्दछ। तर यो कार्य कसरी पूरा हुन सक्दछ? यसका लागि सर्वप्रथम क्रान्तिकारी सिद्धान्त, राजनीतिक लाइन र विचारहरूमा नै स्पष्टता र दृढता चाहिन्छ। आज विश्वमा र नेपालमा पनि आधारभूत क्रान्तिकारी माक्र्सवादी-लेनिनवादी सिद्धान्तहरूमा नै हमला र परित्यागको पृष्ठभूमिमा यो कुराले अत्यन्त ठूलो महत्व राख्दछ। जसले त्यस प्रकारका क्रान्तिकारी सिद्धान्त, नीति र विचारहरूलाई छाड्दै जान्छन्, अन्ततः उनीहरूले कम्युनिष्ट आन्दोलनबाट नै पलायन गर्दछन भन्ने कुरा विश्वभरिका र

बाँकी पृष्ठ ६ को पहिलो कलममा

# वैचारिक अन्तर्क्रियाले कम्युनिष्ट आन्दोलनलाई एकीकृत बनाउन अति ठूलो महत्व राख्दछ

**सि.पि.मैनाली**



अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा यसको शुरूवात भएको १४० वर्षभित्र निकै पटक गंभीर संकट र जटीलताहरू उत्पन्न नभएका होइनन्। तर यस पटकको संकट बढ्ता गंभीर छ र जटीलताहरू विगतको तुलनामा कयौं गुना ज्यादा छन्। वैज्ञानिक समाजवाद निम्तिको आन्दोलनले कयौं चोटि धक्का र संकटको सामना गर्नु परेको छ। तर यस चोटि सोभियत संघ, पूर्वी युरोप तथा अन्य केही मुलुकका समाजवादी व्यवस्थाहरू विगठित हुने घटनाले जुन स्थिति पैदा भएको छ, त्यसले वैज्ञानिक समाजवाद निम्तिको आन्दोलनमा अभूतपूर्व धक्का लागेको छ। यसले विगत समयमा अवलम्वन गरिएका कतिपय सिद्धान्त एवं नीतिहरूबारे प्रश्न चिन्ह लगाइदिएको छ। यसका साथसाथै यस धक्काले सिद्धान्त, नीति एवं व्यवहारको क्षेत्रमा विगतमा के कस्ता भूल-त्रुटीहरू भए, तिनीहरूको खोजी गर्नु पर्ने र आगामी समयमा तिनीहरूको पुन-रावृत्तिलाई रोक्न सचेतनता र दृढताका साथ लाग्नु पर्ने आवश्यकता उत्पन्न भएको छ।

अन्तरराष्ट्रिय क्षेत्रमा उत्पन्न भएको यस्तो स्थितिले नेपाली कम्युनिष्ट आन्दोलनलाई पनि प्रभावित पारीरहेको छ। नेपालको कम्युनिष्ट आन्दोलनको तात्कालीक लक्ष्य देशको वर्तमान अर्ध-सामन्ती तथा अर्ध-

बाँकी पृष्ठ ६ को दोस्रो कलममा

क्रान्तिकारी ......

नेपालका थुप्रै उदाहरणहरूबाट प्रष्ट हुन्छ। सोभियत संघको पार्टीको उदाहरण यस सन्दर्भमा विशेष उल्लेखनीय छ। नेपालका पहिलेका थुप्रै समूह र गुटहरूले पनि त्यही प्रकारले विसर्जनको बाटो समातेको उदाहरण हाम्रा अगाडि छ। ताजा उदाहरणमा भारतको सी.आर.सि., सि.पि.आई. (एम.एल.) को विगठनको उदाहरण हाम्रो अगाडि छ। यी केही उदाहरणले क्रान्तिकारी सिद्धान्त, नीति र विचारहरूबाट विचलनको अर्थ अन्ततः कम्युनिष्ट आन्दोलनबाट नै विचलन हुन्छ भन्ने कुरामा कुनै शंका रहन्न।

क्रान्तिकारी वैचारिक स्पष्टताका लागि पहिलो आवश्यक कुरा सबै प्रकारका संशोधनवादी र अवसरवादी विचारहरूका विरूद्ध निरन्तर र सम्झौताहीन संघर्ष हो। कतिपय पक्षहरूले विभिन्न समूहहरूका बीचमा एकताको उद्देश्य पूरा गर्नका लागि प्रायशः यस प्रकारको सैद्धान्तिक संघर्षलाई उपेक्षा गर्ने, गौण बनाउने वा तिलांजली दिने पनि गर्दछन्। तर त्यसबाट वैचारिक अस्पष्टता र अन्ततः संशोधनवादी र अवसरवादी विचारहरूसित संझौता र समन्वय नै कायम हुँदै जान्छ र त्यसको अन्तिम परिणाम पनि प्रति-क्रान्तिको सेवा नै हुन्छ। त्यसरी वैचारिक स्पष्टताको उद्देश्य पूरा गर्नका लागि प्रथम, क्रान्तिकारी सिद्धान्त, नीति, विचारहरूमा दृढता र, द्वितीय, संशोधनवादी र अवसरवादी विचारहरूका विरूद्धको संघर्षले अत्यन्त महत्व राख्दछन्।

अव प्रश्नको दोस्रो पक्षमाथि केही विचार गरौं। दोस्रो पक्ष हो - विभिन्न समूहहरूका वीच अन्तर्क्रियाको पक्ष। आज देशमा भएका विभिन्न समूहहरूका बीचमा यस प्रकारको अन्तर्क्रिया कति संभव छ? यो कुरा क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूबाट उनीहरू कति टाढा वा नजीक छन्?, त्यसमाथि निर्भर हुने कुरा हो। जुन समूहहरू वैचारिक दृष्टिले जति नजीक छन्, उनीहरूका बीचमा त्यति बढी नजीकको सम्बन्ध हुन्छ र हुन सक्दछ अर्थात उनीहरूको सम्बन्धमा एकताको पक्ष बढी महत्वपूर्ण हुन्छ र हुनु पर्दछ। तर जुन पक्षहरू वैचारिक दृष्टिले जति टाढा छन्, उनीहरूका बीचमा त्यति नै टाढाको सम्बन्ध हुन्छ र हुनु पर्दछ, अर्थात उनीहरूका बीचमा संघर्षको पक्ष बढी महत्वपूर्ण हुन्छ। यसरी विभिन्न समूहहरू बीचको अन्तर्क्रियामा एकता वा संघर्ष मध्ये कुन चाहिं पक्षलाई कति कम वा बेसी महत्व दिने? यो कुरा अन्ततः वैचारिक पक्षका आधारमा नै किटानी गर्नु पर्ने र किटानी हुने कुरा हो। तर नेपालको कम्युनिष्ट आन्दोलनको एउटा मुख्य दोष र कमजोरी के रहेको छ भने विभिन्न पक्षहरूका वीचको सम्बन्धलाई वैचारिक पक्षले भन्दा अन्य कतिपय गौण महत्वका पक्षहरूले बढी प्रभाव पार्ने गरेका छन्, जसको परिणाम स्वरूप अधिकतर अवस्थामा वैचारिक दृष्टिले एकताको पक्ष बढी महत्वपूर्ण हुनु पर्ने ठाउँमा संघर्षको र संघर्षको पक्ष बढी महत्वपूर्ण हुनु पर्ने स्थानमा एकताको पक्षमा बढी जोड दिने गरिएको छ।

त्यससित जोडिएको एउटा अर्को पक्षमाथि पनि हाम्रो ध्यान जानु पर्दछ। त्यो पक्ष - एकतामा अन्तरनिहित अन्तरसंघर्ष र संघर्षमा अन्तर निहित एकताको पक्ष-हो।

## वैचारिक .....

औपनिवेशिक समाजलाई आमूल परिवर्तन गरी यहाँ क्रान्तिकारी जनवादी सामाजिक, आर्थिक, राजनीतिक व्यवस्था स्थापना गर्नु रहेको छ, जसलाई हामीहरू देशमा नौलो जनवादको स्थापना गर्नु भन्दछौं। अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा लागेको धक्काले नेपालको नौलो जनवादी क्रान्तिकै कतिपय पक्षमा पनि विवाद उत्पन्न गराएको छ। यसले आम रूपमा नेपाली कम्युनिष्ट आन्दोलनमा वैचारिक अष्पष्टता समेत उत्पन्न गरेको छ।

आन्दोलनमा उत्पन्न यस वैचारिक अष्पष्टतालाई हटाउनका निम्ति कम्युनिष्ट पार्टीहरूका वीचमा अन्तर्क्रिया हुनु अत्यन्त आवश्यक छ। आपसमा चलाइने यस्तो अन्तर्क्रियाले कम्युनिष्टहरूलाई एक अर्काका दृष्टिकोण र विचारहरू बुझ्न मद्दत गर्ने मात्र होइन, यसले सच्चा कम्युनिष्टहरूलाई मार्क्सवादका आधारभूत सिद्धान्तहरू र देश एवं बाँकी विश्वका वास्तविकताहरूको आधारमा एउटै क्रान्तिकारी सिद्धान्त, कार्यक्रम, रणनीति तथा कार्यनीतिमा आइपुग्न पनि मद्दत गर्ने छ। विचार र नीतिहरूको यस्तो एकता स्थापना हुने स्थिति एकीकृत पार्टीको पूर्व-शर्त हो। अतः विचारको क्षेत्रमा हुने अन्तर्क्रियाले देशमा एउटै एकीकृत पार्टी स्थापना गर्दै विभाजित कम्युनिष्ट आन्दोलनलाई एकीकृत बनाउने काममा अति ठूलो महत्व राख्दछ।

❐

---

कुनै समूहसितको संवन्धमा एकताको पक्ष प्रमुख भएपनि, जुन हदसम्म त्यो समूहसित वैचारिक अन्तरविरोध छ, त्यो हदसम्म वैचारिक संघर्ष चलाइराख्नु पर्दछ। अर्कोतिर, कुनै समूहसितको संवन्धमा संघर्षको पक्ष प्रमुख भए पनि, जुन विषयहरूमा त्यो समूहसित वैचारिक तालमेल हुन सक्दछ, त्यो समूहसित विभिन्न प्रकारको "को-अर्डिनसन" ( सामंजस्यता) कायम गरेर सहमतिका वैचारिक बुँदाहरूमा संयुक्त कार्यविधिलाई अगाडि बढाउने प्रयत्न गर्नु पर्दछ। तर नेपालको कम्युनिष्ट आन्दोलनमा यस प्रकारको अन्तर्क्रियाका दुवै पक्षहरू उपेक्षित हुने गरेका छन्, जहाँ संघर्ष आवश्यक छ, त्यहाँ पनि त्यसलाई उपेक्षा गरिन्छ वा जहाँ एकता संभव छ, त्यहाँ पनि त्यसको उपेक्षा गरिन्छ। हाम्रो देशको कम्युनिष्ट आन्दोलनमा भएको यस प्रकारको कमजोरीले वैचारिक स्पष्टताको दिशामा जुन हदसम्म सशक्त प्रकारले काम गर्न सकिन्थ्यो, त्यसमा पनि वाधा पुग्ने गरेको छ। कम्युनिष्ट आन्दोलनको व्यापक हितमा यो स्थितिमा सुधारका लागि सवै समूहरूले ध्यान दिनु पर्ने आवश्यकता छ।

❐

# यसपालीको चैत्र २४ गते

## जन-अधिकार हननको विरोध गर्दा खतरामा पर्ने यो कस्तो शिशु प्रजातन्त्र हो?

क. निर्मल लामाको संयोजकत्वमा गठित केन्द्रिय संघर्ष समितिले राष्ट्रियता र जन-जीविकासंग संवन्धित विभिन्न मागहरू राखी आव्हान गरेको जन-संघर्षको कार्यक्रम चैत्र २४ गते सम्म पुग्दा निकै विस्तारित हुन पुग्यो। त्यस दिनको "नेपाल बन्द" पूर्ण सफल भयो। २३ गते साँझको बत्ती निभाउने कार्यक्रममा पनि जनताले व्यापक समर्थन प्रदर्शित गऱ्यो।



गत चैत्र २४ गते इन्द्रचौक नेर

यस "बन्द" कार्यक्रमको सिलसिलामा करीब एक दर्जन भन्दा बढी निर्दोष नागरीकहरूलाई ने.का. सरकारले निर्ममतापूर्वक हत्या गऱ्यो। सयौंको संख्यामा मानिसहरू घाइते भए भने पाँच दर्जन भन्दा बढी ब्यक्तिहरूको गोली लागेर अंग-भंग भयो। अझै केही व्यक्तिहरूको हालत गम्भीर रहेको छ।

चैत्र २४ गते सरकारले काठमाडौं र पाटनमा जसरी गोली चलायो, त्यो अत्यन्त बौलठ्ठीपूर्ण र अमानवीय थियो। निर्वाध रूपमा जुलुस र आमसभा गर्न दिइएको भए आन्दोलनकारीहरू आफ्नो आक्रोश र उत्तेजना जुलुस र आमसभामै पोख्थे। उनीहरूले आफ्नो संवैधानिक हकको प्रयोग गर्न प्रहरीसित मुठभेड गर्ने स्थिति नै आउन्नथ्यो र त्यो दिनको रक्तपात पंछाउन सकिन्थ्यो। तर पाटन-दमकलनेर "बन्द" गराउन अपील गर्दै हिंडेका आन्दोलनकारीहरूलाई एक टोली प्रहरीले संझाएर बुझाएर छाडेको लगत्तै पछि आएको अर्को प्रहरी भ्यानले एकाएक उनीहरूलाई गिरफ्तार गरी लगेपछि स्थिति उत्तेजनापूर्ण बनेको थियो। आफ्नो संवैधानिक हकको उपयोग गर्न उनीहरूले अव प्रहरीसित लड्नु पर्ने स्थिति खडा भएको थियो। तर आन्दोलित जन समुदाय यसरी आक्रोशित भएका मात्र के थिए प्रहरीहरूले विना चेतावनी र बिना पूर्व-कदमहरू अचानक गोली हान्ने कार्य गरेपछि एकजना आन्दोलनकारीको घटना स्थलमै र अर्काको अस्पतालमा मृत्यु भएको थियो। शहीदको लाशलाई जनताले लिए पछि प्रहरीले थप गोली चलाएर ९-१० जना भन्दा बढी मानिसलाई ढालेर लाश खोसेको थियो। पूर्व घोषित आमसभा र जुलूस प्रदर्शन गर्न समेत नदिने घटना काठमाडौंमा पनि देखा पऱ्यो। जुलुस र आमसभा गर्ने अधिकार खोसिएको कारणले असंन्तुष्ट र आक्रोसित बनेको जन-समूहलाई प्रहरीसित सामान्य प्रतिरोध गर्ने वित्तिकै विना पूर्व चेतावनी ठाउँ ठाउँमा अचानक अन्धाधुन्ध गोली चलाएर मारियो। बिना चेतावनी निहत्था जनतामाथि घरका झ्याल झ्यालमा र घर भित्र समेत स-साना बच्चाहरू एवं विदेशीहरूलाई समेत ताकी ताकी गोली हानियो। यस्तो महशूस हुन्थ्यो, चैत्र २४ गते प्रहरीलाई मनखुशी गोली हानेर मानिस मार्ने छूट सरकारबाट प्राप्त थियो।



७ वर्षे बाल शहीद अनीश शाक्य

२३ गते साँझ काठमाडौंमा भएको विशाल र-याँकि जुलूस सकिएपछि "ब्ल्याक आउट" भएको मौका पारी स्थानीय टे-बहालमा जुलूस सकिएर फर्कन लागेको भीडमा दुईतिरबाट चेपोमा पारी अन्धाधुन्ध लाठी चार्ज गरी गोली समेत प्रहार गरिएको घटनाले पनि भोलि पल्ट २४ गतेलाई निकै तनावपूर्ण बनाएको थियो।

यसभन्दा अधि नै काठमाडौंमा स्थानीय आर.आर. एवं कानून क्याम्पसमा १७ गते देखि नै भएको वाम पक्षीय र ने.का. पक्षीय विद्यार्थीहरू वीचको विवादको सिलसिलामा सरकारले प्रशासनलाई आफ्नो पक्षको "लठ्ठी"को रूपमा प्रयोग गरेको कुराले जन-आक्रोश बढाएको थियो। त्यस दिन देखि काठमाडौंमा प्रायः दिनदिनै भएको जुलूस र प्रशासनको पक्षपातपूर्ण व्यवहार र लाठी चार्जको घटनाले जन्माएको जन-आक्रोश समेत मिसिएर २४ गतेको "बन्द" सफल र उत्तेजनापूर्ण भएको थियो।

ने.क.पा. मसालका नेता क. दीनानाथ शर्मा

"मूल्यांकन"को यस अंक जनआन्दोलन विशेषको रूपमा बढी पेज थपिएकोले यस अंकको मूल्य बढाइएको हो। अर्को अंकको साविक मूल्य रू. दश नै हुने छ।

- व्यवस्थापक

लगायत थुप्रै वाम-कार्यकर्ताहरू गिरफ्तार भएका छन्। उनीहरूलाई "तोडफोड" को मुद्दा लगाउने कुटील चालवाजी सरकारले गरिरहेको कुरा बुझिएको छ।

वुटवल, धनगढी, पोखरा, नेपालगंज आदि स्थानहरूमा पनि त्यस दिन गोली प्रहार गरिएको थियो।

चैत्र २४ गतेको सरकारको यो निन्दनीय र स्वेच्छाचारी तानाशाही रवैयाले देशभर गिरिजा सरकारप्रति निन्दा र भर्त्सनाको लहरको सृजना भएको छ। आफ्नै पार्टी र पार्टीका नेताहरूलाई समेत वेवास्ता गर्दै दरवारिया र साम्राज्यवादीहरूको कठपुतली बनेर गिरिजा सरकारले चाल्दै आएका हचुवा र गैर-जनमुखी कदमहरूकै सिलसिलामा यस घटनालाई हामीले जोडेर हेर्नु पर्छ भन्ने ठानेका छौं।

चैत्र २४ को सन्दर्भले वास्तवमा ने.का. सरकारको जन-विरोधी स्वरूपमाथि तीव्र नैतिक प्रहार गरेको छ। भर्खरै प्राप्त "सीमित-प्रजातन्त्र"को समेत उपहास हुने गरी गिरिजा सरकारले आज जनतालाई जुन महंगी, अभाव र एक पक्षीय मनपरीको असैह्य बोझले थिचेको छ, चैत्र २४ गते त्यसैको विरूद्धको प्रस्ट अभिव्यक्ति हो।

मूलतः ने.क.पा. एकता केन्द्रले आव्हान गरेको र प्रायः अन्य सबै वाम पार्टीहरूले नैतिक समर्थन गरेको यस "बन्द" मा २३ गतेको "ब्ल्याक आउट" कार्यक्रम देखि नै सबै पार्टीका कार्यकर्ताहरूले पनि सक्रिय भूमिका निर्वाह गरेका थिए। आम जनतामा रहेको ने.का. सरकारको हालसम्मको राष्ट्रिय स्वाधीनता विरोधी र जनतामारा नीति र व्यहार नै त्यो मूल कारण थियो, जसले गर्दा जनताले यस बन्द लाई पूर्ण साथ दियो।



सनाख्त हुन बाँकी लास : वीर अस्पताल

भट्टराई, गणेशमान एवं कांग्रेसी नेताहरू, गृह मन्त्रालय वा कांग्रेसी छापाहरू "शिशु प्रजातन्त्र" माथि खतराको हौवा खडा गर्दैछन्।



१३ वर्षे कविन्द्रः जसको खुट्टा अब काटिएको छ।



आशीष बज्राचार्य : जो अब रहेनन्

यतिखेर प्रश्न गर्नु पर्ने हुन्छ - राष्ट्रिय स्वाधीनता खतरामा पर्दा, महंगीले जनताको जीवन अत्यन्त अस्तव्यस्त हुँदा, जनताको बोल्ने, जुलूस-सभा गर्ने हक खोसिंदा चाहिं खतरामा नपर्ने, तर यस्ता कुराहरूको विरोधमा जनता उठ्दा चाहिं खतरामा पर्ने त्यो कस्तो शिशु प्रजातन्त्र हो? के गिरिजाको तानाशाही सत्तामाथि आएको खतरालाई शिशु प्रजातन्त्रमा आएको खतरा भन्नु मिल्दछ?

चैत्र २४ को घटनाले कांग्रेसी सरकारप्रतिको जन-विरोधका अतिरिक्त एउटा अर्को कुरा पनि देखाएको छ, त्यो हो - उपयुक्त समयमा उपयुक्त जनमुखी कार्यक्रम ल्याउने हो भने सानै शक्तिले ल्याएको कार्यक्रमलाई पनि जनता साथ दिन तयार छ।

यतिखेर ने.क.पा. एमाले लगायतका अन्य वाम पार्टीहरू पनि २४ गतेको घटनाको विरूद्ध सडकमा उत्रिएका छन्। महंगी र राष्ट्रिय स्वाधीनता संवन्धी सवालहरू जनताका साझा समस्या हुन्। आज यिनै मागहरू लिएर संयुक्त वाम आन्दोलनको प्रतीक्षा जनताले गरिरहेको छ। यतिखेर यो संयुक्त वाम-आन्दोलनको पक्षमा जनता र कार्यकर्ताहरूमा देखा परेको तत्परता र व्यग्रताको कदर गर्ने तर्फ नेतृत्वले सकारात्मक रूप लिनु उत्साहप्रद कुरा हो। साझा माँगहरूको पूर्ति र जनतामाथि गरिएको दमनको प्रतिकारका लागि साझा कार्यक्रमहरूमा वामपन्थी पार्टीहरूलाई एक गराउनमा हाल फेरि पनि बाधाको रूपमा रहेको गुटगत स्वार्थ वा अहंकार लाई चिरेर अघि बढ्नु पर्छ, यो जनताको आवाज हो। यसलाई हामी फेरि पनि दोहऱ्याउन जरूरी ठान्दछौं।


"हामीले मात्र गऱ्यौं वा गर्न सक्छौं" भन्ने प्रकारको अहंपूर्ण अभिव्यक्तिहरू केही वामनेताहरू र छापाहरूमा हालै देखा परे। यसै गरी एकता जरूरी भएको यस अवसरमा यतिखेर नै गाली गलौजको भाषामा मतभेद उराल्ने र खिसी टिउरी गर्ने संकेतहरू पनि कंही कंही बाट भएको पाइए। कार्यगत संयुक्ततामा वाधा दिने यो गलत संस्कृतिको विरोध सबैतिरबाट हुनु जरूरी छ। यतिखेर संयुक्त हुनसक्ने साझा बुँदाहरूको खोजी नै तमाम वामपन्थी जन-पक्षीय व्यक्ति-संस्थाहरूको प्रमुख दायित्व हो। "एकता"को नाममा एकै पटकमा संपूर्ण मामलामा



*शहीद आषिशकी दिदी : "मेरो भाइको दोष के थियो?"*


एकता वा "अडान" को नाममा कार्यगत एकता कै विरोध गर्ने रबैयाहरू वेठीक हुन्। यी दुवै अतिबाट बच्दै यतिस्वेर संयुक्त-संघर्ष उठ्नै पर्छ। जनतालाई राहत दिलाउन र गिरिजा सरकारको मनपरी तन्त्रलाई अंकुश लगाउन यो बाटो अपनाइएन भने जनतामा दुःस्व, कष्ट र निराशा थपिने छ र सरकार झन झन उद्दण्ड हुँदै जाने छ।

महंगी घटाउने बारे मूर्त-मागहरू तय गरी सरकारको राष्ट्रघाती जनद्रोही कदमको भण्डाफोर गर्दै देशव्यापी संघर्ष चलाउनु जरूरी छ। यतिस्वेर वौलठ्ठीपूर्ण शासनको प्रमुस्व भागिदार गिरिजा सरकारको नैतिकताको आधारमा तुरून्त राजिनामाको माग पनि दृढतापूर्वक रास्विनु जरूरी छ।



*शोक यात्रा : चैत्र २४ गते*

हालैको सरकारी दमनको शैली देस्वा पुरानै तानाशाही संस्कार बोकेको राज्य यन्त्रलाई लिएर गिरिजा सरकार उही पंचायती शासन प्रणालीलाई नै पुनर्जिवित गरिरहेको प्रस्ट आभास मिल्छ। यतिस्वेर प्रतिकृयावादी पुनरूत्थानवादीहरू गिरिजा सरकार मार्फत टाउको उठाईरहेका छन्। जनताले यस परि घटनालाई सूक्ष्मतापूर्वक बुझ्नु जरूरी छ। ने.का. भित्र "प्रजातन्त्र र समाजवाद"का पक्षमा कुरा उठाउनेहरूका सामु पनि यो प्रश्न ओडार जत्रो मुस्व बाएर उभिएको छ - के यही हो "प्रजातान्त्रिक समाजवादी कार्यशैली?" ◘



*गृहमन्त्रीको पुत्ला जलाउने तयारी*

### २०४८ चैत्र २४
### गोलीबाट मारिएकाहरू :

(निश्चित विवरण प्राप्त भएकाहरू मात्र)

पाटनमा गोली लागेका
१. राजीव रघुवंशी, वर्ष १९
२. लोक नारायण श्रेष्ठ, वर्ष २९ (धाडिङ्ग)

काठमाडौंमा गोली लागेका
३. राधेश्याम शर्मा, वर्ष ४८
४. अनीश शाक्य, वर्ष ७
५. आशीष बज्राचार्य, वर्ष २४
६. महेन्द्र श्रेष्ठ
७. अन्दाजी वर्ष ३०, नाम थाह नभएका
८. अन्दाजी वर्ष २२, नाम थाह नभएका

धनगढीमा मारिएका
९. धर्मराज गौली

### गिरिजा सरकारको नृशंस दमनका शिकारहरू

| | |
|---|---|
| ❑ निश्चित विवरण प्राप्त गोलीले मरेका मानिसहरूको संस्व्या जम्मा | ९ |
| ❑ गोली लागेर काठमाडौं उपत्यकाका अस्पतालमा पुऱ्याइएका घाइतेहरू जम्मा | ६५ |
| वीर अस्पताल ३३, शिक्षण अस्पताल ११, पाटन अस्पताल १७, सैनिक अस्पताल ३, प्रहरी अस्पताल १ | |
| ❑ अहिले सम्म बन्दी बनाइएका मानिसहरूको निश्चित संस्व्या | ८५ |
| त्यस मध्ये महिला बन्दी | ५ |
| सार्वजनिक अपराध मुद्दामा फँसाउन स्वोजिएकाहरू | २४ |
| कर्फ्यु उल्लंघन गरेको अपराधमा गिरिफ्तार | ४८ |

## "मूल्यांकन"को अनुरोध


❒ *यो अंकमा हामीले "जन-आन्दोलन" बारेका सामग्रीहरूलाई विशेष स्थान दिएका छौं। यसमा हामीले जन-आन्दोलनका विभिन्न पक्षहरूलाई संगेट्ने प्रयत्न गरेका छौं। अझै यसमा थुप्रै स्थान, वर्ग र पक्षहरूका योगदानहरूलाई हामीले संगेट्न सकेका छैनौं। यो हाम्रो सीमितताका लागि पाठक-वर्गमा क्षमा-याचना गर्दछौं।*

❒ *जन-आन्दोलनको एउटा प्रमुस्व बाहक-शक्ति ने.का. भएको कुरामा हाम्रो दुई मत छैन। तर ने.का. का विचार र अनुभवहरू कतिपय प्रकाशनहरू मार्फत जनसमक्ष आइसकेको र यसको तुलनामा वाम-पक्षीय विचार र अनुभवहरू कम आएको हाम्रो ठम्याइ मुताविक यस अंकमा हामीले स्वास गरी वाम नेताहरूका अन्तरवार्ताहरूलाई स्थान दिएका हौं।*

❒ *जन-आन्दोलनबारे हामीलाई सामग्री तथा तथ्य संकलन, फोटो संकलन आदिमा सहयोग गर्नु हुने मानव अधिकार संरक्षण मंच, मानव अधिकार संगठन, अधिवक्ता मुक्ति प्रधान, मानव अधिकार कार्यकर्ता गौरी प्रधान, "विश्वभूमि" परिवार, पत्रकार राम रिझन यादव (विराटनगर) क. तुयुलाल रंजितकार (पाटन), क. काइला बा (पाटन), डा. देवेन्द्रराज पाण्डे, गोविन्द प्रसाद लोहनी, रवीन्द्र (भक्तपुर), क. माधव कुमार नेपाल, क. झलनाथ स्वनाल, क. लिलामणि पोस्वरेल, जन-जागरण अभियान कीर्तिपुर लगायत सवैमा हामी हार्दिक धन्यवाद दिन चाहन्छौं।●*

❒ *"मूल्यांकन" विचार-अन्तर्क्रियामुस्वी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेस्वि बाहेक यसमा प्रकाशित सवै लेस्व-रचनाप्रति संवन्धित लेस्वकको व्यक्तिगत जिम्मेवारी हुनेछ।*


उच्च प्रविधियुक्त जापानी मेशिनद्वारा
थाई प्राविधिक सहयोगबाट नेपालमा उत्पादित
नयाँ स्वाद, नयाँ लहर!
यम यम
तैयारी चाउचाउ
यम यम
यम यम
CHICKEN FLAVOUR
८५ ग्राम
अब
बजारमा उपलब्ध
GFI
जनरल फूड इण्डष्ट्रिज प्रा. लि.
कमलादी, काठमाडौं, नेपाल
फोन नं.: ४१९८८८



# शीत-कालीन संसद अधिवेशन कस्तो रह्यो?

## बहुमतको तानाशाहीलाई तह लगाउने कसरी?

यस पटकको संसद अधिवेशन पहिले भन्दा संघर्षपूर्ण रह्यो। संघर्षको सबैभन्दा मूल विषय रह्यो - टनकपुर सम्बन्धी संझौता। यसपालि वामपन्थी सांसदहरूले नेपालको इतिहासमा पहिलो पटक ८ घण्टासम्म राष्ट्रिय स्वाधीनता सम्बन्धी संवेदनशील विषयमा संसदको रोष्ट्रम घेरेर, संसदमै नारावाजी गरेर संसदीय संघर्षको रूपको नयाँ नमूना देखाउनु भयो। त्यसले राष्ट्रको स्वाधीनताको पक्षमा र हितमा वास्तवमै जागरूक र सवभन्दा संघर्षशील शक्ति कुन हो भन्ने कुरा मात्र स्पष्ट पारेन, पूँजीवादी संसदमा तानाशाही बहुमतलाई तहमा ल्याउने उपाय के भन्ने सम्बन्धमा पनि केही उज्यालो देखाएको छ। संसदमा बहुमत छ भन्ने नाममा देश र जनताको हितको विरूद्ध एकपछि अर्को जथाभावी निर्णय लादिरहेको नेपाली कांग्रेसको सरकारलाई सार्वभौमसत्ता सम्पन्न जनताको प्रजातान्त्रिक नियन्त्रणमा ल्याउन संघर्षका यी र यस्ता नयाँ नयाँ एवं प्रभाव-कारी उपायहरू वामपन्थी सांसदहरूले सोच्नु र विकास गर्नु पर्दछ।

संघर्षका यस्ता जुझारू रूपहरूलाई गैर-संसदीय परम्परा भन्नेहरू पनि बग्रेल्ती नभएका होइनन्। तर प्रचलित संविधान र सन्धि-संझौता ऐन मुताविक देशको संसदबाट पास नगराईकन लागू नै नहुनु पर्ने सन्धि संझौताहरू नेपाली कांग्रेसको सरकारले जवर्जस्ती लागू गर्नु चाहिं संसदीय परम्परा भयो कि भएन? यो सवाल संसदीय तरीकाका पक्षपाती महानुभावहरूले नेपाली कांग्रेसको सरकारलाई चाहिं किन उठाई रहेका छैनन्? अनि संसदीय परम्परा भनेर नेपालका सांसदहरूले फगत विदेशका पुराना परम्पराहरूको मात्र अन्ध-अनुकरण गरिरहनु पर्छ कि, नेपाली सांसदहरूले पनि आफैले नयाँ, प्रभावकारी र मौलिक संसदीय परम्पराको विकास गर्न सोच्नु मिल्छ? तपाईहरू जो संसदीय परम्प-राको वकालत गर्दै हुनुहुन्छ, नेपाली सांसदहरूको मौलिक रूपले विवेक-विचार गर्ने स्वतन्त्रताको हनन गरी राख्नु भएको त छैन? अहिले वाम-सांसदहरूले विकास गर्नु भएको परम्पराले सरकारलाई आफ्ना कार्यवाही समाज र जनताका प्रतिनिधिहरूलाई जानकारी गराउन बाध्य गराएको छ।

यस पटकको संसद-संघर्षको अर्को एउटा उल्लेखनीय उपलव्धी के रह्यो भने, बाहिरबाट कर्मचारीहरूको तीव्र विरोध र दवाबले र भित्र सांसदहरूकै आवाजले संसदमा बहुमत हुँदाहुँदै पनि ने.कां. सरकारले कर्मचारीको सम्बन्धमा ल्याएको प्रतिक्रियावादी विधेयक थुप्रै महत्वपूर्ण जनमुखी संशोधनपछि षडयन्त्रमूलक ढंगबाट तुहाइयो। संसदभन्दा बाहिरबाट र संसद भित्रबाट शक्तिशाली दवाब सिर्जना गर्न सकियो भने बहुमतको तानाशाहीलाई पनि चुनौति दिन सकिन्छ भन्ने कुरा यो घटनाले सिकाएको छ।

संघर्षको यही पद्धति र प्रकृया अपनाउन नसक्नाले यस पटक संसद अधिवेशनले कांग्रेस सरकारको प्रस्तावमा श्रमिकहरूको सम्बन्धमा एउटा यस्तो प्रतिक्रियावादी ऐन पास गर्न पुग्यो, जसले पूँजीपतिहरूलाई - हडताली मजदूरहरूलाई हडताल अवधिको ज्याला नदिने छूट प्रदान गरेको छ। यस ऐनले घेराऊ, कार्यसुस्ती जस्ता मजदूर-संघर्षका प्रारंभिक रूपहरूलाई अवैध ठहऱ्याउने र दण्डित गर्ने छूट प्रदान गरेको छ, कारखानामा पूँजीपतिलाई उसको इच्छा, योजना अनुकूल मजदूर कटौती गर्ने हक प्रदान गरेको छ। तर मजदूर-हित विरूद्ध काम गर्ने पूँजीपतिलाई दण्डित गर्ने कुनै प्रावधान राखेको छैन। यो ऐनका विरूद्ध वाम-सांसदहरूले र सम्बन्धित पार्टीले मजदूरहरूलाई व्यापक रूपमा परिचालित गर्नु पर्थ्यो र जवर्जस्त मजदूर-दवाब सिर्जना गर्नु पर्थ्यो र यो संभव पनि थियो।

यस्तै गडवडी स्थानीय निकाय सम्बन्धी विधेयकमा भएको छ। यी र यस्ता २१ वटा विधेयकहरू पास भए। तर यस पटकको अधिवेशनको कैयन उपलव्धीका वावजूद मूल कमजोरी के रह्यो भने- वाम सांसदहरूले संयुक्त रूपमा एउटा संसद बुलेटिनको प्रबन्ध गरेर संसदमा भइरहेका यावत क्रियाकलापहरू जन - समक्ष ल्याउन सकेनन्। यस्तो गर्नु संभव थियो र जन-दवाब सिर्जना गर्न यो एउटा अत्यन्त प्रभावकारी उपाय हुन्थ्यो।

वामपन्थी सांसदहरूले यस पटक पनि राजाद्वारा प्रदत्त वर्तमान निरंकुश नियमावली खारेजीको आवाज त उठाए तर यसलाई लिएर जोड्दार आन्दोलन सिर्जना गर्ने प्रयत्न गरेनन्। यो नियमावलीले सरकार, वहुमतलाई र सभामुखलाई निरंकुश पारेको छ र यसको

बाँकी पृष्ठ १४ मा

# विदेशी मुद्राको आंशिक परिवर्तनीयता र यसबाट उठेका केही प्रश्नहरू

## – नेपाली कांग्रेस सरकारको उदार नीतिको सक्कली अनुहार के हो?

वालमुकुन्द खरेल

नेपालको मौद्रिक प्रणालीमा यही २०४८ फागुन २१ गते विदेशी मुद्रासंग नेपाली मुद्राको आंशिक परिवर्तनीयता (भा.रू. देखि बाहेकमा) संवन्धी नीति ने.कां.को सरकारले लागू गरेको छ। यस नीतिबारे विभिन्न चर्चा-परिचर्चाहरू चलिरहेछन् र संसदमा पनि यसबारे बहस भयो। जन-चासोको विषय भएकोले यसबारे यहाँ केही टिप्पणी गर्ने जमर्को गरिएको छ।

### नीतिका महत्वपूर्ण प्रावधानहरू :

यस नीति अन्तरगत मूलतः निम्न लिखित विषय-बस्तुहरू रहेका छन्।

- राष्ट्र बैंकले दैनिक रूपमा नेपाली मुद्रा र विदेशी मुद्राको विनिमय-दर तोक्ने छ।
- विभिन्न वाणिज्य बैंकहरू विदेशी मुद्राको किन-बेचमा स्वतन्त्र रहने छन्।
- निजी क्षेत्रले आफूले आर्जन गरेको विदेशी मुद्रा आफूखुसी विक्री गर्न पाउने छ।
- वाणिज्य बैंकहरू र व्यक्तिहरूले आफूले आर्जन गरेको विदेशी मुद्राको ६५ प्रतिशत आफूखुसी विक्री गर्न सक्ने वा बजारदरमा सटही गर्न सक्ने र ३५ प्रतिशत चाहिं राष्ट्र बैंकले तोकेको दरमा राष्ट्र बैंक दाखिला गर्नु पर्ने छ।

यसको अलावा पंचायत कालमा २०४१/४२ देखि नै लागू भएको नीति अनुसार विदेशी विनिमयमा व्यक्तिहरूले आफ्नो आर्जनको ५% सम्म विदेशी मुद्रामै बैंकमा खाता खोल्न सकिने प्रावधान रहँदै आएको छ।

उक्त नीतिलाई मौद्रिक क्षेत्रमा उदारता (liberalization) को संज्ञा दिएको पाइन्छ। "यो नीतिलाई समष्टीगत आर्थिक नीतिसंग आवद्ध गरिने, र नियन्त्रणबाट खुला एवं स्वतन्त्र आर्थिक नीतितर्फ अगाडि बढ्ने यो जमर्को हो" भन्ने ने.कां. सरकारको भनाइ रहेको छ।




यहाँ हामीले के पनि बुझ्नु आवश्यक हुन्छ भने – राष्ट्र बैंकले तोक्ने विदेशी विनिमय दर "बास्केट प्रणाली" अन्तरगत केही विदेशी मुद्राहरू – जस्तै, अमेरिकी डलर, ब्रिटिश पाउण्ड, जर्मन मार्क, फ्रेन्च फ्र्यान्क आदिलाई आधार मानी यिनीहरूलाई आवश्यक भार (weight) दिई यी मुद्राहरूको माग र आपुर्तिको आधारमा निश्चित गर्दै रहेको छ।

आंशिक परिवर्तनीयको नीति लागू भएपछि वाणिज्य बैंकहरूले कायम गर्ने विनिमय दर "बजार-मूल्य" को आधारमा निर्धारण गर्ने भएका छन्। यो बजार-मूल्य नेपालभित्र विदेशी मुद्राहरूको माग र आपुर्तिको स्थिति र विश्व-बजार (विशेष गरी थाइलैण्ड, हङकङ, पश्चिमी युरोप र भारत) को मौद्रिक बजारलाई आधार मानी तय गर्नेछन्। यसमा भारतीय मौद्रिक बजारको प्रभाव नेपाली मुद्रामा बढी पर्ने निश्चित प्रायः छ।

### सरकारी दावी :

उक्त नीतिहरूको पक्षमा सत्ता-पक्षको के दावी रहेको छ भने;




उदारता कि शोषणयुक्त अराजकता?

- आज विश्वभरि नै उदारतावादको लहर आएको छ। त्यसैले नेपालले पनि यसलाई आत्मसात गर्नु पर्दछ।
- नेपालको अर्थ-तन्त्र भारत-आश्रित छ। त्यसैले भारतले उदार-नीति अप्नाएकोले वाध्यतावश नेपालले पनि उक्त नीतिलाई स्वीकार गर्नु परेको हो। यसो नगरिएमा नेपालको आर्थिक विकासमा नकारात्मक प्रभाव पर्नेछ। नेपालको विदेशी मुद्राको आर्जन भारततर्फ आकृष्ट हुनेछ।

### पिछलग्गू नीति :

सरकारी पक्षको उक्त तर्कले के प्रष्ट पार्दछ भने, नेपालको सत्तारूढ पक्षले नेपालको अर्थतन्त्रको आवश्यकता अनुकूल विचार गरेर हैन बरू "आश्रितताको मनस्थिति अनुकूल" पिछा गर्दै यो नीति लागू गरेको हो। यो पिछलग्गूपनाको प्रमाणको रूपमा के भन्न सकिन्छ भने;

- केही महीना अगाडि भारतले डलरको तुलनामा भा.रू.को अवमूल्यन गऱ्यो। नेपालको सरकारले पनि तुरून्तै आफ्नो मुद्राको अवमूल्यन गऱ्यो।
- अहिले भारतले ६०/४० को अनुपातमा विदेशी मुद्राको आंशिक परिवर्तनीयताको नीति अप्नायो। त्यसको भोलिपल्टै नेपाल ६५/३५ को अनुपातमा यो नीतिलाई पछ्याउन पुग्यो।

### दवावमा अप्नाइएको नीति

उक्त नीतिबारे प्रष्ट रूपमा भन्न सकिन्छ- यसले भारतलाई पनि फाइदा दिने छैन, नेपालले त यसबाट फाइदा लिन सक्ने कुनै गुन्जायस नै छैन। विश्वका पूँजीवादी तथा साम्राज्यवादी मुलुकहरूको नियन्त्रणमा रहेको I.M.F (अन्तर

राष्ट्रिय मुद्रा कोष) को दवाबमा भारतले यो कार्य गरेको हो। नेपालमा पनि उक्त हावा आयो। बेला-बखत नेपाली मुद्राको अवमूल्यन गर्न पनि उक्त संस्थाले दवाब दिँदै आएको छ।

पूँजीवादी मुलुक र I.M.F जस्ता संस्थाहरूले भारत र नेपाल जस्ता विकासोन्मुख मुलुकहरूको मुद्रा अवमूल्यन गर्न किन दवाब दिन्छन् त? यिनीहरूको दावी रहेको छ – "यी देशहरूको निर्यात वृद्धि गर्न र शोधनान्तर कोषको असन्तुलन हटाउन।" तर वास्तविकतामा यस्तो हुँदैन। यसको परिणाम के रहँदै आएको छ भने- "व्यापार-शर्त (Terms of Trade)" मा ह्रास एवं अझै व्यापार-घाटा र शोधनान्तर कोषको असन्तुलनमा वृद्धि।

नेपालको वास्तविकताले यहाँको अर्थतन्त्र अविकसित अवस्थामा रहेको प्रष्ट संकेत गर्दछ। अविकसित भएकोले यो लचिलो र परिवर्तनशील (Ecoster & Flexible) छैन। यहाँका प्राकृतिक, मानवीय र आर्थिक साधनहरूको कुशल परिचालन भएको छैन। यसले गर्दा उत्पादन र उत्पादकत्वको वचत क्षमता (Surplus Capacity) ज्यादै कम छ।

## नीतिका प्रभावहरू

यसरी सुषुप्त अवस्थामै अर्थतन्त्र र आर्थिक क्रियाकलापहरू रहेको स्थितिमा उदारताको नाममा गरिएको नेपाली मुद्राको अवमूल्यन र आंशिक परिवर्तनशीलताले नेपालको अर्थतन्त्रमा निम्न प्रभावहरू पार्ने कुरा किटानसाथ भन्न सकिन्छ।

- यस नीतिको कार्यान्वयनले निर्यात अभिवृद्धिलाई प्रेरणा दिएको छैन। बरू आयात महंगो र निर्यात सस्तो बन्न गई व्यापार-शर्त मात्र बिग्रन पुगेको छ।
- निर्यात वृद्धिको मूल्यलाई वस्तुहरूको मूल्य-वृद्धिले विस्थापित गरिदिएको छ। यसले गर्दा नेपाली मुद्राको शर्तमा निर्यात बढेको देखिएतापनि विदेशी मुद्राको शर्तमा निर्यात बढ्न सकेको छैन।
- औद्योगिक कच्चा पदार्थ, रसायनहरूको आयात महंगो भई औद्योगिक उत्पादन लागत बढ्न गएको छ।
- कृषि क्षेत्रमा चाहिने यन्त्र र औजारहरूको मूल्य वृद्धि गरी कृषि उत्पादन-लागत बढ्न गएको छ।
- फलामे छड, सिमेण्ट, अलकत्रा, र निर्माणसंग संवन्धित यन्त्र-औजारहरू पनि अधिकांशतः आयातित नै रहेको स्थितिमा यिनीहरूको महंगो आयातले निर्माण कार्यहरूको लागत बढेको छ।
- खाद्यान्न र वस्त्रहरूको समेत आयातित मूल्य बढ्न गएको छ।

यी तथ्यहरूले के संकेत गर्दछन् भने नेपाली मुद्राको क्रमिक अवमूल्यन र आंशिक परिवर्तनीयताको नीतिले "चौतर्फी मूल्य वृद्धि" लाई सघाउँछ। यसले उत्पादन लागत पनि वृद्धि गर्ने हुनाले नेपालको अर्थतन्त्र विद्यमान उच्च लागतको स्थितिबाट अझै माथि जाने छ। अर्को शब्दमा भन्ने हो भने- नेपाल "उच्च-लागत अर्थतन्त्र" (High Cost Economy) मा जकडिने छ। कृषि उत्पादन र औद्योगिक उत्पादनमा ह्रास आई यसले पनि यी बस्तुहरूको मूल्य वृद्धि हुन्छ।

यसरी उच्च लागत र उच्च मूल्यको अर्थतन्त्रको परिणाम स्वरूप –

- उत्पादकहरूलाई कम नाफा हुन्छ।
- नाफा कम हुनाले लगानी अभिप्रेरित हुँदैन र यो घट्न जान्छ।
- लगानीको कमीले अझै बेरोजगारी बढ्छ।
- बेरोजगारीको कारण समाजको आय कम भई कम उपभोग र कम जीवन-स्तर रहन्छ।

यस प्रकारले उल्लिखित नीतिले नेपालको अर्थतन्त्रमा गरीवीलाई पाल्ने कुचक्रलाई टेवा पुऱ्याउँछ।

Δ उच्च लागत → उच्च मूल्य → तर कम नाफा → त्यसैले कम उत्पादक लगानी → कम उत्पादन → बेरोजगारीमा वृद्धि → कम सामाजिक जीवन स्तर → गरीवी।

Δ उच्च मूल्य → त्यसैले श्रमिकहरूको ज्याला वृद्धिको माग → औद्योगिक अस्थिरता र लागतको वृद्धि → नाफामा ह्रास → कम लगानी → अनि बेराजेगारी र गरीवी।

यी अवस्थाहरू नेपालको अर्थतन्त्रमा देखा परिसकेका छन्। बढ्दो जनसंख्या र बेरोजगारीको स्थितिमा ज्याला घट्नु पर्ने तर वृद्धि हुने र हुँदै गरेको छ। साधन-सापेक्ष रूपमा मूल्य प्रतिविम्बित नहुनु मौद्रिक तथा आर्थिक नीतिका दोषहरू हुन्।

यसले गर्दा विभिन्न खाले रोजगारीका लागि नेपाली युवाहरू विदेशिने क्रम बढिरहेको छ।

उल्लिखित मौद्रिक नीतिले नेपालको वैदेशिक व्यापार घाटालाई अरू चर्काउने छ र शोधनान्तर स्थितिमा लामो अवधिको असाम्य-अवस्था (Secular Disequilibrium) सिर्जना गर्नेछ। कृषि र औद्योगिक क्षेत्रको ह्रासले संरचनात्मक पनि आउने छ।

## विकृत उदारताको नमूना

ने.कां. सरकारको "उदार-नीति" को यो सक्कली अनुहार हो। सामन्ती धरातलमा उभिएर पूँजीवादी-धावक बन्न खोज्ने कांग्रेसी उदारता केही ठूला पूँजीपतिहरू, त्यसमा पनि तस्कर-पूँजीपतिहरूको स्वार्थ अनुकूल रहेको छ। अनि यो विश्व-पूँजीवादी तथा साम्राज्यवादीहरूको वित्तीय नियन्त्रणको खोरमा मुसा झैं बन्द रहने प्रकृतिको छ। यस्तो नीतिलाई "उदारता" भन्ने कि शोषणयुक्त अराजकताको संज्ञा दिने?

उदारता र प्रजातन्त्र वा स्वतन्त्रता चोखो नाम हो। तर यसलाई सामन्ती तथा पूँजीवादी संस्कारले धमिल्याएको छ। नेपाल र नेपालीहरूको हित परिलक्षित उदारता, राष्ट्रिय पूँजीपति, किसान-मजदूरको हित तथा अधिकार अनुकूल उदारता आजको खाँचोको विषय हो। यसको लागि शोषणयुक्त अराजकतापूर्ण उदारता होइन, बरू अनुशासित र व्यवस्थित उदारता चाहिन्छ।❐

---

**वाल मुकुन्द खरेल :** वामपन्थी बुद्धिजीवी / अर्थशास्त्री / अध्यापन : त्रि. वि.

# महिला-मुक्ति आन्दोलन किन ?

-मुक्ता श्रेष्ठ




## महिला मुक्ति खाली महिलाहरूको एक्लो संघर्षले मात्र सफल हुन सक्तैन

कुनै पनि मुक्ति आन्दोलन भन्ने बित्तिकै बन्धन विरूद्धको संघर्ष बुझिन्छ। बन्धन नहुंदो हो त मुक्तिको सवाल नै उठ्ने थिएन। त्यस्तै महिला-मुक्ति आन्दोलन पनि उनीहरू बन्धनमा परेकाले नै उठ्न थालेको हो। यो सवाल त्यस बेला मात्र उठ्दैन, जुन वेला महिलाहरू बन्धन मुक्त हुन्छन्। त्यसैले महिला-मुक्ति आन्दोलन विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक बन्धनको अन्त गर्न र महिलाहरूले पनि पुरूषसरह समान अधिकार, समान विकासको अवसर र आफ्नो जीवनबारे निर्णय गर्ने समान स्वतन्त्रता प्राप्त गर्न चलाइने संघर्ष हो।

अझै पनि हाम्रो समाजमा महिलाहरूलाई सामाजिक र आर्थिक क्षेत्रमा पुरुष समान अधिकार र आफ्नो जीवनबारे पुरुषहरूले जस्तै स्वविवेकमा निर्णय गर्ने अधिकार प्राप्त भएको छैन् । नेपालका अधिकाँश महिलाहरू पुरुष-निर्भर भएर बाँचीरहेका छन्। यसो हुनुको एउटा कारण पुरुष र महिलाहरूको बीचमा रहेको आर्थिक असमानता हो। घरको सम्पतिमाथिको अधिकार पुरुषलाई मात्र प्राप्त छ। महिलाहरूले पुरुषको आदेशबिना घरको सम्पति खर्च गर्ने अधिकार पाएका छैनन्। यसको अर्थ यो होइन कि घरको सम्पति आर्जन पुरुषहरूले मात्र गर्ने भएकोले यो अधिकार पनि उनीहरुलाई मात्र भएको हो। लिन बेनेट र मीना आचार्यले गर्नु भएको अनुसन्धानको नतीजा मुताविक ग्रामिण क्षेत्रका महिलाहरूले पारिवारिक अर्थ उपार्जनमा ५३% योगदान पुऱ्याउँछन्। तर (मंगोल जातिलाई अपवादको रूपमा छोडेर) ज्याला, तलव र किनबेच सम्बन्धी आम्दानीमा अर्थात् बजार-आयमा युवा पुरुषहरू भन्दा युवा महिलाहरू ७३% कम आम्दानी गर्दछन्। यसबाट के थाहा पाउन सकिन्छ भने महिलारूले कूल घरेलु आयमा पुरुषहरूले भन्दा बढी योगदान पुऱ्याउने भएता पनि डक्का पैसा आउने काममा पुरुषहरूको बढी हात रहन्छ। यसैको फलस्वरूप नै महिलाहरू आर्थिक रूपले पुरुषनिर्भर भएका हुन्।

नेपालको मुलुकी ऐनले पनि सम्पति-माथिको विशेष अधिकार पुरुषलाई नै प्रदान गरेको छ। मुलुकी ऐन मुताविक आफ्नो पालामा आर्जेको सम्पति पतिले पूरै आफूखुसी मास्ने अधिकार छ। पुर्खाको सम्पति पनि चलमा सवै र अचलमा आधासम्म पत्नीको स्वीकृति बिना नै मास्ने अधिकार छ। तर पत्नीलाई भने पतिले जस्तोसुकै अनैतिक काममा सम्पति खर्च गरे-ता पनि रोक्ने अधिकारसम्म कानूनले दिएको छैन।

यही ऐन अनुसार नै पतिको अत्याचार सहन नसकेर पत्नी छुट्टै बस्न चाहेमा पनि विवाह भएको १५ वर्ष नभएसम्म वा आफ्नो उमेर ३५ बर्ष नभएसम्म वा पतिले अर्को विवाह नगरेसम्म कुनै पनि महिलाले पतिसंग सम्पति माग्न सक्तिन। सासू ससुराले एउटी बुहारीलाई सजिलैसंग अलग राख्न सक्छन्। यसो गरेबापत उनलाई माना चामल भरे पुग्छ। तर एउटा छोरालाई भने त्यसरी सजिलैसंग अलग राख्न सक्तैनन्। अलगै राख्न खोजेतापनि उसलाई पुर्ख्यौली सम्पतिमाथि दावी गर्ने अधिकार रहन्छ।



मुक्ता श्रेष्ठ

नेपालको मुलुकी ऐनले बाल-विवाह, वहु-विवाह, अनमेल-विवाह र बलजफ्ती-विवाहलाई बन्देज लगाएतापनि र विधवा-विवाह र प्रेम-विवाहलाई मान्यता दिएतापनि अझैसम्म त्यसलाई व्यावहारिक रूपमा लागू गर्न सकिएको छैन, जसको फलस्वरूप विवाहपछि पति-पत्नीमा पैदा हुने असमझदारी र असमान विचारले महिलाहरू पुरुषहरूबाट तिरस्कृत हुन्छन् र कानूनी रूपले संपत्तिमाथि अधिकार नहुनाले उपहेलित जीवन बिताउन बाध्य हुन्छन। त्यस्तै किसिमले विधवाहरुलाई पनि उनका परिवारले खान लाउन र पूजापाठ गर्न दिएसम्म र उनको उमेर ३५ बर्ष नभएसम्म आफ्नो पतिको सम्पतिमाथि दावी गर्ने अधिकार कानूनले दिएको छैन।

यसरी मुलुकी ऐनमा पतिको तुलनामा पत्नीलाई मात्र अधिकार असमान नभएको होइन। छोराको तुलनामा छोरीलाई पनि समान अधिकार दिइएको पाइदैन। पैतृक सम्पतिको हकदार भन्नाले छोरालाई मात्र जनाउँछ, छोरीलाई होइन। छोरा जन्मै देखि पैतृक

सम्पतिको हकदार भएर जन्मेको हुन्छ भने छोरी ३५ वर्ष सम्म विवाह नगरी बसेमा मात्र पैतृक सम्पतिको हकदार बन्न पाउँछे। बहुदलीय प्रजातन्त्र आए पछि बनेको संविधानमा लिङ्ग भेदको आधारमा कानून बनाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ। तर नेपालको कानूनले भने संविधानको अनुशरण गरीरहेको छैन। संविधानसंग बाझिने कानूनहरू स्वतः निस्कृय वा बदर हुनु पर्नेमा अझै सम्म पनि तिनै कानूनहरू विद्यमान छन्। अदालतहरूमा यही बदर हुन पर्ने कानून अनुसार अहिले पनि "निसाफ" भइरहेको छ। तर न त यस संविधानको व्याख्याता र रक्षक सर्वोच्च अदालतले नै आपत्ति जनाएको छ; न महिला-मुक्तिको लागि कार्यरत महिला संगठनहरूले नै।

नेपाली महिलाहरू सम्पतिको क्षेत्रमा मात्र असमान भएका होइननः ज्याला, पारिश्रमिकको क्षेत्रमा पनि असमान छन्। यो असमानता विशेष गरेर कृषि क्षेत्रमा विद्यमान छ। यसको साथै निर्माण र अन्य केही कामहरूमा पनि असमानता भएको देखिन्छ। उदारहणको लागि धान काट्ने, गोड्ने, आलू खन्ने र अन्य कृषि कामहरूमा पुरुषहरूलाई रू. ५० ।- ज्याला भएको समयमा महिलाहरूलाई रू. ३० ।- मात्र दिइन्छ। पहाडी इलाकाहरूमा ज्यालाको रूपमा अन्न दिइँदा पुरुषलाई एक पाथी दिइँदा महिलाहरूलाई चार माना मात्र दिइन्छ। घर बनाउने ज्यामी काममा पनि पुरुषलाई रू. ६० ।- ज्याला हुंदा महिलाहरूलाई रू. ४० ।- मात्र हुन्छ। यसरी पारिश्रमिक क्षेत्रमा भएको असमानता हटाउनको लागि अहिलेको संविधानमा महिलाहरुले पनि समान कामको लागि समान ज्याला पाउने छन, भनी उल्लेख गरिएको छ। यो कुरा व्यवहारमा लागू गर्न कस्तो किसिमको कानूनको व्यवस्था हुनु पर्छ र यसलाई कसरी प्रभावकारी रूपमा लागू गरिन सम्भव छ, यो प्रतिक्षाको बिषय मात्र भएको छ। राज्यले अझै पनि यसमा ध्यान दिएको छैन।

जसरी महिलाहरू आर्थिक क्षेत्रमा असमान छन् त्यस्तै किसिमले र कारणले सामाजिक क्षेत्रमा पनि असमान छन्। नेपालका अधिकाँश महिलाहरू घरेलु दासताको स्थितिमा छन्। खाना पकाउनु देखि लिएर पानी-पँधेंरा, घाँस, दाउरा, बालवच्चाहरूको स्याहार आदि जस्ता सम्पूर्ण घर-धन्दाको काम महिलाहरूकै थाप्लोमा छोडिन्छ, मानौं यो उनीहरूको नै ठेक्काको विषय हो। यी घरेलु धन्दाका कामहरूमा नेपाली महिलाहरूको कार्यभार ८६% पर्दछ। यति गरेर पनि पशुपालनको लागि घाँस दाउरा, पानी पँधेरो, खेतीपाती, निर्माण कार्यहरू र अन्नहरूको रखन-धरन जस्ता विस्तारित आर्थिक गतिविधिको काममा पनि ७४% योगदान पुर्‍याउँछन्। यी कामहरू यस्ता कामहरू हुन्, जुन कामहरूबाट न त प्रत्यक्ष आम्दानी नै हुन्छ, न केही समयको लागि फुर्सद लिएर सोच्ने मौका नै पाइन्छ। यसैको फलस्वरूप परिवार र समाजमा समेत महिलाहरूले अपहेलित र दोश्रो दर्जाको नाग-रिकको रूपमा एउटा दासको जस्तै जीवन बिताउनु परिरहेको छ।

यहाँ प्रश्न यो पनि उठ्न सक्छ कि घर व्यवहारको काम, जुन काम नगरी जीवन नै चल्दैन, यस्ता कामहरू घरको सदस्यको नाताले गर्दैमा दास होइन्छ र?

***महिला-मुक्तिआन्दोलन भनेको मूल रूपमा र सारमा उनीहरू आफैंमा विद्यमान रहेको आत्मलघुताको मनोभाव र चुपचाप र स्वाभाविक रूपले अन्याय, अत्याचार र बन्धन स्वीकार्ने संस्कृतिको अन्त्य गर्न चलाइने सांस्कृतिक आन्दोलन हो।***

सवाल यी कामहरू गर्दैमा दास होइन्छ वा होइन्न भन्ने होइन। सवाल के मात्र हो भने यी कामहरू जीवन विकास र सामाजिक विकासको लागि नभई नहुने काम भएर पनि यी कामहरूको आधारमा महिलाहरू किन अपहेलित हुन्छन् र पुरुषहरू प्रत्यक्ष पैसा कमाउने कामको आधारमा किन सम्मानित हुन्छन्? यी कामहरू किन महिलाहरूले मात्रै अनिवार्य रूपमा गर्नु पर्ने? पुरुषहरूले किन गर्न नहुने ? सवाल यो हो। यदि यी कामहरू सामाजिक जीवनको लागि अनिवार्य कामहरू हुन् भने यी कामहरू गर्ने महिलाहरूलाई पनि आफ्नो जीवनको विकासको लागि पुरुषहरू समान अधिकार र अवसर प्राप्त हुनु पर्दछ।

अझै पनि हाम्रो समाजमा सामाजिक र घर व्यवहारको काममा नीति निर्णय गर्ने काम पुरुषहरूको मात्र अधिकारको बिषय भइरहेको छ। समाजको सामाजिक कार्यहरू (जस्तो विद्यालय निर्माण र संचालन, स्वास्थ्य चौकीको स्थापना, पानीको व्यवस्था, बाटो घाटोको निमार्ण आदि) को नीति निर्णय गर्न र कार्यक्रम बनाउनको लागि अधिकाँश सभाहरूमा पुरुष-हरूलाई मात्र सहभागी गराइन्छ। त्यस्तै किसिमले घर व्यवहारको कामहरूमा पनि अधिकाँश घरहरूमा धेरै जसो पुरुषहरूले मात्र निर्णय गर्ने चलन छ। केही गरी महिलाहरू ती कामहरूमा सहभागी भैहाले भनेपनि "पोथी बासेको" घर बिग्रन्छ भन्ने भनाइ खानु पर्दछ। यसो हुनुको कारण हजारौं वर्षदेखि चलिआएको संस्कृति अनुसार महिलाहरू तुच्छ जाति हुन् र उनीहरूमा पुरुषहरूमा जस्तो राम्रो बिचार गर्ने शक्ति नै हुँदैन भन्ने मानसिकता हो।

अरू त अरू नै भए महिलाहरू आफैमा पनि आफू र आफ्नो क्षमता प्रति आत्मविश्वास र आत्मवलको कमी विद्यमान छ। यसो हुनुको कारण अशिक्षा र अज्ञानता हो। नेपाली समाजमा अझै पनि महिला-शिक्षालाई त्यति महत्वको दृष्टिले हेरिएको छैन। त्यसैले गर्दा पुरुषहरू भन्दा महिलाहरू शिक्षा क्षेत्रमा निकै पछि छन। नेपालमा पुरुषहरू ५२% साक्षर छन् भने महिलाहरू १८ प्रतिशत मात्र साक्षर छन्। त्यस्तै किसिमले १९८६ सम्मको तथ्यांक अनुसार प्रा.वि. तहमा भर्ना हुने उमेर पुगेका र अवसर पाएका बालवालिका मध्ये ३०.१% मात्र छात्राहरू छन्। त्यस्ता छात्राहरू मध्ये पनि ५६% ले मात्र प्राथमिक शिक्षा छिचोल्न पाउँछन् र ५% ले मात्र माध्यामिक शिक्षा छिचोल्न पाउँछन्। यो अवसर प्राप्त गर्ने अधिकाँश महिलाहरू शहरी क्षेत्रमा नै छन्। अहिलेसम्म पनि ग्रामिण क्षेत्रमा महिलाहरूलाई शिक्षा दिने कुरामा अभिभावकहरू कन्जुस्याइँ गर्छन्, केही हुने खाने अभिभावकहरूले भने माध्यामिक शिक्षासम्म दिलाउन थालेका छन् र त्यसमध्ये पनि केही प्रतिशतले उच्च शिक्षासम्म दिलाउन थालेका देखिन्छन्। त्यो पनि नपेढेकी छोरीको विवाह आफ्नो स्तरको घरानामा गराउँन नसकिएला भन्ने डरले। अझ विवाहको लागि आफूले

# स्त्री-पुरुष बीच श्रम-विभाजनको आवश्यकता देखिन्छ



-सुसन मास्के, संपादक, "अस्मिता"

**प्रश्नः** प्रायः शहर-बजारका महिलाहरू पढे-लेखेका भएर पनि बौद्धिक र राजनैतिक क्षेत्रमा किन उनीहरू पुरूष सरह चाख लिदैनन्? आर्थिक रूपले आत्म निर्भर शिक्षित महिलाहरू पनि किन सांस्कृतिक रूपले पुरूष पर निर्भरतालाई सहजै स्वीकार गरिरहेछन्?

**जवाफः** पढेलेखेका शहरी महिलाहरू पुरूष सरह बौद्धिक र राजनैतिक क्षेत्रमा चाख लिदैनन् भन्ने भनाइसित मेरो सहमति छैन। सवाल यहाँ चाखको भन्दा पनि अधिक अवसरको छ, जुन अवसर पुरुष-संचालित सामाजिकतन्त्रमा महिलाले अत्यन्त कम पाउँछन्।

मसित भर्खरै एउटा व्यावसायिक महिला वकिल साथीले यसरी गुनासो गरेकी थिइन - "मेरा श्रीमानले विहानै ओच्छ्यानमै राइजिङ्ग नेपाल, गोरखापत्रदेखि अन्य साप्ताहिक पत्रिकाहरू पढन भ्याइसकेका हुन्छन्, तर मन हुँदाहुँदै पनि उनीसरह म पत्रपत्रिका पढन सक्दिन।"

स्पष्ट छ - विहानको तिनको समय भान्छाघर, केटाकेटीको होमवर्क, तिनलाई स्कूल पठाउने तयारी र स्वयं पनि कार्यालय जाने हतारमा र घरका अरू कामकाजहरू सल्ट्याउनमा अल्झिएको हुन्छ।

दिनभरी कार्यालयको खटाइ, साँझमा फेरि घर-धन्दा बेहोर्नु पर्ने अधिकांश शिक्षित शहरी महिलाहरूको यो बाध्यतामा कस्तो बौद्धिक-अभ्यास र कहाँको राजनैतिक संलग्नताको अपेक्षा गर्न सकिन्छ? कति घरका पुरूष सदस्यले आफ्नो घरबाट कुनै राजनैतिक समारोह, साहित्यिक गोष्ठी तथा अन्य क्रियाकलापमा महिला सदस्यहरूलाई जान प्रोत्साहित गर्छन वा पठाउन तदारूकता देखाउँछन्? २।४ घण्टाको सवालमा शायद सका-रात्मक जवाफ कसै-कसैबाट पाइएला पनि तर स्त्रीले २।४ दिन घरबाट टाढा यस्ता कृयाकलापमा आफूलाई संलग्न गराउन परे विकल्प नभेटेसम्म सवाल नै आउँदैन।

आर्थिक उत्पादनका निम्ति शिक्षित महिलाहरू घर बाहिर निस्किए पनि बौद्धिक तथा राजनैतिक गतिविधिबाट आफूलाई काटेर राख्नुको पछाडि धेरै हदसम्म एक्लो रूपमा बहन गर्नु पर्ने घरेलु कामप्रति स्त्रीको एक्लो उत्तरदायित्व हो। घरेलु कामधन्दालाई जसरी स्त्रीकरण गरिएको छ, त्यसले संभावना भएका समक्ष जनशक्ति (शिक्षित महिला) को बुद्धि र क्षमतालाई सही ठाउँमा उपयोग गर्न दिएको छैन।

एउटी शिक्षित स्त्रीले स्वतन्त्र चिन्तन, बौद्धिक तथा अन्य वाह्य महत्वपूर्ण गतिविधिसित जोडिनु पनि त्यत्तिकै आवश्यक छ, जत्ति कुनै शिक्षित पुरूषले। अतः घरेलु दायित्वप्रति समान रूपले स्त्री-पुरूषका बीच श्रम-बिभाजनको आवश्यकतालाई बुझ्न आवश्यक देखिन्छ।

रह्यो - आर्थिक रूपले आत्म-निर्भर शिक्षित महिलाले सांस्कृतिक रूपले पुरूष-निर्भरतालाई सहजै स्वीकार गर्ने कुरा।

यहाँ, के कुरामा ख्याल रहनु जरूरी छ भने, स्त्रीको सांस्कृतिक मूल्य र मान्यताको मापदण्ड पनि पुरूष प्रधान समाजले तय गरेका हुन्, अतः पुरूष वर्चश्व राखिने नै भयो। यो अलग कुरा हो कि विस्तार ती मूल्य र मान्यताको पूनर्मूल्याङ्कन गरिनु पर्ने बेला आइसकेको छ र अनावश्यक संस्कारबाट आफूलाई मुक्त गर्दै लग्नु परेको छ। आज लोग्नेको खुट्टाको पानी खाने, देवता सझिएर ढोग्ने, दीर्घायुको निम्ति व्रत बस्ने केही प्रतिशत मात्र सचेत स्त्रीको निम्ति हास्यास्पद कुरा हुन सक्छ। स्त्रीको बहिनी, आमा, श्रीमती, छोरीको भूमिकासित जोडिएको स्त्रीत्व संवन्धी सांस्कृतिक मान्यताभित्र नै ती गलत र स्त्रीलाई हेय तुल्याउने रीतिथिति र आधारलाई छुट्याएर तिनलाई खुला चुनौति दिन र त्यसमाथि विजय पाउन शिक्षित महिलाहरूले नै संवाहकको भूमिका निर्वाह गर्न सक्छन्।

सांस्कृतिक परिवर्तन मानिसको सोचाइ, व्यवहारमा आउने परिवर्तन हो। यसको निम्ति समय त अवश्य लाग्छ तर जहाँपनि परिवर्तन चाहनेले नै परिवर्तनको निम्ति आवाज उठाएका हुन्छन्। अतः महिलाबाट नै सुनियोजित र संगठित आवाज उठ्नु पर्छ र यसको पक्षमा शुरूवात पनि भैसकेको छ। ❒

खोजे जस्तो वर भेट्टाइयो भने जतिसुकै पढ्नमा तेज र अझै पढने उसको इच्छा हुँदा हुँदै पनि विवाह गरी दिईहाल्ने हतारो गरिन्छ। छोरीलाई पनि छोरालाई जस्तै पढाउनु पर्छ भन्ने अभिभावकहरू विरलै पाइन्छन्।

यसरी शिक्षा क्षेत्रमा महिलाहरूले अत्यन्त कम अवसर पाउनुले गर्दा अधिकाँश महिलाहरू अहिलेसम्म पनि अज्ञानताको अन्धकारमा जीवन बिताईरहेका छन्। संसारका अन्य क्षेत्रहरूमा महिलाहरू कसरी बाँचिरहेका छन्, आफ्नो क्षमता के छ, हक के हो उनीहरूलाई थाहा नै छैन। उनीहरू दासताको स्थितिलाई नै आफ्नो नियति ठानेर बाँचीरहेछन्। जबसम्म यस स्थितिलाई आफ्नो स्वाभाविक नियति ठानिन्छ, तबसम्म त्यो स्थितिको परिवर्तनको निम्ति संघर्ष हुने कुनै संभावना नै रहँदैन। त्यसैले बढी भन्दा बढी महिलालाई शिक्षित हुने अवसर बृद्धि गर्ने अभियान महिला-मुक्ति आन्दोलनको एउटा अभिन्न अंग बन्नु पर्दछ।

के भ्रम चाहिं रहनु हुँदैन भने शिक्षित महिलाहरू स्वतः आफूमाथि भइरहेको अन्याय र बन्धनप्रति जागरूक हुन्छन् र आफ्नो हक र क्षमताप्रति सचेत हुन्छन्। शिक्षाले महिला-जागरणको मुक्तिको ढोका मात्र खोलीदिन्छ। तर त्यस ढोकाभित्र सबै शिक्षित महिलाहरू पस्छन् भन्ने कुनै निश्चित छैन। हामी यस्ता असंख्य शिक्षित महिलाहरू देख्न सक्छौं, जो दासता र बन्धनलाई आफ्नो स्वाभाविक नियति ठानेर स्वीकारी रहेका छन्, हजारौं वर्ष अघि देखि महिलाहरूले भोग्दै आएका असमान अन्यायपूर्ण स्थिति, घरेलु दासताको परिवेशले गर्दा र लगातार राज्य, पुरोहितहरू र शास्त्रले उनीहरूलाई दिँदै आएको शिक्षाले गर्दा उनीहरू अन्यायपूर्ण र दासताको जीवन बाँच्न अभ्यस्त नै भैसकेका छन्। यसको फलस्वरूप "हामीहरू पनि पुरूष सरह हरेक मामलामा पुरूष समान हुन सक्छौ र ? हामीहरूमा पनि पुरूषहरूमा जस्तै राम्रो विचार गर्ने क्षमता छ र? के हामीहरू पनि पुरूष सरह समान र स्वतन्त्र हुनु नैतिक हुन्छ र ?" भन्ने मनोभाव शिक्षित र अशिक्षित दुबै किसिमका महिलाहरूमा व्याप्त छ। महिलाहरूमा भएको यो आत्म-लघुताको मनोभावले गर्दा उनीहरू आफैले आफ्नो समानता र स्वतन्त्रताको प्रति-

रोध गर्ने स्थिति समाजमा विद्यमान छ। यही सांस्कृतिक पछौटेपनको फलस्वरूप नै आफैमा चुपचाप अन्याय र अत्याचार सहने मौनताको संस्कृति उनीहरूमा हावी छ। उनीहरू आफै यथास्थितिको पक्षपाती भएर पुरूष सरह समान हुनुलाई पाप र स्वतन्त्र हुनुलाई उच्छृंखलता सम्फन्छन् भने महिलाहरूको समानता र स्वतन्त्रताको लागि संघर्ष कसले गर्छ ? जहाँ आफैंबाट संघर्षको प्रकृयाको थालनी हुँदैन, त्यहाँ यथास्थितिको परिवर्तन कसरी हुन्छ? यसरी महिला मुक्तिको सवभन्दा प्रमुख बाधा नै महिलाहरूमै रहेको सांस्कृतिक पछौटेपन भएको छ।

त्यसैले महिला-मुक्तिआन्दोलन भनेको मूल रूपमा र सारमा उनीहरू आफैंमा विद्यमान रहेको आत्मलघुताको मनोभाव र चुपचाप र स्वाभाविक रूपले अन्याय, अत्याचार र बन्धन स्वीकार्ने संस्कृतिको अन्त्य गर्न चलाइने सांस्कृतिक आन्दोलन हो। सांस्कृतिक आन्दोलनबाट नै उनीहरूमा सामानता र स्वतन्त्रताको भावना, आफ्नै स्वविवेकमा विश्वास र भरोसा, अन्याय, अत्याचार र बन्धनप्रति परिपूर्ण होश र प्रतिरोध गर्ने क्षमता जागृत हुन्छ र जागृत गर्नु जरूरी छ। कुनै पनि महिलामा अन्याय र बन्धनप्रति जागरूकता र समानता एवं स्वतन्त्रताको सचेतनता विद्यमान छैन भने आर्थिक रूपले आत्मनिर्भर भएर पनि ऊ साँस्कृतिक रूपले पुरूष निर्भरताबाट मुक्त महिला हुन सक्दिन। तर सांस्कृतिक रूपले समानता र स्वतन्त्रताको मनोभाव भएका महिलाहरूले भने आर्थिक रूपले पुरूष निर्भर भएर पनि पुरूष निर्भरताको अन्त गर्न समानता र स्वतन्त्रताको लागि संघर्ष गर्नेछन्। त्यसैले महिला मुक्ति आन्दोलनमा आर्थिक आत्म-निर्भरता शरीर हो भने सांस्कृतिक आन्दोलन त्यसको प्राण हो।

निश्चय नै महिला र पुरूषमा जैविक रूपले खास खास अन्तरहरू छन्। त्यसैले उनीहरूमा फरक फरक जैविक दायित्व र स्वभावहरू पनि छन्। उनीहरूबीच यान्त्रिक र निरपेक्ष समानता संभव छैन। आधुनिक विज्ञानको यो निस्कर्ष सही छ र स्वीकारिनु पर्दछ। त्यसैले यो आन्दोलन त्यस्तो यान्त्रिक र निरपेक्ष समानता हासिल गर्न चलाइने आन्दोलन होइन। यो त महिलाहरूले पनि आफ्नो प्रतिभा र जीवनको विकासको लागि समान अवसर र स्वनिर्णय गर्ने अधिकार प्राप्त गर्न, सामाजिक सम्पत्तिमा उनीहरूको पनि पुरूषहरू सरह समान पहुंच र हक हुनु पर्दछ भनेर चलाइने आन्दोलन हो।

यो आन्दोलन पुरूषहरूको विरूद्ध चलाइने आन्दोलन पनि होइन, जसरी केही पश्चिमेली महिलाहरूले ठानिरहेका छन्। उनीहरूको विचारमा महिला-मुक्ति भनेको वच्चा जन्माउन र हुर्काउनबाट मुक्त हुनु, पुरूषहरूले गरी हिडेको अनैतिक क्रियाकलाप महिलाहरूले पनि गर्न पाउनु, घरको कामकाजबाट मुक्त हुनु हो। यस्तो विकृत विचारले महिला मुक्ति संभव हुँदैन।

वास्तवमा महिला मुक्तिआन्दोलन भनेको विद्यमान व्यक्तिगत सामाजिक अर्थव्यवस्था र त्यसबाट जन्मिएको संस्कृतिको विरूद्धको आन्दोलन हो, जसले खाली महिलाहरूलाई मात्र नभई पुरूषहरूलाई पनि शोषित बनाएको छ। त्यसैले जबसम्म व्यक्तिगत सम्पत्तिमा आधारित पुरूष प्रधान अर्थ व्यवस्था र त्यसैमा आधारित संस्कृति रहन्छ, तबसम्म न त महिलाहरू नै स्वतन्त्र हुन्छन्; न पुरूषहरू नै, चाहे जस्तोसुकै गणतान्त्रिक व्यवस्था होस् र समानताको लागि जस्तो सुकै कानून बनाइयोस्।

विश्वको इतिहासले पनि के सिकाएको छ भने जब पुरूषप्रधान अर्थव्यवस्था र वर्गीय आधारमा रहेको सामन्तवाद, पूँजीवाद र त्यसबाट जन्मिएको संस्कृतिको अन्त हुन्छ, त्यसपछि मात्र सारा जनताहरू मुक्त हुन्छन् र संग सँगै महिलाहरू पनि। त्यसैले महिला-मुक्ति खाली महिलाहरूको एक्लो संघर्षले मात्र सफल हुन सक्तैन। यसको सफलताको लागि उत्पीडित वर्गहरूको मुक्ति आन्दोलन संगसँगै महिलामुक्ति आन्दोलनलाई पनि लैजानु पर्दछ। यसैको सफलतापछि मात्र सारा उत्पीडित वर्गहरू मुक्त हुन्छन् र महिलाहरू पनि सामाजिक अर्थउत्पादनमा सम्मिलित भएर आफ्नो स्वविवेकमा आफ्नो जीवनको विकास गर्ने अवसर र पुरूषसमान आर्थिक र सामाजिक क्षेत्रमा पनि अधिकार प्राप्त गर्न सक्तछन्।

❒

**मुक्ता श्रेष्ठ : महिला लेखिका / संपादक: नारी-मुक्ति पत्रिका**

---

**शीतकालीन संसद ...**

अन्तको निम्ति सांसदहरूको प्रजातान्त्रिक हक सुनिश्चित भएको प्रजातान्त्रिक नियमावली तर्जुमा गर्नका लागि अव आउँदो अधिवेशनमा सशक्त आवाज उठाउनु नितान्त जरूरी छ।

अधिवेशन भयो, जम्मा २०/२२ दिन, विधेयक ल्याइयो २१ वटा। यसले विधेयक पास गर्ने त्यही पंचायती शैलीको संझना गराएको छ, जसमा सांसदहरूलाई कुनै पनि विधेयकको गहीरो र गंभीर अध्ययन गर्ने मौका नै हुँदैनथ्यो। यो पंचायती शैलीको अन्तको लागि पनि जबर्दस्त आवाज उठाउनु जरूरी छ।

वामपन्थी सांसदहरूले बोल्ने विषयको पर्याप्त जानकारीको निम्ति वामपन्थी बुद्धिजीवीहरूको संगठनलाई अनुरोध-आव्हान गरेर सम्बन्धित विषयका विज्ञहरूको सुझाव लिने नियमित सयन्त्रको विकास गरिनु जरूरी छ भन्ने अनुभव पनि यस पटकको अधिवेशनले फेरि दिएको छ। यो काम वामपन्थी पार्टीहरूले गर्नु पर्ने दायित्वको सवाल हो भन्ने हामीलाई लाग्दछ।

❒

(मूल्यांकन समीक्षकबाट)


- ❖ प्रतिपक्ष साप्ताहिक
- ❖ जन-साहित्य साहित्यिक त्रैमासिक
- ❖ हाँक साप्ताहिक
- ❖ जनादेश साप्ताहिक

अवश्य पढ्नु होस्!

नेपालको एक मात्र औद्योगिक विकास बैंक
यस नेपाल औद्योगिक विकास निगमले
निजी क्षेत्रमा संभाव्य औद्योगिक परियोजनाहरूको
स्थापना, विकास र आधुनिकरणको लागि
दीर्घकालीन तथा चालूपूंजी ऋणको साथै
व्यवस्थापकीय परामर्श सेवा समेतको
सुविधा उपलब्ध गराउँदछ।

अतः
सम्भाब्य औद्योगिक प्रस्तावना सहित
विस्तृत जानकारीको लागि
यस निगममा सम्पर्क राख्नु होला।

नेपाल औद्योगिक विकास निगम

ने.औ.वि. भवन, दरवार मार्ग
पो.व.नं. १०, काठमाडौं
फोन नं. २२८३२२

क्षेत्रीय कार्यालय
❖ विराटनगर २२३०४; २०६३४ ❖ पोखरा २००३८; २०५१८
❖ नेपालगंज २०२०३; २००३७ ❖ धनगढी २१२०३; २१६०६

# अन्तर्क्रिया

८२औं अन्तराष्ट्रिय महिला-दिवस हालै मनाइयो। यस दिवसको अवसरमा महिला-मुक्तिसंग संबन्धित विभिन्न विषयहरूमा छलफल-चिन्तनका क्रमहरू विशेष रूपले अघि बढ्नु स्वाभाविकै हो। यसै सन्दर्भमा हामीले पनि यस विषयका केही पक्षहरूमा छलफल चलाउने उद्देश्यले नेपालका प्रगतिशील महिला संघहरूमध्ये तीनवटा संघहरूका जिम्मेवार पदाधिकारीहरू समक्ष केही प्रश्नहरू राखेका थियौं।

प्रश्नहरू थिए :

१) नेपालका आम-महिलाहरूले सामना गरिरहेका मूलभूत समस्याहरू के के हुन्? ती समस्याहरू समाधान गर्न तपाईंको संघले अहिले कुन कुन मूर्त कार्यक्रमहरू सञ्चालन गरिरहेको छ?

२) महिला-मुक्ति आन्दोलनका लागि स्थापित संगठनहरूले गर्नु पर्ने मुख्य मुख्य कामहरू के के हुन र तीमध्ये वर्तमानमा सबैभन्दा मुख्य कार्य छान्न दिइएको खण्डमा तपाई कुन कामलाई प्राथमिकता दिनु हुन्थ्यो र किन?

३) यति धेरै महिला संघहरू हुँदा हुँदै पनि किन महिलाहरूका मूलभूत समस्याहरूलाई लिएर उल्लेखनीय र सशक्त आन्दोलन सृजना हुन सकेको छैन? एउटै लक्ष्य र कार्यक्रम भएका महिला संघहरू किन एक हुन सकिरहेका छैनन्? कम मन्दा कम साझा सवालहरूमा कार्यगत एकता गरेर संयुक्त संघर्ष गर्न के कुराले बाधा दिइरहेको छ?

प्रस्तुत छन्, यी प्रश्नहरूले उठाएका विषयमा उहाँहरूका विचारहरू :






**अष्टलक्ष्मी शाक्य**
(महासचिव, अखिल नेपाल महिला संघ)

## १. संपत्ति-रक्षा गर्ने जिम्मेवारी मात्र हाम्रो छ

महिलाहरू समाज निर्माणका महत्वपूर्ण शक्ति हुन। आम नेपाली जनसमुदायकै आधा अंग पनि हुन्। आज हाम्रो देशमा नेपाली जनताले जसरी राजनैतिक, सामाजिक, आर्थिक समस्याहरू भोग्नु परिरहेको छ, महिलाहरू पनि ती समस्याहरूबाट मुक्त बिल्कूलै छैनन्। ती समस्याहरू बाहेक महिलाहरू तीन हजार वर्ष भन्दा अगाडिदेखि रहँदै आएको पुरूष-प्रधानताले नराम्ररी थिचिएका छन् भने दश हजार वर्षदेखि विभिन्न रूपमा चल्दै आएको सामन्ती व्यवस्थाले दास बनाइएका छन्। हाम्रो जस्तो वर्गीय समाजमा सबै अधिकारहरूको मूल आधार आर्थिक अधिकार हो। तर हामी महिलाहरू आर्थिक अधिकारबाट नै वञ्चित छौं। पैतृक सम्पत्तिमा हाम्रो हक छैन। हामीले आफ्नो घर को सम्पूर्ण सम्पत्तिको रक्षा गर्ने जिम्मेवारी लिएता पनि त्यसलाई आवश्यक परेको बेला उपयोग गर्न पाउदैनौं। अर्को, नेपालको कानूनमा अंश, अपुताली, मोही-हक जस्तो सवालमा भेदभाव गरिएको छ। शिक्षा, तालिम, रोजगार जस्तो सवालमा पनि पछाडि पर्नु परेकै छ। जनसंख्याको आधा संख्या महिलाहरू १८% मात्र साक्षर छन्। सविधानमा उल्लेख भएपनि समान काममा समान ज्याला व्यवहारमा अझै लागू भएको छैन। धर्म-कर्म, पूर्वजन्मको अन्धविश्वासले नारीहरू ज्यूँदै जलाइएका छन्। उनीहरू सामन्ती परम्परा, नियम कानूनको डोरीले कसिएर बाँधिएकै छन्। लाखौं चेलीहरूले विदेशमा अपमानित घृणित जीवन बिताउन परिरहेको छ। मूल रूपमा भन्दा यो देशमा महिलाहरूले असुरक्षित, अमर्यादित, अप्रजातान्त्रिक जीवन बिताईरहनु परको छ। वास्तवमा यो देशमा राजनैतिक स्थितिमा फेर बदल आएपनि महिलाहरूको स्थिति भने ज्यूँका त्यूँ नै छ। यो स्थितिबाट महिलाहरू पनि मुक्त हुन जरूरी छ। यसको लागि हामी महिलाहरू सचेत भई संगठित बन्नु पर्छ। महिला-मुक्ति भनेको सिंगो देशको मुक्तिसंग गासिएको सवाल भएकोले सम्पूर्ण वर्ग र तहका जनतासंग एकजुट भएर अगाडि बढ्नु पर्छ।

अखिल नेपाल महिला संघ नेपाली महिलाहरूको हक अधिकार र मुक्तिको निम्ति निरन्तर रूपमा काम गर्दै आएको संगठन हो।

यसले महिलाहरूलाई राजनैतिक, सामाजिक चेतना जगाउने, असंगठित र छरिएर रहेका महिलाहरूलाई संगठनमा एकजुट गर्ने काम गर्दै आएको छ। साथै अशिक्षित महिलाहरूलाई साक्षर बनाउन गाउँ गाउँमा अभियान संचालन गर्ने, कानूनी प्रशिक्षण दिने, स्वास्थ्य सम्बन्धी ज्ञान दिने, शीपमूलक तालिम दिने, असहाय र अप्ठेरोमा परेका महिलाहरूको मुद्दा मामलामा सुझाव सल्लाह र सर-सहयोग गर्ने आदि कामहरू संचालन गर्दै आएको छ। अर्को, देशमा महिलाहरूमाथि भैरहेको हत्या, बलात्कार असुरक्षा, बेचबिखन जस्तो सवालमा पनि सशक्त विरोध जनाउने काम हामीले गर्दै आएका छौं। महिलाहरूलाई सामाजिक चेतना जगाउन तीज, देउसी-भैलो, ८ मार्च जस्ता अवसर-हरूमा कार्यक्रमहरू संचालन गर्नुको साथै महिलाहरूको स्थानलाई समाजमा स्थापित गर्न अन्य रचनात्मक कार्यक्रमहरू जस्तै - सर सफाइ, बाटोघाटो, पूल-पाटी, विद्यालय मर्मतमा सहयोग, स्वास्थ शिविर कार्यक्रम पनि संचालन गर्दै आएका छौं। अर्कोतिर विचारगोष्ठी, साहित्यगोष्ठी, हाजिरी जवाफ प्रतियोगिता, शीप प्रदर्शन, प्रकाशन, साँस्कृतिक कार्यक्रम गर्दै पनि चेतना जगाउने कम भैरहेको छ। साथै विभिन्न वर्ग र तहका जनताले संचालन गरेको आन्दोलनमा ऐक्यवद्धता जनाउने काम पनि भएका छन्। सदनबाट पनि ती समस्यहरूलाई उठाउने काम गर्दै आएका छौं। यसरी विभिन्न रूपमा कार्यक्रम संचालन गर्दै महिलाहरूलाई चेतना जगाउनेर संगठित गर्ने समस्या समाधानको निम्ति सिंगो देशको मुक्ति-कार्यमा अग्रसर गराउने काम भइरहेको छ।

## २. चेतना जगाउने र संगठित हुने काम

महिलामुक्ति आन्दोलनका लागि स्थापित संगठनहरूले गर्नु पर्ने कामहरू धेरै छन्। मलाई के लाग्छ भन्ने पहिलो काम त, एउटै उद्देश्य र कार्यक्रम बोकेका महिला संगठनहरू संयुक्त भई आवाज उठाउनै पर्छ। साथै महिलामुक्ति देशको मुक्तिसंग गाँसिएको सवाल भएकोले अन्य वर्ग र तहका जनसमूदायको समर्थन र सहयोगमा कार्यक्रम संचालन गर्नु पर्छ। दोस्रो कुरा, महिलाहरू राजनैतिक, आर्थिक, सामाजिक पितृसत्तात्मक शोषण र उत्पीडनबाट मुक्त हुन महिलाहरूमा राजनैतिक चेतना र चिन्तनको आवश्यकता पर्दछ। ती समाधान गर्न असंगठित र छरिएर होइन संगठित भई अगाडि बढ्नु पर्छ। यस अर्थमा महिलाहरू संगठनमा संगठित हुनै पर्छ। समाजमा महिलाहरू स्थापित हुन सामाजिक चेतनाको भावना जगाउन रचनात्मक कार्यमा सहभागी बन्नु पर्छ। महिलाहरूको लागि युगौंदेखिको धर्म-कर्म, अन्धविश्वास, सामाजिक कुसंस्कारलाई हटाउन जनवादी साहित्य, संस्कृति प्रचार गर्ने, अध्ययन गर्ने काम गर्नुको

**शोषण र उत्पीडनबाट मुक्त हुन महिलाहरूमा राजनैतिक चेतना र चिन्तनको आवश्यकता पर्दछ।**

साथै भेदभावपूर्ण कानूनी व्यवस्था हटाउन कानूनी ज्ञान दिनु पनि जरूरी छ। हाल देशमा महिलाहरूमाथि भएको असुरक्षा, अपमान, बलात्कार, बेचबिखन, हत्या जस्ता महत्वपूर्ण सवालमा सशक्त ढंगले विरोध गर्नै पर्छ। यी सम्पूर्ण कार्य गर्न महिलाहरूमा राजनैतिक र सामाजिक चेतना जगाउने र संगठित गर्ने काम आजको प्रमुख काम हो। यसलाई सबैले प्राथमिकता दिनै पर्छ।

## ३. राजनैतिक संकिर्णता र वैचारिक अस्पष्टता

वास्तवमा नेपालमा भिन्न भिन्न राजनैतिक पार्टीसंग सम्बन्धित धेरै महिला संगठनहरू छन्। तर एउटै उद्देश्य र कार्यक्रम बोकेका महिला संगठनहरू एक भएर अगाडि बढ्न सकेका छैनन्। त्यति मात्र होइन, यिनीहरू महिलाहरूको साझा सवालमा संयुक्त भएर आवाज उठाउने काममा समेत पछाडि परेका छन्। यो महिलाहरूको लागि दुर्भाग्य वा दुःखको कुरा नै हो। मलाई लाग्छ, यसको मूल कारण वामपन्थी राजनैतिक पार्टीहरूवीच ऐक्यवद्धता नहुनु, संकिर्ण राजनैतिक दृष्टिकोणले काम गर्नु र मत विरोधहरू कायम नै रहनु हो। अर्को, महिलाहरूमा पनि राजनैतिक संकिर्णता रहनु, वैचारिक अस्पष्टता रहनुका साथै महिलामुक्तिलाई सिंगो रूपमा नलिई केवल पुरूष विरोधी चिन्तनले काम गर्नु पनि हो। यी समस्याहरूबाट मुक्त हुन सकेको खण्डमा र र ाजनैतिक वैचारिक सवालमा स्पष्ट र फराकिलो धारणा बनाउन सकेको खण्डमा साझा सवाललाई लिएर अगाडि बढ्न सक्छौं। यो आजको आवश्यकता हो र जन चाहनाको कुरा पनि हो।

अन्तमा, तपाईंहरूले सबैको विचारलाई समेट्ने र जनता र राष्ट्रको ज्वलन्त समस्याहरूलाई उठाउने प्रयत्न गर्नु भएकोछ, यसको निम्ति हार्दिक धन्यवाद दिन चाहन्छु। ❑


**We are the Banker for**

- Collecting unutilized savings of the people.
- Granting loans and advances to agriculture, industry, business & other sectors of economy.
- Providing remittance facilities throughout the kingdom & major cities of the world.
- Buying & sellong of travellers cheques, drafts, foreign currencies etc.
- Establishing letter of credit throughout the world.
- Providing othe services as desired by the customers

**Rastriya Banijya Bank**
Centre Office
Tangal, Kathmandu, Nepal
Tel: 417536, 416847




## शशी श्रेष्ठ

(अध्यक्ष अखिल नेपाल महिला संघ, एकता रा.सं. तयारी समिति)


## १. विविध समस्याहरू

सामन्ती संस्कृतिबाट पिल्सिएको मानसिकता, दुर्वलता, अशिक्षा, आर्थिक उत्पादनको क्षेत्रमा असमान सहभागिता, महिलाले गर्ने कामलाई अनुत्पादक मान्नु, कानूनी तवर बाट पनि महिलालाई अवला र पराधीन बनाउनु, उनीहरूलाई भोग विलास र बच्चा जन्माउने साधन मात्र ठान्नु, शिक्षित महिलाहरूमै पनि सामन्ती संस्कृतिको परिणाम स्वरूप उत्पन्न पराधीन मानसिकता, सामाजिक स्वतन्त्रताको अभाव, सामन्ती र पूँजीवादी विकृतिको कारणले गर्दा बेहोर्नु परेका असुरक्षा र हीन-भावना एवं महिलाहरू राजनीतिक रूपमा सक्रिय रूपले सहभागी नहुनु। वर्तमानमा नेपाली महिलाहरूले सामना गरिरहेका मूल मूल समस्याहरू यिनै हुन्।

यी समस्याहरू समाधान गर्न हाम्रो संगठनले देशका विभिन्न भागमा महिलाहरूलाई संगठित गर्दै सामाजिक जागरण ल्याई आर्थिक क्षेत्रमा उनीहरूको सक्रिय सहभागिता कायम गर्ने, स्वावलम्बन र समान अधिकारको बोध गराउने, सामन्ती पूँजीवादी रूढीवादी संस्कृतिको विरूद्ध सचेत पार्ने कामहरू गरिरहेछ। महिलाहरूलाई कानूनी अधिकार र मान्यता प्रदान गराउने, राजनीतिक गतिविधिमा कृयाशील तुल्याउने र जनवादी संस्कृति र मान्यताको प्रचार गर्ने जस्ता कामहरू पनि हामी गरिरहेका छौं। यसका अतिरिक्त, अन्य संघ-संगठनले गरेका उपयुक्त कार्यहरूमा ऐक्यवद्धता जनाउने, महिला-समस्या समग्र देशकै समस्यासंग पनि गाँसिएकोले राष्ट्रियताको सवालमा आवाज उठाउने काम पनि हाम्रो संघले गरिरहेको छ। गत वर्ष ८१औं अन्तरराष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा हाम्रो संगठनको अगुवाईमा अन्य महिला संगठनहरूको समेत हस्ताक्षर संकलन गरी "छोरीलाई पनि पैत्रिक संपत्तिमा समान अधिकार" र महिलाहरूलाई पुरूषसरह पार्ने अन्य विशेषाधिकारको माग राख्दै प्रधानमन्त्री र कानून मन्त्रीसमक्ष ज्ञापन-पत्र प्रस्तुत गरियो। यस विषयमा निरन्तरता कायम गर्न समय समयमा विचार गोष्ठी, जुलुस, आमसभा गर्नु र जन-जागरण कार्यक्रम संचालन गर्नुका साथै ८२औं अन्तरराष्ट्रिय श्रमिक महिला दिवस "महिलामुक्तिको एक आधार, पैत्रिक संपत्तिमा समान अधिकार" मूल नाराका साथ आर्थिक समानताका लागि सामाजिक जागरण कार्य र अन्य रचनात्मक कार्यक्रमका साथ हाम्रो संगठनले मनाइरहेको छ।

शिक्षा जीवनको ज्योति भएकोले र यस विना सामाजिक जागरण कार्य अधूरो हुने भएकोले हाम्रो संगठनले देशका विभिन्न भागहरूमा महिला प्रौढ कक्षा पनि संचालन गरिरहेको छ।

## २. म सामाजिक जागरणको कामलाई प्राथमिकता दिन्छु

महिलामुक्ति आन्दोलनका लागि स्थापित संगठनहरूले गर्नुपर्ने मुख्य कामहरूमा सामाजिक जागरण र चेतनामा अभिवृद्धि गर्नु, आर्थिक उत्पादनमा महिलाहरूको प्रत्यक्ष र सक्रिय सहभागिता बढाउनु, स्वावलम्बन र समानाधिकारको बोध गराउनु, वर्गउत्पीडनका विरूद्ध सचेतता बढाउनु, पूँजीवादी र सामन्ती संस्कृतिका मान्यता र तिनीहरूका प्रभावको विकल्पमा जनवादी संस्कृति र मान्यताको प्रचार गर्नु, शिक्षामा जोड दिनु र कानूनी समानता प्रदान गर्नु आदि नै हुन्।

यी कार्यहरू मध्ये म सामाजिक जागरण, राजनैतिक सचेतता र स्वावलम्बनको भावनाको अभिवृद्धिको कामलाई प्राथमिकता दिन्छु किनभने यी कामहरू विना महिलामुक्ति आन्दोलन अगाडि बढ्न सक्दैन।

## ३. महिलामुक्ति फेसन मात्र भएको छ

अहिलेसम्म कुनै पनि महिला संगठनहरूले एकातिर महिलामुक्ति आन्दोलनको चुरो नै पक्रन सकेका छैनन् भने अर्कोतिर आफूले संगेट्नु पर्ने मुख्य महिला समूदाय जुन ठाउँमा जेलिएर रहेको छ, त्यहाँ यी संगठनहरू पुग्न सकेका छैनन। महिलामुक्तिकै अभिप्राय बोकेर हिंडेका सक्रिय कार्यदलहरू छैनन। महिलामुक्ति नारामा मात्र सीमित भएको छ। वैचारिक स्पष्टता छैन। अर्कोतिर यस आन्दोलनलाई टेवा दिने राजनैतिक क्षेत्रहरूले यो आन्दोलनलाई सकृय चासोको विषय बनाइरहेका छैनन्। कुनै पनि राजनैतिक पार्टीहरू महिलाहरूको साँच्चै मुक्ति हुनुपर्छ भन्ने हेतुले भन्दा "बढी एउटा पार्टीको एउटा महिला संगठन हुनै पर्छ" भन्ने धारणाले काम गरिरहेका छन्। त्यसैले खासमा भन्ने हो भने महिलामुक्ति बारेको चिन्तनको धरातल नै इमान्दारीपूर्वक शूरू भएको छैन। महिलामुक्ति मात्र-फेसन भएको छ।

महिलामुक्ति आन्दोलनको खाकामा स्पष्टता नभइरहेको, यस आन्दोलनले प्राथमिकता नपाइरहेको, लादिएका विचारहरूले प्रमुख भूमिका खेलिरहेको र यो आन्दोलन पनि नारामा मात्र सीमित हुन गई पूँजीवादी ढर्रामा गइरहेको वर्तमान स्थितिमा यस आन्दोलनमा लागेका विविध संगठनहरू भने अलग अलग रहेका छन्। जब लक्ष्य र विचारको स्पष्टता हुन सक्दैन भने संगठनहरू एक हुन सक्ने कुरै भएन। यस्तो स्थितिमा कार्यगत एकता के कुरामा गर्ने? चर्का नारा र भाषण मात्रका ठेलीले कार्यगत एकता गरेर संयुक्त संघर्ष गरेकै खण्डमा पनि लक्ष्यमा पुग्न सकिंदैन। नयाँ ढंगको सोच नबनाएसम्म महिलामुक्ति आन्दोलन अगाडि बढ्न सक्दैन। त्यसैले हामी नयाँ ढंगको सोचको खोजीमा छौं।


अवश्य पढ्नु होस्!
दृष्टि साप्ताहिक
छलफल साप्ताहिक
शुभसन्देश साप्ताहिक



**जमुना थापा**
(महासचिव, अखिल नेपाल महिला संघ)

## १. तीन प्रकारका समस्याहरू छन्

नेपालका आम महिलाहरूले सामना गरिरहेका मूलभूत समस्याहरू तीन प्रकारका छन्। सामाजिक, राजनैतिक र आर्थिक समस्याहरू। यी मुख्य समस्याहरूका साथ साथै अरू थुप्रै व्यावहारिक समस्याहरू पनि छन् जसलाई आम महिलाहरूले कठोरताका साथ सामना गरिरहनु परेको छ। आज नेपालका महिलाहरू यस समाजभित्र व्याप्त रहेको कुसंस्कार, अन्धविश्वास, कुरीती, रूढीवादी चिन्तनको थिचाइमा थिचिईरहेका छन्। अर्कोतर्फ, सामन्ती संस्कार बोकेर हिडेका कतिपय पुरूषहरूको अहंकारपूर्ण प्रवृत्तिको शिकार पनि महिलाहरू बनीरहेका छन्।

हाम्रो समाजका महिलाहरूको स्थितिलाई अध्ययन गर्दा महिलाहरू माथि दोहोरो शोषण भइरहेको पाइन्छ। प्रथम, सामाजिक शोषण र द्वितीय, समाजका पुरूषवर्गको शोषण। यस समाजका बहुसंख्यक पुरूषहरूले सिद्धान्त जे जस्तो भए पनि व्यवहारमा महिलालाई दासी भन्दा माथि राखेर हेर्न सकेका छैनन्। महिलाहरू सम्पूर्ण रूपमा आर्थिक अधिकारबाट वंचित भएको कारण उनीहरूले दोस्रो दर्जाको नागरिक भएर बाच्नु परेको छ।

हाम्रो समाजमा आजसम्म महिलाहरूले झेल्दै आउनु परेका तमाम खाले उत्पीडन, शोषण, अन्याय र अत्याचारको विरूद्ध उत्रन हाम्रो संघले गाउँ गाउँमा गएर महिलाहरूलाई संगठित गर्ने, राजनैतिक चेतना दिने जस्ता काम गरिरहेको छ। महिलाहरूलाई आर्थिक अधिकार प्राप्त हुनु पर्छ, यसको लागि छोरा समान छोरीले पनि पिताको सम्पत्ति (अंश) लिन पाउने कानूनी प्रावधान संविधानमा राखिनु पर्दछ भन्ने माग लिएर गत साल अरू महिला संघहरू सहित प्रधानमन्त्रीकहाँ पनि गएका थियौं। विभिन्न पत्र-पत्रिकाको माध्यमद्वारा पनि यस पक्षलाई जोड दिइरहेका छौं।

## २. आर्थिक अधिकार प्रमुख कुरा हो

यी संघहरूले गर्नु पर्ने मुख्य मुख्य कार्यहरूमा देशका आम शोषित पीडित महिलाहरूलाई संगठित गरेर राष्ट्रियता, जनतन्त्र र जनजीविकाको लागि संघर्षमा उत्रन प्रेरित गर्ने र महिला हक, हित, इज्जत र समानता कायम गर्नको निम्ति आन्दोलित गराउनु प्रमुख हुन्। महिलाहरूका यी थुप्रै समस्याहरूमध्ये सवैभन्दा प्रधान समस्या आर्थिक समस्या हो। आर्थिक अधिकारबिना कदापि समाज अगाडि बढ्न सक्तैन। आजको यो वैज्ञानिक युगमा पाइला टेकीसक्दा पनि किन महिलाहरू घरको चार पर्खालबाट अलिकति पनि बाहिर चिहाउन समेत सकिरहेका छैनन्? आर्थिक अधिकारबाट वंचित हुनुको कारण यो अवस्था सृजना भएको हो। महिलाहरू समाजमा स्वतन्त्र भएर बाँच्नको लागि पैतृक सम्पत्तिको अधिकार पाउनु पर्छ। वर्तमानमा म आर्थिक पक्षलाई नै बढी महत्व दिन्छु।

## ३. कार्यगत एकताको परिस्थिति अझै मजबुत छैन

महिलाहरूका समस्याहरूलाई लिएर उल्लेखनीय रूपमा आन्दोलन हुन नसक्नुको पछाडि थुप्रै कारणहरू छन्। प्रथम, सक्रिय महिला नेतृत्व एवं महिला कार्यकर्ताको अभाव हुनु। द्वितीय, सामन्ती संस्कारको प्रभावबाट स्वयं महिला कार्यकर्ताहरू पनि पूर्ण रूपमा अलग रहन नसक्नु। तृतीय, समाजले महिलाहरूलाई हेर्ने दृष्टिकोण सामन्ती प्रकारकै हुनु। चौथो, वामपन्थी आन्दोलन भित्रैका पुरूषहरूमा समेत महिलाहरू भनेका कम-जोरीका पात्र हुन् भन्ने सोचाइ रहनु। पाँचौं, घर परिवार र छोरा छोरीको जिम्मेवारी महिलाहरूकै काँधमा रहनु जस्ता कुराहरू यसमा पर्दछन्।

महिला संघको नीति र उद्देश्य अनुरूप सशक्त भएर संघहरू जुन रूपमा अगाडि बढ्नु पर्ने हो, त्यो रूपमा अगाडि बढिरहेका छैनन् जस्तो मलाई लाग्छ। अहिलेको परिस्थितिमा नेपाली महिलाहरूको आफूमाथिको अत्याचार को विरूद्ध सम्पूर्ण महिलाहरूलाई संगठित गर्ने र आन्दोलनप्रति उन्मुख बनाउने राजनीति गर्नमा हैन, पति या पिताको राजनीतिलाई आँखा चिम्लेर समर्थन गर्नमा र घर परिवार थामेर बस्नमा मात्र सीमित रहनु पर्ने वाध्यता पनि महिला आन्दोलन हुन नसक्नुको एउटा कारण हो।

जहाँसम्म एउटै लक्ष्य र उद्देश्य भएका संघहरू किन एक भइरहेका छैनन् भन्ने सवाल छ, महिला संघ स्वतन्त्र नभई पार्टी अन्तरगत संचालन भएका हुनाले अथवा महिला संघ कम्यूनिष्ट पार्टीका जनसंगठन भएकाले पार्टीको सिद्धान्त र नीति अनुरूप चल्नु पर्ने हुन्छ। यसकारण पार्टी एकीकरणपछि मात्रै जनसंगठनहरू एकीकरण गर्न सकिन्छ। महिलाहरूको साझा समस्यालाई लिएर महिला संघहरूका बीच कार्यगत एकता गरेर संघर्षमा उत्रनको लागि महिला संघहरूको आत्मगत परिस्थिति एवं बस्तुगत परिस्थिति अझै त्यति मजवुत छैन। महिलामुक्ति आन्दोलनलाई सशक्त रूपले अगाडि बढाउनको लागि महिला संघको मात्रात्मक एवं गुणात्मक रूपमा विकास गर्नु पर्ने आवश्यकतालाई सवै क्रान्तिकारीहरूले हृदयंगम गर्नु आवश्यक छ। समाजमा हुर्केर जरा गाड्न सफल भएको सामन्ती संस्कार, अन्धविश्वास, रूढीवादी चिन्तन एवं निम्नपूँजीवादी विचार जस्ता कुराहरू नेपाली महिला आन्दोलनका बाधक तत्वको रूपमा देखा परेका छन्। ❒

काठमाडौंबाट बुटवल, भैरहवा, पाल्पा, नेपालगंज, दाङ, पोखरा, भरतपुर (टाडी), हेटौंडा, वीरगंज, जनकपुर र त्रिशुली जान आउन परे साझा यातायातलाई संझनुहोस्।
टिकट पाउने स्थान : सुन्धारा, काठमाडौं

# फिलिपिन्सः जहाँ २५ हजार लाल-सेना छन्!

मुरारी अर्याल

फेब्रुअरी १८,१९९२ का दिन फिलिपिन्सको नयाँ जन-सेनाको आक्रमणबाट सुरिगाओ डेल सुर प्रान्तको एउटा सैनिक टुकडीका ३७ जवान सरकारी सैनिकको मृत्यु भयो। उक्त सैनिक कारबाहीमा फिलिपिनी सेनाका थप २२ जना घाइते भए। तीन घण्टासम्मको भीषण युद्धपछि बाँकी सैनिकहरूले आत्म-समर्पण गरे।

नयाँ जन-सेनाको उक्त आक्रमण राष्ट्रपति एक्विनोले "हामीले जन-सेनाको ढाड भाँच्यौ" भनेर सार्वजनिक घोषणा गरेको पर्सिपल्ट भएको थियो।

फिलिपिन्समा अमेरिकाको सबभन्दा वफादार तानाशाह फर्डिनान्ड मार्कोसको २० वर्ष लामो निरंकुश शासन कालमा एकातिर कुलाकहरू (धनी किसानहरू) को उल्लेखनीय विकास भयो भने अर्कोतिर मार्कोसका शासनका विरूद्ध प्रतिकृयास्वरूप त्यहाँका कम्युनिष्टहरूले उल्लेखनीय रूपमा आफ्नै जन-सेनाको विकास गरे। फिलिपिन्सको मुक्ति माओ त्सेतुङ्ग विचार धाराको आधारमा संचालन हुने छापामार युद्धको परिणति स्वरूप हासिल हुने नयाँ जनवादी सत्ताको स्थापनापछि मात्र संभव छ भन्ने तथ्य उक्त २० वर्षभित्रको अनुभवबाट पुष्टी भएकोले नै फिलिपिन्समा जन-सेनाको विकास भएको हो। पूर्व सोभियत संघ तथा पूर्वी यूरोपका भूतपूर्व समाजवादी गणराज्यहरूलाई समाजवादी अधिनायकत्व र गलत प्रणालीबाट मुक्ति दिलाउँदै पूँजीवाद र बजार-अर्थतन्त्रको श्रेष्ठता "अकाट्य" रूपमा सावित गर्‍यौं भन्ने प्रचार-बाजीमा संलग्न सबैको निम्ति पेरूको "साइनिङ्ग पाथ" र फिलिपिन्सको नयाँ जन-सेना (NEW People's Army) यतिबेला आफ्नो मुखमा बलियो थप्पड महशूस हुँदैछ।



*फिलिपिनि कम्युनिष्ट गुरिल्ला*

दोस्रो विश्वयुद्धको समापन र फिलिपिन्समा पुनः अमेरिकी प्रभूत्वको पुनर्स्थापनासम्ममा पुग्दा त्यहाँका किसानहरूको स्थिति झण्डै झण्डै भूदासको जस्तो भइसकेको थियो। जापानी आधिपत्यको समयमा आफ्ना श्रमचोर एवं उत्पीडक स्थानीय सामन्त वर्ग र विदेशी अतिक्रमणकारीहरूका विरूद्ध त्यतिबेलाका कम्युनिष्टहरूद्धारा संचालित किसानहरूको "हक छापामार आन्दोलन" (Huk Guerilla Movement) अमेरिकी प्रभूत्वको पुनर्स्थापनापछि पूरानै ढंगबाट स्थानीय सामन्त वर्ग र अमेरिकाद्वारा स्थापित कठपुतली सरकार का विरूद्ध संघर्ष गर्न वाध्य भयो। दक्षिणपन्थी दमन, कष्टकारक जीवनको कहाली लाग्दो परिस्थिति बीचबाट पलायन र अमेरिकी कमाण्डर हरूको नेतृत्वमा छापामारहरूलाई सखाप पार्ने व्यापक अभियानहरू बीच एकचोटि झण्डै झण्डै समापनको अवस्थामा पुगेको लुजानको किसान छापामार आन्दोलन १९६९ मा पुगेर फिलिपिन्सको मुक्ति माओत्सेतुङ्ग विचार-धाराबाट मात्र संभव छ भन्ने दृढ आस्थाका साथ नयाँ जनवादी सेनाको नयाँ झण्डा अन्तरगत संगठित हुन पुगेको हो।

फिलिपिन्सको सत्तामा मार्कोसको उत्थानपछि साम्यवादी छापामारहरूलाई समाप्त पार्ने नयाँ अमेरिकी रणनीति अन्तरगत छापामार कमाण्डरहरूलाई भ्रष्ट तुल्याउने नयाँ अभियानको शुरूवात भयो। पुरानो कम्युनिष्ट पार्टीको नेतृत्वले मार्कोस समक्ष मिलापत्रको नीति अनुशरण गरेपछि हक छापामार आन्दोलनको सैन्य नेतृत्व पनि क्रमशः सुविधाभोगी र भ्रष्ट हुँदै गयो। कम्युनिष्टको नाममा बढेको दक्षिणपन्थी अवसरवाद र संशोधनवादको विरूद्ध मारिया सिसोनको नेतृत्वमा गठन भएको माओवादी कम्युनिष्ट पार्टी र माओ-विचारधाराबाट बाहेक फिलिपिन्सको मुक्ति संभव छैन भन्ने चेत खुलेका पूर्व-हक-आन्दोलनका छापामारहरूको संयुक्त प्रयासमा विकसित भएको नयाँ जन-सेना प्रतिकृयावादी बहावलाई रोक्न र सशस्त्र रूपमै फिलिपिन्सका कृषक-मजदूरहरूको पक्षमा स्थानीय प्रतिकृयावादसँग जुध्न सफल रहेको छ।

नयाँ जन-सेनाका प्रमुख कमाण्डर १९७६ मा र पार्टी नेता सिसोन १९७७ मा गिरफ्तार भएपछि फिलिपिन्सको नयाँ जन-सेनाको मृत्यु-गाथा लेख्न धेरै पत्रकारहरूले रूचाएका थिए। फिलिपिन्सको कम्युनिष्ट आन्दोलनको प्राणवायु नेताहरूमा भन्दा बढी जनसमूदाय बीच भएकोले सिसोनहरूले सृजनामा मद्दत पुऱ्याएको आन्दोलन आफ्नो अस्तित्व निर्वाहको अर्थमा मात्र सक्षम नभएर मार्कोसको निरंकुशता एवं व्यापक दमनको बीचमा झन तीव्र विस्तारको निम्ति सक्षम भइसकेको थियो।

फिलिपिन्सको शासन-यन्त्र किसानहरूको सशस्त्र प्रतिरोधका कारण भूमिसुधार गर्न बाध्य भएको छ। अमेरिकी हवाइ अड्डा र नौसैनिक सुविधालाई बहाली गर्ने सरकारी प्रस्ताव र यी



*जोसे मारिया सिसोन*

राष्ट्रिय कलंकहरूलाई तत्काल अन्त्य गरिनु पर्दछ भन्ने कम्युनिष्टहरूको प्रस्तावमाथि राष्ट्रव्यापी जनमत-संग्रहमा सरकार नराम्रोसँग परास्त भएको छ। कुलाकहरूको विकासलाई कम्युनिष्टहरूको नेतृत्वमा स्थापित भएको साना किसानहरूको सहकारी आन्दोलनले एउटा ठूलो हदसम्म रोक्न सक्षम भएको छ र सबभन्दा महत्वपूर्ण कुरा व्यापक जनसमूदायमा नयाँ जन-सेनाप्रतिको समर्थनमा विकास हुनथालेपछि फिलिपिन्सको प्रतिगामी शक्तिले कम्युनिष्ट नेतृत्वमाथि सांघातिक आक्रमणको अभियान शुरू गरेर आफ्नो हतोत्साहलाई आक्रामक रूपमा अभिव्यक्त गर्न थालेको छ।

यति बेला फिलिपिन्समा कम्युनिष्ट पार्टी मनिने ४ वटा पार्टीहरू छन्। मेट्रो मनिलादेखि सेन्ट्रल लुजान र अन्य १२ वटै क्षेत्र र ७३ वटै प्रान्तहरूमा कम्युनिष्ट भनेपछि नयाँ जन-सेना भनेर बुझिन्छ। छापामार युद्धमा पोख्त तर स्थायी सेनाका विशेषताहरू समेत हासिल गरिसकेका नयाँ जन-सेनाका लडाकुहरू फिलिपिन्सको प्रतिकृयावादी सत्ताको निम्ति आतंकको स्तरबाट सर्दै प्रतिद्वन्दी सेनाको रूपमा विकसित भएका छन्।

नयाँ जन-सेना फिलिपिन्सभरि नै कार्य-रत रहेको पाइन्छ। कम्युनिष्ट इलाकाहरूमा नयाँ जन-सेनाका छापामारहरू आफ्नै ब्यारेकमा र स्थानीय किसानहरूका छाप्राहरूमा बस्छन् भने कम्युनिष्टहरूको पातलो मात्र प्रभाव भएका प्रान्तहरूमा उनीहरूको रणनीति "प्रहार गर्ने र गायव हुने" किसिमको छ। एक जना कम्युनिष्ट विरोधी सरकारी लडाकु भन्छन्- "जहाँ कम्युनिष्टहरूको गढ छ, त्यहाँ जाने पासपोर्ट हामीसँग छैन र जहाँ हाम्रो चाहिं गढ छ त्यहाँ जान कम्युनिष्टहरूलाई पासपोर्ट नै चाहिन्न। हामी शायद यो युद्ध हार्छौं होला।"

नयाँ जन-सेनाको कूल सैन्य-बलबारे कम्युनिष्ट पार्टीले कुनै तथ्यांक दिएको छैन तर कोराजोन एक्वीनोको सरकारले उनीहरू कूलमा २५ हजार छन् भनेर दावा गरेको छ। □

# अमेरिकाः तिम्रो आफ्नै मानव-अधिकारको रेकर्ड के छ?

अमेरिकी शासक वर्ग समाजवादी खेमाको मानव-अधिकार रेकर्ड-बारे विश्वभरि हल्ला मच्चाउँदै छ। जुन जुन "समाजवादी" वा विकासशील मुलुक उसको नाजायज माग मान्दैन वा उसको आधिपत्यसमक्ष पूर्ण रूपले आत्मसमर्पण गर्दैन, उसका विरूद्ध यही मानव-अधिकारको उल्लंघन बारे विश्वव्यापी हल्लीखल्ली मच्चाउने तुरूप प्रयोग गर्छ र हैरान पार्छ। यी देशको छवि विश्व जनमत समक्ष नराम्ररी बिगार्ने योजना रच्दछ। "मानव-अधिकार रेकर्ड" यसरी अमेरिकी शासक वर्गको दवाव-हतियार भईरहेछ र यो बढी सहुलियत वा पूर्ण आत्म-समर्पणको निम्ति भयभीत पार्ने दाउ भईरहेछ।

विश्वभरि मानव-अधिकारको रेकर्डबारे "विश्व-प्रहरी" को रूपमा पेश हुने जमर्को गर्ने अमेरिकी शासक वर्गको आफ्नै मानव-अधिकारको रेकर्ड हेर्ने हो भने, मानव-अधिकारको "विश्व-प्रहरी" बन्ने उसको स्वाँङ्गको नराम्ररी पर्दाफास हुन्छ।

अमेरिका यस्तो देश हो जहाँ, जनसंख्याको १३ प्रतिशत, अर्थात करीब ३ करोड २४ लाख जनसंख्या, यति गरीवीमा बाँचीरहेछन् -उनीहरू पर्याप्त खान समेत पाउँदैनन् र अरू न्यूनतम मानवीय आवश्यकता समेत पूर्ति गर्न सक्दैनन् (UNDP, Human Development Report, 1991) । प्रश्न के उठ्दछ भने विश्वभरि मानव अधिकारको रखवारी गर्ने ठेकेदारी लिएको अमेरिकी सरकारले अमेरिकाको यति ठूलो जनसंख्याको लागि पर्याप्त खान-लाउन पाउने न्यूनतम मानव-अधिकारको पूर्ति समेत किन गर्न सकेन?

अमेरिकी शासकहरू विश्वभरिका "समाजवादी" खेमाका र अविकसित देशका सरकारहरूलाई कैदीहरूको संख्याबारे चेतावनी दिन्छन् र उनीहरूले मानव-अधिकारको उल्लंघन गरेको हल्ला मच्चाउँछन्। तर अमेरिका स्वयम् यस्तो देश हो, जहाँ प्रत्येक १ लाख नागरिक मध्ये ४२६ नागरिक कैदी जीवन बिताईरहेका छन्। अर्थात अमेरिकाको प्रत्येक २३५ जना नागरिक मध्ये १ जना कैदी जीवन बिताई रहेको हुन्छ। (UNDP, Human Development Report, 1991 । प्रश्न उठ्दछ- विश्वमा आफ्नो सबैभन्दा बढी नागरिकलाई जेलमा थुन्ने देशहरूमध्ये एउटामा पर्ने अमेरिकी शासक वर्ग अरू देशका कैदीबारे किन यति हल्ला मच्चाउँछ?

अमेरिकी महिलाहरूले जीवनको सबै क्षेत्रमा पुरूषसरह समानताको न्यूनतम मानव-अधिकार पनि पाएका छैनन्। यो मानव-अधिकारका निम्ति संविधान संशोधन हुनु पर्छ भनेर अमेरिकी महिलाहरूले संविधानको ११९ औं संशोधनको निम्ति संसदमा प्रस्तावित गरेका थिए। तर अमेरिकी शासक वर्गले आफ्नै देशको आधा जनसंख्यालाई आजसम्म पनि पुरूषसरह हरेक पक्षमा समानताको न्यूनतम मानव-अधिकार पनि दिलाउन सकेको छैन। अझै पनि अमेरिकी संसदको रद्दीको टोकरीमा "पेन्डिङ्ग" बनेर बसीरहेको यो मानव-अधिकारको मुद्दाले अमेरिकी शासक वर्गको खिल्ली उडाईरहेछ।

आवास, कुनै पनि मुलुकका नागरिकहरूको न्यूनतम मानव-अधिकार हो। तर अमेरिका यस्तो देश हो, जहाँ ३५ प्रतिशत नागरिकको आफ्नै कुनै आवास छैन। (USA, Statistics in Brief 1988, US Census) ६ लाख ७० हजार मानिसहरू त फगत सडकमा सुतेर जीवन बिताई रहेछन् (The Rising Nepal, October 22, 1991)। मानव अधिकारको तथाकथित "विश्व-प्रहरी" अमेरिकी शासक वर्ग वर्षेनी कूल राष्ट्रिय उत्पादनको ६.६ प्रतिशत र देशको वजेटको २७ प्रतिशत, अर्थात वर्षेनी २७३ अरब डलर हात-हतियारमा खर्च गर्न सक्दछ। (USA, Statistics in Brief 1988, US Bureau of Census) तर त्यसको थोरै प्रतिशत रकम किन आफ्ना आवासहीन नागरिकहरूको न्यूनतम मानव-अधिकारको निम्ति खर्च गर्न सक्दैन?

अमेरिकी शासक वर्ग चीनको तियान मेन चोकमा "कम्युनिष्टहरूले" मानिस मारेको भनेर संसारभरि हल्ला पिट्छ, स्तालीनले "हज्जारौं मानिस मारको" भनेर कम्युनिष्ट नेताहरूलाई तानाशाहको पगरी गुथाउने गर्दछ। तर इण्डोनेशियामा उसले आफूले मारेको ५ लाख कम्युनिष्टहरू, मलेशियामा उसले मारेको लाखौं कम्युनिष्टहरू, फिलिपिन्समा उसले मारेका हज्जारौं कम्युनिष्टहरू, कोरिया, भियतनाम, कम्बोडिया र लाओसमा उसको आक्रमण र बमवर्षाले मारिएका लाखौं निर्दोष नागरिकहरू, चिलीको साल्वाडोर एलेण्डेको निर्वाचित सरकारमा रहेका मानिसहरूलाई CIA लगाएर मारेको घटना र भर्खरै केही वर्ष यता निकारागुवामा उसले मारेका कम्तीमा चौध हजार नागरिकहरूको हिसाव-किताव हेर्ने हो भने संसारको सबैभन्दा ठूलो हत्यारा र तानाशाह को देखिन्छ? □

प्रस्तुति - श्रवण कुमार



२०४६ सालको जन-आन्दोलनले नेपालको इतिहासमा एउटा अत्यन्त महत्वपूर्ण स्थान राख्दछ। विशाल आयतनमा नेपाली जनताले हिस्सा लिएको यो ओन्दोलनका विविध पक्ष र अनुभवहरूलाई संगेट्ने प्रयत्नहरू विविध व्यक्ति, संघ-संस्थाहरूबाट हुँदै आएका पाइन्छन्। तर पनि यस आन्दोलनका घटना र अनुभवहरू आवश्यक गहिराइ र विस्तारका साथ अझै संगेटिन सकेका छैनन्। अन्तरमा पसेर यसलाई सूक्ष्म विश्लेषण गरी तथ्ययुक्त निचोडहरू निकाल्ने कामले भावी समयका लागि निकै उपयोगि शिक्षाहरू दिने कुरा निर्ववाद छ।

चैत्र २४ गते जन-आन्दोलनको उत्कर्षको दिनको बार्षिक उपलक्ष्यमा हामीले यस पल्ट "मूल्यांकन"मा यस आन्दोलनका विभिन्न पक्षका बारेमा विशेष सामग्रीहरू प्रस्तुत गरेका छौं। यसमा अझै धेरै घटना, पक्ष र विचारहरू छुटेका हुन सक्छन्। पाठकहरूका आलोचना र सुझावहरूले यसलाई अरू परिपूर्ण र सर्वाङ्गिण बनाउनका लागि मद्दत गर्नेछन्।

-सम्पादक





-श्याम श्रेष्ठ

# जन-आन्दोलन किन भएको थियो?

कार्ल मार्क्सले मानव इतिहासको सार खिच्दै भन्नु भएथ्यो-प्रत्येक अन्यायपूर्ण समाज व्यवस्थाले आफ्नो चिहान खन्नेहरू आफैं जन्माउँछ। पंचायती व्यवस्थाको संवन्धमा पनि यो भनाइ सही सावित भयो। २००७ सालमा राजतन्त्र फेरि शक्तिसंपन्न भए पछि, र २०१७ सालमा नेपाली काँग्रेसको निर्वाचित सरकारलाई सैनिक कार्यवाहीद्वारा अपदस्थ गरे पछि, विश्व जनमत र नेपाली जनताको समर्थन आफ्नो पक्षमा तानेर आफ्नो सत्तालाई मजवूत पार्न राजतन्त्र सुधारका ढोंगहरू गर्न बाध्य भयो, एक पछि अर्को सुधारको नाटकद्वारा जन असन्तोष र वर्ग-संघर्षलाई शिथिल पार्ने र क्रान्तिकारी उभारको संभावनालाई टार्ने निरंकुश राजतन्त्रको रणनीति रह्यो। यो रणनीति अन्तर्गत राजतन्त्रले जुन जुन कदमहरू चाल्यो, तिनै कदमहरूले नै निरंकुश राजतन्त्र र पंचायती व्यवस्था दुवैको चिहान खन्ने वर्ग र परिस्थिति जन्माए।

२०४६ सालको जन-आन्दोलमा सबै उत्पीडित वर्ग र तप्काहरू संघर्षको मैदानमा



*वामपन्थी शक्ति र नेपाली कांग्रेसको यो संयुक्तता निकै लामो, कठीन र बांगोटिंगो यात्रा पछि मात्र संभव भएको थियो।*


उत्रिएका थिए। तथापि यो सारमा र मूल रूपमा मध्यम वर्ग र निम्न पूँजीपति वर्गको आन्दोलन थियो। आन्दोलनको प्रमुख माग पंचायती निर्दलीयताको अन्त र बहुदलीय पूँजीवादी प्रजातान्त्रिक व्यवस्थाको स्थापना थियो। यो समाजको आमूल परिवर्तनको माग थिएन, न त यो मजदूर वर्गको क्रान्तिको चाहना पूर्ण रूपले अभिव्यक्त गर्ने माग नै थियो। यो सुधारावादी माग थियो र यो मागमा पूँजीपति वर्ग, खास गरी मध्यम वर्ग र निम्न-पूँजीपति वर्गकै वर्ग-स्वार्थ र चाहना सबैभन्दा बढी अभिव्यक्त भएको थियो।


दम्कँदो किसान आन्दोलनको ज्वार भाटालाई सामसुम पार्न २०२१ सालमा थालिएको कथित "भूमिसुधार"ले जमीन्दार वर्ग र धनी किसानलाई व्यापारी वर्ग र औद्योगिक पूँजीपति वर्गमा रूपान्तरित हुन प्रेरित र वाध्य गऱ्यो। अहिलेका दलाल पूँजीपति वर्ग र मध्यम वर्ग मध्ये धेरैजसो तिनै हिजोका जमिन्दार वर्ग र धनी किसान हुन्। "भूमिसुधार" ले अधिकांश किसानलाई (करीव ६६ प्रतिशतलाई) सानो सानो जग्गाको टुक्राको मालिक बनायो। यी किसानहरू, सन्तान बढ्दै जाँदा, १-२ पुस्तामै जमीनले जीवीका नधान्ने किसानमा बदलिए। करीब ५० प्रतिशत किसानसित आधा हेक्टर जमीन मात्र बाँकी रह्यो र १० प्रतिशत त पूरै भूमिहीन भए। यसरी पहिलेको किसान वर्ग फुटेर माध्यम किसान, गरीव किसान र भूमिहीन किसान बने। जमीनबाट गुजारा नै नचल्ने यिनै किसानका विभिन्न तप्काहरू बाँच्नका लागि अन्य बैकल्पिक पेशा खोज्न वाध्य भए। सानो सानो उद्यम, व्यापार, जागिर, मजदूरी गर्ने अहिलेका अधिकांश निम्न-पूँजीपति वर्ग, अर्ध्द सर्वहारा वर्ग र मजदूर वर्ग तिनै हिजोका जमीनले नधान्ने अर्ध्द-बेरोजगार वा बेरोजगार किसानहरू नै हुन।


जनता अल्मल्याउन कै लागि गरिएको भएपनि सडक, हवाइ-सेवा, संचार-यन्त्र, बिद्युत, बिद्यालय र बैंकको जालोको धिमा गतिलेनै भएको बिस्तारले पनि विभिन्न व्यापार व्यवसाय, उद्योगका निम्ति जरूरी संरचना र भौतिक पूर्वाधार खडा गऱ्यो। यसले ठूला-साना शहर हरूको बिकास गऱ्यो। गाउँका धनी र गरीब दुबै उन्नत-जीवन र बृत्ति-विकासको खोजीमा शहरमा ओइरिने प्रक्रिया शुरू गऱ्यो। स्थानीय उत्पादन र बजारलाई केन्द्रीय बजारसित जोड्ने प्रक्रिया शुरू गऱ्यो। खेतीबाट आउने बचत-पूँजी बैंकको पूँजीसित मिसिएर व्यापारिक वा औद्योगिक पूँजी बन्न थाल्यो। पहिलेको स्थानीय आत्मनिर्भर कृषि अर्थतन्त्रको ठाउँ केन्द्रीकृत पूँजीवादी राष्ट्रिय-अर्थतन्त्रले लिन थाल्यो। यसले बिस्तारै गाउँहरू शहरप्रति आश्रित हुने, साना शहरहरू ठूला र मुख्य शहरहरूप्रति आश्रित हुने र पूरै देश विकसित र ठूला औद्योगिक देशहरू अन्तराष्ट्रिय बित्तीय पूँजीप्रति आश्रित हुने परिस्थिति जन्मायो। नेपाल अब संसारबाट कटेको, संसारका घटनाक्रमबाट कम प्रभावित हुने कृषिमै मात्र मूलतः निर्भर मुलुक रहेन। यो विश्व-घटनाक्रमबाट पल पल प्रभावित हुने, विश्व बजारसित अभिन्न रूपले जोडिएको, अन्तर्राष्ट्रिय साम्राज्यवादी-पूँजीवादी बजारको एउटा नव औपनिवेशिक इकाइका रूपमा विकसित भयो। माथि दलाल र नोकर शाही पूँजीपति वर्गको प्रभूत्व रहेको र तल मध्यम र निम्न पूँजीपति वर्गको वाहुल्य रहेको मूलतः पूँजीवाद-उन्मुख मुलुकको रूपमा यो विकसित भयो, यद्यपि यसमा सामन्ती उत्पादन संवन्धहरू पनि बाँकी नै थिए, पूरै ध्वंश भएका थिएनन्।

निरंकुश राजतन्त्रले "सुधार"का नाममा जुन पश्चिमेली शिक्षा-प्रणाली लागू गऱ्यो, त्यो सारमा र चरित्रमा पूँजीवादी थियो। त्यसले स्वभावतः त्यस्ता बौद्धिक नागरिकहरू पैदा गऱ्यो, जो पूँजीवादी स्वतन्त्रता चाहन्छन् र आफ्नो योग्यता र क्षमता मुताविक व्यक्तिगत विकास गर्न स्वस्थ-प्रतिस्पर्धाको स्थिति र समान अवसर चाहन्छन्। तर निरंकुश राज-तन्त्रको राजनीतिले भने यस्तो पूँजीवादी स्वतन्त्रता निषेध गर्थ्यो र उसको भ्रष्ट र निरंकुश नोकर शाहीले स्वस्थ प्रतिस्पर्धा र समान अवसरलाई पनि निषेध गर्थ्यो। त्यसैले यी उत्पीडित र अन्यायमा परेका बौद्धिकहरू, जो वर्गका हिसाबले अधिकांश मध्यम वर्ग र निम्न पूँजीपति वर्गका थिए, निरंकुश राजतन्त्र र उसको भ्रष्ट नोकर शाहीतन्त्रका विरोधी बनेका थिए। जन-आन्दोलनमा यही तप्काले यसको अन्तका लागि बौद्धिक उर्जा र अधिकांश कार्यकर्ता प्रदान गरेको थियो।

यसरी समाजको जगमा त्यस्ता पूँजीवादी वर्गहरू पैदा भए जो पूँजीवादी स्वस्थ प्रतिस्पर्धाको स्थिति चाहन्थे, समानता र सामाजिक न्याय चाहन्थे। यी वर्गहरू आफ्नो हित र वर्ग स्वार्थको सवभन्दा राम्ररी रक्षा र प्रतिनिधित्वको लागि संगठित रूपमा र राजनीतिक तहमा प्रतिस्पर्धा चाहन्थे र अभिव्यक्ति स्वतन्त्रा चाहन्थे। तर राजतन्त्रले भने वर्गहरू दलका रूपमा संगठित भएर उसको सत्ताकै विकल्पका रूपमा चुनौति दिन नसकून् भनेर २०१७ सालदेखि नै दलमाथि प्रतिबन्ध लगाएको थियो र अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित पारेको थियो। राजतन्त्रको राजनीति मुख्य रूपले दरवार केन्द्रित र निरंकुश थियो। २०३७ सालमा बालिग मताधिकार दिएर







पनि संसद र मन्त्रीपरिषद दुवै नाम मात्रका, शक्तिहीन र देखौवा मात्र थिए। पर्दा पछाडि दर बार-सचिवालय नै राज्यशक्तिको मुख्य केन्द्र थियो। राजतन्त्रको नोकरशाही-यन्त्र र न्याय-तन्त्र दुवै भ्रष्ट, निरंकुश र गैर-जनमुखी थियो। यसबाट सबैभन्दा ठूला पूँजापति र राजतन्त्रको तावेदार बाहेक अरू कसैले पनि न्याय र विकास गर्ने अनुकूल र समान अवसर पाईरहेका थिएनन्। मध्यम वर्गदेखि लिएर - मजदूर वर्गसम्म सबै यस स्थितिबाट उत्पीडित थिए र त्यसैले यसको अन्त चाहन्थे र यसको ठाउँमा अभिव्यक्ति स्वतन्त्रता भएको पूँजीवादी प्रतिस्पर्धात्मक एवं जन प्रतिनिधिमूलक राजनीति चाहन्थे। त्यो भनेको बहुदलीय पूँजीवादी प्रजातन्त्र नै थियो। त्यसैले नै २००७ र २०३६ सालदेखि राम्ररी परिचित "बहुदल" २०४६ सालको जन-आन्दोलनमा पनि सबैभन्दा मुख्य र लोकप्रिय नारा बनेको थियो।

यसरी २०४६ सालको जन-आन्दोलन सामाजिक जग र राजनीतिक उपरी ढाँचाको अन्तरविरोध हल गर्नका लागि भएको थियो। जगमा पूँजीवादी प्रतिस्पर्धा (स्वतन्त्रता) चाहने उत्पीडित वर्गहरू र उपरी ढाँचामा भने यस्तो निषेध गर्ने राजनीति यही अन्तरविरोध हल गर्न नै यो जन-आन्दोलन भएको थियो।

समाजको जगमा जन-असंतुष्टि र आक्रोश व्यापक र गहीरो भएको थियो। भूमिसुधारपछि पनि ३ प्रतिशत माथिल्ला किसान परिवारका हातमा देशको कूल जमीनको २९ प्रतिशत भाग थुप्रिएको थियो। जबकि ६६ प्रतिशत किसान परिवारसित भने जम्मा १७ प्रतिशत भाग मात्र थियो। थुप्रै सुधारका नाटकहरू पछि पनि धनाढ्य १० प्रतिशतका हातमा देशको आम्दानीको ४७ प्रतिशत भाग पर्दथ्यो। जब कि जनसंख्याको तल्लो ४० प्रतिशतको हातमा भने देशको आम्दानीको ९ प्रतिशत भाग मात्र पर्दथ्यो। करीब ५ प्रतिशत अर्थात करीब ४ लाख मानिसहरू पूर्ण बेरोजगार थिए भने ४० प्रतिशत अर्थात् ३० लाख काम गर्न सक्षम मानिसहरू अर्ध बेरोजगार थिए। ४० प्रतिशत मानिसहरू एक छाकै जिन्दगी बिताएर गरीबीका रेखामुनि बाँच्दथे। ६ प्रतिशत मानिसको कुनै घरबास नै थिएन। खाद्यान्नको उत्पादन गएको २०२१

# केही मुख्य आर्थिक परिसूचकहरू

## जसले जन-आन्दोलनको निम्ति वस्तुगत पृष्ठभूमि तयार पारे

**बेरोजगारी: पूर्ण बेरोजगार:** जनसंख्याको ५ प्रतिशत (शहरी क्षेत्रमा ४.४ र ग्रामिण क्षेत्रमा ५.१ प्रतिशत)- संख्यामा ३ लाख ९८ हजार नागरिकहरू। *(राष्ट्रिय योजना आयोग, २०४४)* अर्द्ध-बेरोजगार: सक्रिय श्रम शक्ति मध्ये ४० प्रतिशत। संख्यामा ३० लाख २३ हजार नागरिकहरू। *(२०४२ साल, रा.यो.आ.)*

**महँगी:** २०१७-२०४५ सालको अवधिमा: बार्षिक सरदर ५५.८१ प्रतिशतले वृद्धि। *(मूल्याङ्कनको आफ्नै संकलन, २०४५)*

**मजदूर/कर्मचारीको वेतन:** मजदूरको ज्याला वृद्धि (२०२२-२०४५ सालको अवधिमा) बार्षिक सरदर -१३.२७ प्रतिशत *(नेपाल राजपत्र)* कर्मचारीको तलव वृद्धि (२०१७-२०४५ सालको अवधिमा) बार्षिक सर दर २८.०५ प्रतिशत *(नेपालको राजनीतिक दर्पण, भाग २ र अन्तर्राष्ट्रिय मंच, सामान्य ज्ञान २०४५, भाग १)*

**राष्ट्रिय आयको वितरण:** जनसंख्याको माथिल्लो १० प्रतिशतको हातमा-कूल राष्ट्रिय आयको ४७ प्रतिशत। जनसंख्याको तल्लो ४० प्रतिशतको हातमा-कूल राष्ट्रिय आयको ९ प्रतिशत *(राष्ट्रिय योजना आयोग, २०४०)*

**जमीनको वितरण:** ३ प्रतिशत किसान परिवारको हातमा-कूल जमीनको २९ प्रतिशत। ६६ प्रतिशत किसान परिवारको हातमा-कूल जमीनको १७ प्रतिशत। आधा हेक्टर (१० रोपनी वा पौने विगाहा करीव) जमीन हुने किसान परिवारको अनुपात ५०.१२ प्रतिशत *(केन्द्रीय तथ्याङ्क विभाग, नमूना कृषि जन गणना १९८१/८२)* भूमिहीन किसानहरूको अनुपात: १०.३५ प्रतिशत *(राष्ट्रिय योजना आयोग, २०४०)*

**खाद्यान्न उत्पादन र उत्पादकत्व:** २०२२/२३ देखि २०४५/४६ सम्मको सरदर बार्षिक खाद्यान्न उत्पादन वृद्धिदर-२.६ प्रतिशत। यही अवधिमा खाद्यान्नले ढाकेको क्षेत्रफल वृद्धिदर-२.८ प्रतिशत। क्षेत्रफल वृद्धि प्रतिशतबाट उत्पादन वृद्धि प्रतिशत कटाउँदा खूद बार्षिक खाद्यान्न उत्पादन वृद्धि प्रतिशत-०.२ प्रतिशत। संपूर्ण खाद्यान्नको उत्पादकत्व वृद्धिदर-०.५ प्रतिशत (२०३१/३२-२०४१/४२ को अवधिमा) २०३१/३२ मा प्रति व्यक्ति खाद्यान्न २९६ किलोग्राम/२०४१/४२ मा २५८ किलोग्राम *(खाद्य कृषि तथा बजार सेवा विभाग र राष्ट्रिय योजना आयोग)*

**गरीवी:** कूल जनसंख्यामा २ छाक राम्ररी नधान्ने, गरीवीको रेखामुनि जीवन बाँच्ने जनसंख्याको प्रतिशत: ४२.५५ *(रा.यो.आ., २०४४)*

**शहर र गाउँका मानिसको आयमा विभेद:** औसत पारिवारिक आय शहरमा रू. १२,७७१ गाउँमा रू. ५,५०० *(ILO ARTEP)*

**घर बास नहुने जनसंख्याको प्रतिशत:** ६.४ प्रतिशत *(राष्ट्रिय योजना आयोग, २०४२)*

**कृषि विकास वैकको ऋण वितरण:** ठूला किसानलाई: ४२.८ प्रतिशत। अति साना किसानलाई ९.९ प्रतिशत। साना किसानलाई २३.१ प्रतिशत *(नेपाल राष्ट्र बैंक, १९७७)*

**उद्योगमा विकास रकमको लगानी:** (पहिलो देखि छैठौं पंच बर्षीय योजनासम्म) कूल विकास रकम मध्ये ठूला तथा मझौला उद्योगमा लगानी: ३०.९७ प्रतिशत। घरेलु तथा साना उद्योगमा लगानी ५.१७ प्रतिशत *(मिमिरि, आर्थिक लेख विशेषाङ्क २०४१ वैशाख ९.६३,* ❑

सालदेखि वार्षिक सरदर ०.७ प्रतिशतका दरले मात्र बढिरहेको थियो जबकि जनसंख्यामा भने २ प्रतिशत भन्दा पनि बढीका दरले। महंगी २०१७ सालदेखि २०४५सालसम्ममा वार्षिक सरदर ५६ प्रतिशतका दरले बढिरहेको थियो भने कर्मचारीको तलब फगत २८ प्रतिशतका दरले र मजदूरको ज्याला १२ प्रतिशतका दरले। यसरी सामाजिक अन्याय व्यापक बनेको थियो र यसले समाजको गर्भमा व्यापक जन-असन्तोष पैदा गरिरहेको थियो। समाजको गर्भको यही जन-असन्तोष उपयुक्त परिस्थिति मिलेपछि २०४६ सालमा उथल पुथलकारी जन-आन्दोलनको रूपमा जन्मिएको थियो।


# जन-आन्दोलनको निम्ति उपयुक्त परिस्थिति कसरी तयार भयो?

२०४६ सालको जन-आन्दोलनमा आम-जन समुदाय जसरी र जुन अनुपातमा सामेल भए त्यो समाजको जगमा विद्यमान जन-असंतोष र वामपन्थी शक्ति र नेपाली कांग्रेसको संयुक्तताले गर्दा पैदा भएको शक्तिवोधले गर्दा नै भएको थियो। दुई थरी शक्तिहरू जव संयुक्त भए उत्पीडित र असंतुष्ट आम जन समुदायमा "अव त केही हुन्छ हुन्छ" को मनोविज्ञान पैदा भयो, लगभग सबै उत्पीडित वर्ग र तव्काका मानिसहरू आन्दोलित भए र मैदानमा उत्रिए। नेपाली कांग्रेस तुलनात्मक रूपले मध्यम वर्ग र त्यो भन्दा माथिका पूँजीपति वर्ग तथा साम्राज्यवादी-पूँजीवादी विश्वको समर्थनको धनी थियो, बामपन्थी शक्ति निम्न-पूँजीपति र मजदूर वर्गीय जुझारू र अनुशासित कार्यकर्ता शक्तिको र समाजवादी खेमाको समर्थनको धनी। दुवैको मेलले अन्तर्राष्ट्रिय जनमत र खटालु एवं जुझारू कार्यकर्ताको अपूर्व संयोग गरायो। त्यो संयोग भयो भन्ने बोधले आम जनतामा असीमित उत्साह र शक्तिको विद्युत संचार गरायो। यसबाट सबभन्दा बेसी मध्यम र निम्न पूँजपति वर्गीय बौद्धिक समुदायलाई सुरक्षाबोध र आन्दोलनकारी उत्साह प्रदान गऱ्यो।


तर वामपन्थी शक्ति र नेपाली कांग्रेसको यो संयुक्तता भने निकै लामो, कठीन र बांगोटिंगो यात्रा पछि मात्र संभव भएको थियो। यसको निम्ति राजतन्त्रको एक पछि अर्को कार्यनीतिक भूलको पनि महत्वपूर्ण भूमिका रहेको छ।

नेपाली कांग्रेसलाई २०१७ सालमा सैनिक कार्वाहीद्वारा राजतन्त्रले सरकारबाट अपदस्थ गरेपछि २०१८ सालदेखि ३१ सालको अन्तसम्म यसले राजतन्त्र विरूद्ध सशस्त्र संघर्ष गर्ने जमर्को गऱ्यो। तर कांग्रेस कुनै अनुशासित, संगठित र जुझारू संगठन थिएन, जुन सशस्त्र संघर्ष गर्न नभई हुँदैन। यसले यो अवधिमा भारतीय शासक वर्गको सहायतामा काम गऱ्यो तर देशभित्रै राजतन्त्रसित लगातार दृढतापूर्वक लड्दै आएको बामपन्थी शक्तिसित कहिल्यै एकता गर्ने प्रयत्न गरेन। ३१ साल फागुनको वखलढुंगा कब्जा गर्ने सशस्त्र प्रयत्नको नराम्रो असफलता पछि ने.कां. के टुंगोमा पुग्यो भने-आफ्नो आत्मगत शक्तिलाई दृष्टिगत गर्दा यसले सशस्त्र संघर्ष गरेर फेरि सत्ता हासिल गर्नु संभव छैन। त्यसपछि ने.कां.ले देशमा वामपन्थी शक्तिको बृद्धिको त्रास देखाउँदै त्यसलाई संयुक्त रूपमा ध्वंश गर्ने मूल्यमा राजासित सत्ताको शान्तिपूर्ण साझेदारी गर्ने कार्यनीति लियो। यो कार्यनीतिलाई एउटा सुन्दर नाम दिइयो - राष्ट्रिय मेल-मिलाप। २०३३ सालदेखि २०४५ साल जेठसम्म ने.कां.ले यही कार्यनीति अप्नाउँदै राजासित सत्ताको शान्तिपूर्ण बाँडचुँडका निम्ति भगीरथ प्रयत्न गऱ्यो। तर नेपाली कांग्रेसको कमजोरी र संगठनको वास्तविक हालत थाहा पाएको राजतन्त्र ने.कां. न्यूनतम शर्तमा झर्दा पनि सत्तामा सहभागी बनाउन तयार भएन।


२०४२ साल जेठको सत्याग्रहको असफलता पछि २०४३ सालको आम निर्वाचन र स्थानीय निकायको निर्वाचनसम्म पुग्दा ने.कां. ले सत्ताको लालसामा प्रजातन्त्रको त कुरै छोडी-दिऔं, बहुदलको माग पनि छोडिसकेको थियो। यसको माग फगत के मात्रै थियो भने-एउटै चुनाव चिन्ह पाउनु पर्छ, एउटै घोषण-पत्र जारी गर्न पाउनु पर्छ र पंचायती वर्गीय संगठनको सदस्यता लिनै पर्ने वाध्यता रहनु हुँदैन। यत्ति भएमा ने.कां. लाई निरंकुश राजतन्त्र र उसको भ्रष्ट एवं गैर-जनमुखी नोकरशाहीतन्त्र स्वीकार गरेर पंचायतमै आत्म समर्पण गर्नुमा पनि कुनै आपत्ति छैन। यो भनेको ने.कां.को अस्तित्वको स्वीकृति र सम्मानपूर्ण आत्म समर्पणको माग मात्र थियो। अब ने.कां. सित निरंकुशतन्त्रको अन्त र प्रजातन्त्र स्थापनाको कुनै अडान बाँकी थिएन। तर पनि यति तल्लो शर्त अघि सार्दा पनि राजतन्त्र त्यसलाई समेत स्वीकारी दिन तयार भएन। यो भन्दा पनि सस्तो मोलमा ने.कां.लाई पंचायत भित्र पठाउने उसको कार्यनीतिक लक्ष्य रह्यो। राजतन्त्रको आफ्नो हितको हिसावबाट यो उसको कार्यनीतिक महा-भूल साबित भयो।



*फागुन १४ गते*



*फागुन १९ गते*



*वकिलहरूको विरोध*

राजतन्त्रले गरेको यही "भूल" र निरन्तर अत्याधिक तिरस्कारले नै ने.कां.लाई जन-आन्दोलनको मैदानमा धकेलेको थियो। ने.कां. सित सत्ता र स्व-अस्तित्वको लागि अब मैदानमा जानु र बामपन्थी शक्तिसित संयुक्त हुनु सिवाय केही उपाय नै बाँकी रहेन। २०४२ सालको सत्याग्रहमा पनि पाँच बामपन्थी शक्ति सित संयुक्त नहुँदा पनि ती शक्तिले आन्दोलनको सफलताको निम्ति गरेको अप्रत्यक्ष कार्यनीतिक सहयोगले ने.कां.लाई बामपन्थी शक्तिप्रति सकारात्मक दृष्टिकोण बनाउन मद्दत गऱ्यो।

यता बामपन्थी शक्ति पनि राजतन्त्र विरूद्धको संघर्षमा २०१४ सालको संघर्षमा नराम्ररी धोका दिए पछि ने.कां. सित संयुक्त हुन शुरू देखि नै तयार थिएन। एकातिर बामपन्थी शक्तिको आफ्नै वैचारिक र कार्यनीतिक अस्पष्टता, अर्कातिर ने.कां.को निरन्तर बामपन्थी शक्ति विरूद्ध दुश्मनीपूर्ण व्यवहारले उसलाई राजतन्त्रसित लडाईंमा ने.कां. सित पनि कार्यनीतिक रूपमा संयुक्त हुन सकिन्छ भन्ने विश्वास भई रहेको थिएन। यद्यपि पुष्पलालले यो संभावना बारे २०१७/१८ साल तिरदेखि नै पार्टी भित्र जबर्दस्त आवाज उठाउनु भएको थियो। तथापि मुख्य शत्रुसितको लडाईंमा सहायक शत्रुलाई प्रयोग गर्ने यो कार्यनीतिक सोचलाई हरेक पटक "कांग्रेस-परस्त चिन्तन" को संज्ञा दिइन्थ्यो। तर २०३६ सालको आन्दोलन, २०३७ सालमा जनमत संग्रहमा हार र २०४२ सालको सत्याग्रहको अनुभवले बामपन्थी शक्तिलाई के सिकायो भने राजतन्त्रलाई लडाईंमा परास्त गर्न ऊ सित अलिकता पनि अन्तरविरोध राख्ने जो सुकैलाई पनि उसका विरूद्ध गोलबन्द गर्नु जरूरी छ, र ने.कां.लाई पनि। २०४५ सालमा पुग्दा ने.क.पा. (मा. ले.), ने.क.पा. (चौ.म.), ने.म.कि.सं., ने.क.पा. (मार्क्सवादी), ने.क.पा. (मानन्धर) लगायत अधिकांश बामपन्थी पार्टीहरू यो निष्कर्षमा पुगीसकेका थिए। जन-आन्दोलनमा ने.कां. र बामपन्थी शक्ति संयुक्त हुन सक्नुको निम्ति यो एउटा अत्यन्त महत्वपूर्ण मोड थियो।

यही बेला भारतीय शासक वर्गसित राजतन्त्रको अन्तरविरोधले शत्रुतापूर्ण रूप लियो। अमेरिकी शासक वर्गको पुटमा भारतीय शासक

# चैत्र २६ गते संझौता गरेर बुद्धिमानी नै भएको छ।



ने.क.पा. (संयुक्त) का नेता विष्णुबहादुर मानन्धरसंग कुराकानी

❑ *जन-आन्दोलनले त्यो उँचाई लिन सक्नुको कारण के ठान्नु हुन्छ?*

- वाम र प्रजातान्त्रिक शक्ति बीचको कार्यगत एकताले जनातामा पैदा भएको आत्म-विश्वास र उत्साह नै यसका कारणहरू हुन्, जसले गर्दा उनीहरू मैदानमा हाम्फाले।

❑ *राजाले फागुन ७ गते नै पंचायती वहुदल घोषणा गरेको भए आन्दोलनको स्थिति के हुन्थ्यो होला?*

- त्यो भएको भए वार्तालापको ढोका खुल्थ्यो होला। तर ३० वर्षे पंचायतको कालरात्रीलाई खत्तम नपारी आन्दोलन रोकिने थिएन।

❑ *त्यसो भए चैत्र २६ गते पंचायती "वहुदल" मै किन संझौता भयो त?*

- त्यो संघर्षको अर्को रूप अप्नाउनका लागि भएको थियो। नेतृत्वहरू पंचायतमै सन्तुष्ट भए वैशाख २ गतेको प्रज्ञा-भवनको वार्ता किन भंग गर्थे?

❑ *उनीहरू सन्तुष्ट नभएको भए चैत्र २६ गते बेलुकी टि.भी.मा आन्दोलन स्थगित भयो, अब आन्दोलन गर्नेलाई Isolate गर्नु (एक्लो पार्नु) पर्छ भनेर किन भने त?*

- शब्दमा होइन, त्यसको आशयमा जानु पर्छ। शब्दमा जे भनेता पनि उनीहरूले पछि जे गरे, त्यसले उनीहरूको आशय जनाउँछ। उनीहरूको आशय, त्यसैले, पंचायत खत्तम पार्ने नै थियो।

❑ *त्यो त जन-दवाबले गर्दा पनि हुन सक्छ नि?*

- त्यो खाली जन-दवाबले भएको होइन। आफ्नै मनसाय त्यस्तो हुनुका कारणले पनि भएको हो।

❑ *२०४६ साल चैत्र २६ गते जन-आन्दोलन चुलीमा पुगेको बेला "पंचायती वहुदल" मा जुन संझौता भयो, त्यो के ठीक थियो?*

- हामीले त्यसलाई पंचायती वहुदल भनेर हेर्न मिल्दैन। हरेक चीजको सार र रूप हुन्छ। पंचायती व्यवस्थाको सार निर्दलीयता थियो। त्यो खत्तम भएपछि पंचायतको प्राण नै खत्तम भईहाल्यो। फेरि संघर्षलाई पनि एकपक्षीय रूपमा हेर्न मिल्दैन। सडक-संघर्ष गरेर केही पाइयो भने त्यो पाएको मानिने, तर वार्ता-टेविल संघर्ष गरेर पाइयो भने त्यो पाइएको नमानिने दृष्टिकोण संघर्षको बारेमा सही दृष्टिकोण भएन। अलि दिन पछि भए पनि, अघि भए पनि आखिर पंचायती व्यवस्था त खत्तम भई नै छाड्यो। मूल कुरो पंचायतको अन्त हुनु हो। मेरो विचारमा चैत्र २६ गते संझौता गरेर बुद्धिमानी नै भएको छ, किनकि त्यसले संभावित रक्तपात रोक्यो।

❑ *वाममोर्चाको निर्णय विपरीत गएर त्यसका प्रतिनिधिले संझौता गर्नु पनि ठीक हुन्छ र?*

- मलाई लाग्छ, तपाईहरू कतै भ्रममा हुनुहुन्छ। वाममोर्चाका प्रतिनिधिहरूले निर्णय अनुसार नै संझौता गरेका थिए। वाममोर्चामा सकिन्छ भने अन्य कुरा पनि प्राप्त गर्ने, त्यो सकिन्न भने कमसेकम वहुदल मात्र घोषणा भए पनि संझौता गर्ने र अरू कुराको लागि पछि संघर्ष जारी राख्ने भन्ने म्याण्डेट दिइएको थियो।

❑ *अन्तरीम सरकार गठन गर्दा वाममोर्चामा समानताको आधारमा गर्ने समझदारी अनुसार प्रधानमन्त्री*

बाँकी पेज २८ मा

वर्गको राजनीतिक र आर्थिक प्रभूत्वको घेराबन्दीबाट मुक्त हुँदै जाने राजतन्त्रको प्रवृत्ति विरूद्ध २०४५ साल चैत्र १० गतेदेखि भारतीय शासक वर्गले आर्थिक नाकाबन्दी गर्ने कार्य गऱ्यो। यसबाट नेपालको जन जीवन निकै अस्तव्यस्त भयो। राजतन्त्रले यसरी भारतीय शासक वर्गको समर्थन गुमाउनु जन आन्दोलनको निम्ति अनुकूल परिस्थिति तयार हुने दिशामा एउटा महत्वपूर्ण मोड थियो।

उता यही समयमा पूर्वी यूरोपेली देशहरूमा बहुदलीय प्रणाली स्थापना हुने लहर जबर्दस्त रूपमा चल्यो। अमेरिकी लगायत सबै पूँजीवादी संचार माध्यमहरूले यो लहरलाई "साम्यवादको तानाशाहीको पतन" को संज्ञा दिँदै निकै महत्वका साथ प्रचार गरे। यो साम्यवादको विरूद्धको दुराशयपूर्ण र नकारात्मक प्रचार थियो तथापि घटना र प्रचार दुवैले नेपाली जनतालाई भने तानाशाहीको विरूद्ध जन-आन्दोलनमा उत्रन र बहुदलको माग गर्न महत्वपूर्ण प्रेरणा स्रोतको काम गऱ्यो। यसले नेपालमा बहुदलीय आन्दोलनको निम्ति अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति तयार गर्नमा निर्णायक भूमिका खेल्यो।

यति नै बेला नेपालमा शासक वर्गभित्रको फूट पनि चर्को रूपमा देखा पऱ्यो। यो फूट सत्ताको होडबाजीको सिलसिलामा भएको थियो। तथापि फूट कुन उच्चाइमा पुग्यो भने सूर्यबहादुर, लोकेन्द्रबहादुर र राजेश्वर देवकोटाहरूको समूहले वीरगंजमा २०४६ असोज १२ गते पंच ऱ्याली गर्दा मरीचमान सरकारले लाठी चार्ज गर्ने र पंचहरूलाई नै पक्रेर मुद्दा चलाउने भयो र पीडित पक्षले मरीचमानको राजिनामाको निम्ति आन्दोलन चलाउने काम भयो। २०४६ फागुन १० गते पुग्दा यिनै रूष्ट पंच मध्येका ४० जना रा.पं.स. ले जन-आन्दोलनमा मरीचमान सरकारले गरेको हत्या र दमन विरूद्ध वक्तव्य दिने र अलग अलग पंचले जन-आन्दोलनलाई अप्रत्यक्ष रूपमा सहयोग पुग्ने खालका वक्तव्य दिने कार्य गरे। शासक वर्गको वीचमा भएको यो फूट पनि राजतन्त्रको कार्यनीतिक दाउपेंचको असफलताको एउटा अर्को परिणाम थियो र यसले जन-आन्दोलनमा राजतन्त्रलाई एक्ल्याउनमा महत्वपूर्ण भूमिका खेल्यो।

यी संपूर्ण वस्तुगत र आत्मगत परिस्थितिको संयोग एकै समयमा हुनुले नै २०४६ सालको जन-आन्दोलनको निम्ति अत्यन्त अनुकूल भावभूमि तयार हुन गएको थियो।

यी सबै अनुकूल परिस्थितिका बावजूद राजतन्त्रले अझै आफ्नो हातमा मूलभूत सत्ताधिकार बाँकी नै राखेर केही मामुली सुधार हरूको घोषणाद्वारा आन्दोलनकारी शक्तिमा फाटो ल्याउन सक्ने व्यापक संभावना थियो। राजाले २०४६ साल फागुन ७ गतेको आन्दोलनको शुरू दिन र चैत्र ३ गते पोखराको पंच ऱ्यालीको दिन यस्तो गर्न सक्ने दिन थियो। यो दिन फगत बहुदलको घोषणा गरेको स्थितिमा पनि नेपाली कांग्रेस र केही ढुलमुल दक्षिणपन्थी बामशक्तिहरू जन-आन्दोलनको मोर्चाबाट हट्ने संभावना थियो। जन-आन्दोलन जन विद्रोहको चुलीमा पुगेको बेला चैत्र २६ गते फगत पंचायती "बहुदल" को मागमा संझौता हुनु र आन्दोलन त्यत्तिकैमा स्थगित भएको घोषणा गरिनु यसको ज्वलन्त सबूत हो। नेपाली कांग्रेसको गिरीजा पक्ष त त्यो भन्दा पनि तल्लो सुधारमा, (२०४३ सालका ने.कां. को पंचायत प्रवेशको पूर्व शर्त पूरा गर्ने घोषणामा) पनि जन-आन्दोलनबाट अलग्गिने संभावना थियो। राजतन्त्रले यी दाउपेंचहरू चालेको भए आन्दोलनकारी शक्ति टुक्रिन्थ्यो। जन-आन्दोलनमा दृढ बामपन्थी शक्ति मात्र बाँकी बच्दथे। उनीहरूले मात्र जन-आन्दोलन त्यो उच्चाइमा पुऱ्याउन निकै गाह्रो

**बाँकी पेज को**

*नेपाली कांग्रेसको त भयो। तर उप-प्रधानमन्त्री तथा अन्य मुख्य पदहरू वाममोर्चालाई बाँडीदिने काम किन क्रियान्वयन भएन?*

- तपाईंलाई कसले यस्तो कुरा लगायो? यस्तो Rigid (हठी) कुरा त्यहाँ पास भएको थिएन। ती कुराहरू माग्ने कुरा अवश्य भएको थियो। तर त्यसैमा अडेर पाएको कुरा पनि छोड्ने कुरा भएको थिएन। बरू त्यहाँ चौथो पद पनि पाइयो भने निर्मल लामालाई पठाउनु पर्छ भन्ने समझदारी भएको थियो।

❑ *नेपाली कांग्रेस र वाममोर्चा आन्दोलनका समान सहभागी भएता पनि अन्तरिम सरकार बनाउँदा वाममोर्चाले पाए मुख्य पदहरू लिने, नपाए नलिने निर्णय कस्तो खालको हो?*

- यसलाई हामी flexible policy (लचिलो नीति) भन्छौं। मूल कुरा मन्त्रीमण्डलमा जाने कि नजाने भन्ने हो। त्यहाँ जाने भन्ने कुरा भईसके पछि मूल पद नपाएमा नजाने भन्ने कुरा गर्नु ठीक हुँदैन। राजनीतिमा यस्तो Rigid भएर काम चल्दैन।

❑ *वाममोर्चाले मुख्य पदहरू लिनु-नलिनु, एउटा सही मान्छे ठीक पदमा जानु-नजानुले देशको समग्र राजनीतिमा प्रभाव पार्दैन र? यो मन्त्रीमण्डलमा जानु-नजानु जत्तिकै महत्वपूर्ण कुरा होइन र?*

- सबै नीतिगत सवालहरू पूरै क्याबिनेटले निर्णय गर्ने कुरा हो। त्यो १/२ मन्त्रीले गर्ने कुरा होइन। त्यसैले नीतिगत सवालमै यसले फरक पार्ने कुरा होइन। मुख्य पदमा जान सकिएको खण्डमा त राम्रै हुन्थ्यो। केही फरक पार्दैन भन्ने कुरा होइन।

❑ *जन-आन्दोलनको मुख्य संचालक र नेतृत्व नेपाली कांग्रेसको थियो भन्ने केही नेपाली कांग्रेसका नेतृत्वदायी मानिसहरूको दावी बारे तपाईंको प्रतिक्रिया?*

- पूरै जन-आन्दोलनको कालमा उनीहरूले यस्तो भन्न सकेनन्। अहिले दावी गरेर केही सार छैन। वास्तविकता के हो भने- नेतृत्व संयुक्त थियो, दुवैको कोअर्डिनेशन कमिटी बनेको थियो। सबै कुरा त्यसैले तय गर्थ्यो। शुरूमा नेपाली कांग्रेसले बलमिचाई गरेर फागुन ७-८ को कार्यक्रम एकतर्फी रूपमा तय गरेर घोषणा गऱ्यो, त्यसमा वाममोर्चाले समयमै नेपाली कांग्रेसको नेतृत्वलाई आलोचना गरेको थियो। ❑

हुन्थ्यो। राजतन्त्रलाई उनीहरूमाथि दमन गर्न निकै सजिलो पर्थ्यो।

तर राजतन्त्र यो विन्दुमा पनि चुक्यो। उसको सत्ताको हितको हिसाबबाट उसले यहाँ पनि अर्को महाभूल गर्‍यो। यो आन्दोलनलाई दमन गरेर नै हल गर्न सकिन्छ भन्ने उसको एकांगी चिन्तन आफ्नो दमन-यन्त्रको प्रभाव-कारिता बारे अत्यधिक आत्म विश्वास र आन्दोलनमा अदृश्य जन शक्तिले खेल्न सक्ने निर्णायक भूमिकाबारे उसको नजर-अन्दाजले गर्दा उसले निर्मम दमनलाई नै समस्या हल गर्ने एक मात्र उपाय बनायो। वास्तवमा राजतन्त्रको यही क्रमवद्ध कार्यनीतिक भूल र निर्मम दमनले गर्दा नै जन-आन्दोलन त्यति शक्तिशाली र जनव्यापी बन्यो र यसको ज्वाला अरू दन्कियो।

## पुलिस जनता-भाइभाइ!

चैत्र २ गते दिउसो। विशाल जुलूस खुलामन्चबाट निस्केर वीर अस्पताल अगाडि हुँदै-दरवार स्कूलसामु भएर अघि बढ्दै थियो। राष्ट्रिय नाचघरनेर पुलिसको दोहोरो लाइन हातमा लाठीहरूले साँग्लो जस्तो बनाएर जुलूसलाई केशरमहलतिर को बाटोतिर जानबाट रोकिरहेको थियो। त्यसैले जुलूस विश्वज्योति सिनेमा हल अगाडिको बाटो हुँदै तीनधारा पाकशालातिर अघि बढिरहेको थियो।

जुलूसमा एउटा विशाल खण्ड युवा-महिलाहरूको थियो। अफिसमा काम गर्ने महिलाहरू र मूलतः नर्सहरूको त्यो खण्ड नारा लगाउँदै थियो-

-"पुलिस जनता-भाइभाइ!"

-"पुलिस हामीलाई-साथ दे!"

तर अफसोच! त्यो खण्ड विश्वज्योति सिनेमा हल अगाडि नपुग्दै तीनधारा पाकशाला महेन्द्रको शालीकनेर अन्धाधुन्द गोलि चल्न थाल्यो। अश्रुग्यासका पोकाहरू फुट्न थाले। पछि त राष्ट्रिय नाचघरनेरै बाट पनि गोली चल्न थाल्यो।

# जन-आन्दोलनको विकास प्रक्रिया र यसले सिकाएका पाठहरूः

शासक वर्ग प्रति ब्यापक र तीव्र जन-असंतोष, शासक-वर्ग भित्र चर्को फूट र संकट एवं यसको कारणले ऊ चारैतिरबाट एक्लो पर्नु, शासक-वर्ग विरूद्ध सबै मुख्य तथा सहायक, ठूला तथा साना, दृढ तथा ढुलमुल शक्तिहरू एक गठ हुने स्थिति र आन्दोलनको पक्षमा व्यापक अन्तर्राष्ट्रिय जनमतको समर्थन सफलतामुखी जन-आन्दोलनको शुरूवातको लागि पूर्व शर्त र अनुकूल क्रान्तिकारी परिस्थिति भनेको यिनै शर्तहरूको एकै समयमा संयोग रहेछ। २०४६ सालको जन-आन्दोलनको एउटा महत्वपूर्ण अनुभव यही हो र यो यस्तै परिस्थितिमा शुरू भएको थियो।

जन-आन्दोलन जसरी अघि बढ्यो, त्यसको संपूर्ण विकास क्रमलाई हेर्दा यसलाई मोटामोटी रूपमा र मुख्य रूपमा चार चरणमा बाँड्न सकिन्छ। पहिलो २०४६ जेठ-माघसम्मको चरण : आन्दोलनको तयारीको चरण। दोस्रो : २०४६ फागुनदेखि - चैत्रसम्मको चरण : आन्दोलनको प्रारम्भ र उतार चढावको चरण तेस्रो : २०४६ चैत्र १६ - २०४७ वैशाख ६ सम्मको चरण : जन-विद्रोह, आन्दोलनको उत्कर्ष र सफलताको चरण चौथो : २०४७ - वैशाख ६ - कार्तिक २३ सम्मको चरण : संवैधानिक संघर्ष र आन्दोलनका उपलव्धीहरूको मुर्तीकरणको चरण।

स्थानको अभावले हामी यस रचनामा अघिल्लो तीन चरणको मात्र छलफल गर्न लागेका छौं।

### पहिलो चरण :
### २०४६ जेठ-देखि माघसम्म :
### आन्दोलनको तयारीको चरण

यस चरणमा आन्दोलनकारी राजनीतिक शक्तिहरू जन-आन्दोलनमा उत्रन आफ्ना र आफ्ना कार्यकर्ताहरूको मानसिकता तयार गर्छन्। आफ्ना प्रतिवन्धित पार्टीहरूका वैठक-भेलाद्वारा आन्दोलनको नारा, कार्यक्रय र कार्यनीति तय गर्छन। आफ्नो सहायक शक्तिलाई परिचालन र तालीम गर्छन्। अन्य समूहसित द्विपक्षीय, बहुपक्षीय वार्ता गर्छन् र संयुक्त मोर्चा एवं संयुक्त कार्यक्रम तथा योजना निर्माण गर्छन्। जनतालाई आन्दोलित पार्ने सामग्री वितरणमा ल्याउँछन् र भित्तामा लेख्छन्। चन्दा संकलन गर्छन्। आन्दोलनको शुरू दिनको निमित शक्ति-संचय गर्छन्। लुक्ने र बैठक गर्ने गुप्त थलोको प्रबन्ध गर्छन्। आपतकालीन संचार साधन र प्रचार-यन्त्रको बन्दोबस्त गर्छन्। अन्तर्राष्ट्रिय समर्थन जुटाउन आफ्ना प्रतिनिधि विदेश पठाउँछन्।

मुलुकभित्रका जनमुखी पत्रिकाहरूले र अन्तर्राष्ट्रिय पूँजीवादी संचार-माध्यमहरूले जनताको मानसिकतालाई आन्दोलनको अनुकूल बनाउन महत्वपूर्ण भूमिका खेल्छन्।

जन-आन्दोलनको तयारीको शुरू घटना ने.कां. को जेठ ४-६ सम्मको केन्द्रीय बैठकबाट शुरू हुन्छ। यो बैठकले अब एकचोटि फेरि राजासित अन्तिम पटक बिन्ती बिसाउने, त्यो नभएमा "राष्ट्रिय सरकारको गठन" र "बहुदलीय आधारमा चुनाव" को लागि जन-आन्दोलन थाल्ने निर्णय गर्छ। यो निर्णयले के देखाउँछ भने-ने.कां. को आपत्ति अझ पनि निरंकुश राजतन्त्र र उसको भ्रष्ट नोकरशाहीतन्त्रसित छैन। ऊ फगत बहुदलीय चुनाव चाहन्छ र सर कारमा उसको सहभागिता। यति भएमा पंचायती व्यवस्था पनि उसलाई स्वीकार्य छ। ने.कां. भित्र गिरीजा पक्ष भने, अझसम्म, यत्ति सवालमै आन्दोलन गर्न समेत तत्पर छैन। सिर्फ गणेशमान र भट्टराईको जोडले यो निर्णय भएको छ।

**राजतन्त्रका विरूद्ध कसरी संयुक्त हुने? त्यसको पहिलो उदाहरणीय नमूना प्राध्यापक क्षेत्रले २०४६ आषाढमै ने.कां. र वामपन्थी पक्षधर प्राध्यापकको एउटा गोप्य संयुक्त न्यूक्लियस र तलसम्मै संयुक्त यूनिट बनाएर**

देखाउँछन्। त्यसपछि श्रावण २७ गते ९ वटा विद्यार्थी संगठनहरू संयुक्त भएर (जसमा नेे.वि.संघ र ८ वटा मूल बाम-विद्यार्थी संगठनहरू छन्) देखाउँछन र संयुक्त विद्यार्थी आन्दोलन भाद्रदेखि नै शुरू गर्छन्। वकीलहरूले असोजमा बार एशोसिएशनको सम्मेलनमा नेपालको लागि "बहुदलीय व्यवस्था" अपरिहार्य भनेर सर्व-सम्मतिले पारित गरेर यसको अर्को नमूना देखाउँछन्।

बामपन्थी पार्टीहरू संयुक्त हुनका लागि पहलकदमी २०४६ साल भाद्रमै शुरू हुन्छ। भाद्र १२ को बाम नेताहरूको संयुक्त वक्तव्य यसको पहिलो अभिव्यक्ति हुन्छ र २०४६ असोजमा पंचायतको अन्त्यको निम्ति बामपन्थी शक्तिहरू एक गठ हुनु पर्ने भन्ने पद्मरत्न तुलाधर को वक्तव्य यसको दोस्रो अभिव्यक्ति। मसिरको अन्तिम हप्तामा पुग्दा ने.क.पा. (मशाल), (मसाल), (चौ.म.) र (मा.ले.) आ-आफ्ना वैधानिक मंच मार्फत आन्दोलनका निम्ति संयुक्त हुन सहमत हुन्छन्। तर तात्कालिन मूल राजनीतिक मागमा ने.क.पा. (मशाल) "राजतन्त्रको अन्त र नयाँ जनवादको स्थापना" को माग राख्नु पर्ने सवालमा अडान लिन्छ। ने.क.पा. (मा.ले.) र (चौ.म.) चाहिं अहिले त्यो मागमा संयुक्त आन्दोलन उठाउन सक्ने स्थिति नभएकोले त्यो तत्कालको कार्यनीतिक नारा हुन नसक्ने, बहुदलको स्थापना नै तात्कालिक कार्यनीतिक नारा हुन सक्ने भन्ने सवालमा अडान लिन्छन्। त्यही सवालमा गंभीर मतभेद भएपछि पहिले मा.ले. र त्यसपछि चौ.म. त्यहाँबाट अलग हुन्छन् र बाम मोर्चा निर्माणका निम्ति लाग्दछन्। पुस ४ गते पुग्दा ने.क.पा.(मशाल) र सर्व-हारावादी श्रमिक संगठन बाहेक सबैजसो बामपन्थी समूहहरू "निर्दलीय पंचायती व्यवस्थाको अन्त र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना" को नारामा संयुक्त-संघर्ष

# ताकत भएर पनि संझौताले राजाकै सोच साकार गरायो।

## आन्दोलन क्रान्तिमा किन बदलिएन?

झलनाथ खनाल

(तात्कालीन ने.क.पा. (मा.ले.) का एक शीर्षस्थ नेता तथा जन-आन्दोलन हाइ-कमाण्डका सदस्य)

* *जन-आन्दोलनको तयारीको क्रममा ने.क.पा. (मा.ले.)ले खेलेका भूमिका बारे:*

शुरूमा राखिएको तात्कालीन लक्ष्यमै नपुगीकन नै बीचमा घोस्वाघडी हुन सक्ने प्रमुख खतरा नेपाली कांग्रेसबाट आइरहेको थियो। त्यसैले हामीले मसिर महीनामै ने.कां.का शीर्षस्थ नेताहरूलाई भेटेर पंचायती व्यवस्था पूरै खत्तम नभएसम्म आन्दोलन रोक्न नपाइने सवालमा वचनबद्ध गरायौं। हाम्रो एक किसिमको संझौता नै भएको थियो। अर्को, नेपाली कांग्रेसलाई नै आन्दोलनको धूरीको रूपमा हेर्ने र चिन्तन गर्ने खतरा थियो। संयुक्त राष्ट्रिय जन-आन्दोलनको उग्रपन्थी नीति र व्यवहार अर्को खतरा थियो। यो शक्ति आन्दोलनको क्रममा ऐतिहासिक रूपले समाहित त हुन पुग्यो, तर यो शक्तिशाली भएको भए आन्दोलनलाई विभाजित गर्नसक्ने र परिणामस्वरूप प्रतिक्रियावादीलाई दमन गर्न सजिलो पर्ने खतरा पनि विद्यमान थियो। आन्दोलन सुधारवादी भएकोले संघर्षको कुनै विन्दुमा संझौता गर्नुपर्ने र त्यसबेला चिप्लिन सक्ने खतरा पनि विद्यमान थियो। यी सबै खतरा, खतराको कारक तत्व र संघर्षको चरित्रबारे ने.क.पा. (चौ.म.) संग हाम्रो धारणा मिल्थ्यो, अरूसित मिल्दैनथ्यो।

यस परिप्रेक्ष्यमा एकता र संघर्ष गर्दै जानुपर्ने देखिएकाले हामीले सबै पक्षसित र द्विपक्षीय रूपमा पनि वार्ता चलाउँदै गयौं। मसिरको अन्तिमतिर ने.क.पा. (मार्क्सवादी) सित द्विपक्षीय रूपमा वार्ता चल्यो र लिखित संझौता भयो। त्यसपछि पुस ३ गतेतिर मानन्धर समूह सहित तीन पक्षसित लिखित सहमति बनायौं। यस अधि हामीले चौ.म., रोहित र वर्मासित पनि वार्ता चलाएका थियौं। तर कैयन् विषयमा विवाद रह्यो, चौ.म. ले दुईवटै मशाललाई मोर्चामा ल्याउन जोड दिएको थियो। वर्मा र रोहितको चौ.म.उतै जान्छ भन्ने विश्लेषण थियो। हामीले संघर्ष गरेर चौ.म. लाई मोर्चामा सरीक गरायौं। सहमत भएका तीनवटाले अरूसित कुराकानी गरेर सकेसम्म बढी वामहरूलाई एकीकृत गर्ने बारे हामीले चौ.म.का लामाजी, नर बहादुरजी र हिम्मतजीसंग कुराकानी गर्‍यौं। यसरी सबैसित सहमति भई सकेपछि वाममोर्चा बनेको थियो।



झलनाथ खनाल

* *आन्दोलनको कुन-कुन विन्दुमा आन्दोलनको दिशा नै मोडिने गरी संकटको मोड आएको थियो?*

आन्दोलनको दोस्रो चरणमा यस्तो संकट आएको थियो। दोस्रो चरणबाट तेस्रो चरणमा प्रवेश गर्दा हामीले ब्ल्याक् आउटको कार्यक्रम नदिएको भए वास्तवमा संघर्ष संकटको मोडमा पुग्ने थियो। ब्ल्याक् आउटको कार्यक्रम वाम शक्तिको दिमागबाट आएको कार्यक्रम थियो। यसले आन्दोलनलाई नयाँ चरणमा उठाउनमा, लडाकु रूप दिनमा, सर्व-साधारण जनता परिचालन गर्नमा निकै ठूलो भूमिका निभायो। यो कार्यक्रम आउनु भन्दा अगाडिको स्थिति संकटको विन्दु थियो।

* *संकटको यो मोडमा जन-आन्दोलनलाई बचाउने र अघि लैजाने शक्तिहरू कुन-कुन थिए?*

ने.कां. ले फागुन ७ र ८ को कार्यक्रम एकपक्षीय र हचुवा तालले राखेको हुनाले हामीले गणेशमान, कृष्णप्रसाद र योग प्रसादसंग भेटेर प्रतिवाद गर्‍यौं। यही क्रममा फागुन १४ र १९ को कार्यक्रम अघि ल्याउन सक्यौं। पहिलो चरणको कार्यक्रममा उत्साहित नेतृत्व, जनता र कार्यकर्ता सडकमा उत्रे र त्यही मात्रामा निरंकुशतन्त्रको दमन पनि भयो। यसले गर्दा खुल्लावाला पार्टीका सबैजसो नेतृत्व र कार्यकर्ता गिरफ्तार भै सकेका थिए। दोस्रो चरणको कार्यक्रम तयार पार्ने नेतृत्वदायी मानिस नै रहेनन्। हामीले जगन्नाथजी र बल बहादुरजीलाई खोजी खोजीकन दोस्रो चरणको कार्यक्रम बनायौं। तेस्रो चरणको कार्यक्रममा पनि यस्तै भयो। कार्यक्रम त बन्यो,

गर्न सहमत हुन्छन्। तर जब त्यही नारामा माघ २ गते संयुक्त बाममोर्चाको गठन हुन्छ, त्यसमा ने.क.पा. (मसाल), शंभुराम समूह र कृष्णदासको नेतृत्वमा गठित ने.मा.ले.पा. छुट्छन्। संयुक्त बाम मोर्चा निर्माण हुनु जन-आन्दोलनको तयारीको निम्ति एउटा अत्यन्त महत्वपूर्ण घटना थियो र त्यसमा ती समूहहरूलाई समावेश गर्न नसक्नु गंभीर कार्यनीतिक त्रुटी। यही त्रुटीले गर्दा नै अर्को त्यस्तै कार्यनीतिक नारा भएको मोर्चा बनाउने परिस्थिति खडा हुन्छ। फलस्वरूप माघ ३१ गते "पार्टी स्वतन्त्रता" को तात्कालिक नारामा संयुक्त राष्ट्रिय जन-आन्दोलन गठन हुन्छ।

कार्तिक २० देखि २२ सम्मको ने.कां.को केन्द्रिय बैठकले मूल राजनीतिक नारा "राजाको संवैधानिक नायकत्वमा संसदीय प्रजातन्त्र" भन्ने तय गर्छ र जन-आन्दोलन "शान्तिपूर्ण र अहिंसात्मक" हुने र सरकारले त्यसलाई हिंसात्मक बनाएमा आफू जिम्मेवार नहुने घोषणा गर्छ। र पहिलो चोटि सबै शक्तिलाई आन्दोलनमा सरीक हुन आव्हान गर्छ। माघ ५ देखि भएको ने.कां.को महा सम्मेलनले आन्दोलनको मूल नारा "पूर्ण बहुदलीय प्रजातन्त्र" बनाउँदछ र जन-आन्दोलन फागुन ७ गतेदेखि

नेतृत्व दिने र मैदानमा उत्रने मानिस नहुनाले खुला पार्टीहरू पारालाइज भैसकेको स्थितिमा भूमिगत पार्टीले नै नेतृत्व सम्हाल्नु पर्‍यो, जसमा ने.क.पा. (मा.ले.) को विशेष भूमिका रहेको छ। ने.क.पा. (मा.ले.) ले नै आफ्ना भूमिगत कार्यकर्ता परिचालन गरेर पाटनमा १६ गते दिउँसो विशाल प्रदर्शन गर्‍यो। राती गएका कार्यकर्ताहरूले किल्लाबन्दी गरी पाटनलाई आफ्नो नियन्त्रणमा लिने कार्य गरे। कीर्तिपुरमा भएको किल्लाबन्दीले आन्दोलनमा नयाँ जोश, नयाँ रूप थप्यो। त्यसपछि काठमाण्डूमा पनि किल्लाबन्दी गर्ने, भत्काउने, जलाउने कार्य भए। संघर्षका यी लडाकु शैली नअप्नाएको भए आन्दोलन जोगिने थिएन।

* *के पाटन र कीर्तिपुरको किल्लाबन्दी गर्ने योजना पार्टीहरूको थियो? के त्यसमा मा.ले.को. प्रमुख भूमिका थियो?*

त्यसमा संपूर्णरूपले एक पक्षको मात्र भूमिका रहेन। तत्काल जे आवश्यक पर्‍यो, त्यही खालको कार्यक्रम लडाकु योद्धाहरूले दिएर संघर्ष गर्ने गरेको पनि पाइन्छ। व्ल्याक आउटको कार्यक्रमको योजना बनाउँदा पहिलेका प्रहरी दमनहरूलाई रोक्न किल्लाबन्दी गर्ने संभावना हामीले देखेका थियौं। तर व्ल्याक आउट पछिका संपूर्ण योजनाहरू हाम्रो दिमागमा थिए भन्न सकिन्न, किल्लाबन्दी गरेर पूरै मुक्त क्षेत्र स्थापना गर्ने काम मूलतः जन-आन्दोलनकै सिर्जना हो।

* *चैत्र २६ गतेको संझौता बारे यहाँ मूल्यांकन के छ?*

त्यो संझौता आन्दोलनको शक्ति सन्तुलनको स्थिति अनुरूप भएन। त्यो बेला हामीले मागे अनुसार पंचायतको अन्त र बहुदलको स्थापना हुनुपर्थ्यो। तर पंचायती संविधानबाट निर्दलीय शब्द मात्रै हटाएर बहुदल राख्ने संझौताले बहुदलीय पंचायतको अर्थ लाग्थ्यो। राजाको मसंगको दुई पटकको भेटघाटमा दुबै चोटि पंचायती निकायहरू खारेज गर्ने र नयाँ संविधान नै बनाउने जस्ता कम्प्लिकेशन आए भनेर गुनासो गरेका थिए। यसको मतलव राजा नयाँ संविधानको पक्षमा थिएनन्। बहुदलीय पंचायत मात्र दिने राजाको सोच थियो। ताकत भएर पनि यो संझौताले राजाको त्यही सोच साकार गरायो।

यसका निम्ति वार्तामा जाने र पठाउने दुबैको नै गल्ती-कमजोरी भएको देखिन्छ। ने.कां. को घोषणा र वाममोर्चाको म्याण्डेट अनुरूप स्पष्ट रूपमा पंचायती व्यवस्थाको अन्तको घोषणा गराउन सक्ने स्थिति हुँदाहुँदै पनि यस्तो गरिएन।

* *यस जन-आन्दोलनले दिएका शिक्षाहरू के के हुन्?*

सर्सर्ती भन्ने हो भने, पहिलो शिक्षा आन्दोलनलाई हाँक्न, संचालन गर्न तात्कालीन परिस्थितिको सही विश्लेषण, सही कार्यदिशा, र संयुक्त हुनसक्ने शक्तिहरूसित संयुक्त हुने र प्रहारको निशान स्पष्ट पार्न सक्ने खूबी हुनपर्छ। दोस्रो, दक्षिण र वामपन्थी भट्कावबाट हरसमय बच्न सचेष्ट हुनुपर्छ। तेस्रो, हाम्रो मूल शत्रु चिन्ने र त्यसका विरोधी संपूर्ण पक्षहरूलाई गोलबन्द गरी संघर्षमा उतार्नु जरूरी छ, त्यसका निम्ति उपयुक्त नारा, नीति, ढाँचा र मेकानिज्मको विकास गर्नु जरूरी छ। चौथो, जन समूदायलाई संगठित गर्नका लागि संगठनका सबै रूपहरूलाई अप्नाउनु जरूरी छ। पाँचौं, संघर्षका पनि सबै रूपहरूलाई अप्नाएर मात्र सफलता हासिल गर्न सकिन्छ। छैठौं, आन्दोलनका चरणहरूलाई स्थिति अनुकूल बनाउँदै झन्-झन् उच्च-स्तरमा विकसित गर्दै सबै तप्काका जन-समूदायलाई समेट्दै लानु पर्छ, नत्र आन्दोलन विफल हुनसक्छ। सातौं, आन्दोलनको भित्री तहमा दमनकारी शक्ति बीचको अन्तरविरोधलाई कुशलतापूर्वक प्रयोग गर्नसक्नु पर्दछ। हामीले दमनकारी शक्तिको प्रशासनिक अंगमा रहेका अन्तरविरोधहरूलाई पनि राम्ररी परिचालन गर्न सक्नु पर्छ। आठौं, अन्तर्राष्ट्रिय सहयोग समर्थनले पनि आन्दोलनमा प्रमुख भूमिका खेल्ने हुनाले त्यो प्राप्त गर्न र संचालन गर्न पनि मिहेनतपूर्वक लाग्नु पर्छ।

* *जन-आन्दोलनले मूर्त रूपमा के-के देखायो ?*

२००७ साल र २०३६ सालको परिवर्तन पनि जन-संघर्षद्वारा नै भएको थियो। ४६ सालको परिवर्तनले के सिद्ध गर्‍यो भने हाम्रो देशको विशिष्ट परिस्थितिमा सबै पक्षको उपयुक्त संयोजन गर्न जान्यौं भने जनरल मास अपराइजिंग अर्थात आम जन-विद्रोहद्वारा आमूल परिवर्तन संभव छ। यो जन-विद्रोहले अरू विशाल रूप र उँचाई लिन सक्छ, सैनिक ब्यारेक समेत भत्काउन सक्छ। हाम्रो आन्दोलनले यो महत्वपूर्ण तथ्य उद्घाटित गरेको छ।

* *कुन-कुन कमजोरी हटाएको भए यही आन्दोलन सुधार होइन, क्रान्तिमा बदलिन सक्थ्यो?*

त्यसको लागि त आत्मगत परिस्थिति नै मूल रूपले त्यो उँचाइ अनुरूप परिपक्व हुनुपर्थ्यो, जुन भएन। वामपन्थी आन्दोलनभित्र फूट र विभाजन बाँकी नै रह्यो, एकीकृत ढंगले अघि बढ्न सकिएन। पार्टीहरूले जनताको मनस्थिति त्यस उँचाइ अनुरूप तयार गर्न सकेनन्। र हामी आफै पनि यो सुधारवादी संघर्ष भएकाले क्रान्तिका लागि गुरिल्ला युद्ध नै लड्नु पर्छ भन्ने मानसिक बोझले भरिएकाहरू भएकाले यो जन विद्रोह सुधारमा टुंगियो। यी सबै कमी कमजोरीबाट मुक्त भएर संगठित शक्ति र चेतना परिवक्व भएको भए यसै सुधारात्मक संघर्षलाई माथिल्लो उँचाईमा पुर्‍याउन सकिन्थ्यो।

❑

शुरू गर्ने एकतर्फी घोषणा गर्छ। यो महासम्मेलनमा भारतका मुख्य मुख्य पूँजीवादी र बामपन्थी पार्टीहरूले पनि राजतन्त्रको विरूद्ध हुने जन-आन्दोलनमा सहायता गर्ने घोषणा गर्छन्। जन-आन्दोलनको तयारीको लागि यो एउटा अर्को अत्यन्त महत्वपूर्ण घटना थियो।

यी सबका बावजूद ने.कां. र दुई थरी बामपन्थी शक्तिको मोर्चाको मागमा आधारभूत भिन्नता थिए। ने.कां. ले "राजाको संवैधानिक नायकत्व" को नारामा हर हालतमा राजतन्त्र बचाउने चिन्तन अघि सारेको थियो। तर दुई थरी बाम संयुक्त मोर्चाको नारामा राजतन्त्र बचाउने कुरा थिएन। ने.कां.ले आफ्नो नारामा पंचायती व्यवस्थाको अन्तको सवाल उठाएको थिएन जबकि बाम मोर्चाले आफ्नो कार्यनीतिक नारामै र स रा ज आ ले आफनो रणनीतिक नारामा यो सवाल उठाएको थियो। बाम मोर्चाको पंचायतको विकल्प "बहुदलीय प्रजातान्त्रिक व्यवस्था" थियो भने स रा ज आ को "जनताको जनतन्त्र"।

माघ १९ गते बाम मोर्चा र ने.कां. बीच जन-आन्दोलनका संपूर्ण गतिविधिहरू बीच संयोजन कायम गर्न "संयोजन संयन्त्र" बन्दछ। संयोजन संयन्त्रले बहुदल भन्दा कममा कुनै संझौता नगर्ने र संझौता तथा वार्त्तालाप दुवै पक्षको सहमतिबाट मात्रै गर्ने निर्णय गर्दछ। फागुन ७ र ८ को कार्यक्रम ने.कां. को प्रस्ताव अनुसार र फागुन १४ र १९ को कार्यक्रम बाम मोर्चाको प्रस्ताव अनुसार तय हुन्छ। पूरै आन्दोलनलाई राष्ट्रिय जन-आन्दोलन भन्ने र ने.कां. र बाम मोर्चालाई त्यसको अभिन्न अंग ठान्ने निर्णय हुन्छ।

माघ महीनामा ने.कां. र ने.क.पा. (मा.ले.) ले अन्तर्राष्ट्रिय समर्थन जुटाउन आ-आफ्ना प्रतिनिधिहरू एशिया र युरोपमा पठाउँछन्। ती प्रतिनिधिहरूले त्यहाँ आन्दोलन सहयोग समूह गठन गर्ने, नेपालको जन-आन्दोलनको समर्थनमा संबन्धित देशको सरकारलाई, संसद सदस्यहरूलाई र मानव अधिकार संगठनहरूलाई दवाब-वक्तव्य दिन लगाउने, त्यहाँका नेपालीहरूको जुलूस निकाल्न प्रबन्ध गर्ने र नेपालको सरकारलाई सहायता दिन बन्द गर्न संबन्धित सरकारलाई अनुरोध गर्ने कार्य गर्छन्। नेपालमा घट्ने प्रत्येक घटना बारे ट्रंक, टेलिफोन, टेलेक्स र टेलिफ्याक्सद्वारा तुरून्तै त्यहाँका प्रतिनिधिले खबर पाउने र त्यो खबर समाचार पत्रमा छाप्न दिने र त्यहाँ हुने प्रत्येक दवाब-कार्यक्रमको नेपालमा खबर आउने संयन्त्र बनाइन्छ। पूरै आन्दोलनभरी र जन-आन्दोलनमा दमन भएको बेला यो संयन्त्रले महत्वपूर्ण काम गर्छ।


२०४६ साल माघसम्म पुग्दा प्राध्यापकहरूले, बिद्यार्थीहरूले, बार एशोसिएशनले, मानव अधिकार संघहरूले र पत्रकार संघले जन-आन्दोलन प्रति खुलेआम समर्थन जनाईसक्छन्। प्राध्यापकहरूले गोप्य एकाइ समन्वय समिति बनाएर र बिद्यार्थीहरूले "आन्दोलन समन्वय समिति" बनाएर जन-आन्दोलनको निमित संयुक्त मोर्चाको निर्माण गर्छन्। डाक्टरहरू मध्ये सबैभन्दा सचेत बामपन्थी र प्रजातन्त्रवादी डाक्टरहरू मिलेर जन-आन्दोलनका बेला हुने हिंसामा उपचार सेवा पुऱ्याउन भूमिगत क्लिनिकहरू संगठित गर्न थाल्छन्।

असोज १२ गते पर्सामा भएको पंच ऱ्यालीमाथि समेत सरकारले दमन गरेपछि उदार वादी पंचहरू पनि सरकार विरोधी मोर्चामा सामेल हुन्छन्। पहिलेका केही पंच-पत्रिकाहरू पनि अब आन्दोलनको समर्थनगर्दै विरोधी मोर्चामा सामेल हुन्छन्।


बिद्यार्थीहरूले क्याम्पस-भित्तामा राजतन्त्र विरोधी नारा लेख्न थाल्छन् र राजतन्त्रको पोल खोल्ने विदेशी पत्र-पत्रिकाको समाचार कटिङ्ग क्याम्पस भित्तामा प्रकाशित गर्न थाल्छन्।

माघको तेस्रो हप्ताको अन्तदेखि राजतन्त्रले एक्कासी दमन-अभियान तीव्र पार्दछ। फागुनको पहिलो हप्ता पुग्दा ने.कां. का सबै मुख्य नेताहरू र बाम मोर्चाका अध्यक्ष र केही नेताहरू पक्राउमा वा नजरबन्दमा पर्छन्। चर्को दमनले ने.कां.को पार्टी यन्त्र ठप्प हुन्छ र धेरैजसो बाम मोर्चाका सदस्यहरूको पनि। ने.क.पा. (मा.ले.), (चौ.म.) र ने.म.कि.सं. को पार्टी यन्त्रहरू चाहिं कठोर दमनका बेलामा उल्लेखनीय रूपमा क्रियाशील र संचालित रहन्छन्। उता स.रा.ज.आ. मा मशाल र मसालका पार्टी यन्त्र मात्र।


पत्रिकाहरूमाथि सरकारद्वारा छापा मारिन र जफत हुन शुरू हुन्छ। आन्दोलनको मुखैमा सरकारी दमनको विरूद्धमा धेरैजसो पत्रिकाहरूले पत्रिका प्रकाशन गर्न बन्द गर्ने निर्णय गर्छन्। तर उल्टो, यसबाट राजतन्त्रलाई देशभरी भ्रम फिंजाउन सजिलो पर्छ भने आन्दोलनकारीहरूलाई एक ठाउँमा के भई-रहेछ अन्यत्र थाहा दिन नै गाह्रो स्थिति हुन्छ। यस स्थितिमा विदेशी संचार माध्यम र उपत्यकामा "समालोचना दैनिक" र "विश्वभूमि दैनिक" नेपाल भाषा ले र अरू केही पत्रिकाले जन-आन्दोलनमा प्राण संचार गर्ने कार्य गर्दछन्। मा.ले., चौ.म. र ने.कां. ले प्रचार साधनको यो अनिकाल तोड्न हाते बुलेटिनहरू निकाल्छन्। जन-आन्दोलनका बेला बलियो प्रचारयन्त्रको



चैत्र २१ गते कीर्तिपुर



चैत्र २४ गते विराटनगर



चैत्र २४ गते काठमाडौं

आवश्यकताबारे यो घटनाले महत्वपूर्ण शिक्षा दिएको छ।

जन-आन्दोलनको शुरूवाततिर पुग्दा शहरी क्षेत्रमा झण्डै कर्फ्यूको स्थिति हुन्छ। नेता र कार्यकर्ताहरूको भेटघाट र बैठकको निम्ति ठूलो अवरोध पैदा हुन्छ। थुप्रै गुप्त लुक्ने र बैठक गर्ने थलो, अप्रकाशित र भरोसिला फोन र फोन गर्ने ठाउँहरू, फोन गर्ने कोड भाषा, गुप्त प्रेस, टाइपराइटर, लिथो र फोटोकपी मेशीनको यो बेलामा निकै महत्व हुँदो रहेछ। चर्को दमनको बेलामा पनि यी साधनको प्रबन्ध र होशपूर्ण एवं कडाइपूर्ण परिचालन जसले गर्न सक्छ र दमनको स्थिति अनुकूलको भूमिगत कार्यशैली र नियम जसले पालना र विकास गर्न सक्छ, जन-आन्दोलन बचाउने र अघि लैजाने क्षमता उसैसित हुँदो रहेछ। यो विगत जन-आन्दोलनको एउटा महत्वपूर्ण अनुभव हो।

आन्दोलनको पहिलो चरणले संघर्षको कार्यनीति संबन्धमा पनि महत्वपूर्ण पाठ सिकाएको छ। यसले के सिकाएको छ भने, संघर्षमा मुख्य दुश्मनलाई यथासंभव र हरतिरबाट एक्लो र कमजोर पार्नु नै संघर्षको कार्यनीतिको मुख्य सफलता हो। यसको लागि मुख्य दुश्मनसित अलिकता पनि अन्तरविरोध राख्ने सुकै र जतिसुकै सानो शक्तिलाई पनि मुख्य दुश्मनका विरूद्ध समेट्न सिपालु बन्नु पर्दछ। सानो र फरक मत भनेर बेवास्ता गर्नु मुख्य दुश्मनलाई तिनीहरू समेटेर बलियो बन्ने मौका दिनु हो। यो चरणले सिकाएको अर्को अत्यन्त महत्वपूर्ण पाठ के हो भने – सही कार्यनीति र कार्यनीतिक नारा भनेको नारामा त्यो सन्तुलन कायम गर्न सक्नु हो, जसले बहुसंख्यक जनसमुदायलाई पनि आन्दोलित पार्छ, समाजलाई पनि अहिले भन्दा अग्रगतिमा लैजान्छ र मुख्य दुश्मनका विरूद्ध अरू सारा शक्तिलाई पनि गोलबन्द गर्ने क्षमता राख्छ। उन्नत, समाजलाई पनि निकै अघि लैजाने, तर बहुसंख्यक जनताको मन नछुने, उनीहरू आन्दोलित नहुने र मुख्य दुश्मनको सट्टा आफू मात्र एक्लो पर्ने राजनीतिक नारा गलत कार्यनीतिक नारा हो। यस्तो राजनीतिक नाराले अन्ततः र घुमाई फिराई मूल दुश्मनलाई नै मजबूत पार्छ र समाजलाई जहाँको तहीं राख्छ। विगत जन-आन्दोलनको शुरूवातका निम्ति "नयाँ जनवाद" र "जनताको जनतन्त्र" वा "संविधान सभा" यस्तै गलत कार्यनीतिक नारा थिए। यद्यपि रणनीतिक नाराको रूपमा यी नाराहरू ठीक नारा हुन्थे।

यो चरणले सिकाएको अर्को महत्वपूर्ण पाठ के हो भने-निर्णायक घडीको निम्ति मूल शक्ति जोगाई राख्न सक्नु संघर्ष संचालनको मूल खूबी हो। जसले यो सक्दैन ऊ ऐजन मौकामा तमासे सिवाय केही हुँदैन।



**संस्मरण** -डा. देवेन्द्रराज पाण्डे

# चैत्र २४ गते

व्यक्तिगत रूपले मेरो निम्ति एउटा रोचक घटनाको स्मरण गरूँ।

चैत्र २४ गते विहानको कुरा हो। लोकेन्द्रबहादुर चन्द प्रधानमंत्री भएको घोषणा भरखरै भएको थियो। भद्रगोल झ्यालखानामा भएका हामी करीव १०० जना राजबन्दीहरू सबैलाई दुःख र अचम्म एकै पटक लागेको थियो-मर्न लागेको पंचायत व्यवस्थामा प्राण हाल्न खोजेको अनौठो तरीकाबाट। त्यत्तिकैमा चौकीदार को आवाज आयो, "डा. पाण्डे ढोकामा आउनु पर्‍यो" भनेर। जेल सार्न र भाग्न लाग्यो भनेर मार्न पनि पंचायती शासकहरूले उनका कैदीहरूलाई यसै गरी एक्लै बोलाएर लान्छन् भन्ने कुरादेखि सरकारले मलाई यो वा त्यो पद दिएर लोभ्याउन लागेको भन्ने कुरा पनि उठे। म झ्यालखानाको ढोकामा आएपछि एउटा नीलो जिपमा प्रहरीहरूले घेरेर लगे। कहाँ जाने भनेनन्। जिप रत्नपार्क पूरै घुमेर सिंह-दरवारतिर लाग्यो। त्यहाँ पुगेर मलाई प्रधानमन्त्रीको कार्यालयमा लगियो।

सोफामा बसेका लोकेन्द्रबहादुर चन्दले मलाई बस्नुस् भनेर कुरा झिके, "अब राजाबाट कदम चालिबक्स्यो, सब कुरा ठीक हुन्छ, मानवअधिकार आयोग पनि गठन गर्छौं, सहयोग गर्नु पर्‍यो" आदि। जवाफमा मैले भनें, "भद्रगोलमा रेडियो सुन्ने एकजनाले पनि विहानको घोषणामा सकारात्मक कुरा देखेनन्, मैले पनि देखिंन। यस्तो स्थितिमा सहयोगको कुरा हुँदैन, राजालाई भनेर तुरून्त बहुदलकी घोषणा गर्न लगाउनुस्, अरू नेपालीको ज्यान नजावोस्।"

लोकेन्द्रजीबाट त्यसपछि गणेशमानलाई भेटेर कुरा गरिदिन आग्रह हुन थाल्यो। मैले भने, "म जाबोलाई त चित्त नबुझेको कुरा गणेशमानजीले के संझेर मान्नु हुन्छ?" एक छिनको गन्थनपछि संचारसम्म पुर्‍याइदिने कुरामा राजी भई गणेशमानजीसंग भेट्ने पाइने लोभमा वीर अस्पताल पुगें, प्रहरीको घेरामै। मलाई देखेर गणेशमानजीले अचम्म मान्नु भयो र सोध्नु भयो, "किन, कहाँबाट?" मैले लोकेन्द्रजीको कुरा सुनाईदिएँ। अपेक्षा गरे जस्तै जवाफ आयो, "बहुदलको घोषणा नभईकन राजासंग पनि कुरा हुदैन।" त्यो कुरा त्यहाँ नै सिद्धियो। त्यसपछि अर्को एक घण्टा जति गणेशमानजीको स्वास्थ्यको बारेमा, आन्दोलनको बारेमा, जनताको बढ्दो मनोवलको बारेमा र निर्णायक घडी आईपुगेको बारेमा कुरा भयो। अनि झ्यालखानामा सबै साथीहरूलाई "जय नेपाल" भनीदिने गणेशमानजीको आग्रह लिएर म निस्कें।

अस्पतालमा तल डाक्टर, नर्स आदिले मलाई घेरेर गणेशमानलाई संझाउने दूत बनेर आएको हो कि क्या हो भनेर शंकाले प्रश्नहरू गरे। "ममाथि विश्वास नभए पनि गणेशमानमाथि त विश्वास गर" भनेर त्यहाँबाट विदा भएँ। पुनः सिंह-दरवार लगिएँ। लोकेन्द्र बहादुरजीले गणेशमानजीको जवाफ सुन्नु भयो। अरू गर्ने कुरा केही थिएन। "प्रकृया पूरा भएपछि सबै राजबन्दी छुट्ने" कुरा सुनाएर मलाई पुनः भद्रगोल पुर्‍याइयो। साथीहरूले केही नयाँ कुरा सुन्ने मौका पाए। गणेशमानजीको अस्पतालको विछ्यौनाबाट मैले लुकाई झ्यालखानाभित्र ल्याएका पत्रिकाहरू पढेर एकछिन रमाए।

तर रमाइलो धेरै बेर टिकेन। बाहिर अन्धाधुन्ध गोली चल्न लागेको खबर आउन थालेपछि बातावरण चिन्ताग्रस्त हुन थाल्यो। केही तथ्य, केही हल्ला झ्यालखानाभित्र आइरहे। भोलिपल्ट ६.३० बजे विहानतिर हामीलाई छोडियो, ७ बजे कर्फ्यू लाग्ने सूचना दिएर। दौड्दै घर आइपुगें। सडकमा सैनिक तैनाथ भइसकेका थिए। बाँकी इतिहास भयो। चैत्र २५ गते र चैत्र २६ गतेको कर्फ्यूमा के कस्ता राजनीतिक गतिविधि भए, अनुसंधानको विषय रहेकै छ। ❑

## आन्दोलनको दोस्रो चरण : २०४६ फागुनदेखि चैत्र १५ सम्म :

# आन्दोलनको प्रारम्भ र उतार-चढावको चरण

फागुन ७ देखि जन-आन्दोलन थालनी गर्ने घोषित कार्यक्रम छ। तर अघोषित आन्दोलन माघ २० गते चितवन वीरेन्द्र क्याम्पसमा बिद्यार्थी-प्रहरी बीच हिंसक भीडन्त र पोखरामा फागुन १ गते महिला छात्रावासमा प्रहरीको नृशंस आक्रमणबाट शुरू हुन्छ।

७ गते घोषित कार्यक्रम मुताविक ने.कां. र बाम मोर्चा समर्थक कार्यकर्ताहरू प्रहरीको चर्को दमन यन्त्रलाई चिर्दै र चकित पार्दै आ-आफ्ना पार्टी झण्डा लिएर सडकमा निक्लिन्छन्। सबभन्दा ठूलो र जुझारू जुलूस प्रदर्शन चितवन नारायणघाटमा हुन्छ। यहाँ शुरू दिनमै संघर्षको मुख्य रूप महिलाहरूको छुट्टै जुलूस, झण्डा सहितको हज्जारौंको जुलूस प्रदर्शन, जनताको तर्फबाट पेटी र छानाबाट प्रहरीमाथि ढुँगा प्रहार प्रहरी र प्रहरीको मोटर जलाउने कार्य र प्रहरी-जनताको सडक-भीडन्त हुन्छ। प्रहरीहरूको कार्यवाही लाठी चार्ज, र आम-गिरफ्तारी एवं गोली प्रहार हुन्छ, जसबाट ३ जना नागरिक मारिन्छन्, २ जना जनपक्षीय रा.पं.स. लगायत सैय्यौं मानिसहरू यातना गृहमा पर्दछन्। काठमाण्डूमा संघर्षको मुख्य रूप झण्डा सहितको जुलूस प्रदर्शन, पंचहरूको ऱ्यालीमाथि ढुँगा-प्रहार हुन्छ। जनताको ढुँगा-प्रहारबाट पंच ऱ्यालीमा भागाभाग हुन्छ। प्रहरीको आक्रमणबाट आन्दोलनकारी-हरूको जुलूसको पछिल्लो र अघिल्लो भाग टुट्छ। यसदेखि बाहेक हेटौडा र पाल्पामा पनि हिंसक भीडन्त हुन्छ जसबाट हेटौंडामा १ जना प्रहरी मारिन्छन्, १ जना महिला गोलीबाट घाइते हुन्छिन् र पाल्पामा १ जना नागरिक मारिन्छन्। संघर्षको फैलावट झापा, बिरटनगर, रामेछाप, कलैया, जनकपुर, नवलपरासी, बुटवल, पोखरा, सुर्खेत, जुम्ला जस्ता ठाउँहरूमा पनि हुन्छ। यिनै ठाउँहरूमा पछिल्लो चरणसम्म पनि संघर्ष जारी हुन्छ।

फागुन ७ को कार्यक्रमको व्यापक र अनपेक्षित सफलताको असरले फागुन ८ को "नेपाल बन्द" कार्यक्रमलाई निकै सफल पार्छ। यो दिन पूरै देश बन्द हुन्छ। सबैभन्दा हिंस्रक भीडन्त भक्तपुरमा हुन्छ, जहाँ नेपाल बन्द सफल पार्न गरिएको जुलूसलाई प्रहरीले गोली हान्दा ६ जना नागरिक मारिन्छन् र १६ जना घाइते हुन्छन्। अर्को भीडन्त कीर्तिपुरमा हुन्छ, जहाँ जनताले प्रहरी अचाक्ली र गिरफ्तारीको विरूद्धमा प्रहरीको चौकी जलाउँछन्। यो दिनको संघर्षको मुख्य रूप जुलूस, चलीरहेका गाडीलाई ढुँगा प्रहारगरी रोक्ने कार्य, सरकारी गाडी जलाउने कार्य, प्रहरी थाना घेराउ र आगो बाल्ने कार्य हुन्छ।

८ गतेको जन-कार्यवाहीको प्रतिक्रिया स्वरूप सरकारी दमन-अभियान अरू व्यापक र निर्मम बन्दछ। गिरफ्तारहरूलाई यातना गृहमा यति यातना दिइन्छ कि उनीहरूमध्ये कैयन् अपांग बन्छन्। यता चर्को दमनबाट पार्टीहरूको संयुक्त संघर्ष मत्थर हुन थाल्छ। फागुन ११ गते भक्तपुरमा मारिएका शहीदहरूको शवयात्रा गर्ने कार्यक्रम असफल हुन्छ र त्यस्तै १३ गते शहीदका परिवारले टुँडीखेल घुम्ने कार्यक्रम पनि। १४ गतेको कालो झण्डा प्रदर्शन गर्ने कार्य पनि अपेक्षा राखिए जति सफल हुँदैन। फागुन १९ को नेपाल-बन्द कार्यक्रम पनि आंशिक रूपमा मात्र सफल हुन्छ। गिरफ्तारी यति तीव्र र व्यापक बन्दछ कि ने.कां. र खुकुलो संगठन भएका बाम समूहका धेरैजसो नेतृत्वदायी मानिसहरू तथा कार्यकर्ताहरू प्रहरीको पंजामा पुगीसक्छन्।

आन्दोलनको घट्दो ज्वालालाई फेरि दन्काउने कार्य फागुन ९ को अधिवक्ताहरूको देशव्यापी अदालत बहिष्कारको सफलताले र फागुन १२, १४ र १६ को डाक्टर र संपूर्ण चिकित्साकर्मीहरूले शिक्षण अस्पताल, वीर अस्पताल र पाटन अस्पतालको कालो पट्टी सहितको सफल विरोध प्रदर्शनले गर्छ। फागुन १६ को प्राध्यापकहरूको देशव्यापी कलम बन्द, र कालो-पट्टी सहितको आम-सभाको कार्यक्रमले वातावरणलाई अरू आन्दोलित पार्छ। "एशिया वाच" लगायत अमेरिकी मानव अधिकार संगठनहरूको, अन्य पश्चिमेली सरकारको र अमेरिकी सांसदहरूको राजतन्त्रको दमन-कार्य प्रतिको विरोधले जनताको घट्दो उत्साहलाई अरू बढाउँछ।

यतिञ्जेलका घटनाक्रमले के देखाएका छन् भने वाममोर्चा र ने.कां. ले राख्ने घोषित जुलुस, आमसभा, र आम-हडतालको कार्यक्रम अब अप्रभावकारी भईसकेका छन्। तर आन्दोलनको नेतृत्व संघर्षका अन्य नयाँ र प्रभावकारी रूप सिर्जना र प्रयोग गर्न सक्दैन। उता राजतन्त्र भने दमन र यातनाका नयाँ र डर लाग्दा रूपहरू प्रयोगमा ल्याउँछ।

"आदोलनको दोश्रो चरणको कार्यक्रम" भनेर वाममोर्चा र ने.कां. को संयोजन संयन्त्रले ल्याएका धेरैजसो संघर्षका रूपहरू पनि त्यति सफल र प्रभावकारी बन्न सक्दैनन्। ती मध्ये फगत फागुन २६ को पंचायतको पुत्ला जलाउने कार्यक्रम केही लोकप्रिय र व्यापक वन्दछ। स्कूल क्याम्पस, शहर गाउँ सबैतिर तोकिएका दिन बाहेक अरू दिन पनि पुत्ला जलाउने लर्को चल्दछ। विराटनगरमा यो कार्यक्रमले केही मौलिक र व्यंग्यात्मक रूप लिन्छ। आन्दोलन-कारीहरू पंचायतलाई लाश बनाएर शवयात्रा गर्दछन् र दाह-संस्कार गर्छन्। पंचायती नारा र पहेंला कपडाहरू सहित कुकुर, साँढेहरू छाड्छन्। यी कार्यक्रमहरूको सफलताको खवरले देशव्यापी रूपमा उत्साहको लहर संचार गर्छ। चैत्र १ को "नेपाल बन्द"लाई राजतन्त्रले व्यापक "दमन यन्त्र" प्रयोग गरेर आँशिक रूपले मात्र सफल हुन दिन्छ। चैत्र १० गते को "जन एकता दिवस" त राजधानीमा नराम्ररी असफल हुन्छ। सिर्फ नरदेवीको जुलुस बाहेक अन्यत्र कतै सफल कार्यक्रम नै हुन सक्दैन।

तर यही अवधीमा वकीलहरूले सर्वोच्च अदालतमा फागुन ३२ गते सफल मौन विरोध-प्रदर्शन आयोजना गर्छन्। फागुन २५ गते महिलाहरूले देशका विभिन्न भागमा महिला दिवसको उपलक्ष्यमा जुलूस, आम सभाको कार्यक्रम सफलतापूर्वक आयोजना गर्छन्। चैत्र १ देखि १५ सम्म पुल्चोक क्याम्पसमा शिक्षक र विद्यार्थी मिलेर प्रहरी र मण्डले विरूद्ध लगातार सफलतापूर्ण भिडन्त चलाउँछन्। चैत्र ३ गते लेखक कलाकारहरूले कालो पट्टी बाँधेर साहसपूर्ण सामूहिक गिरफ्तारी दिए पछि जन-

आन्दोलनको वातावरण अरू तात्दछ। चैत्र ७ गते संपूर्ण व्यावसायिक र बौद्धिकहरूको साझा मंच सोलिडारिटी समूहद्वारा कीर्तिपुरमा गरिएको विचार गोष्ठीमा प्रहरी हस्तक्षेप र करीव ७०० बौद्धिकहरूको सामूहिक गिरफ्तारीपछि स्थिति अरू आन्दोलित र सन्सनीपूर्ण बन्दछ। चैत्र ८ गते निकै ढिलो गरेर, नेपाल राष्ट्रिय शिक्षक संगठनको आव्हानमा, शिक्षकहरू मैदानमा उत्रिए पछि जन आन्दोलन- स्कूलका ती युवा विद्यार्थीहरू सम्म विस्तारित हुन्छ, जो क्रान्तिकारी चेतनाभन्दा वेसी रोमाञ्चकारी अनुभवका रूपमा अव दिनदिनै हडताल, जुलूस गर्न लाग्दछन्। चैत्र १५ गते प्राध्यापकहरूको "उपकुलपति घेराउ कार्यक्रम"को सफलताले जन-उत्साह अरू बढाउँछ। चैत्र ७ गते बौद्धिकहरूको गिरफ्तारी पछि- डाक्टर र चिकित्साकर्मीहरूको प्रतिनिधित्व गर्दै मेडिकल एशोसिएशनले पक्राउ परेकाहरूको तुरून्त रिहाइ र दमनको अन्तको माग गर्दै त्यो नगरिएमा चैत्र १५ गतेदेखि आकस्मिक सेवा वाहेक संपूर्ण स्वास्थ्य सेवा बन्द गर्ने धम्की दिन्छ। सरकारको अवज्ञा गर्ने चिकित्साकर्मीहरूको यो साहसले सबै पेशाका मानिसलाई आन्दोलित पार्छ। यसबाट इञ्जिनीयरहरू तात्दछन् र अरू सबै खुकुला खालका संस्थानका कर्मचारीहरू आन्दोलनमा उत्रन तयारी गर्दछन्। आन्दोलन अव सरूवा रोग झैं, सिक्रीको प्रक्रियामा, चारैतिर सल्किन थाल्छ।

यसरी यो चरणमा आन्दोलनमा मध्यम र निम्न पूँजिपति वर्गीय जन-संगठनहरू र बौद्धिक व्यवसायीहरू पार्टी र राजनीतिक नेतृत्वलाई पछाडि छोडेर अघि बढ्छन् र जन-आन्दोलनले बढी भन्दा वढी स्वतः स्फूर्त रूप लिन लाग्दछ। यो मध्यम र निम्न पूँजीपति वर्गीय संगठनहरू र बौद्धिक एवं संवेदनशील व्यवसायीहरूले दिएका सफल कार्यक्रमहरूले पैदा गरेको हौसला र साहसमा टिकेको छ। कालो पट्टी बाँध्नु, मौन जुलुस प्रदर्शन, आमसभा, घेराउ, सामूहिक गिरफ्तारी, काम वन्द-हडताल र हडतालको धम्की, उनीहरूका संघर्षका मुख्य रूपहरू छन्। संवेदनशील पेशाका मानिसहरूका संघर्षका यी रूपहरूको कति प्रभाव हुँदो रहेछ,

# नेतृत्वले संझौता गरेर फर्कनु पर्थ्यो, राजाको आदेश लिएर हैन।

## वाम-मोर्चाको वैठकमा र टुँडिखेलको आमसभामा सहानाको कुरा फरक पर्‍यो।

लिलामणि पोखरेल

(तात्कालीन संयुक्त वाममोर्चाका केन्द्रीय सदस्य र ने.क.पा. (चौ.म.) का एकजना नेतृत्वदायी व्यक्तित्व)

* *चैत्र २६ को संझौताको लागि वाम मोर्चाले के निर्णय गरेको थियो ?*

चैत्र २६ गते हामी पद्मरत्नकहाँ वैठक बस्यौं। वार्ताका पूर्व शर्तका रूपमा हाम्रो निर्णय थियो- सबै राजबन्दी (रोहित सहित) रिहा हुनुपर्ने, उनीहरूमाथि लागेका मुद्दाहरू खारेज हुनुपर्ने, संभौताको निम्ति हाम्रा शर्त थिए-दलमाथिको प्रतिवन्ध खारेज हुनुपर्ने, प.नि.जा.बु.स., वर्गीय संगठन लगायत पंचायतका सबै निकायहरू, कम्तीमा राष्ट्रिय पंचायत भंग हुनुपर्ने, वर्तमान सरकार खारेज गरेर सर्वदलीय अन्तरीम सरकार गठन हुनुपर्ने र संझौता राजासितै हुनुपर्ने।

वार्ताको निम्ति तुलसीलालको नाम आएको थियो, वर्माबाट। तर मैले श्याम कोजूसित सल्लाह गरेर राधाकृष्ण मैनालीको नाम प्रस्तावित गरें। अन्ततः त्यो स्वीकार भयो। वाममोर्चाको अध्यक्षको हैसियतले सहाना प्रधान छानिनु भयो।

हामीले वार्तामा जानु अघि ने.कां. सित समझदारी बनाउन जरूरी ठान्यौं। सहाना यस निम्ति कुपण्डोलमा भट्टराईकहाँ जानुभयो, फर्कंदा वीर अस्पतालमा गणेशमानकहाँ पनि पस्नु भयो। तर सहाना भट्टराईको घरमा पुग्दा उहाँ भित्र नेपाल टि.भी.लाई अन्तर्वार्ता दिंदै हुनुहुन्थ्यो रे। बाहिरबाट सहानाले सुन्नुभए अनुसार उहाँ राजबन्दी रिहा गरेर दलको फुकुवा गरियो भने संझौता गर्न सकिन्छ भन्दै हुनुहुन्थ्यो अरे। सहानाले वाममोर्चाको प्रस्ताव भट्टराई समक्ष राख्दा- "सबै कुरा अहिले नै लिन खोज्यौं भने पछि के का निम्ति संघर्ष गर्ने?" भन्नुभयो रे।



*लिलामणि पोखरेल*

सहानाले फर्केर हामीलाई भन्नु भएको शब्द नै के थियो भने- "दालमे कुछ काला है। कांग्रेसले दरवारसित कुराकानी र संझौता गरिसके जस्तो छ।"

* *संझौता गरेर आई सकेपछि वाममोर्चाले संझौताका वारेमा के समीक्षा गर्‍यो?*

बेलुकी संझौताको दृश्य टि.भी.मा हेरिसकेपछि मैले आर.के मैनाली लाई फोनैमा आलोचना गरे। भोलिपल्ट बिहान सहाना कहाँ बैठक भयो। तुलसीलालले संझौताको निकै प्रशंसा गर्नुभयो। यो हाम्रो ठूलो विजय हो, हामीले प्रजातन्त्र पाएका छौं भन्नुभयो। मैले त्यसको खण्डन गरेर भनें कि- तपाईंहरू आफूलाई आन्दोलनका नेता होइन, रैती ठानेर राजालाई भेटेर आउनु भएको छ। तपाईहरूले जे गरेर आउनु भएको छ, त्यसबाट आन्दोलनको विश्वासघात भएको छ। १७ सालको धोका फेरि खानु पर्ने स्थिति पैदा भएको छ। तपाईंहरूले संझौता गरेर फर्किनु पर्थ्यो, राजाको आदेश लिएर फर्कने होइन। त्यसैले जुन संझौता भएको छ त्यसमा म सहमत छैन । हाम्रो वाममोर्चा र आन्दोलनको क्षमता यति मात्रै लिने होइन। म पछि कोजू हुनुहुन्थ्यो। उहाँले पनि यिनै कुरा दोहर्‍याउनु भयो। पद्मरत्नले- "जनताले जित्न खोजेको थियो। तर यो संझौताबाट उनीहरू हारे।" भन्नुभयो। त्यसदेखि बाहेक अरू सबैले संझौताको समर्थन गरे। सिद्धिलालले त "९९.९९ प्रतिशत हामीले विजय हासिल गर्‍यौं" भन्नुभयो। हामीले त्यसको प्रतिवाद गर्‍यौं।

बाँकी ३६ पेजमा

आन्दोलनले देखाएको छ।

उता राजतन्त्र आन्दोलन दवाउन दमन गर्छ र प्रत्येक दमनले आन्दोलन अरू दन्किन्छ र व्यापक बन्दछ। अब शासक वर्गको संकट झन् तीव्र हुँदैछ। मंत्री-मण्डलमै फूट हुन थालेको छ। सहायक मन्त्री केशव वूढाथोकीले फागुन २५ गते पदबाट राजिनामा दिएका छन्, मनोनित रा.पं.स. डि.पी. अधिकारीले पनि। अब उदारवादी पंचहरू दमनका विरूद्ध खुलेआम वक्तव्य दिन थालेका छन् र विपक्षसित वार्तालापको माग गर्न थालेका छन्।

संघर्षको यो चरणले सिकाएको पाठ के हो भने-आन्दोलनमा संघर्षका रूपहरूलाई मुख्य दुस्मनको दमन र प्रतिक्रियाका रूपहरूसितै गतिशील र त्यो भन्दा विकसित पार्न सक्नु पर्दछ। मुख्य दुस्मनका संघर्षका रूपहरू र साधनहरू चाहिं गतिशील र विकसित हुने, तर उसका विरूद्ध धावा वोल्ने शक्तिका संघर्षका रूपहरू र साधन चाहिं स्थिर र पुराना भईरहे भने संघर्षमा मुख्य दुस्मनले परास्त गर्ने निश्चित हुन्छ।

यसले सिकाएको अर्को पाठ के हो भने-विशुद्ध र एक्लो अवैध राजनीतिक आन्दोलनले मात्र प्रतिक्रियावादी सत्तासितको लडाईंमा सत्तासीनलाई परास्त गर्नु संभव छैन। अवैध राजनीतिक आन्दोलनको वरपर उत्पीडित वर्ग र जन समुदायका अनेकौं किसिमका वैध र पेशागत संगठनहरूलाई परिचालन गरेर चारैतिर बाट सत्तासीनहरूलाई घेर्न र संकट सिर्जना गर्न सकेमा मात्र मुख्य दुस्मन परास्त हुने संभावना हुन्छ। प्रत्येक समयको अवैध राजनीतिक आन्दोलनले त्यो समयको यथासंभव बढी र संकटकारी वैध शक्तिहरूको आन्दोलनद्वारा घेरेर मुख्य दुस्मनमाथि जाई लाग्नु सक्नु पर्दो रहेछ। अनि मात्र शत्रुका पंक्तिमा संकट सिर्जना हुँदो रहेछ र अवैध आन्दोलनलाई दबाउन असंभव हुँदो रहेछ।

## आन्दोलनको तेस्रो चरणः चैत्र १६ देखि वैशाख ६ सम्मः जन विद्रोह, आन्दोलनको उत्कर्ष र सफलताको चरण

अघिल्लो चरणको कार्यक्रमको असफलताबाट पाठ सिकेर ने.क.पा.(माले), ने.क.पा.(चौ.म.) र ने.म.कि.सं. जस्ता केही

त्यसपछि चारैतिरबाट आज कार्यक्रम गर्नुपर्छ भनेर फोन आउन थाल्यो। त्यसपछि नीलाम्वरजीले माइन्यूट लेख्नु भयो। यो ठूलो उपलब्धी हो, आन्दोलनको ऐतिहासिक विजय हो- यस्तै शब्द उहाँले लेख्नु भएको थियो। माइन्यूटमा म हस्ताक्षर गर्न सक्दिन भनेर मैले प्रतिवाद गरें। पद्मरत्न र कोजू दुवैले यसको समर्थन गर्नु भयो। त्यसपछि माइन्यूट नै नभईकन हामी टुंडीखेलको कार्यक्रममा गयौं। तर टुंडीखेलको आमसभामा सहानाले वाम मोर्चाको वैठकमा जे बोल्नु भयो, त्यसको ठीक विपरीत कुरा बोल्नु भयो। त्यो दिनको सवभन्दा राम्रो भाषण उहाँकै थियो। संघर्ष स्थगित भएको छैन, हामीले केही कुरा पाएका छैनौं, फेरि संघर्ष जारी राख्नु पर्छ भनेर उहाँले आमसभामा जुन बोल्नु भयो, वैठकमा उहाँको अडान त्यसको ठीक उल्टो थियो।

* *दरबारमा जानु अघि ने.कां. र वाममोर्चाको कुनै संयुक्त समझदारी भएको थिएन ?*

त्यस्तो समझदारी बन्न पाएको थिएन, यद्यपि वाम मोर्चाले सहाना र आर के. लाई वार्तामा जानु अघि ने.कां. का शीर्षस्थ नेताहरूसित वार्ता गर्न पठाएको थियो।

उता दरबारमा भएको वार्ताको रिपोर्ट सहानाले गर्दा भने एउटा नयाँ कुरा पत्ता लाग्यो। दरबारमा राजासित सहानाले पंचायती निकायहरू भंग गर्नु पर्छ भन्ने कुरा राख्दा अच्युत राज रेग्मीले वीचमै कुरा काटेर "यो त अघि (ने.कां.का नेताहरू सितको वार्तामा) हाम्रो समझदारी भएको थिएन" भनेर भने रे। यसको मतलव के भयो भने-दरबारमा वार्तामा जानु अघि नै ने.कां.का नेताहरूको दरबार प्रतिनिधिसित भेटघाट र वार्ता भएको थियो।

ने.कां.का नेताहरूले मुख्य रूपले दल-स्वतन्त्रताकै सवालमा संझौता गर्नु पर्छ भनेर भन्नु भएको थियो। त्यस्तो औपचारिक रूपले यो गर्ने, यो नगर्ने समझदारी बन्न सकेको थिएन। ने.कां.का नेताहरूको मुख्य जोड जसरी पनि वार्तामा जानेमा रहेको थियो भनेर सहानाले रिपोर्ट गर्नु भएको थियो।

* *देशको भविष्यमा गंभीर असर पर्ने कुरामा वार्ता हुँदैछ। वाम मोर्चाले किन आफ्ना प्रतिनिधिलाई यो मिलेमा संझौता गर्नू, नत्र नगर्नू भनेर दिशा निर्देश गरेन ?*

त्यो नगरेको होइन, गरेको थियो। हामीले राखेका शर्तहरू मानिएन भने वार्ता तोडेर आउनू भनेर हामीले स्पष्ट निर्देशन दिएका थियौं।

* *यसमा वाम मोर्चाको एउटा गल्ती स्पष्टै देखिएन र ? दुई थरी मिलेर वार्तामा जाँदैछन्, दुवै थरीको कुरा नमिली संझौता हुँदैन। त्यस्तो मामलामा ने.कां. सित यो कुरा मिलेमा वार्तामा जानू, नत्र नजानू किन भनेन? किन यो वार्तामा जान हतारियो?*

वार्तामा नै नजानू भनेर हामीले निर्णय गरेका थिएनौं। तर ने.कां. सित कुराकानी गर्नू भनेर त हामीले म्यान्डेट नै दिएर पठाएका हौं। वार्ता गर्न जानेहरूले नै केही कमजोरी देखाएका हुन्। ने.कां.ले भित्र भित्रै वार्ता गरेको कुरा आई सकेको थियो। ने.कां. विना आन्दोलन हाँन्न सकिन्न, राजासित वार्ता गर्नु सिवाय केही उपाय छैन भनेर मानसिकता बनाएका वामपन्थी शक्ति पनि वाम मोर्चा भित्र थिए। शायद यही मनोविज्ञानले पनि वार्ताकारहरूलाई प्रभावित पारेको हुन सक्छ। "अब ने.कां.ले गएर संझौता गर्छ, त्यस पछि त आन्दोलन सकिहाल्छ" भन्ने मानसिकता वाम मोर्चामा हावी भयो। त्यसैले यो वार्तामा जान हतारियो। त्यो मानसिकता नभएका आन्दोलन हाँक्नु पर्छ भन्ने मानसिकता भएका दुईवटा शक्ति मात्र वाम मोर्चामा थिए-चौ.म. र मा.ले.।।

* *अन्तरीम सरकारमा जाने बारे वाम मोर्चाको के निर्णय थियो ?*

बराबरीका आधारमा मात्र अन्तरीम सरकारमा जाने हाम्रो निर्णय थियो। मुख्य पद पनि बराबरीको आधारमा बाँड्ने भन्ने कुरा थियो। वार्ताको लागि सहाना र विष्णुबहादुर मानन्धरलाई पठाइएको थियो। तर उहाँहरूले अडान छोडेर आउनु भएको थियो। ❑

जुझारू वाम शक्तिको जोड-वलमा संयोजन संयन्त्रले अब चैत्र १६ गते बत्ती निभाउने, सरकारलाई कर नतिर्ने र चैत्र १७ गते संविधान जलाउने कार्यक्रम राख्छ। ने.कां.को जोडवलमा त्यसले चैत्र २२ गते शहीदहरूको स्मृतिमा मन्दिरमा प्रार्थना-सभा गर्ने कार्यक्रम राख्छ। यतिञ्जेल सम्म सं.रा.ज.आ ले चैत्र ५ गते कालो झण्डा देखाएर विरोध प्रदर्शन कार्यक्रम राखिसकेको छ र चैत्र १५ गते बत्ती निभाउने कार्यक्रमा। अब उसको चैत्र २४ गते नेपाल बन्द गर्ने कार्यक्रम छ।

चैत्र १५ गते स रा ज आ को बत्ती निभाउने कार्यक्रम असफल भए पनि चैत्र १६ गतेको वाममोर्चाको र नेकां. को बत्ती निभाउने कार्यक्रमबाट संघर्षको रूपले गुणात्मक फड्को मार्छ।

कार्यक्रम छ, साँझ १५ मिनेट बत्ती निभाउने। तर जब बत्ती निभ्छ, साँझको अन्धकार सरकारको उग्र-दमनबाट त्रसित र क्रुद्ध जनताको निम्ति प्रहरीलाई आक्रमण गर्नको लागि उपयुक्त छहारी र सुरक्षा बन्छ। चैत्र १६ देखि २२ सम्म पुग्दा बत्ती निभाउने कार्यक्रम, शहरी क्षेत्रमा प्रहरी पिट्ने, चौकी र सेक्टर जलाउने र प्रहरी धपाउने कार्यक्रममा बदलिन्छ। शहरका सबै सडकहरू रातको बेला प्रहरी-शून्य बन्दछन्। यो शून्यताले दिएको सुरक्षाभाव रातभरी राजा विरोधी नारा लाउनुमा, जुलूस गर्नुमा, पुत्ला जलाउनुमा र टायर बालेर प्रहरी अवरोध खडा गर्नमा प्रयोग हुन्छ। अनि दमनले गर्दा दिउँसो कार्यक्रम गर्न नसकिने स्थितिमा जनताहरू आफ्ना सारा क्रोध रात-भरी राजा विरोधी कार्यक्रम गरेर शान्त पार्छन्। संघर्षको यो उच्चाइले जनताको मनोबल र उत्साह निकै माथि उठ्छ। त्यसले जन-विद्रोह र दिउँसै शहर-मुक्तिका लागि पूर्वाधारको काम गर्छ।

यो पूर्वाधार तयार भइरहेको बेला पाटनमा चैत्र १७ गते झापामा मण्डलेबाट विद्यार्थी मारिएको घटनाको विरूद्धमा विद्यालय हडताल गर्न लागेका विद्यार्थीहरूलाई प्रहरीले निर्मम दमन गरेपछि त्यो सानो निहुँ प्रहरी र जनताको हिंस्रक-सडक-भीडन्तमा बदलिन्छ। निर्मम प्रहरी दमनको विरूद्ध जनताको आक्रोश प्रहरी-माथि ढुङ्गा प्रहार, पंचायत भवन, अदालत र कर कार्यालय जलाउनुमा अभिव्यक्त हुन्छ। निहत्था जनतामाथि प्रहरीले गोली हानेर २ जना मानिस मारेपछि र थुप्रैलाई घाइते बनाएपछि, अझ घर घर पसेर निर्दोष नागरिकहरूलाई प्रहरीले पक्रन थालेपछि जन-आक्रोश त्यो भन्दा पनि दन्किएर जन-विद्रोहमा बदलिन्छ र यो शसस्त्र किल्लाबन्दी र मुक्त क्षेत्रसम्म माथि उठ्छ।

फागुन ८ गते नै संघर्षको रूप प्रहरीसित सडक भीडन्त, थाना घेर्ने र जलाउने स्तरमा पुगेको कीर्तिपुर प्रहरीको निर्मम र हिंस्रक दमनको प्रतिक्रियामा चैत्र २० गते पाटनकै सिको गर्दै सशस्त्र किल्लाबन्दी र मुक्त-क्षेत्रको स्तरमा उठदछ।

पाटन र कीर्तिपुरमा नै यस्तो हुन सक्नुमा दुबै ठाउँका केही मूलभूत समान विशेषताहरू जिम्मेवार छन्- दुबै ठाउँमा लामो लडाकू राजनैतिक संघर्षको अनुभवको पृष्ठभूमि छ। दुबै ठाउँमा एउटै खालको संस्कृति, भाषा, परिचय-परिवेश भएका किसानहरू एकै ठाउँमा ठूलो संख्यामा गुजमुज्ज भएर बसेका छन्। दुबै ठाउँमा जुझारू वामपन्थी शक्तिहरूको वाहुल्य छ। दुबैमा आन्दोलित र आक्रोशित निहत्था जनतामाथि प्रहरीले रक्तपातपूर्ण आक्रमण गरेको छ। दुबैमाथि समानता भएर पनि फरक के छ भने-कीर्तिपुर आन्दोलनको शुरूदेखि नै जागृत छ, पाटन छैन।

पाटन र कीर्तिपुरको मुक्तिले आन्दोलनले कार्यकर्ता-संघर्षबाट वास्तवमै जन-आन्दोलन र आम-जन-विद्रोहमा फड्को मार्छ। यी घटनाले सिंगै देशलाई आन्दोलित पार्छन् र दिशाबोध गर्छन्। उता शासक वर्गको संकट अब चरम चुलीमा पुग्छ। उसको संकट त्यतिखेर असाध्य बन्दछ जब डाक्टर र स्वास्थ्यकर्मीहरूले गरेको सरकारको अवज्ञाको सिको गर्दै चैत्र १६ उता एक पछि अर्को गर्दै दूर संचार, संचयकोष, वायु सेवा निगम, नेपाल राष्ट्र बैंक, खाद्य संस्थान आदि जस्ता खुकुला खालका संस्थानका कर्मचारीहरू सरकारको "अति जरूरी सेवाका कर्मचारीले हडताल गर्ने नपाइने" भन्ने निर्णयको ठाडो उल्लंघन गर्दै हडतालमा उत्रन्छन् वा उत्रने धम्की दिन्छन्। चैत्र २३-२४ गते पुग्दा सबैजसो संस्थान कर्मचारी, पाइलट, इन्जिनीयर मात्र होइन सरकारको आफ्नै सचिवालयका कर्म-चारीहरूले हडताल गरेर सरकारको राज्ययन्त्रलाई ठप्प पार्दछन्। संचय कोष र बैंक कर्मचारीको आव्हानमा जन-दमन गर्न सरकारसित पैसा नै नहोस् भनेर बैंक र संचयकोषबाट पैसा झिक्नेहरूको लर्को लाग्छ। उता वाममोर्चा र ने.कां. को आव्हानमा जनताहरू तिरो महसूल तिर्न बन्द गर्छन्। यतिखेरै स्विट्जरलैण्ड, पश्चिम जर्मनी र फ्रान्सले आन्दोलनको नेतृत्वको अनुरोधमा आर्थिक सहायता रोक्ने चेतावनीको घोषणा गर्छन् [निदरलैण्डले कार्तिकमै यस्तो सहायता रोक्ने घोषणा गरिसकेको छ] यी घटनाले राजतन्त्रलाई चर्को अन्तर्राष्ट्रिय र आर्थिक दवाब पर्छ। संकटको यही चुलीमा मंत्री परिषदबाट शैलेन्द्र कुमार उपाध्याय, प्रकाश चन्द्र लोहनी जस्ता मुख्य मन्त्रीहरूले (चैत्र १६ गते) राजीनामा दिन्छन् र अरू ठूलो संकट खडा गर्छन्। राजीनामा स्वीकार नगरेर १९ गते ९ जना मन्त्रीहरू मन्त्रीमण्डलबाट हटाइन्छन्। उता चैत्र २२ गते सिराहामा एउटा स्कूलमा रामराजा प्रसाद सिंहको जनवादी मोर्चाको सक्रियतामा एउटा शक्तिशाली बम बिस्फोटन गरिन्छ। राज-तन्त्र विरोधी पर्चा छरिन्छ र जनतालाई निःशुल्क हात हतियारको तालीम लिन आउन आव्हान गरिन्छ।

संघर्षले अब व्यवस्था-विरोधीबाट राजा-विरोधी रूप लिइसकेको छ। संघर्षको रूप दुई ठाउँको जन-विद्रोहबाट आम कर्मचारीको अवज्ञा र विद्रोहको स्तरमा उठिसकेको छ। यो अब आम आर्थिक नाकाबन्दी, चर्को अन्त-र्राष्ट्रिय दवाब र फाटफुट बम-विष्फोटनको स्तरमा उठेको छ। शासक वर्गको सबैभन्दा चर्को संकट के भएको छ भने-उसको कर्म-चारीयन्त्र आफै उसको नियन्त्रणमा छैन।

यो स्थितिमा संकटग्रस्त राजाले आन्दोलनको मुख्य माग पूरा गर्नुको सट्टा दमनको सारा दोष मरीचमानमाथि थोपरेर उसलाई अपदस्थ गर्दै र लोकेन्द्रबहादुरको प्रधान मन्त्रीत्वमा नयाँ मन्त्री मण्डल गठन गर्ने र विपक्षीसित वार्ता गर्ने उपायद्वारा संकट हल गर्ने जमर्को गर्छ। राजाको यो षडयन्त्र र मूर्खतापूर्ण दुस्साहस एकाबिहानै रेडियोमा शाही घोषणामा

सुनेर अत्यन्त रूष्ट र आक्रोशित भएका आन्दोलनकारी जनताहरू घोषणा सुन्ने बित्तिकै सडकमा निक्लिन्छन् र जताततै राजा विरोधी जुलूस गर्न थाल्छन्। उनीहरूको रोष राजधानीमा पुलिस पिट्ने र धपाउने आन्दोलनमा बदलिन्छ। दिउँसो मध्यान्हसम्ममा कतै पनि प्रहरी टिक्ने स्थिति रहँदैन। प्रहरी शक्तिको मूल ध्याउन्ना अब कसरी राजदरबार जोगाउने भन्ने मात्र रहन्छ। जुलूस कतै दर्बारतिर नस्वनियोस् भनेर उनीहरू आफैं अब पहिलेको प्रतिवन्धित टुडिखेल खुल्ला मंच खोली दिन्छन्। काठमाण्डू त्यसरी, अर्कै प्रकारले, मुक्त-क्षेत्रमा बदलिन्छ। तर यो स्थिति धेरै बेर रहन पाउँदैन।

टुँडिखेलमा दिउँसो जनताको ओइरो लागेपछि भीड नियन्त्रण गर्न सक्षम नेतृत्वदायी व्यक्तित्व, शक्तिशाली माइक र निर्दिष्ट लक्ष्य विना नै कार्यक्रम संचालन हुन्छ। वक्तामध्ये एकजना ने.क.पा. (वर्मा) का वक्ताले राजालाई सम्मानसूचक शब्द प्रयोग गरेपछि आक्रोशित भीडले त्यसको तीब्र विरोध गर्छ र भीड अब माइकको अभावमा नियन्त्रणमा रहँदैन। कार्यक्रम उत्तिकै स्थगित हुन्छ। उता पाटन र कीर्तिपुरबाट ठूलो संख्यामा जन-समुदाय आई पुग्छन्। यही अब के गर्ने ठेगान नभएको आक्रोशित भीड प्रहरीको घेरा चिर्दै अब तीनतिरबाट-रानी पोखरी, ठमेल र घण्टाघरबाट-तीन धारा पाकशालाको बाटो हुँदै टुंडीखेल परिक्रमा गरेर फर्किने कोशीस गर्दा दरबार जोगाउने चिन्ताले ग्रस्त र अपार जनशक्तिको ओइरोबाट आतंकित प्रहरी-शक्तिले सर्वप्रथम ४ बजेतिर पहिले तीन धारानेर भीड माथि लाठी चार्ज गर्छ र पछि गोली वर्षा गर्छ। र पछि चारैतिर गोली-वर्षा चल्छ ३ जना विदेशी नागरिक सहित असंख्य आन्दोलनकारी मारिन्छन्। यसरी चैत्र २४ को अभूतपूर्व नर-संहारको घटना घट्छ। गोली-प्रहारबाट आक्रोशित भीड राजा-विरोधी नारा लाउँदै कोही शरद शाहको घर जलाउन पुग्छन्, कोही नगर पंचायत भवन, कोही घाइतेको उद्धार कार्यमा लाग्छन् र कोही सडकमा राजाका "महानवाणी"का साइनबोर्ड जम्मा गरेर आगो लाउन।


साँझदेखि राजासित अब बाँकी अन्तिम राज्यशक्ति-सेना प्रयोग गरेर कर्फ्यू लागु हुन्छ। र त्यो चैत्र २७ गते बिहानसम्म जारी रहन्छ। कर्फ्यूले पाटनको मुक्त-क्षेत्रको स्थितिलाई पनि अन्त गर्छ। जनजीवन अस्तव्यस्त पारेर जन-आक्रोश भने यसले अरू बढाउने काम गर्छ र बाँच्नकै निम्ति कर्फ्यू तोड्नु पर्ने स्थिति पैदा गर्छ। उपत्यकाको केही मूल भागमा कर्फ्यू भए पनि देशको अन्य भागमा चैत्र २७ गते संविधान जलाउने कार्यक्रमको व्यापक तयारी हुन्छ। सिराहा र जनकपुर-क्षेत्रमा त्यो दिन रामराजाको जनमोर्चाको पहलमा बम बिष्फोटन गर्ने कार्यक्रम राखिन्छ।

यता अब आतंकित राजतन्त्र पंचायतकै प्रारूप भित्र "बहुदल" दिने टुंगोमा पुग्छ र वार्ताको निम्ति प्रधानमन्त्रीलाई सक्रिय पार्छ।


# चैत्र २४ गते वीर अस्पतालभित्रको वातावरण

## इमर्जेन्सीका डा. भरत प्रधान र डा. मदन उपाध्यायसंग कुराकानी

ऐतिहासिक जन-आन्दोलनको उत्कर्षको दिन चैत्र २४ गते काठमाण्डौमा भएको वृहद् नर-संहार एउटा भयावह र अविस्मरणीय घटना थियो। बाहिर सडक-चोक विहानैदेखि आक्रोशित भएर सल्बलाईरहेको थियो। खुला-मंच टुँडिलेखमा खचाखच मानिसहरू सभा सकेर सडक-भरी भरीको विशाल जुलूस भएर अघि बढ्दै थिए। अचानक गोली प्रहार हुन थाल्यो। अश्रु ग्याँसले वातावरण ढाकियो। भाग-दौड शुरू भयो। मानिसहरूको भीडमा मानिसहरू घाइतेहरूलाई हात हातमा उचालेर, काँधमा बोकेर अस्पताततिर दौडादौड गर्न थाले। रगतपच्छे भएका घाइतेहरूलाई देख्दा बाँकी मानिसहरू झन झन आक्रोशित भए। राजतन्त्रको विरोधमा जताततै नारा लाग्न थाल्यो। ढुंगा र ईटाले पुलिसहरूमाथि जवाफ फर्काउने काम हुन थाल्यो। एउटा सेतो प्राइभेट कारले करीव करीव २५ ट्रीपभन्दा बढी घाइतेहरूलाई अस्पताततिर ओसार्ने काम गरिरह्यो। टोल टोलमा मानिसहरू घरबाट तल सडक-चोकमा ओर्लेर त्यस नर-संहार घटनाको जानकारी लिने दिने गरिरहेका थिए। वातावरण अत्यन्त तनावग्रस्त र अत्यन्त विस्फोटक थियो।



डा. प्रधान



डा. उपाध्याय

ठीक यतिखेर वीर अस्पतालभित्रको वातावरण कस्तो थियो?

यसबारेमा हामीले वीर अस्पतालमा त्यतिखेर उपचार कार्यमा कायरत दुई जना वरिष्ठ चिकित्सकहरूसँग अलग अलग कुराकानी गरेका थियौं। उहाँहरू हुनु हुन्छ- वीर अस्पताल इमर्जेन्सी विभागका त्यस बेलाका इन्चार्ज डा. भरत प्रधान र महाराजगंज हस्पिटलमा कार्यरत तर त्यतिखेर चाहिं वीर अस्पतालमै रहनु भएका डा. मदन उपाध्याय।

त्यस दिनको घटनाको स्मरण गर्दै डा. भरत प्रधान भन्नु हुन्छ- "बाहिर विहान ११ बजेदेखि नै जुलूसहरू आई नै रहेका थिए। हामी चिकित्सकहरूको विरोध-प्रदर्शनको कार्यक्रम थियो, त्यसैले हामी प्रायः भवन बाहिर नै थियौं। पाटन र कीर्तिपुरको जुलूस समेत आएर जन-समूह झन झन बढ्दै थियो। गणेशमानजी अस्पतालमा उपचारार्थ रहनु भएको थियो। बौद्धिक साथीहरूले उहाँलाई बाहिर निकाल्ने माग गर्नु भयो। मैले तात्कालीन म्याली डि.एस.पी. अच्युत खरेलसंग फोनमा कुरा गरी गणेशमानजीको सुरक्षाको ग्यारेण्टी हामी आफैं लिन्छौं भन्ने बचन दिएँ र त्यसपछि हामीले व्हिल-चियरमा राखेर उहाँलाई छतमा लग्यौं। साथमा मनमोहन अधिकारी पनि हुनु हुन्थ्यो। त्यहाँ उहाँहरू आधा घण्टा भन्दा बढी रहनु भयो। तल सडकको जनसमूदायसँग उहाँहरूले हात हल्लाएर अभिवादन आदान-प्रदान गर्नु भयो। दुवै थरि झण्डाहरू ठड्याइएको उक्त छतबाट उहाँहरू तल कोठामा आउनु भएको एकै छिनमा गोली चलेको आवाज सुनिन थाल्यो। बाहिर दौडादौड हुन थाल्यो। तुरून्तै घाइतेहरूलाई ल्याउने क्रम शुरू भयो। अस्पतालमा आपत्कालीन घण्टी बजाइयो। सबै स्वास्थ्यकर्मीहरू इमरजेन्सी विभागमा जम्मा हुनु भयो।

डा. मदन उपाध्याय भन्नु हुन्छ-"छतबाट

डिल्लीरमण रेग्मीको प्रधान मन्त्रीत्व, वाममोर्चा र ने.कां.का ७-७ जना मन्त्रीहरू र २-२ जना "स्वतन्त्र व्यक्तित्व"हरू मनोनीत गर्ने र यसरी अन्तरिम सरकार पनि बनाउने उसको प्रस्ताव मध्यस्थहरू मार्फत आउँछ।

वाममोर्चाले वार्तालापको निम्ति पूर्वशर्तका रूपमा कर्फ्यू हटाउनु पर्ने र क. रोहित सहित सबै बन्दी छोड्नुपर्ने र संझौता संभव हुनका लागि पंचायती संविधान खारेज हुनुपर्ने (त्यो नभए न्यूनतम रूपमा राष्ट्रिय पंचायत, प.नी.जा.वु.स. र वर्गीय संगठनहरू भंग हुनुपर्ने), बहुदलीयता हुनै पर्ने र सर्वदलीय अन्तरीम सरकार गठन हुनु पर्ने निर्णय गर्छ। र वार्तालापका निम्ति सहाना प्रधान र राधाकृष्ण मैनालीलाई अधिकृत गर्छ।

तर ने.कां. को सर्वोच्च नेतृत्व वाममोर्चाको प्रस्ताव मान्दैन। अहिले नै सबैथोक पाइयो भने पछि केका लागि संघर्ष गर्ने? ने.कां. को सर्वोच्च नेतृत्वले यस्तो वेहूधा तर्कका आधारमा फगत "बहुदल" पाइएमा पनि संझौता गर्ने प्रस्ताव गर्छ। केमा संझौता गर्ने, के मा नगर्ने, प्रष्ट टुंगो नहुँदै ने.कां. को दवावमा होचपोचमै चैत्र २६ गते साँझ वार्तालापका निम्ति दरबार जाने कार्य हुन्छ। उता दरबारमा वार्ता नहुँदै नेपाल टि.भी.ले कृष्णप्रसाद भट्टराईको "जसरी पनि संझौता गर्ने" मनसाय रहेको अन्तर्वार्ता प्रसार गरिसकेको हुन्छ।

ने.कां. को नेतृत्व जन-आन्दोलन जुन उच्चाँइमा पुगेको छ, त्यसको ताकतको आधार मा पहिले सोचेमन्दा पनि बढी प्रजातान्त्रिक हक कसरी हासिल गर्ने भन्ने सवालमा भन्दा पनि जन-आन्दोलनको उच्चाइ र अग्रदिशाबाटै चिन्तित र आतंकित देखिन्छ। यही कारणले जन-आन्दोलन जन-विद्रोहको स्तरमा पुग्दा पनि, चारैतिरबाट राज्ययन्त्र समेत ठप्प भएर राजतन्त्र संकटग्रस्त हुँदा पनि ने.कां.को नेतृत्वले निरंकुश राजतन्त्र र पंचायती व्यवस्था यथावत नै राखेर फगत "बहुदल" प्राप्त गर्ने कुरामा आन्दोलन रोक्न सहमति व्यक्त गर्छ। वाममोर्चाका प्रतिनिधिहरूले वाममोर्चाले दिएको

उत्रेर गणेशमान र मनमोहन अधिकारी कोठामा पस्दै गर्दा नै इमर्जेन्सी घण्टी बज्यो। अस्पतालमा उपस्थित हामी दुवै थरि जुनियर र सिनियर चिकित्साकर्मीहरू हतार-हतार इमर्जेन्सी विभागतिर कुद्यौं। घाइतेहरूलाई ल्याउने क्रम बढ्न थाल्यो। बोकेर, कारमा, एम्बुलेन्समा, स्ट्रेचरमा करीव प्रत्येक ३० सेकेण्डमा एउटाका दरले मृतक वा घाइतेहरू ल्याइन्थे। भूईमा लहरै घाइतेहरू राखिएका थिए। खाली ठाउँ कतै बाँकी थिएन। को मृतक हो र को घाइते मात्र हो- छुट्टयाउनको लागि एक छेउबाट अर्को छेउसम्म पुग्नका लागि हामीले टेक्ने ठाउँ कतै खाली थिएन।"

घाइतेहरू कस्तो कस्तो अवस्थासम्मका थिए? हाम्रो यस प्रश्नको जवाफमा डा. मदन उपाध्याय भन्नु हुन्छ-"अत्यन्त विभत्स दृश्य थियो त्यो। गोली लागेकाहरू कसैको हात छैन, कसैको खुट्टा छैन, कसैको मासुका चौटा नै निस्केका र कतिसम्म भने छातीमा गोली लागेकाहरूको त मुटुबाट रगतको मुल्का नै छुटिरहेको!"

डा. भरत प्रधान भन्नु हुन्छ- "अंग-भंग भएकाहरूको त गन्ती नै भएन। कालीमाटीको महेश भन्ने युवकको पुरै टाउकोको खोपडी नै उछिट्टिएको, गिदी नै बाहिर निस्किएको थियो। एक जना ब्रिटिस नागरिक बोटोमा ल्याउँदा ल्याउँदै मरेका थिए, उनको घाँटीमा अगाडिबाट गोली लागेको थियो। अर्का डच नागरिकको घुँडामा लागेको गोलीले हड्डि समेत पनि विष्फोट गराएको थियो, केही बाँकी थिएन। विरामी होशमा नै थिए। उनलाई संझाई बुझाई ढाढस दिएर पछि अपरेसन गरियो।"

के गोली घुँडामुनि मात्र हान्ने प्रयत्न गरेको जस्तो आभास मिल्थ्यो?

डा. प्रधान भन्नु हुन्छ- "हैन, धेरै जसोलाई गोली छाती, पेट र टाउकोमा लागेको थियो।"

डा. उपाध्याय भन्नु हुन्छ- " ताकी ताकीकन पर्खी पर्खीकन गोली हानिएको थियो, मानौं पंचायती सरकार घटनाको गवाही दिने पनि कोही बाँकी नरहोस् भन्ने चाहन्थ्यो। त्यसैले घुँडामुनि मात्र गोली लागोस् भन्ने नियत हुने कुरै थिएन।"

त्यतिका धेरै संख्यामा घाइतेहरूको उपचार गर्न तपाईंहरूको तयारी पर्याप्त थियो त? - हाम्रो यस प्रश्नको जवाफमा डा. प्रधान भन्नु हुन्छ- " एक हदसम्म त हामी पूर्व-तयारीमा थियौं तर जब घाइतेहरूको संख्याको चाप धेरै नै बढ्न थाल्यो, तब केही मुश्किल पऱ्यो नै। तर पनि सबै चिकित्सकहरू जुटेर लागेकोले हामी धेरै हदसम्म कार्य-संपादन गर्न सक्षम भयौं। त्यतिका मानिसहरूको अपरेसन गर्न चाहिने रगतका लागि त्यहाँ रहेको डाक्टर, नर्स र पारामेडिक्सहरू आदि १४० जनाले तुरून्तै नाम दिनु भयो। रक्तदान-कार्य पनि यसरी तुरून्तै भयो।"

गोली-प्रहारको घटना निकै नै बढ्दै गएको देखी बीरअस्पतालबाट डाक्टरहरूले प्रहार रोक्न लगाउने प्रयत्न पनि गर्नु भयो। यसबारे डा. प्रधान भन्नु हुन्छ- "डा. मदन उपाध्याय, म, डा. भट्टाचार्य, डा. महेश मास्के आदि भएर हामीले यस्तो स्थिति बन्द गर्न सरकारलाई दवाव देऊ भनेर विभिन्न राजदूतावासहरूमा फोन गऱ्यौं।"

यसबारे स्मरण गर्दै डा. उपाध्याय भन्नु हुन्छ- " जर्मन, भारतीय, ब्रिटिश, अमेरिकन दूतावासमा हामीले फोन गऱ्यौं। डा. वसन्तलाल श्रेष्ठले अन्तर्राष्ट्रिय रेडक्रससंग पनि सम्पर्क गर्नु भयो। दूर-संचारका कर्मचारीहरूले यति राम्रो सहयोग गरे कि ट्रंक-शुल्क, डिपोजिट आदिको कुरै नगरी टेलिफोन नंबर पनि आफैले खोजेर उनीहरूले तत्काल लाइन दिए।"

त्यस घडीमा अस्पतालभित्र स्वास्थ्यकर्मीहरूको मनस्थिति र त्यहाँको वातावरण कस्तो थियो? -त्यस प्रश्नको जवाफमा डा. प्रधान भन्नु हुन्छ- "सन्त्राशयुक्त र भयावह वातावरण थियो। कहाँबाट कति घाइतेहरू आउने हुन् अनुमान गर्न गाऱ्हो थियो। हामी चिकित्साकर्मीहरू हृदयदेखि नै अभिप्रेरित भएर काममा जुटिरहेका थियौं। वर्णन नै गर्न नसकिने किसिमको गम्भीरता र आफ्नो कार्यप्रतिको अनुशासन हामीभित्र आफसेआफ पैदा भएको थियो।"

डा. उपाध्याय भन्नु हुन्छ- "हामीभित्र कर्तव्य-वोध र आक्रोश एकै पल्ट छाइरहेको थियो। अत्यन्त ठूलो जिम्मेवारी महशूस गर्दै हामी घाइतेहरूको उपचार गर्दै थियौं।"

त्यो समयलाई संझदा अहिले कस्तो अनुभव हुन्छ?

हाम्रो प्रश्नमा डा. प्रधान- "त्यो अत्यन्त संवेदनशील क्षण थियो। अहिले सँझँदा यस्तो अनुभव हुन्छ भनेर व्यक्त गर्नै गाऱ्हो पर्छ।"

डा. उपाध्याय- "यो मेरो जीवनमा कहिल्यै बिर्सन नसकिने दृश्य र घटनाको रूपमा रहीरहने छ। त्यतिखेरको संझना हुँदा हुने अनुभव वर्णन गर्नै नसकिने प्रकृतिको छ।"□

आदेश विपरीत त्यसैमा सहमति व्यक्त गर्छन्। यसरी चैत्र २६ को संझौता संपन्न हुन्छ र संघर्ष स्थगित भएको घोषणा हुन्छ।

चैत्र २६ गतेको संझौता विचित्र अन्तर विरोधको अभिव्यक्ति थियो। आन्दोलन जन-विद्रोह र मुक्त-क्षेत्रको स्तरसम्म माथि उठिसकेको छ र त्योभन्दा माथि उठ्ने संभावना राख्छ। तर आन्दोलनको नेतृत्वलाई आफ्नै ताकतको बोध छैन। उल्टो ऊ आफ्नै ताकतबाट भयभीत र आतंकित छ। तसर्थ ऊ आन्दोलनलाई जति सक्यो छिटो त्यहीं रोक्ने प्रयत्न गर्छ। आन्दोलनले राजा-विरोधी रूप लिएको छ, र राजाचाहिं चारैतिरबाट संकटग्रस्त छ। तर आन्दोलनको नेतृत्व राजा जोगाउने स्तरमा छ र राजतन्त्रलाई निरंकुश नै राखेर संघर्ष स्थगित भएको घोषणा गर्छ। आन्दोलनको घोषित लक्ष्य "बहुदलीय प्रजातन्त्र" प्राप्त गर्ने रहेको छ। तर त्यो लक्ष्य प्राप्त गर्ने अवसर दैलोमै आइपुग्दा आन्दोलनको नेतृत्व फगत बहुदललाई मात्र भित्र्याएर प्रजातन्त्रको निम्ति ढोका थुन्छ र भन्छ "अहिले नै त्यो सबै प्राप्त भयो भने पछि के काम गर्ने?" चैत्र २६ को संझौता आन्दोलनको नेतृत्वको यही ढुलमुलपन र विडम्वनापूर्ण चेतना-स्तरको परिणाम थियो।

तर वाममोर्चाले त्यो संझौतालाई इन्कार गर्छ र प्रतिनिधिहरूको तीव्र आलोचना गर्छ। सं रा.ज.आ. अरू कठोर आलोचना सहित प्रस्तुत हुन्छ। चैत्र २७ गते संपूर्ण आन्दोलनकारी जन-समुदायले खुल्ला मंचमै नेतृत्वलाई आन्दोलन जारी राख्न दवाब दिन्छ र आन्दोलन जारी राख्नेलाई एक्ल्याउनु पर्छ भन्ने गिरिजालाई नराम्ररी हुटीङ्ग गर्छ। तीव्र जन-दवाबमा परेर आन्दोलनको नेतृत्व चैत्र २७ गते आन्दोलन फेरि जारी नै रहने घोषणा गर्न वाध्य हुनछ। ने.कां. पनि अब आफ्नै कार्यकर्ता समेतको दवाबमा आन्दोलनको एउटा चरण मात्र टुंगिएको, अर्को चरण शुरू भएको घोषणा गर्न वाध्य हुन्छ।

यता राजतन्त्र आफ्नो सत्ताधिकारको न्यूनतम नोक्सानीको मूल्यमा आन्दोलन टुंग्याउने दाउपेंच अप्नाउँछ। र लोकेन्द्र मन्त्री परिषदलाई नै "अन्तरीम सरकार" बनाउने जमर्को गर्छ। तर आन्दोलनकारी जन-समूदायले स्वस्फूर्त रूपमा २०४७ साल बैशाख २ गते रातभरी एकेडेमी घेरेर राजाका मध्यस्थकार र वार्ताकारहरूको सातो लिएपछि लोकेन्द्र बैशाख ३ गते राजीनामा गर्छ र राजतन्त्र आन्दोलनकारी शक्तिहरूलाई समावेश गरेर बैशाख ६ गते अन्तरीम सरकार को गठन गर्न वाध्य हुन्छ।

आन्दोलनको यो चरणले के देखाएको छ भने-नेपालको राजनीतिक आन्दोलनको सफलताको निम्ति मूल समस्या सक्षम नेतृत्वको समस्या हो। २०४६ सालको जन-आन्दोलन नेतृत्वको निरन्तर पकडको कारणले सफलतामा पुगेको होइन। आन्दोलनकारी जन-समुदायको, खासगरी बौद्धिक समुदायको स्वस्फुर्त, सतत र सचेत हस्तक्षेपले मात्र आन्दोलनलाई संकटको विभिन्न मोडबाट बचाएको हो। यहाँ अत्यन्त संकटको मोडमा आन्दोलन हाँक्न समर्थ नेतृत्वको विकासको समस्या एउटा प्रमुख समस्याको रूपमा रहेको छ भन्ने कुरा यो आन्दोलनले विशिष्ट रूपमा देखाएको छ।

आन्दोलनको दौरानमा संघर्षका जुन जुन व्यावहारिक रूपहरू देखा परे ती सबै वर्तमान र भविष्यको आन्दोलनको निम्ति नेपाली भूमिबाट प्राप्त महत्वपूर्ण अनुभवहरू हुन्। सीमित ठाउँका ती अनुभवलाई समग्र रूपमा गंभीर छलफलमा ल्याइनु पर्छ र तिनमा रहेको दोष हटाउँदै तिनलाई भविष्य र वर्तमानको संघर्षको निम्ति प्रस्थान विनदु बनाइनु पर्छ।

आन्दोलनको यो चरणले के सिकाएको छ भने-प्रतिक्रियावादी सत्तालाई धराशायी बनाउन संघर्षका सबै प्रकारका रूपहरू प्रयोग गर्न जरूरी छ। त्यस्ता नयाँ नयाँ रूपहरू आन्दोलनको विकासका दौरानमा जनताको सिर्जनशीलताबाट स्वस्फुर्त रूपमा पनि देखा पर्दा रहेछन्। नेतृत्वको क्षमता के हो भने-एक ठाउँमा प्रभावकारी देखापरेका त्यस्ता रूपहरूलाई उसले छिटो र यथासंभव बढी ठाउँमा व्यापक बनाउन सक्नु पर्दछ। यस्तो गर्न समर्थ हुन ऊसित तीव्र दमनका बेलामा पनि प्रभावी हुने प्रचारयन्त्र र संचार यन्त्र हुनु जरूरी छ। यसले के पनि सिकाएको छ भने-संघर्ष संचालनको कला भनेको कुशल संयोजनको कला हो- विभिन्न ठाउँहरू बीच, सबै सहयोगी शक्तिहरू बीच, संघर्षको मूल र सहायक क्षेत्र बीच, शहर र गाउँ बीच, सूचनाका सबै स्रोतहरूबीच, मुख्य कार्यकर्ता शक्ति र सहयोगी शक्तिबीच। यसले आन्दोलनको बेला मुख्य दुश्मनको सत्तालाई संकटग्रस्त बनाउनका निम्ति आर्थिक नाकाबन्दी, अन्तर्राष्ट्रिय दवाब, राज्ययन्त्रका कर्मचारीहरूको असहयोगको कति महत्व हुँदोरहेछ, त्यो प्रष्टसित देखाएको छ। ती क्षेत्रमा आफ्नो पहुँच कसरी बनाउने, प्रत्येक आन्दोलनकारी शक्तिले ध्यान पुऱ्याउनु जरूरी छ।

यो जन-आन्दोलनले थप के सिकाएको छ भने नेपालमा जन-क्रान्तिको एउटा संभावित बाटो जन-आन्दोलन र जन-विद्रोहको बाटो हुन सक्छ। जन-आन्दोलन र जन-विद्रोहका जुन जुन व्यावहारिक अनुभवहरू यो जन-आन्दोलनले सिकाएको छ ती आगामी जनक्रान्तिको तयारीको निन्ति नेपालकै भूमिमा प्रयुक्त र प्राप्त महत्वपूर्ण मौलिक अनुभवहरू हुन्। यसबाट नेपालका क्रान्तिकारीहरूले सिक्नु पर्दछ। ❑

(लेखमा प्रस्तुत गरिएका प्रस्थापनाहरू यथासंभव तथ्यमा आधारित गराउने प्रयत्न गरिएको छ। कतिपय नयाँ प्रस्थापनाहरू पनि यसमा आएका छन्। यिनीहरूबारे व्यापक छलफल हुनु जरूरी छ भन्ने ठानेको छु

– लेखक)

❑

**तपाईमा कुनै व्यवसाय गर्ने इच्छा छ, सीप छ, जाँगर छ तर पूँजी छैन भने ...**

विभिन्न कृषि सामाग्री / सिंचाइका विभिन्न कार्य/ गोवर ग्याँस प्लाण्ट / मिल स्थापना र संचालन / माछापालन व्यवसाय / तरकारी खेती/ फलफूल खेती / भैंडा, मौरी, चौरीपालन/ वाटर, टर्वाइन परियोजना / गोदामघर, कोल्ड स्टोरेज आदि निर्माणका लागि / साझा सहकारी संस्था / साना किसानहरूलाई विभिन्न कार्य / विभिन्न किसिमका घरेलु उद्योग / बाख्रा, बंगुर, भैंसी, कुखुरापालन / मल, वीउ, किरा मार्ने औषधी/ टयाक्टर, पम्पसेट र अन्य औजार / चिया, अलैंची, अदुवा खेती/ धान, गहुँ, मकै खेती/ मोहीलाई जग्गा खरीद गर्न/ यी मध्ये कुनै व्यवसाय रोज्नुहोस्, ऋण पदन हाम तत्पर छौं।

**कृषि विकास बैंक**
मुख्य कार्यालय, काठमाडौं

# हामी गोला बारूद र हात-हतियार प्रयोगको योजना बनाउन थालेका थियौं!

## संघर्षको कार्यक्रम र योजना या त मा.ले.बाट आउँथ्यो या त चौ.म.बाटै आउँथ्यो।



माधव नेपाल

(तात्कालीन ने क पा (मा.ले.) को जन-आन्दोलन हाइ-कमाण्डका सदस्य)

* *फागुन ७ गते राजाले केही सुधारको घोषणा गरेको भए जन-आन्दोलनको स्थिति कस्तो हुन जान्थ्यो होला?*

आन्दोलनले केही संकटको सामना अवश्यै गर्नुपर्ने थियो, आन्दोलन शुरू हुनु अघि हामीले नेपाली कांग्रेसका नेताहरूसित शायद पुस २२ तिर होला, योग प्रसादजीको घरमा भेटेका थियौं। आन्दोलनलाई कहाँसम्म लाने भन्ने संवन्धमा हाम्रो वार्ता भएको थियो। उनीहरूले पहिलो पटक भने- बहुदल दिएमा संझौता गर्नुपर्छ। हामीले के भन्यौं भने- आन्दोलन शुरू गर्ने हो भने जबसम्म पंचायत व्यवस्था पूरै स्वतम हुँदैन र पंचायती संविधान खारेज गरिँदैन, तबसम्म आन्दोलन रोक्न मिल्दैन। हाम्रो तर्फबाट यसमा अडान लिई सकेपछि- उनीहरूले भैगो त लौ, त्यसै गरौं भनेर सहमति व्यक्त गरे। त्यो भन्दा पहिले उनीहरूले त्यतिखेर राजाले फागुन ७ गते नै केही सुधारको घोषणा गरीदिने हो भने, २-४ दिन किन बढ्ता दुःख गर्ने भन्ने तर्क गरेका थिए। गणेशमान खास केही बोलेननू, अरूको यस्तो विचार थियो। यसबाट के देखिन्छ भने- फागुन ७ गते पंचायती बहुदलको घोषणा गरिदिने हो भने, एउटै झण्डा र एउटै चुनाव चिन्हमा चुनाव लड्न दिने हो भने कांग्रेसले हात छोड्थ्यो। वामपन्थी पार्टीहरू मात्रै आन्दोलनको मैदानमा बाँकी रहन्थे। त्यस्तो स्थितिमा संकटको चाहिं सामना गर्नुपर्थ्यो। संकटलाई कति मात्रामा वामपन्थीहरू मिलेर चिर्न सक्थे, त्यो विचा- रणीय सवाल छ। आन्दोलनमा केही दृढ शक्तिहरू बाँकी रहन्थे, जस्तो मा.ले. र चौ.म., ढुलमुल शक्तिहरू कांग्रेसकै पछि लाग्थे। यसबाट आन्दोलन- कारी शक्तिमा फाटो आउँथ्यो।

* *जन-आन्दोलनमा आएका विभिन्न संकटलाई हल गर्न भूमिका खेल्ने राजनीतिक शक्तिबारे तपाईंको मूल्यांकन के छ?*

विराटनगरमा जब साँढे र कुकुरलाई पहेंलो कपडा बेरेर व्यंग्यात्मक कार्यक्रम भयो त्यसको विरोध गर्ने राजनीतिक शक्तिहरू पनि वाम मोर्चा भित्र थिए- जस्तो वर्मा। हामीले त्यो खालको जुझारू व्यंग्यात्मक कार्यक्रमको समर्थन गर्‍यौं। नेपाली कांग्रेस समेतले त्यसको समर्थन गर्‍यो। आन्दोलनको नेतृत्वको कोर-फोर्समा आन्दोलनलाई टिकाउने विश्वास र दृढता नभएको भए गाह्रो परिसकेको थियो। किनभने तल आन्दोलनको कार्यक्रम सफल भइराखेको थिएन। नेपाली कांग्रेसका नेताहरूले पनि हरेस खाइसकेका थिए। त्यस मध्ये एकजना गणेशमानलाई मान्नुपर्छ किनकि उनले भित्र- भित्रै हरेस खाएतापनि- लगातार आन्दोलन सफल हुन्छ हुन्छ भनेर हौसला बढाइरहेका थिए। सिंगो आन्दोलनकारी शक्तिलाई होइन, कांग्रेसको फोर्सलाई टिकाउन गणेशमानको अडानको ठूलो भूमिका रहेको थियो। अरूहरूको अडान निकै फिका भइसकेको थियो। यता वामपन्थी शक्तिमा अरूको कुनै अर्थ नै थिएन। मा.ले र चौ.म.को नेतृत्वमा जुन दृढता थियो, आन्दोलन सफल पार्न सकिन्छ, आन्दोलनको लागि स्थिति परिपक्व छ, अन्तर्राष्ट्रिय रूपमा स्थिति अनुकूल छ र त्यसैले भित्र यथासंभव कोशिस जारी राख्नु पर्छ, कोशिस गर्दै जाँदा- आत्तिएका-निदाएकाहरूलाई ब्युँझाउन, आन्दोलनमा ल्याउन सकिन्छ भन्ने विश्वास थियो। र उनीहरूको प्रयत्न पनि त्यैतिर परि लक्षित थियो। संकटको बेला आन्दोलनलाई टिकाउन यिनै शक्तिले प्रमुख भूमिका खेलेका थिए।

* *जन-आन्दोलनमा मा.ले. को आन्तरिक तयारी र भूमिका कस्तो थियो?*

हामीलाई के लागिरहेको थियो भने- एक ठाउँमा भएन भने अर्को ठाउँमा आन्दोलन उठाउनु पर्छ। काठमाण्डूबाट संभव भएन भने बाहिरबाट आन्दोलनको उठान गर्नुपर्छ। हामी के देखिरहेका थियौं भने अन्ततोगत्वा काठमाडौंको भूमिका निर्णायक भए पनि आन्दोलनलाई टिकाउनका लागि बाहिरको भूमिका निर्णायक हुन्छ। हाम्रो विश्लेषण के थियो भने लामो समयसम्म आन्दोलन टिकाउन सक्यौं भने, सरकारलाई गिराउन सकिन्छ। सरकारले त्यो स्थितिमा टिक्न खर्चको हिसावले सक्दैन, मनस्थितिको हिसावले पनि सक्दैन, संघर्ष चर्कंदै गएको कारणले पनि सक्दैन। त्यसैले संघर्षलाई लम्ब्याएर लिएर जानु पर्छ भन्ने हाम्रो योजना थियो। अर्को कुरा, दमनले गर्दा संघर्षको चर्को रूप अप्नाउन हामीलाई बाध्य पारिरहेको थियो। त्यसलाई काउण्टर दिनकालागि हामीले केही गोला बारूद र हात हतियार प्रयोग गर्नुपर्छ भनेर योजना बनाउन थालेका थियौं। केही ठाउँमा हिट गर्‍यौं भने शत्रुको मनोबल धस्काउन सकिन्छ भन्ने हामीलाई लागेको थियो। त्यसैले मिलीटचाण्ट संघर्षका रूप अप्नाउनको लागि हामीले योजना पनि बनाइसकेका थियौं र ठाउँ ठाउँमा निर्देशन दिएर पनि धमाधम आइरहेका थियौं। किल्लाहरूको निम्ति हामीले भारतको सीमा इलाकाहरूमा यहाँबाट गएका आन्दोलनकार हिरूको एउटा नेटवर्क नै तयार गरेका थियौं। यसमध्ये हामीले रक्सौलमा यसको हेडक्वार्टर राखेका थियौं। नारायणी अंचलको हाम्रो फोर्स त्यहाँ थियो। अर्को जयनगर र जोगवनीमा पनि त्यसको सम्बन्ध थियो। त्यहाँ वैचारिक र भौतिक दुबै ट्रेनिङ्ग दिने व्यवस्था पनि गरिएको थियो। यसको लागि पारीपट्टिका माओवादी कम्युनिष्टहरूसंग हामीले एप्रोच पनि गरि सकेका थियौं। त्यसपछि "जहाँ आउँछन्, त्यहाँ हिट गर्ने" हाम्रो योजना थियो। हाम्रो नेतृत्वमा- पंचायती व्यवस्था विरूद्ध यो अन्तिम लडाईको रूपमा लैजानु पर्छ भन्ने विश्वास थियो। हामी टिक्न सक्यौं भने स्थितिले निर्णायक मोड लिन्छ भन्ने हाम्रो विश्वास थियो। हामीलाई यसका निम्ति ३६ सालको अनुभवले पनि निकै सघाएको थियो। पाटन र कीर्तिपुर जनताले कब्जा गरिसकेपछि हामीले त धनुषा कब्जा गर्ने योजना पनि बनाइसकेका थियौं।

* *आन्दोलनको दोश्रो चरणमा- आन्दोलन झन्झन् मन्द हुँदै जानुको कारण के थियो?*

कार्यक्रमका हिसावले भन्ने हो भने दमनका कारणले र सिंगो मूल्यांकन गर्ने हो भने- दमनको स्तर मुताविक संघर्षको रूप अप्नाउन नसक्नाले त्यस्तो भएको हो। हामी जुन मिलिट्याण्ट कार्यक्रमको प्रस्ताव राख्थ्यौं, त्यो पहिले वाम मोर्चाका केही घटकहरूले नै अस्वीकार गर्थे। जुन बढ्ता नरम छ, सजिलो र हल्का छ, जुन कांग्रेसले पनि स्वीकार गर्छ भन्ने जस्तो लाग्थ्यो, त्यस्तै स्वालको संघर्षको रूप मात्र पास गर्ने कुरामा बढ्ता रूचि हुन्थ्यो। उत्ता त्यति कार्यक्रम पनि नेपाली कांग्रेसको निम्ति पाच्य हुँदैनथ्यो। त्यसलाई पनि काँटछाँट गरेर, अनि गाँधीवादी कार्यक्रम नेपाली कांग्रेसले राख्थ्यो, अनि त्यस्तो कार्यक्रमंमा सरकारले बेस्सरी दमन गर्थ्यो। स्थितिले पृष्ठभूमिमा बसेर आक्रमण गर्ने कार्यक्रम मागिरहेको थियो।

* *आन्दोलनलाई निर्णयक मोड दिने दौरानमा वाम मोर्चाभित्र आएका संघर्षका मुख्य मुख्य उल्लेखनीय घटना बताउन सक्नुहुन्छ?*

प्रत्येक चरणको कार्यक्रम तय गर्ने दौरानमा यस्तो संघर्ष हुन्थ्यो। प्रत्येक चरणको संघर्षको कार्यक्रम र योजना या त मा.ले.बाट आउँथ्यो, या चौ.म.बाटै आउँथ्यो। कार्यक्रमको रूप-रेखा, सोच नै, भन्ने हो भने पनि, त्यहींबाटै आउँथ्यो। अरूमा संघर्षको बारे ५ु. गेच भएको देखिन्नथ्यो। अझ कार्यक्रमलाई नर· रूप दिने प्रयत्न त्यताबाट हुन्थ्यो। प्रत्येक चरणको कार्यक्रममा उनीहरू कांग्रेसले के भन्छ र के सोच्छ भन्ने कुरामा आफ्नो सोच आधारित गर्थे। वाम मोर्चामा हाम्रो संघर्ष मुख्य केमा हुन्थ्यो भने- हामी के सोचिरहेका छौं, त्यो मुख्य कुरा हो, पहिले हाम्रो धारणा बन्नु पर्‍यो, हाम्रो योजना हुनुपर्‍यो, अनि कांग्रेससित वार्तालाप गरेर संघर्षको साझा कार्यक्रम बनाउने कुरा आउँछ भनेर हामी भन्थ्यौं। यसको तात्पर्य के हो भने- प्रत्येक पटक कांग्रेस परस्त सोसित नै हाम्रो संघर्ष हुन्थ्यो। संघर्ष गर्ने हुन्थे- मा.ले. र चौ.म. नै। कांग्रेस अनुकूल सोच्ने होइन, हाम्रो आफ्नै पोश्चर हुनुपर्छ, स्वतन्त्र चिन्तन र योजना हुनुपर्छ भन्ने हाम्रो अडान हुन्थ्यो।

❐

# चैत्र २४ गते हामीले लिएको नारा र राजनीतिले नै विशेष रूपले काम गर्‍यो। पूर्ण रूपले बुर्जुवा स्वालको संसदीय व्यवस्था आओस् भन्नेमा हाम्रो जोड रह्यो!

बाबुराम भट्टराई
(तात्कालीन संयुक्त राष्ट्रिय जन-आन्दोलनका संयोजक)

* *स.रा.ज.आ. को प्रमुख राजनीतिक माग के थियो?*

आन्दोलनको त्यतिखेरको परिवेश पंचायती व्यवस्था विरोधी भएकोले पार्टी स्वतन्त्रताको माग नै त्यतिखेर प्रमुख राजनीतिक मागको रूपमा उठाएको थियो। यस बाहेक राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मागलाई पनि हामीले उठाएका थियौं। पार्टी-स्वतन्त्रताको नारा अरूले पनि उठाएका थिए। तर अरूले संसदीय व्यवस्थाको परिधिमा उठाएका थिए। हामीले जनताको जनतन्त्रको परिवेशमा उठाएका थियौं।

* *पार्टी स्वतन्त्रताको निम्ति आन्दोलन उठाउन यही समय रोज्नुको कारण चाहिं के थियो?*

त्यतिखेरको राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको अनुकूलता र कांग्रेस लगायतका शक्तिहरूले पनि बहुदलीय संसदीय व्यवस्थाको माग उठाइरहेको सन्दर्भमा हामीले यो समय रोजेका थियौं।

* *पार्टी स्वतन्त्रताकै निम्ति आन्दोलन उठाउनु थियो भने, त्यो माग त अरूले पनि उठाएका थिए। साझा-मागमा उनीहरूसितै मिलेर उठाउने र बेसाझा मागमा आफ्नो मंचबाट उठाउने नीति अप्नाउनु उचित र संभव हुँदैनथ्यो? यही मागमा अलग्गै मंच बनाउनु किन जरूरी भयो?*

पार्टी स्वतन्त्रताको नारामा साझा-मंच बनाउनु बिल्कुलै संभव हुन्थ्यो। वामपन्थी-हरूको बीचमा पहिले नै कुराकानी भएर कुन कुन कुरा साझा-मंचबाट उठाउने, कुन कुन अलग्गै आफ्नो मंचबाट उठाउने भन्ने



समझदारी भएको भए निक्कै राम्रो हुन्थ्यो। तर जुन वाममोर्चा गठन भयो, त्यो वामपक्ष बीच कसरी सहमति बनाउने भन्दा कांग्रेससंग कसरी सहमति बनाउने भन्ने हिसावले गठन भयो। उसले शुरूमा नै कतिपय वामपक्षलाई कुराकानीमा बोलाएन। त्यसले संसदीय वहुदलीय व्यवस्थाप्रति प्रतिवद्धता जाहेर गरेर आफ्नो कार्यक्रम तय गर्‍यो। त्यसो भएपछि क्रान्तिकारी माक्र्सवादीहरू त्यसैमा सीमित भएर, संसदीय बहुदलीय व्यवस्थाप्रति प्रतिवद्ध भएर मोर्चामा बस्न मिल्दैनथ्यो। त्यस्तो भएकाले मात्र साझा मंच बनाउन नमिलेको हो र अलग्गै मंच बनाउन परेको हो।

* *तर वाममोर्चाको माग त "संसदीय व्यवस्था" हैन त। यसले त बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको मात्र माग गरेको छ। के बहुदलीय प्रजातान्त्रिक व्यवस्था भन्नु नै संसदीय व्यवस्था हुन्छ र (यद्यपि यसभित्रका केही घटकहरूको तात्पर्य त्यही हुनसक्छ)?*

बहुदलीय प्रजातान्त्रिक व्यवस्था भनेकै संसदीय व्यवस्था हो, अहिलेको आम-अर्थमा बुझिने। त्यसप्रति प्रतिवद्धता जाहेर गर्नु भनेको दीर्घकालीन राजनीतिक हिसावले

कम्युनिष्टहरूको निम्ति संशोधनवादप्रति प्रतिवद्धता जाहेर गर्नुहुन्थ्यो। त्यसैले सिद्धान्ततः नै त्यसप्रति प्रतिवद्ध हुन मिल्दैनथ्यो।

* *पार्टी स्वतन्त्रता र बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा सारमा अन्तर के छ?*

बहुदलीय प्रजातान्त्रिक व्यवस्था भन्यो कि बुर्जुवा संसदीय व्यवस्था बुझिन्छ, आम-अर्थमा। यो व्यवस्थामा प्रतिवद्ध भए पछि त्यसलाई निषेध गरेर नयाँ-जनवादी व्यवस्थामा अर्थात जनताको जनतन्त्रमा अघि बढ्नको निम्ति अंकुश हुन जान्छ। पार्टी स्वतन्त्रता मात्रको कुरामा भने त्यस्तो खास आपत्ति होइन।

* *स.रा.ज.आ. ले आफ्नो स्वतन्त्र पहलका खास कार्यक्रम चाहिं के के गऱ्यो?*

कार्यक्रम त हाम्रो चैत्र ५ को देशव्यापी सभाको कार्यक्रम हो। अनि चैत्र २४ गतेको नेपाल-बन्दको कार्यक्रम हो, जसमा पछि सबै सम्मिलित भए। हामीले कार्यक्रमलाई संयुक्त पारेर संयोजित गरेर लाने प्रयत्न गऱ्यौं। अर्को पक्षबाट त्यो हुन सकेन। हाम्रो मुख्य जोड चाहिं के रहचो भने- खालि पंचायती व्यवस्थाको मात्र होइन, त्यसको मुख्य नेतृत्व, जुन राजा र राजतन्त्रमा छ, त्यसको विरूद्ध आन्दोलन बढेर जाओस्। पंचायती व्यवस्थाको साथसाथ त्यसको नेतृत्व, जुन राजतन्त्र थियो, त्यसको आधार कमजोर पारेर त्यसलाई पनि नष्ट पार्ने र त्यो व्यवस्थालाई टिकाउने अन्तर्राष्ट्रिय आधारलाई पनि कमजोर पार्ने दिशातिर हामीले आन्दोलनलाई लाने प्रयत्न गऱ्यौं। चैत्र २४ गते गणतन्त्रको पक्षमा जुन नारा लाग्यो, त्यसमा राजनीतिक रूपले हामीले लिएको नारा र राजनीतिले नै विशेष रूपले काम गऱ्यो भन्ने हामीलाई लागेको छ, यद्यपि त्यसमा स्वस्फुर्तताको पनि ठूलो हात थियो। हाम्रो मुख्य योगदान भनेको जुन सीमित प्रकारको बहुदलीय व्यवस्थापछि कायम भयो, त्यसको ठाउँमा पूर्ण रूपले बुर्जुवा खालको संसदीय व्यवस्था आओस् भन्ने कुरामा हाम्रो जोड रहचो।

* *वास्तविकता के होला?- स.रा.ज.आ. को राजनीतिक नाराको प्रचारले पैदा गरेको सचेतनताले गर्दा राजा विरोधी नारा लागेको हो कि, राजाको अत्यधिक दमनको प्रतिक्रियास्वरूप त्यो नारा स्वस्फुर्त रूपमा जनताबाट लागेको हो?*

वास्तविकता दुइटै हो। संयोग के पऱ्यो भने- नेपाल-बन्दकै दिन राजाले बिहान जुन सीमित खालको फेरबदल गरेर पंचायती व्यवस्थालाई नै टिकाउने काम गरे, त्यसले पैदा गरेको आक्रोशले पनि काम गरेको हो। त्यसैले सचेतन पक्ष र बस्तुगत पक्ष दुईटैको संयोग हुन गएको हो।

* *के स.रा.ज.आ. मैदानमा नभएको भए यो नारा लाग्ने थिएन?*

यो Hypothetical प्रश्न भयो। तर सचेतन पक्षले बढी काम गऱ्यो भन्ने मेरो भनाइ हो। बिहानैदेखि स रा ज आ का मान्छेहरूले, कार्यकर्ताहरूले राजा विरोधी जुलूस-नारा गरेका थिए, त्यसले केही काम गऱ्यो भन्ने त जस्तोसुकै पूर्वाग्रहीले पनि स्वीकार्नै पर्छ।

* *तर त्यो नारा त चैत्र १६ को Black out देखि नै र चैत्र १८ को पाटन कब्जाको दिनदेखि नै आम रूपमा लाग्न शुरू गरेको हैन र?*

अवश्य पनि छिटफूट रूपमा जनताले त्यो नारा लाउन शुरू गरेका हुन्। चैत्र २४ देखि नै शुरू भयो, त्योभन्दा अघि त्यस्तो राजा-विरोधी नारा लाग्दै लागेन, जनतामा राजतन्त्र विरोधी भावना थिएन, भन्न मिल्ने कुरा नै होइन। तर त्यो परिमाणमा जुन जुलूस भयो, नारा लाग्यो, त्यो मात्रै सचेतन पक्षको काम हो भन्ने लागेको हो भनेर स्वीकार्नु पर्छ भनिएको हो।

* *यदि सचेतन पक्षले त्यति धेरै भूमिका खेलेको भए जुलूसको नेतृत्व गर्नमै उसले भूमिका खेलेको भए, त्यो दिन जन समूदायलाई नेतृत्व गरेर दरवारतिरै लैजाने जुन काम भयो र जुन नरसंहार भयो, त्यो उचित कदम थियो? के त्यो भन्दा बेश अर्को विकल्प थिएन?*

दरवारतिरै लैजाने भन्ने कुरो होइन। राजा-विरोधी भावनालाई प्रस्फुटित गर्ने, अभिव्यक्त गर्ने भन्ने एउटा पक्ष हो। राजतन्त्रसितै जुध्ने भन्ने पक्ष अर्को हो। त्यसरी राजतन्त्रसित जुध्न जाने भन्ने कुनै योजना पनि थिएन। त्यसरी जानु तात्कालीन सन्दर्भमा उपयुक्त पनि हुँदैनथ्यो।


* *चैत्र २४ गतेको जुलूस आयोजित थियो भन्ने दावी बारे नि? के त्यो आयोजित थियो?*

रत्नपार्कसम्मको आयोजित नै थियो। त्योभन्दा उताको जुलूसमा स्वस्फुर्तता थियो। त्यसमा कार्यकर्ताहरूले आफ्नो प्रकारले पहल गरे होलान्। त्यसमा स.रा.ज.आ. को तर्फबाट जुलूस जहाँ लानुपर्छ भनिएको थियो, त्यहाँ लाने योजना चाहिं थियो।☐


बजारमा उपलब्ध छ-

अन्तर्क्रिया प्रकाशनको प्रस्तुति

भोकका कैदीहरूसंग
(कविता-संग्रह)
– महेश मास्के


"ONE OF THE WORLD'S BEST BEERS."
San Miguel BEER
San Miguel® BEER
Expertly brewed by Mt. Everest Brewery Pvt. Ltd.
under licence and supervision of San Miguel Corporation, Philippines.
TS McCann/MEB/391




# प्रोफेशनल सोलिडेरिटी समूह र जन-आन्दोलनमा बौद्धिकहरूको सहभागिता।

डा. महेश मास्के

नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले संयुक्त रूपमा आव्हान गरेको र स.रा.ज.आ. (संयुक्त राष्ट्रिय जन-आन्दोलन)ले अलग्गै रहेर पनि संघर्षमा साथ दिएको ऐतिहासिक जन-आन्दोलनमा जनताको संघर्ष-चेत अभूतपूर्व ढंगले सक्रिय भएको थियो। आन्दोलनको बागडोर सम्हालेका नेताहरूको योजना र निर्देशनसंग निकट संवन्ध राखेर पनि स्वतन्त्र रूपले क्रियाशील जनताको स्वतःस्फूर्त र सामूहिक विवेकले त्यस्ता कतिपय महत्वपूर्ण घटना घटाए, जसले निरंकुश राजतन्त्र र पंचायती व्यवस्थामाथिको प्रहारलाई तीव्र र निर्णायक बनाउन सहयोग पुऱ्यायो।

आन्दोलनमा बौद्धिक र पेशागत समूदायहरूको सहभागिता र योगदान-जसको उत्कर्ष चैत्र ७ गते थियो- यस्तो एउटा पक्ष हो जसले आन्दोलनको विकासमा थप उर्जा प्रदान गऱ्यो, राष्ट्रिय अन्तरराष्ट्रिय स्तरमा पंचायती तानाशाहहरूको जन विरोधी अनुहार नंग्याएर आन्दोलनको लागि व्यापक समर्थन जुटायो र पाटन, कीर्तिपुर, भक्तपुर, काठमाण्डौं लगायत उपत्यकाभित्र र बाहिर जन विद्रोहको मानसिकता तयार गर्न प्रेरणाको काम गऱ्यो। आन्दोलनमा पेशागत सहभागिताको स्वतःस्फूर्तताको बीच मूर्त रूप लिदै गएको "प्रोफेशनल सोलिडेरिटी समूह" (प्रोसेस) जन-आन्दोलनको अहम् महत्वका पक्षहरूमा बौद्धिक जगतको प्रतिनिधित्व र नेतृत्व गर्न पुगेको थियो। चैत्र ७ गते त्रि.वि.हल कीर्तिपुरको विचार-गोष्ठीको आयोजना मात्र हैन, चैत्र २६ गतेको संझौताको सन्दर्भमा प्रोसेसले निर्वाह गरेको सचेतकको भूमिका र त्यतिबेला दिएका सुझावहरू ऐतिहासिक महत्वका छन्। आन्दोलनको एक महत्वपूर्ण शक्तिको रूपमा "प्रोफेशनल सोलि-डेरिटी समूह"ले आफ्नो स्थान बनाएको कारणले गर्दा यसका दुई संस्थापक व्यक्तित्व डा. देवेन्द्र राज पाण्डे र डा. मथुराप्रसाद श्रेष्ठ अन्तरिम सरकारका अर्थमन्त्री र स्वास्थ्यमन्त्रीमा नियुक्त हुन पुग्नु भएको थियो। अन्तरिम सरकारको गठनपछि पनि पंचायतका निकायहरू खारेज गर्न, अपराधीहरूलाई सजाय गर्न र सार्वभौम सत्ता जनतामा निहित रहने संविधानको लागि सडक-आन्दोलन श्रृजना गर्न यस समूहले खेलेको महत्वपूर्ण भूमिका विस्तारपूर्वक बाहिर आएका छैनन्। जनताका इतिहासकारहरूको यसतर्फ ध्यान जानु आवश्यक छ। यहाँ "प्रोसेस"को जन्मदेखि अन्तरिम सरकारको एक हप्तासम्मको गतिविधिबारे एक सानो चर्चा मात्र गर्ने प्रयत्न गरिएको छ।

जुन दिन भक्तपुर हत्याकाण्ड र "डम डम" बुलेट प्रयोगका विरूद्ध सर्वप्रथम चिकित्साशास्त्र अध्ययन संस्थानका स्वास्थ्यकर्मीहरू हातमा कालो पट्टी बाँधी विरोधमा उत्रेका थिए, त्यही दिन २०४६ साल फागुन १२ गते दिउसो तात्कालीन प्रधानमन्त्री मरिचमानको निवासस्थान बालुवाटारमा १४।१५ जना बौद्धिक व्यक्तित्वहरू विरोध-पत्र दिन भेला भएका थिए। नेपालका विभिन्न मानव-अधिकार संगठनहरू (HURON, FOPHUR, बार मानव अधिकार शाखा) आदि मिलेर बनेको संयुक्त कमिटी, जसको संयोजक डा. देवेन्द्रराज पाण्डे हुनु हुन्थ्यो, को तत्वावधानमा त्यो विरोध-पत्र दिने कार्यक्रमको आयोजना गरिएको थियो। मरिचमानसँगको करीव २ घण्टा लामो चर्को बहसपछि फर्केर डा. पाण्डेको घरमा जन-आन्दोललाई कसरी सहयोग पुऱ्याउने भन्ने विषयबारे चिया खाँदै छलफल-विचार विमर्श भएपश्चात डा. पाण्डेको घर आन्दोलनप्रति चिन्तित बौद्धिकहरूको सम्पर्क थलो हुन थाल्यो। HURON को कार्यवाहक अध्यक्षको हैसियतले देशभित्र राज्यद्वारा गरिएको दमन र आतंक-बारे अन्तर्राष्ट्रिय संचार माध्यमलाई अवगत गराउने कार्यभार सम्हाल्नु भएकोले पनि उहाँको घर विभिन्न पेशामा सक्रिय व्यक्तिहरूको भेट्ने ठाउँ हुन थालेको थियो। त्यतिबेला विभिन्न पेशाका मानिसहरू सडकमा उत्रेर विरोध प्रदर्शन गर्न थालिसकेका थिए। चिकित्सकहरू सबैभन्दा बढी आन्दोलित थिए।


*डा. महेश मास्के*

डा. मथुराप्रसाद श्रेष्ठलाई एक पटक पक्रे पनि स्वास्थ्यकर्मीहरूको दबाबले गर्दा उहाँलाई छोड्न सरकार बाध्य भएको थियो। वीर अस्पतालका चिकित्सकहरू र स्वास्थ्यकर्मीहरूले कालोपट्टी बाँधेका हुनाले उनीहरूमाथि सरकारी कारबाहीको धम्की आएको थियो। इन्जिनियर्स एशोसियसनले आन्दोलनको समर्थनमा बक्तव्य निकालेको थियो। वकिलहरूले कालो पट्टी बाँधी मौन जुलुस निकालेका थिए। प्राध्यापकहरू आफ्नो पेशागत स्थानबाट आन्दोलनमा सक्रिय थिए। राजनैतिक

नेतृत्वको योजनावद्ध कार्यक्रमबाट पेशागत संस्था र व्यक्तिहरूको स्वतः स्फूर्ततातिर ढल्किदै गएको आन्दोलनको त्यस महत्वपूर्ण घडीमा विभिन्न पेशागत समूहहरूका क्रियाकलाप बीच संयोजन र ऐक्यवद्धता बस्तुगत आवश्यकता हुँदै गइरहेको थियो।

त्यही परिप्रेक्ष्यमा डा. पाण्डे, राधेश्याम अधिकारी (वर्तमान बार अध्यक्ष), डा. अर्जुन कार्की र यो लेखकसमेत चार जना बीच छलफल भई संयुक्त जन-आन्दोलनको स्पिरिट अनुरूप विभिन्न पेशारत कांग्रेस र वामपक्ष दुबैका समर्थक एक एक जना प्रतिनिधि व्यक्तिहरूको बैठकडाक्ने निधो गरी उनीहरूलाई निम्त्याउने कार्य-विभाजन भयो। त्यस अनुसार फागुन २४ गते डा. पाण्डेको घरमा पेशागत समूहको पहिलो बैठक बस्यो, जसले छलफलपछि एउटा प्रेस वक्तव्य प्रकाशित गरेको थियो। वक्तव्यमा हस्ताक्षर गर्नेहरूमा डा. देवेन्द्रराज पाण्डे र डा. मथुराप्रसाद श्रेष्ठका अतिरिक्त प्राध्यापकहरूबाट प्रा.वि.सि.मल्ल र राममान श्रेष्ठ, इन्जिनियरबाट डा. बाबुराम भट्टराई ( तात्कालीन स.रा.ज.आ.का प्रवक्ता) र जीवराज पोखरेल, डाक्टरहरूबाट डा. मधु घिमिरे, डा. महेश मास्के, शिक्षकहरूको तर्फबाट देवीप्रसाद ओझा र हरिप्रसाद रिसाल, वकिलहरूका तर्फबाट राधेश्याम अधिकारी र मुक्तिप्रधान, पारा मेडिकल तर्फबाट केदार बस्नेत र श्याम कँडेल, ओभरसियरहरूका तर्फबाट राजेन्द्रप्रसाद अधिकारी, पत्रकारहरूका तर्फबाट शक्ति लम्साल, नर्सबाट मीना पौडेल लगायत अन्य व्यक्तिहरूमा आनन्ददेव भट्ट, गोविन्द न्यौपाने, डा. अर्जुन कार्की, डा. भोगेन्द्र शर्मा, चन्द्रमणि न्यौपाने केदारप्रसाद कोइराला र दीर्घराज कोइरालाको पनि उपस्थिति थियो। प्राध्यापकहरूका तर्फबाट हस्ताक्षर प्रा.वि.सि.मल्ल र डा. राममान श्रेष्ठले गर्नु भएतापनि उहाँहरूको प्रतिनिधित्व क्रमशः बसन्त गौतम र चन्द्रराज ढुंगेलले गर्नु हुन्थ्यो।

जन-आन्दोलनमा पेशागत समूहहरूको सहभागितालाई योजनाबद्ध र संगठित गर्न त्यस मेलाको समभ्कदारी र त्यसपछिका क्रियाकलापहरूले महत्वपूर्ण भूमिका खेल्यो। त्यतिबेला शहरभित्र आन्दोलन सेलाउँदै गएको थियो र आन्दोलनलाई गाउँमा विस्तार गर्ने प्रयत्न सफल भइरहेको थिएन। यस परिप्रेक्ष्यमा चैत्र १० गते "जन ऐक्यवद्धता दिवस"को रूपमा मनाउन आन्दोलनको संयुक्त नेतृत्वबाट जनतालाई अपील गरियो। पेशागत समूहहरू जुलूस निकालेर जनतासँगै सडकमा उत्रिऊन भन्ने नेताहरूको आग्रह थियो। यस संबन्धमा सहयोग पुऱ्याउन "प्रोफेशनल सोलिडेरिटी समूह"ले बौद्धिकहरूको दायित्वबारे विचार-गोष्ठी गराउने निर्णय गऱ्यो। पहिले त्रिचन्द्र क्याम्पसमा गर्ने भन्ने सोचिएको विचार गोष्ठीको स्थलबाट चैत्र ३ गते लेखक-कलाकारहरूलाई

# कानून व्यवसायीहरूको सहभागिता

आफूले जुन राजनैतिक विचार बोके पनि सामान्यतया कानूनी-राज्य, मानव अधिकार र स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रति प्रायः आम-सहमति जनाउँदै आएका कानून व्यवसायीहरू अन्य पेशागत क्षेत्रभन्दा बढी राजनीतिक रूपले खुलेर २०४५ असोज महिनादेखि नै जन-आन्दोलनको पक्षमा उत्रेका देखिन्छन्। सो समयमा भएको चौथो कानून व्यवसायी सम्मेलनले सर्वसम्मतिले "बहुदलीय प्रजातान्त्रिक प्रणाली अपरिहार्य छ" भनी प्रस्ताव पारित गरेको थियो। यस घटनाले पंचायती सरकारलाई निकै ठूलो नैतिक वज्र-प्रहार गरेको थियो। जन-आन्दोलनको पक्षमा वातावरण तयार गर्नमा यसको उल्लेखनीय योगदान रहेको देखिन्छ।

जन-आन्दोलनको प्रारंभ हुनु अघि देखि नै कानून व्यवसायीहरूलाई ठाउँ ठाउँमा गिरफ्तार गर्न सरकारले थालेको थियो। माघ २६ गते नेपाल बार एशोसिएसनको बैठकले तय गरे अनुसार फागुन ९ गते अधिराज्यभरका अदालतहरूमा वहस पैरवी वहिस्कार गरी विरोध जनाउने कार्यक्रमको सफलता र फागुन २२ गतेको सर्वोच्च अदालतमा कानून व्यवसायीहरूद्वारा कालो पट्टी सहितको मौन विरोध प्रदर्शनको सफलताले मुलुकका अन्य वौद्धिक जमातहरूलाई "तताउने" काममा ठूलो भूमिका खेलेको थियो। चैत्र ७ गते कीर्तिपुरको विचार गोष्ठीमा सहभागी भएको तीन दिनपछि १० गते तात्कालीन मध्यमांचल क्षेत्रिय अदालतमा आयोजित विरोध प्रदर्शनको स्तर चैत्र १९ गतेमा पुग्दा सर्वोच्च अदालतदेखि सिंहदरवारसम्म जुलूस गरी प्र.मं.-लाई विरोध-पत्र दिने हदसम्म माथि उठेको देखिन्छ।

चैत्र २४ गतेको निर्णायक दिनमा कानून व्यवसायीहरूको विहान ११:०० बजेदेखि जमलबाट शुरू भएको मौन जुलुसलाई यसको गन्तव्य-स्थल सर्वोच्च अदालत पुग्न नदिई घण्टाघरबाट संपूर्ण सहभागीलाई तीन वटा ट्रकमा राखी महेन्द्र पुलिस क्लबमा थुन्ने काम पंचायती सरकारले गऱ्यो। बाहिर जनताको व्यापक सहभागिता बढ्दै गई सरकारको नियन्त्रणमा स्थिति नरहेपछि २ घण्टा पछि नै उहाँहरूलाई छोड्न सरकार वाध्य भयो। छोडेपछि शुरू भएको जुलुस सर्वोच्च अदालतमा पुगी आमसभा गरी टुँडिखेल फर्केको केही समय पछि नै चैत्र २४ गतेको नरसंहारको घटना घटेको थियो।



कानून व्यवसायीहरूद्वारा काठमाण्डौ र देशका अन्य विभिन्न स्थानमा जन-आन्दोलनको पक्षमा भए गरेका कामहरू मध्ये एउटा महत्वपूर्ण काम थियो - जन-आन्दोलनको क्रममा गिरफ्तार भएका वन्दीहरूको निम्ति निःशुल्क रूपले प्रदत्त कानूनी सेवा।

यस कार्यले जन-आन्दोलनमा संलग्न संपूर्ण व्यक्ति र समुदायहरूमा आत्मीय ऐक्यवद्धता प्रवर्द्धन गर्नमा प्रसंशनीय योगदान गऱ्यो।

चैत्र २७ गते नेपाल बार एशोसियसनले सविधान सभा, अन्तरिम सरकार र राजवन्दी रिहाइको मागमा एवं पंचायती निकायहरू तुरून्त भंग गर्नु पर्ने मागमा तुरून्तै संघर्ष गर्नु पर्ने आवश्यकता औंल्याईं दिएको वक्तव्यले पनि समयमै नेतृत्व र जनतालाई सचेत गराउनमा ठूलो योगदान गरेको थियो। ❐

– हरिगोविन्द लुईंटेल

प्रक्रिएपछि उपयुक्त नठानिएकोले चिकित्साशास्त्र अध्ययन संस्थान वा कीर्तिपुर क्याम्पसमा सार्ने समझदारी भयो। चि. शा. अ. संस्थानमा पनि त्यसको आयोजना हुन नसक्ने भएपछि कीर्तिपुर अडिटोरियममा त्यसको व्यवस्था गरियो। प्राध्यापक-संघको क्रियाकलापको लागि मात्र हल उपलब्ध हुने प्राविधिक कठिनाइ भएकोले प्राध्यापक साथीहरूले "प्राध्यापकसंघद्वारा आयोजित" कार्यक्रम भनी हल हात पार्नु भएको थियो।

चैत्र ७ गते विचार गोष्ठीमा भेला भएका करीव ७०० जना प्राज्ञ र वुद्धिजीवीहरूलाई गिरफ्तार गरेर पंचायती शासकहरूले जनु दुर्नाम कमाए, त्यो इतिहासको पृष्ठमा सुरक्षित छ। तर त्यति बेलाका केही रोमाञ्चक क्षणहरू विस्तारसाथ चर्चामा आएका छैनन। डा. मथुर प्रसाद श्रेष्ठ बोलिरहेको बेलामा हलभित्र पुलिस प्रवेश गरेर जवरजस्ती सभालाई रोक्न खोज्दा सभा संचालक नरहरि आचार्यले संपूर्ण हाउसलाई एक मिनेट खडा हुन अनुरोध गरेर पुलिस हस्तक्षेपको संयमपूर्ण तर सशक्त प्रतिकार गर्नु भएको थियो। तत्पश्चात "प्रोशेस"को तर्फबाट तयार गरिएको "वौद्धिकहरूको अपील" डा. कमल कृष्ण जोशीले पूरा पाठ गर्नै नपाई प्रहरीले बल प्रयोग गर्ने धम्की दिएकोले हाउसले त्यो अपीललाई पूरा नसुनीकनै पनि तालीको गड्गडाहटले सभाकक्ष थर्काउँदै स्वीकृति प्रदान गरेको थियो।

त्यस घटनामा गिरफ्तार भई जेल चलान गरिएका व्यक्तित्वहरूमा डा. मथुरा प्र. श्रेष्ठ, नर्स मीना पौडेल, प्यारामेडिक्स् केदार बस्नेत आदिलाई चिकित्सा क्षेत्रको प्रचण्ड दवावले गर्दा केही समयपछि रिहा गरियो तर डा. देवेन्द्र राज पाण्डे, नरहरि आचार्य लगायत अन्य व्यक्तिहरू चैत्र २६ गतेको अघिल्लो दिन मात्र रिहा हुनु भयो। त्यस अवधिमा रिक्त स्थानलाई नयाँ साथीहरूबाट पूर्ति गर्दै "प्रोशेस"ले आफ्ना गतिविधिहरूलाई जारी नै राख्यो।

यसका निम्ति डा. मधु घिमिरे, कल्याणदेव भट्टराई, प्रकाशचन्द्र जोशी, डा. मदन उपध्यायको योगदान विशेष रूपले उल्लेखनीय छ।

चैत्र २४ गते मरिचमानलाई फेरेर लोकेन्द्रबहादुर चन्दलाई ल्याई जनता झुक्याउने कुटील चाल चलेको पंचायती तानाशाहहरूलाई २ लाख भन्दा बढी जनताले सडकमा उत्रेर खबरदारी गरेपछि र सयौं शहीदहरूले आफ्नो प्राण आहुति दिएपछि चैत्र २६ गते राति राज-तन्त्र बहुदलको घोषणा गर्न बाध्य भयो। बहुदल पाएको उल्लासमा जनता कर्फ्यू तोडेर सडकमा खुशी मनाउन उत्रिए। तर त्यतिबेला पंचायतको अन्त भैसकेको थिएन, लेकेन्द्र बहादुर चन्दको सरकार अझै सत्तामा कायम थियो। "प्रोसेस" त्यतिबेला सचेतकको दायित्व निर्वाह गर्ने, नेताहरूको खवरदारी गर्ने जनताको प्रहरी बनेको थियो। संयुक्त जन-आन्दोलनका नेतृत्वहरूको योगदानको उचित कदर गरेर पनि "प्रोसेस"ले "२०४६ चैत्र २६ गते राति राजदर वारबाट प्रकाशित भएको विज्ञप्ति र त्यसका संवन्धमा नेपाली कांग्रेस र वाममोर्चाका नेताहरूले प्रकट गरेको अभिव्यक्तिले नेपाली जनताले जन-आन्दोलनको क्रममा देखाएको गौरबपूर्ण उत्सर्गलाई बेवास्ता गरेको" ठहर गऱ्यो र जन-आन्दोलनको उपलब्धी दरवारको जाल-झेलबाट बिथोलिन पुगेमा आन्दोलनको नेतृत्वलाई पनि "नेपाली जनताले इतिहासका क्रममा देखिँदै आएका असंवेदनशील शासकहरूलाई जस्तै कठघरामा उभ्याउने छन" भन्ने चेतावनी दिएको थियो।

उल्लिखित सुझावहरू मध्ये केही महत्वपूर्ण बुँदाहरू संयुक्त नेतृत्वले जारी गरेको विज्ञप्तिमा प्रष्ट रूपले नआएको हुनाले कम्तिमा पनि ३ वटा मुख्य बुँदाहरू प्राप्त गर्न अल्टिमेटम तोक्नु पर्ने आग्रह गर्दै नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाका नेतृत्वहरूसंग "प्रोसेस"ले एउटा संयुक्त बैठकको माग गरेको थियो। वैशाख १ गते तीनै पक्ष बसेको त्यस महत्वपूर्ण वैठकमा "प्रोसेस"ले उठाएका ३ वटा प्रमुख सवालहरू निम्न लिखित थिए।

१. राष्ट्रिय पंचायत, पंचायत नीति तथा जाँचबुझ समिति लगायत पंचायतका संपूर्ण निकायहरू भंग गरिनुपर्दछ।

२. आन्दोलनका अग्रणी नेताहरू मध्येका एक नेताको अध्यक्षतामा सर्वदलीय अन्तरिम सरकारको गठन हुनु पर्दछ।

३. जन-शक्तिको सर्वोच्चता प्रतिविम्वित हुने गरी नयाँ संविधानको निमार्ण गरिनु पर्दछ।

त्यसको भोलिपल्ट जनताले एकेडेमी घेरेर दवाव दिएपछि कृष्ण प्रसाद भट्टराईको अध्यक्षतामा अन्तरिम मन्त्री-परिषदको गठन भयो। तर आन्दोलनको सफलताले निर्माण गरिवीको सत्ताले जनताको प्रमुख आकांक्षालाई पूर्ति गर्न जुन रूपले कदम चाल्नु पर्दथ्यो, त्यो हुन सकेन। जन-आन्दोलनका अपराधीहरूलाई सजाय गर्नुको सट्टा सैनिक र प्रहरीको आडमा जनतामाथि नै लाठी गोली चलाउने र कर्फ्यू लगाउने काम भयो। यस स्थितिबारे फेरि पनि कडा आवाज उठाउँदै "प्रोसेस"ले अपराधीलाई सजाय गर्नुपर्ने र जनस्तरबाट हुने उत्तेजनात्मक क्रियाकलापलाई जनस्तरमै सुल्झाउनको निम्ति कर्फ्यू लाद्ने होइन, बरू नागरिक सुरक्षा समितिहरूलाई संगठित र जिम्मेवार बनाउँदै जनतालाई सुसंगठित गर्नु पर्ने सुझाव दिएको थियो।

यसरी विगत जन-आन्दोलनको विशिष्ट प्रवृत्ति बोकेर स्वतः स्फूर्त रूपले जन्मिएको "प्रोफेशनल सोलिडेरिटी समूह" ले जनताको आकांक्षा प्रतिविंवित गर्ने, आन्दोलनका नेताहरूलाई खबरदारी गर्ने र जनताका शत्रुहरूको विरूद्ध जाइलाग्ने संस्थाको रूपमा आफ्नो छाप इतिहासको पृष्ठमा छोडेको छ। ३० वर्ष देखि जनतामाथि गरिएको पंचायती दमन-उत्पीडन, विरूद्ध उम्लेको जन-आक्रोशलाई "केही मुठ्ठीभर आतंककारीहरूको कृयाकलप" भनी देशभित्र र बाहिर भ्रम फिजाउन खोजिरहेको पंचायती शासकहरूको दुस्प्रचारलाई बौद्विक र पेशागत समूहहरूको सक्रिय सहभागिताले झुठो सावित गर्दै संपूर्ण विश्वसमक्ष जन-आन्दोलनको वास्तविक धरातललाई प्रष्ट्याउनमा यसको योगदान रहेको छ। हिजो पंचायतको विरूद्धमा पेशागत समूहहरू एकवद्ध भएका थिए, भोलि अर्को कुनै प्रतिगामी शक्तिको विरूद्धमा पनि उनीहरू संगठित हुन सक्दछन्। प्रतिगामी शक्तिहरूको विरूद्ध व्यापक संयुक्त मोर्चा भएको खण्डमा पेशागत समूहहरू पनि आन्दोलनमा उत्रने छन् र आ-आफ्नो क्षमता अनुरूप योगदान गर्न सक्नेछन् भन्ने इतिहासको शिक्षाको रूपमा यो अनुभवलाई लिन सकिन्छ भन्ने मेरो धारणा रहेको छ। □

टुथपेष्ट जगतमा
चिर परिचित




प्रयोग गरी

दाँत र गिजाको
सुरक्षा गर्नुहोस् ।



*With Best Compliments From*

**Lekali Trading Concern**

Thapathali, Kathmandu
Post Box 2400
Telex: 2265 NEELS NP, Fax: 977-1-220040
Phone: 223119 (Off), 474915 (Resi.)

*A Trading House For*
Scientific Equipment
Laboratory Chemicals
Glass Wares
Everything For
**Hospital & Research Labs**

**"Service To
Science, Health, Education, Agriculture & Industry"**


जन-आन्दोलनमा
जीवन आहुती दिने
संपूर्ण शहीदहरूमा
हार्दिक श्रद्धांजली
अर्पण गर्दछौं ।


बिगी जनरल ट्रेडिंग कम्पनी प्रा लि को अनौठो कार्यक्रम..

**बिगी धनराशी फिर्ता बम्पर**

मात्र सय रूपैयाँले



राजधानीमा ६० वटा घर

बिगी बिगी बिगी बिगी बिगी बिगी


भाग
लिनुहोस्

*काठमाडौंमा हुने साहित्यिक गोष्ठिहरू*
प्रत्येक महिनाको पहिलो शनिवार **साहित्य-संध्या**
प्रत्येक महिनाको तेस्रो शनिवार **प्रतिभा-प्रवाह**

# राष्ट्रिय जन-आन्दोलनमा प्राध्यापकहरूको भूमिका

डा. कमल कृष्ण जोशी


विक्रम सम्वत् २०३६ सालमा नेपाल प्राध्यापक संघले पुनर्जीवन प्राप्त गरेदेखि नै त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयका प्राध्यापकहरूले आफ्ना पेशागत हक, हित र विश्वविद्यालयको प्राज्ञिक उन्नयनका साथै प्राज्ञिक स्वतन्त्रता, प्राज्ञिक मर्यादा र दुवै विश्वविद्यालयहरूको पूर्ण स्वायत्तताका लागि संघर्ष गर्दै आएका थिए। संघर्षमा "प्रगतिशील" समूह र "प्रजातन्त्रवादी" समूहका प्राध्यापकहरू सहभागी रहे।

देशमा पन्चायती व्यवस्था बलजफ्ती लादिएको थियो तथापि आम-प्राध्यापकहरूबीच पन्चायत व्यवस्थाको वर्चस्व रहन सकेको थिएन। वहुसंख्यक प्राध्यापकहरूले त्यसलाई एक प्रकारले अस्वीकार गर्दै आएका थिए। प्राध्यापक संघका निर्वाचनहरूमा पनि पन्चायत व्यवस्था समर्थक प्राध्यापकहरूले आफ्नो प्यानेल क्याम्पस एकाइ वा केन्द्रीय स्तरमा दिन सकिरहेका थिएनन्। परन्तु सत्ता पक्षले प्राध्यापकहरूबीच आतंकको वातावरणको सिर्जना गरी डर, त्रास र धम्कीद्वारा प्राध्यापकहरूलाई आफ्नो पक्षमा लिने र केही अति महत्त्वाकांक्षी प्राध्यापकहरूलाई विभिन्न प्रलोभन दिई प्राध्यापकहरूबीच विभाजन ल्याउने प्रयासहरू भने निरन्तर गर्दै रह्यो।

अन्ततः २०४५ सालको केन्द्रीय निर्वाचनमा पन्चायत समर्थक प्राध्यापकहरूको प्यानेल मात्र पेश भएन, अपितु निर्वाचनमा सरकारी ओहदा र सम्पत्तिको दुरूपयोग गरी अध्यक्ष सहित वहुसंख्यक सिटमा त्यस प्यानेलले विजय हासिल पनि गऱ्यो। निर्वाचनको त्यस नतिजाले "प्रगतिशील" र "प्रजातन्त्रवादी" बौद्धिक समुदायमा देशको गम्भीर स्थिति र त्यस स्थितिमा आफूले निर्वाह गर्नु पर्ने भूमिकाको स्पष्ट बोध गरायो। यी दुई समूहले अब आपसी प्रतिस्पर्धालाई छोडेर संयुक्त रूपमा व्यवस्थाकै विरूद्ध सडकमा उत्रनु पर्ने आवश्यकताको महशूस गरे। २०४६ सालको आषाढ महीनातिर प्रगतिशील र प्रजातन्त्रवादी प्राध्यापकहरूको संयुक्त न्युक्लियस् स्थापना गरी देशका सबै क्याम्पसहरूमा संयुक्त एकाइ गठन गर्ने र संघर्षका लागि प्राध्यापकहरूलाई उत्प्रेरण एवं परिचालन गर्ने निधो गरे। फलस्वरूप, त्यसपछि गठन भएका एकाइ समितिहरूमा कहीं पनि पन्चायत समर्थक प्राध्यापकहरू एक जना पनि जित्न सकेनन्। प्रगतिशील र प्रजातन्त्रवादी प्राध्यापकहरूको संयुक्त शक्तिको अगाडि पन्चायत समर्थक प्राध्यापकहरू शक्तिविहीन हुँदा रहेछन् भन्ने कुरा प्रमाणित भयो। यसबाट आम प्राध्यापकहरूबीच नैतिक बलमा ठूलो अभिवृद्धि भयो। ने.का. र वामपन्थी पार्टीहरू तयार भई आन्दोलन निकट भविष्यमा हुने निश्चित भए पछि पुष ९ गते किर्तिपुरमा, पुष ९ र १० गते वीरगन्जमा र माघ २६ गते विराटनगर मा प्राध्यापकहरूका भेलाहरू भए र प्रत्येक भेलाले पन्चायत व्यवस्था विरूद्ध हुने जन आन्दोलनलनई सघाउने अठोटका साथ प्रस्तावहरू पारित गरे।

प्रगतिशील र प्रजातन्त्रवादी प्राध्यापकहरू बीचको ऐक्यवद्धताको स्पष्ट प्रभाव राजनैतिक क्षेत्रमा पनि देखा पऱ्यो। वामपन्थी पार्टीहरू र नेपाली कांग्रेसबीच आन्दोलनलाई संयुक्त रूपमा सन्चालन गर्ने समझदारी कायम गर्नाका लागि यसले ठूलो योगदान प्रदान गऱ्यो।

आन्दोलन प्रारम्भ गर्नाका लागि तोकिएको समयभन्दा अगाडि नै देशका विभिन्न भागमा पन्चायत व्यवस्था विरूद्ध जनता उठिसकेका थिए। फागुण १ गते पोखराको पृथ्वीनारायण क्याम्पसमा विद्यार्थीहरूलाई निर्ममतापूर्ण दमन गर्नाका साथै महिला छात्रावासभित्र प्रहरी र मण्डलेहरू पसी अत्यन्त निन्दनीय एवं बर्बरतापूर्ण काण्ड गरेपछि देशभरका प्राध्यापक र विद्यार्थीहरू आक्रोशित भए। त्यसमाथि पनि त्यही क्याम्पसका तीन जना प्राध्यापकहरू सर्वश्री गेहेन्द्रेश्वर कोइराला, श्री धर्मनाथ शाह र श्री भूपति ढकाललाई प्रतिशोधको भावनाले राजनैतिक कारणमा निष्काशन गर्नाले प्राध्यापकहरूको आक्रोशलाई अझ बढाईदियो।


डा. कमलकृष्ण जोशी

नेपाल प्राध्यापक संघको केन्द्रीय नेतृत्वमा पन्चायत समर्थक प्राध्यापकहरूको वाहुल्य भएको कारण जन-आन्दोलनमा प्राध्यापकहरूको प्रभावकारी सहभागितालाई परिचालन गर्न नेतृत्वको विकल्पको आवश्यकता थियो। अतः माघ २९, २०४६ मा प्रदर्शनी मार्ग स्थित वाल्मिकी क्याम्पसमा आयोजित काठमाण्डौ उपत्यकाका क्याम्पस एकाइहरूका सभापति र सचिवहरूको भेलाले पाँच जनाको एउटा एकाइ समन्वय समिति गठन गऱ्यो। एकाइ समन्वय समितिमा डा. कमलकृष्ण जोशी, कीर्तिपुर एकाई (संयोजक), श्री नरहरि आचार्य, कीर्तिपुर एकाई (सचिव), श्री विदुर पौडेल, बाल्मिकी क्याम्पस (सदस्य), श्री ऋतु गड्तौला, महाराजगन्ज क्याम्पस (सदस्य) र श्री शम्भु आचार्य, पाटन क्याम्पस (सदस्य) रहनुभएको थियो। त्यसबेलाको परिस्थितिलाई दृष्टिगत गरी संयोजक र सचिवको नाम मात्र प्रकाशमा ल्याउने र अन्य नामहरू गोप्य राख्ने निर्णय पनि गरियो।

एकाइ समन्वय समितिले फागुण १ गते विभिन्न भेला र सम्मेलनद्वारा पारित प्रस्ताव र माग एकत्र गरेर उपकूलपति समक्ष ९ सूत्रीय ज्ञापन पत्र प्रस्तुत गऱ्यो। फागुण २ देखि ५ गते सम्म पोखरामा निष्काशित प्राध्यापकहरूको पुनर्वहालीका लागि माग पेश गर्दै उपकूलपति सित वार्ता गऱ्यो। वार्ता असफल भएपछि २० दिनको अल्टीमेटम दिइयो। प्राध्यापकहरू औपचारिकरूपमा फागुन १६ देखि मात्र आन्दोलनको मैदानमा उत्रिए। फागुन १६ गते प्राध्यापकहरूले देशव्यापी कलम बन्द हडताल

गरे र काठमाडौं सरस्वती क्याम्पसमा कालो पट्टी बाँधेर आमसभा गरे।

आन्दोलनको प्रारम्भदेखि नै आन्दोलनलाई क्रूरतापूर्ण तरीकाले दमन गर्ने प्रयास गरियो। आन्दोनल जति जति चर्कंदै गयो, दमनकारीहरूको क्रुरताको मात्रा पनि बढ्दै गयो। पार्टी नेताहरू, कार्यकर्ताहरू र असंख्य विद्यार्थीहरूको साथै प्राध्यापकहरू पनि जेलमा परे। तापनि आन्दोलन जारी रहयो। परन्तु लामो समयसम्म बर्बरतापूर्ण दमनको मुकाबला गर्दै आन्दोलन जारी राख्नु सरल थिएन। एक समय त्यस्तो पनि आयो जब राजनैतिक पार्टीहरूद्वारा निर्धारित कार्यक्रमहरूलाई सफलता पूर्वक कार्यान्वयन गर्न अत्यन्त मुश्किल परेको थियो। त्यति बेला पनि विश्वविद्यालयका क्याम्पसहरूमा विद्यार्थी र प्राध्यापकहरूले आन्दोलनलाई जीवन्त राखे। आन्दोलनलाई जीवन्त राख्ने प्रयासमा काठमाण्डौ र मोफसलका क्याम्पसहरूमा कतिपय विद्यार्थीहरू र प्राध्यापकहरूले पुलिस र मण्डलेहरूको संयुक्त र बेग्लाबेग्लै आक्रमणको मुकाबला गर्नु पर्‍यो, गिरफ्तारी दिनु पर्‍यो र कतिपय विद्यार्थीहरूले पुलिस हिरासतमा अमानवीय यातना सहनु पर्‍यो।

बौद्धिक समुदाय आन्दोलनमा सक्रिय रूपमा सरीक हुनुमा नेपाल प्राध्यापक संघ, एकाइ समन्वय समितिको ऐतिहासिक भूमिका रहेको थियो भने नेपाल चिकित्सक संघ, नेपाल बार एसोसियसन, नेपाल पत्रकार संघ, पारा मेडिकल एसोसियसन, ट्रेण्ड नर्सेज एसोसियसन, नेपाल इन्जिनियर्स एसोसियसन, नेपाल ओभर सियर्स एसोसियसन, नेपाल राष्ट्रिय शिक्षक संगठन, लेखक कलाकारहरू, सरकारी तथा संस्थानका कर्मचारीहरू र विश्वविद्यालयका कर्मचारीहरूको भूमिका पनि अत्यन्त महत्वपूर्ण थियो। यिनै संस्थाहरूमा सक्रि रहेका व्यक्तिहरूको एउटा संगठित समूह"सोलिडारिटी ग्रुप" नामक संस्था र नेपाल प्राध्यापक संघ, कीर्तिपुर एकाइको संयुक्त आयोजनामा चैत्र ७, २०४६ मा कीर्तिपुर को अडिटोरियममा "वर्तमान अवस्थामा हाम्रो दायित्व" विषयक गोष्ठी भएको थियो। चैत्र १०, २०४६ का लागि पार्टीहरूद्वारा निर्धारित आन्दोलनको कार्यक्रममा सबै व्यावसायिक संगठनहरूको सहभागितामा प्रदर्शनको आयोजना गर्ने योजना रहेको थियो र उक्त प्रदर्शनको सफलताका लागि आम-उत्प्रेरण गर्ने गोष्ठीको मुख्य उद्देश्य थियो। गोष्ठीका सहभागी सबै ८०० जति बुद्धिजीवीहरूलाई अडिटोरिमबाटै प्रहरीले गिरफ्तार गरेपछि उक्त घटनाले राष्ट्रिय र अन्तरराष्ट्रिय समाचारको रूपमा ठूलो महत्व पायो र निर्णायक मोडतिर आन्दोलन तीव्रतर गतिमा अगाडि बढ्न ठूलो योगदान प्रदान गर्‍यो। उक्त घटनामा गिरफ्तार हुनेहरूमा गोष्ठीका सभापति डा. कमल कृष्ण जोशी, उद्घोषक नरहरि आचार्य, वक्ताहरू डा. मथुरा प्रसाद श्रेष्ठ, ईश्वर चन्द्र शर्मा, वासु शशी, मीना पौडेल र डा. दुर्गा प्रसाद भण्डारी, शंभु प्रसाद ज्ञवाली लगायत सोलिडारिटी ग्रुपका संयोजक डा. देवेन्द्र राज पाण्डे, नेपाल पत्रकार संघका सभापति गोविन्द वियोगी र ठूलो संख्यामा वरिष्ठ चिकित्सकहरू, वकिलहरू, प्राध्यापकहरू, पत्रकारहरू आदि समावेश थिए।

नेपाल प्राध्यापक संघ, एकाइ समन्वय समितिका संयोजक डा. कमल कृष्ण जोशी र सचिव नरहरि आचार्यलाई जेल चलान गरि एपछि श्री विदुर पौडेल र श्री ऋतु गडतौलाको नाम क्रमशः का.मु. संयोजक र का.मु. सचिवको रूपमा प्रकाशमा ल्याइयो। वहाँहरूको नेतृत्वमा नेपाल प्राध्यापक संघ, एकाइ समन्वय समितिले निस्काशित गरिएका पृथ्वीनारायण क्याम्पसका प्राध्यापकहरूको पुनर्बहाली, हिरासतमा राखिएका प्राध्यापकहरूको रिहाइ, विभिन्न क्याम्पसहरूमा प्रहरी र मण्डलेहरूले मच्चाइरहेको आतंकको अन्त्य र पन्चायत कार्यकर्ताको रूपमा कार्य गरिरहेका त्रिभुवन विश्वविद्यालयका तात्कालीन उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रार लगायत त्रि.वि.कार्यकारिणी समितिका सबै सदस्यहरूको राजिनामाको माग राखी विभिन्न समयमा जुलुस, घेराउ, कालो पट्टी बाँध्ने, पेन डाउन गर्ने तथा सभाहरू गर्ने कार्यक्रम राखी आन्दोलनलाई सघाउँदै आएको थियो।

यस क्रममा चैत्र १६ गतेको उपकूलपति घेराउ कार्यक्रम ऐतिहासिक कार्यक्रम थियो, जुन दिन उपत्यकाका आन्दोलनकारी प्राध्यापकहरूले किर्तिपुरको उपकूलपति कार्यालय अघाडि धर्ना दिए। र पाँच दिन भित्र प्राध्यापकहरूका सारा माग पूरा गरिदिने बचन दिन उपकूलपतिलाई बाध्य पारे। तर पछि ती मागहरू त्यो समयमा पूरा गरिएन।

नेपाली कांग्रेसले आन्दोलन समाप्त भएको घोषणा गरेता पनि जनताले त्यसलाई स्वीकार्न सकेन। आम जनताको दृष्टिमा त्यो त आन्दोलनको प्रथम चरणको समाप्ति मात्र थियो। दरबारको क्रियाकलाप अझै शंकापूर्ण एवं षडयन्त्रपूर्ण रहेको थियो। जनता त्यसप्रति सचेतताका साथ अवलोकन गर्दै रहेको थियो। नमन्दै "सम्विधान सुधार सुझाव आयोग" गठन गरेर दरबारले जनताको आशंकाको पुष्टि गरिदियो। जनताले खोजेको पूर्ण प्रजातान्त्रिक नयाँ सम्बिधान थियो, पन्चायती सम्बिधानको सुधार होइन। जनता पुनः दरबारलाई दबाव दिन बाध्य भयो। त्यसपछि बनेको नयाँ सम्बिधान सुझाव आयोगले निर्माण गरेको सम्बिधानलाई अनादरका साथ लत्त्याएर दरबारले षडयन्त्रपूर्ण तरीकाले अर्को सम्बिधान प्रकाशमा ल्याएपछि जनताले दरबारविरूद्ध आफ्नो आक्रोश जाहेर गर्‍यो। नेपाल प्राध्यापक संघ, केन्द्रीय समन्वय समिति (पहिलेको एकाइ समन्वय समिति) को आह्वानमा २०४७ आश्विन ६ गते पनि विभिन्न व्यावसायिक संगठनहरूको सहभागितामा एउटा विशाल प्रदर्शनको आयोजना गरियो। अन्ततः जनताको दवाब अगाडि दरबार फेरि एक चोटी झुक्नु पर्‍यो र सम्बिधान सुझाव आयोगले तयार पारी मन्त्री परिषदले संशोधन साथ पारित गरेको सम्बिधानलाई नै दरबारले स्वीकार्नु पर्‍यो। आन्दोलनको यो दोस्रो चरणको समाप्ति थियो।

देशमा मानव अधिकारको वास्तविक बहाली र पूर्ण प्रजातन्त्रको प्रादुर्भावका लागि अझै जनवादी आन्दोलनलाई विकसित पार्नु अपरिहार्य छ। यसका लागि पनि वौद्धिक समुदायले विगतमा झैं आफ्नो जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ।

❑

"मूल्यांकन मासिक"
विशेष सामग्री सहितको आगामी अंक
अर्को महीनामा प्रतिक्षा गर्नु होला।

# जन-आन्दोलनमा चिकित्साकर्मीहरू

डा. शरद वन्त

संपूर्ण आन्दोलित नेपाली जनताको हाराहारीमा उभिएर नेपालका स्वास्थ्यकर्मीहरूले पनि जन-आन्दोलनको इतिहासमा एउटा आफ्नै ठाउँ बनाएका छन्। स्वास्थ्यकर्मीहरूले जन-आन्दोलनको मौन समर्थन मात्रै गरेनन, यसको विभिन्न उतार-चढावको कतिपय महत्वपूर्ण क्षणहरूमा आन्दोलनलाई नै अगाडि बढाउने जिम्मेवारी पनि पूरा गरे। यसैले संपूर्ण आन्दोलन-भरि नै चिकित्साकर्मीहरू सत्ताधारी र जनता दुवैको बीच चर्चित भैरहे।

राजनैतिक सचेतनता, पेशागत मान्यता र सामाजिक तथा मानवीय दायित्वको बोधले नै स्वास्थ्यकर्मीहरूलाई आन्दोलनमा अग्रसर गराएको हो। नेपालमा राजनैतिक परिवर्तनकै लागि प्रतिवद्ध स्वास्थ्यकर्मीहरूको सानो समूहले विशेष रूपले जन समूह र आन्दोलनलाई कुल्चिन प्रशिक्षित प्रहरीहरूको बीच हुन सक्ने संभावित मुठभेडको नतीजालाई दृष्टिगत गरी फाल्गुण ७ गते देखि नै नयाँ सडक, मोटाहिटी, क्षेत्रपाटी आदि ठाउँहरूमा भूमिगत क्लिनिकहरूको व्यवस्था गरेका थिए। त्यहाँ कार्यरत चिकित्सकहरू र आन्दोलकारीहरू बीच गोप्य वार्ताको पनि तर्जुमा गरिएको थियो। तर प्रहरीको नृशंस लाठी चार्जमा घाइते हुने प्रत्येक आन्दोलनकारीलाई प्रहरीकै निगरानीमा अस्पताल पुऱ्याइन्थ्यो, त्यहाँ उपचार गरेपछि गिरफ्तार गरिन्थ्यो। यस बाहेक आन्दोलनको शुरूदेखिनै काठमाण्डौमा अघोषित कर्फ्यूको स्थिति भएकोले पनि यी भूमिगत क्लिनिकहरू निस्कृय हुन गए। यसपछि घाइते आन्दोलन-कारीहरूलाई सहायता पुऱ्याउन वीर अस्पताल र शिक्षण अस्पतालका वार्ड र आकस्मिक कक्षहरूमा घ्यान केन्द्रित गरियो। यसको लागि त्यहाँ चिकित्सक, नर्स तथा पारामेडिक्सहरू बीच व्यापक समन्वय कायम गरिएको थियो।

यसरी थौरै स्वास्थ्यकर्मीहरूको राजनैतिक प्रतिबद्धता उनीहरूको पेशागत गतिविधिहरूमा



अभिव्यक्त भएको थियो। जन आन्दोलनका शुरूकै दिनहरूमा विभिन्न ठाउँहरूमा प्रहरीले निहत्था प्रदर्शनकारीहरू माथि गोली प्रहार गर्नुबाटै आन्दोलनलाई शक्तिको भरमा दबाउने सर-कारी नीति स्पष्ट भैसकेको थियो। यो शक्ति प्रदर्शन गर्ने क्रममा व्यापक धर-पकड, जुलूसमाथि लाठी बर्षा र बन्दीहरूलाई अमानवीय यातना तथा अन्तर्राष्ट्रिय समुदायले निषेध गरेको डम-डम बुलेटको प्रयोग गर्न समेत सरकार नहिच्किचाए पछि बहुसंख्यक स्वास्थ्यकर्मीहरूलाई पेशागत दायित्वको बोधले घचघच्यायो। शहीदहरूको लाश र घाइतेहरूसँगको साक्षात्कारबाट तिनीहरूभित्र एउटा सवाल उत्पन्न गरायो- हामी मान्छेको जीवन बचाउने पेशामा संलग्न छौं तर सरकार जनता मार्न हिच्किचाई रहेको छैन। यस्तो स्थितिमा हाम्रो दायित्व के त? के मृत्यु प्रमाणित गरेर या घाइतेको उपचार गरेर मात्रै हाम्रो पेशागत दायित्व पूरा हुन्छ त? आम-स्वास्थ्यकर्मीहरूमा पैदा भएको यो सवाललाई सामूहिक बनाई पन्चायती सरकारको क्रुर दमनको विरोधमा उठाउन राजनैतिक प्रतिवद्धता बोकेका स्वास्थ्य कर्मीहरूले अथक प्रयत्न गरेका थिए। यसैको फलस्वरूप पहिलो पल्ट सरकारी दमनको बिरोध शिक्षण अस्पतालको हातामा फाल्गुण १२ गते आयोजित कर्मचारी तथा विद्यार्थी सहित स्वास्थ्यकर्मीहरूको कालो पट्टी सहित मौन-जुलूसमा अभिव्यक्त भयो। यसरी सरकारी दमन नीतिको खुला बिरोध गर्दै आएको यो दुई घण्टाको जुलूसले अन्य स्वास्थ्यकर्मीहरूको मात्रै होइन आम जनताभित्रै सरकार प्रति तीव्र घृणा जगाइदियो। लाठी, गोली र जेलले नै आन्दोलन दबाउन कटिवद्ध सरकारले फागुन १२ गते राती नै प्रा. मथुरा प्रसाद श्रेष्ठलाई गिरफ्तार गऱ्यो।

चिकित्सकहरूलाई हतोत्साही बनाउन गरिएको यो गिरफ्तारी वास्तवमा सरकारले आफै फस्न बुनेको जालोको एउटा गाँठो थियो। यसले चिकित्साकर्मीहरू हतोत्साही हुनु त परको कुरा, उल्टै बलेको आगोमा घ्यू थप्ने काम गऱ्यो। विरोध प्रदर्शनी काठमाण्डौको मुटुमा रहेको वीर अस्पतालमा फैलियो। वीर अस्पतालमा चिकित्सक, नर्स, पारामेडिक्सहरूलाई अस्पताल प्रशासनले डर धम्की देखाई आतंकित पार्न



गरेको प्रयासको बाबजूद फाल्गुण १४ गते वीर अस्पतालको प्रांगणमा हज्जारौं दर्शकहरूको बीच स्वास्थ्यकर्मीहरूले सरकारको विरोधमा कालो पट्टी बाँधी विरोध प्रदर्शन गरे। यसरी नि.से. नि.को घेरालाई तोडेर वीर अस्पतालका स्वास्थ्यकर्मीहरूले देखाएको साहस सरकारको गालामा बलियो थप्पड थियो। यो चोटले रन्थनिएको सरकारले विरोध प्रदर्शनमा सम्मिलित हुने प्रत्येकलाई चेतावनीपूर्ण स्पष्टी- करण-पत्र लेख्दै आतंकित पार्न थाल्यो। यो आतंकको बाबजूद फाल्गुण १६ गते पाटन अस्पतालमा स्वास्थ्कर्मीहरूद्वारा विरोध प्रदर्शन भयो।

अब चिकित्सकहरूले अस्पतालको प्रांगणबाट बढेर नेपाल मेडिकल एसोसियशनको मन्चबाट विरोधको आवाज चर्काउन थाले। फाल्गुण १८ गते सरकारी दमन नीतिको विरोध गर्दै मेडिकल एसोशियसनले पहिलो वक्तव्य जारी गऱ्यो। यसरी पेशागत दायित्व-बोधले पृथक पृथक रूपमा उठेको विरोध-आवाजलाई व्यापक बनाउदै सिंगो मेडिकल एसोसियशन जन-आन्दोलनको रंगमन्चमा देखा पऱ्यो। यसपछि मेडिकल एसोसियशनले जारी गरेका एक पछि अर्को वक्तव्यहरूमा विरोधको यो आवाजलाई तीव्र पार्दै अधिराज्यका विभिन्न जेलहरूमा बन्दीहरूलाई दिइएको अमानवीय यातना तुरून्तै बन्द गर्न सरकारलाई कडा चेतावनी दिइएको थियो। एशोसियशनको दबावले गर्दा वीर अस्पताल प्रशासन त्यहाँका चिकित्सक नर्स तथा अन्य कर्मचारीलाई दिइएको स्पष्टी-करण-पत्र फिर्ता लिन बाध्य भएको थियो।

जन-आन्दोलनले विभिन्न पेशागत समूहहरूको समर्थन जुटाउदै थियो भने सर-कारी धरपकड-नीतिमा त्यही ढंगको तीव्रता पनि देखिन्थ्यो। वकिलहरूको सामूहिक गिरफ्तारी, ८ मार्चमा पदमकन्या क्याम्पसबाट महिलाहरूको गिरफ्तारी, साहित्यकार कलाकारहरूको सामूहिक गिरफ्तारी आदि जस्ता घटनाहरूले चिकित्सकहरूमा सामाजिक उत्तरदायित्वको बोध प्रष्फुरण गरायो। सरकारी दमनको विरोध गरेर पेशागत दायित्व वहन गर्नु मात्रै उनीहरूलाई यथेस्ट भएन। यसैले उनीहरू क्रमशः जन आन्दोलनलाई सक्रिय समर्थन गर्न अग्रसर भए। चिकित्सकहरू सरकारको आँखामा कसिंगर भैसकेकाले जन-आन्दोलनको सफलता र असफलतासँग धेरै चिकित्सकहरूको भविष्य जोडिसकेको थियो।

चैत्र ७ गते त्रि.वि.वि.को सभाहलमा आयोजित सभाबाट ७०० भन्दा बढी बुद्धिजीवीहरूको आम-गिरफ्तारी सरकारले बुनेको जालोको अर्को गाँठो सिद्ध भयो। यसले संपूर्ण जन-आन्दोलनलाई नै नयाँ मोड दियो। भोलिपल्टै चैत्र ८ गते शिक्षण अस्पतालका चिकित्सकहरूले यस गिरफ्तारीको घोर भत्सर्ना गर्दै बन्दीहरूको बिना-शर्त अविलम्ब रिहाइको माग गर्दै वक्तव्य प्रकाशित गरे, जुन निश्चय नै जन-आन्दोलनलाई सटीक समर्थनको अभिव्यक्ति थियो। यसको लगत्तै मेडिकल एशोसिएशनले यस गिरफ्तारीको भत्सर्ना गरी अधिराज्य भरिकै अस्पतालहरूमा चैत्र १५ गते देखि आकस्मिक सेवा बाहेक अन्य संपूर्ण कार्य बन्द गर्ने आह्‌वान गऱ्यो। यसपछि अस्पतालहरूमा सरकारी पुर्जाको बहिस्कार गरी मानव अधिकार वहालीको माग सहित छुट्टै बहिरंग-पुर्जा छपाई अस्पतालहरूमा वितरण गरेपछि नेपाल मेडिकल एशोसिएसन पूर्ण रूपले जन-आन्दोलनको मोर्चामा ओर्लियो।

सरकारले समस्या सुल्झाउन राजनैतिक समाधानको खोजीमा कुनै चासो देखाएन, दमन र हत्याका घटनाहरूमा कुनै कटौती भएन। कीर्तिपुरमा भएको हत्याले चिकित्सकहरूलाई फेरि एक पटक घचघच्यायो। त्यस हत्याकाण्डमा वीर गति प्राप्त गरेका शहीदहरूको लाशलाई शिक्षण अस्पतालका स्वास्थ्यकर्मीहरूले प्रहरीको हात पर्न दिएनन्। सम्पूर्ण अस्पताल प्रहरीको निगरानीमा रह्यो तर ती शहीदहरूको शव भने शिक्षण अस्पतालका स्वास्थ्यकर्मीहरूको घेरामा सुरक्षित थियो। त्यो तनावपूर्ण क्षणमा ती स्वास्थ्यकर्मीहरीले प्रहरीको गोली थाप्न छाती फर्काए तर शहीदहरूको शवलाई कुकुर र श्यालको आहरा बन्न प्रहरीलाई बुझाउन स्वीकार गरेनन् र अन्तमा प्रहरीले झुक्नै पऱ्यो र शायद यो आन्दोलनकै इतिहासमा पहिलो पल्ट स्वतन्त्रताको लागि जीवन आहुति दिने वीर शहीदहरूको क्रान्तिकारी झण्डाहरू सहित चिकित्सकहरूकै उपस्थितिमा स-सम्मान दाह संस्कार गरियो। यो घटना नेपालको प्रजातान्तिक आन्दोलनमा स्वास्थ्यकर्मीहरूले निर्वाह गरेको भूमिकाको एउटा उदाहरणको रूपमा इतिहासले सधै संझने छ।

चैत्र २६ गते राजनैतिक दलहरू फुक्का भएको घोषणापछि पनि चिकित्सकहरूको आन्दोलन टुंगिएन। कर्फ्यू हटाइएपछि खुशी मनाउन सडकमा आएको जन-समूहमाथि सेनाले गोली बर्षायो। वीर अस्पतालको आकस्मिक कक्षमा मृतक तथा घाइतेहरूको भीड लाग्न थाल्यो। घाइतेलाई लिन गएको चिकित्सकलाई एम्बुलेन्सबाट झारेर कुटपिट गर्न समेत शाही सेना हिचिकिचाएन। चैत्र २४ गते गठित मन्त्री मण्डलको गृह मन्त्री नैनबहादुर स्वाँलाई वीर अस्पतालमा कार्यरत चिकित्सकहरूले टेलिफोनबाट यो स्थितिको जानकारी दिंदै जन-जीवनको सुरक्षा गर्न तत्कालै आवश्यक कार्यवाही गर्ने सुझाव दिंदा स्वांरले ती चिकित्सकहरूलाई उल्टै आन्दोलनकारीहरूलाई सहयोग गर्ने संपूर्ण चिकित्साकर्मीहरू लाई मारी दिने धम्की दियो। यसको प्रतिवाद गर्न बसेको मेडिकल एसोसियशनको बैठकमा गृह मन्त्री स्वाँरलाई समेत उपस्थिति गराइयो र तीन दिन भित्र उसको राजिनामाको माग गरियो। तर उसले राजिनामा दिन अस्वीकार गरेकोले गृह मन्त्री स्वांरको खारेजीको माग गर्दै नेपाल मेडिकल एसोसियशन, ट्रेन्ड नर्सेस एसोसियशन अफ नेपाल र नेपाल चिकित्सा सहायक संघले संयुक्त रूपमा वैशाख २ गते देखि रिले भोक हडताल शुरू गरे, जुन अन्तरिम सरकारको गठन हुने घोषणा पछि मात्रै टुंगियो।

यसरी ०४६ सालको जन-आन्दोलनमा चिकित्साकर्मीहरूले खेलेको भूमिकाका धेरै तथ्यहरू अझ आउन नसकेका हुन सक्छन्। जे होस, यो भूमिकाको समग्रमा भोलिको इतिहासले सही मूल्यांकन गर्नेछ।

❑

प्रगतिशील लेखक संघको 'साहित्य यात्रा'मा सहभागी बनौं र बनाऔं।



रूद्र खरेल

### राजनीतिक पृष्ठभूमि


चिया पसल र भट्टी पसलमा, सडक र चोकहरूमा खुल्ला र खासखुस रूपमा तीन दशक भरि नै जनता सुन्दै आएको थियो, "यस पटक त राजाले अवश्य बोल्छ।" यस्ता पटकहरू धेरै वटा उम्किए तर नेपाली कांग्रेसको बुद्धिमा घाम लागेको कहिल्यै देखा परेन। वामशक्ति प्रतिको तिनीहरूको विरोध र भयमा अरू त अरू छत्तीस सालमा समेत कुनै कमी आएन र संयुक्त भएर निरंकुश शक्ति विरूद्ध लड्ने वाम-प्रस्ताव अस्वीकृत गरियो। फेरि सडकमा त्यसरी नै सुनिन थाल्यो "यस पटक पुस १४ गते नबोलेर के भयो र फाल्गुण ७ आइहाल्छ नि!" पुस १४ र फागुन ७ को एलर्जीबाट नेपाली जनता वाक्क-ब्याक्क भयो। नेपाली कांग्रेसको नेतृत्वको यस प्रकारको च्याँखेधर्ना तीन कौडीमा नबिक्ने निर्णय कुर समयले गऱ्यो। ०४६ सालमा आइपुग्दा आफ्नो बामशक्ति प्रतिको विरोध र राजासँगको मेलमिलापको ढिपीमा कांग्रेस गलित नरवदन्त भयो। निरंकुश शासनका विरूद्ध लडिरहेको मुलुकको महत्त्वपूर्ण शक्तिसँग छोइछिटो मान्ने कांग्रेसको चिन्तन बिरूद्धमा जनदवाव पर्दै गयो र अन्तमा वामशक्तिसँग सभझदारी कायम गर्ने निर्णयमा नेपाली कांग्रेस पुग्यो। आन्दोलनमा सहभागी हुन जनतालाई आह्वान गर्दै उसले त्यसो नगर्नेलाई कम्तिमा तटस्थ रही दिन समेत बिन्ति गऱ्यो।

यस बिन्तिको आधा अर्थ प्रकाश कोइरालाको "अपवित्र गठबन्धन" वाला तत्कालको रेडियो संवादबाट स्पष्ट भयो भने बाँकी आधा अर्थ र पूर्ण पुष्टि चाहिं बल्ल अहिले आएर "सर्वमान्य"को आफू आन्दोलन समर्थक र गिरिजा आन्दोलन बिरोधी रहेको भन्ने मनाईबाट भयो। जनतालाई तटस्थ हुन आग्रह गर्नुमा कुनै तुक थिएन। तर बिडम्बना के भइदियो भने कांग्रेसकै एउटा पक्षले "तटस्थ" रहने धैर्य गर्न सकेन, जो आज मुख्य रूपले त्यही सत्तामा छ।

### परिवेशगत पृष्ठभूमि

कांग्रेसले प्रतीक्षा गर्ने गरेको फागुनले र खास गरी ०४६ सालको फागुनको पहिलो साताले सँधै झैं एउटा चीसो सिरेटो बाहेक केही पनि दिन सकेन। पञ्चायत भनिने शाही निरं-कुशताले पोखराबाट हुंकार व्यक्त गऱ्यो, जसमा जनताको दमन र हत्या गरिने मनशाय विद्यमान थियो। आन्दोलनकारी जनता फागुन ७ गतेको विहानको तुषारो र ठिहीमै सडकमा निस्किएर आन्दोलन सञ्चालन गर्न थाले। यस पछि प्राध्यापक, वकील, चिकित्सक, यातायात मज-दूर, कारखाना मजदूरले आन्दोलन अगाडि बढाउन थाले। बहादुर बिद्यार्थी निरंकुश सत्ताको पुत्ला जलाउँदै प्रहरीसँग भिडन्त गर्न थाले। आन्दोलनको एउटा सही सृंखलाको थालनी भयो। आन्दोलनको आरोह-अवरोह देखा पर्नु स्वभाविक थियो र फागुनको अन्तिम सातामा आन्दोलनको प्रभावकारिता अपेक्षित रूपमा निकै क्षीण रह्यो। नेपाली जनताका विदेशका मित्रहरू र नेपालका बुद्धिजीवीहरू यसबारे चिन्तित हुन लागे।

सामन्ती निरंकुशताको विरूद्ध नेपाली जनताको संघर्षको अविच्छिन्न श्रृङ्खलाको इतिहास आधा शताब्दीभन्दा लामो भए पनि दमन र षडयन्त्रबाट पटकै पिच्छे उनीहरू ठगिएका र थिचिएका थिए। इतिहासको यो निर्मम यथार्थ बुझ्ने बुद्धिजीवीहरूमा यस्तो चिन्ता हुनु स्वाभाविक थियो। यस बेला सडकमा दङ्गा प्रहरीको दमनकारी भीड देखिन्थ्यो। समाचार-पत्रले यस्तो सडकको तस्वीर छाप्दै चिन्ता व्यक्त गरेर लेखे - "प्रहरी दमनले सडक शून्य!" अर्कातिर देशका विभिन्न भागमा सयौं राजनैतिक व्यक्तिहरू गिरफ्तार गरिए। निकै योद्धाहरूले शहीदत्व प्राप्त गरे, सयौं वीरहरू घायल भए। निरंकुश सत्ताको यस्तो क्रुरताको कसले विरोध गर्ने? साहित्यकार-कलाकार-हरूले आफ्ना माध्यम र अभिव्यक्तिहरूबाट यस्ता कुराहरूको विरोध गर्न सक्दथे तर त्यस प्रकारको धैर्यले काम गर्ने न यो बेला थियो न त निरंकुश सत्ताको कानूनी परिधिमा संभव नै थियो। फेरि यसलाई केवल हेरेर बस्नु कर्तव्यविहीनता थियो। निरंकुश सत्ताले हर प्रकारको समाधान लाठी र गोलीद्वारा गर्न थाल्यो। बीसे-चौबीसे सामान्य युवक युवतीहरू सडकमा निस्कनासाथ प्रहरी त्यसमाथि खनिन थाल्यो। इतिहासको यस्तो संवेदनशील परि-वेशमा को खडा हुने हो, समयले माग गर्नथाल्यो। समयको यही मागलाई बुझेर, परिवेशको अपरि हार्यतालाई अनुभूत गरेर साहित्यकार, कला-कारहरू संगठित हुनु स्वाभाविक थियो। प्रथम चरणमा उनीहरूले निरंकुश सत्ताले गरेको हत्या, दमन र यातनाको विरोध गर्दै मानव-हकका पक्षमा र बहुदलीय व्यवस्थाको स्थापनाका पक्षमा एउटा वक्तव्य दिने अठोट गरे। तर वक्तव्य निस्कँदा संभवतः "अपवित्र गठबन्धन"-वाला अवसरवादी धार हावी हुनाले हुनसक्छ, निकै निम्छरो देखा पऱ्यो।



रूद्र खरेल

जहाँ गोली चलिरहेको छ, त्यहाँ बोली नाथे पनि लुरे पर्न जाँदा असंतोष हुनु स्वाभाविक हो।

### तत्क्षणको अनुभूति

साहित्यकार कलाकारहरू अनुभूति निर्माण गर्ने इन्जिनियर हुन्। राष्ट्रको भविष्य निकै हदसम्म उनीहरूद्वारा निर्मित अनुभूतिको "डिजाइन"मा भर पर्दछ। जसका कलाकृति-द्वारा क्रान्तिकारी रागात्मकता प्राप्त गरी वीर हरूले शहीदत्व प्राप्त गरिसके र गरिरहेका छन्, ती प्रेरक व्यक्तिहरू कसरी चूप लागेर केवल घटनाहरूलाई हेरिरहन सक्थे? इतिहासले दिएको जिम्मेदारी ग्रहण गर्ने निधो भए अनुसार उनीहरू सडकमा निस्केका हुन्।

चैत्र ३ गते प्रज्ञा-प्रतिष्ठानमा जम्मा भई कार्य शुरू गर्ने निर्णय प्रगतिशील तथा अन्य खेमाका साहित्यकार कलाकारहरूले गऱ्यौं। तर भृत्य-तन्त्रका मन्दबुद्धि प्राज्ञहरूले त्यसो गर्न देलान् भन्ने कुरामा शंकै रह्यो र वैकल्पिक स्थानका हकमा निर्धारित समयमै तत्काल निर्णय गर्ने योजना अनुसार त्यसमा खटिएका साथीहरूको संकेत र इशारानुसार सर्पको बथान छिचोल्दै त्रिचन्द्र क्याम्पसमा कार्यक्रम संचालन गऱ्यौं। एकसय साठी जति साहित्यकार-कलाकारहरू उपस्थित भयौं, जसभित्र पार्टी फुकुवा भएपछि त्यतिकै भरमा साविक निरंकुश खूनी संविधानमै चित्त बुझाउने र हिंसालु दाहा र नंग्राका रूपमा रहेका सो अन्तर्गतका मन्त्री पदहरूमा होप्पा पाप्पी, लुछाचुँड र तँछाड मछाड गर्ने देखि लिएर जनताको दमनमा कुख्यात भएको षडयन्त्रकारी शासकको सालिक भत्काई सबैभन्दा अग्रणी चेतनातर्फ उन्मुख हुँदै एकपछि अर्को विजय प्राप्त गर्दै निरंकुशता, शोषण र दमनका सबै गुरू किल्लाहरू ध्वस्त पारी खाँटी प्रजातन्त्र, स्वतन्त्रता र समानतातर्फ उन्मुख हुने पछि देखा परेका चिन्तनधारा विद्यमान थिए। वास्तवमा यो एउटा इन्द्रेणी थियो, जसभित्र पहेंलो-पहेंलो र रातो मिसिई बनेको सुन्तले रंगदेखि लिएर हरियो, नीलो अनेकौं रंग समावेश थियो, रातो रङमा पनि अनेकौं भेदहरू थिए। सार रूपमा, आन्दोलनको पृष्ठभूमिमा बनेको यो लेखक-कलाकारहरूको तात्कालीक संयुक्त मोर्चा थियो।

आन्दोलनको क्षणमा सबैभन्दा महत्वपूर्ण कुरा थियो-सहभागीहरूको उत्साह, साहस र धैर्य। हामी भन्दा अघिल्लो पुस्ता पनि त्यहाँ उपस्थित थियो, पछिल्लो पुस्ता पनि।। तसर्थ त्यो समय तीनै काल एकै ठाउँ जोडिई अर्को इन्द्रेणी सृष्टि भएको मूल्यवान समय थियो। जीवनको नवौं दशक टेक्न अभिमुख स्व. युद्ध प्रसाद मिश्रले घण्टाघरको मूल सडकमा लठ्ठी टेकेर काम्दै उभिई वर्तमानलाई नेतृत्व दिन थाले। वास्तवमा त्यस दिनको आन्दोलनको भावात्मक नेतृत्वको आदर्श नायक उनै थिए।

पुग नपुग आधा घण्टा हाम्रो कार्यक्रम सञ्चालन भएपछि हाम्रा वरिपरि चारैतर्फ सर्पहरूले फणा फुलाएर "हे कोही उम्कन नपाओस्, घेर.....घेर ...." भन्दै सिसकार गरेको देखियो। हाम्रा लागि यो स्वाभाविक थियो। अन्तमा सर्पद्वारा हामी पूरै बेरियौं। भौतिक रूपमा बन्धनमा परे पनि मानसिक रूपमा निरंकुश शक्तिलाई जुध्नका लागि सडकमा उतार्न सफल भएकोमा हामीलाई संतोष र सफलताको अनुभूति भयो। हामी सही पनि प्रमाणित भयौं किनकि यसपछि तुरून्तै आन्दोलनमा तीव्रता देखा पर्न थाल्यो।

## चैत्र ३ गते

- एकेडेमी अगाडि लेखक-कलाकारले विरोध-प्रदर्शन गर्ने भनेकोमा प्रहरी घेराउको कारण पूर्व-योजना अनुसार त्रिचन्द्रमा कार्यक्रम।
- केही सरकारी तावेदार कलाकारहरू एकेडेमी अगाडि जासूसी गर्न कुरेर बसिरहेका।
- पुलिस आएर घेरेर एउटा भ्यान र दुईवटा ट्रकमा राखी महेन्द्र पुलीस क्लबमा लगी एकछिन राखी पछि सिंहदरबार अगाडि बग्गी-खानामा पुऱ्याइयो।
- त्रिचन्द्रबाट ट्रकहरू चल्न लाग्दा बाहिर रहेको जन-समुदायले हात हल्लायो र नारा लगायो। पछि त्यहाँ लाठी चार्ज पनि भयो।
- बग्गी-खानाको ठूलो चिसो हलमा सबै लेखक-कलाकारहरू राखिए।
- युद्ध प्रसाद मिश्र र हरिवंश-मदनकृष्णहरूलाई भ्यानमा लगिएको थियो। अर्को कोठाबाट सबै लेखक कलाकारहरू भएको कोठामा युद्धप्रसादको प्रवेश हुँदा सबै लेखक-कलाकारहरूद्वारा उठेर ताली बजाइयो।
- अबदेखि ताली नबजाउने आदेश प्रहरीहरूले दिए।
- आफूले नाम सुनेका-चिनेका लेखक-कलाकारहरू प्रायः सबैलाई देख्दा प्रहरीहरू पनि छक्क परेर हेर्थे।
- नाम ठेगाना टिपेर पछि तल अरू ठूलो हलमा सबैलाई लगियो। पातलो दरी भएको भूई। वरिष्ठ लेखकहरूको अनुरोधमा चिया पसलेलाई बोलाउने काममा प्रहरीहरूले सघाए।
- भिडियो-क्यामेराले पालैपालो सबैको अनुहार र स्वर टिपियो।
- साँझदेखि रातिसम्म बयान लिने काम भयो। र एक एक गरी छोडियो।
- प्रायः सबैको बयान थियो : "देशमा हाल भइरहेको हत्या-दमन बेठीक लागेर आफ्नै मन-विवेकले मैले आज कालो-पट्टी बाँधेको हुँ। कसैले बहकाएर बाँध्न लगाएको हैन। सर-सल्लाह र सूचनाको आधारमा हामी एकै ठाउँ जम्मा भएका हौं।"
- त्रिचन्द्रमा सबैलाई गाडीमा हाले पनि लेखिका पारिजातलाई खुला चौरमा त्यत्तिकै छोडिएको थियो। पछि उहाँ केही पत्रकारहरूको सहयोगले घर पुऱ्याइनु भयो।

# जन-आन्दोलन र विद्यार्थीको भूमिका



प्रभुनारायण बस्नेत

नेपाल-भारत व्यापार र पारवहन सन्धिको म्याद समाप्त भएर पनि नयाँ सन्धि-सम्झौता हुन नसकेपछि दुई देश बीचको सम्बन्धमा चीसोपन मात्र देखा परेन, ०४५ चैत्र १० बाट भारत सरकारले आवागमनको निम्ति प्रयोग हुँदै आएका प्राःय जसो नाकाहरू बन्द गरिदियो। नून, इन्धन लगायत दैनिक उपभोग्य वस्तुहरूको आपूर्तिको अभावले भयंकर हाहाकार मच्चियो। जनजीवन अस्तव्यस्त एवं संकटग्रस्त बन्दै गएको बेला विद्यार्थीहरू सडकमा उत्रने तयारी गर्न लागें। यही मौकामा "पारवहन भू-परिवेष्ठित मुलुकको नैसर्गिक अधिकार हो", भन्ने मूल नारा सहित अखिल पक्षधर विद्यार्थीहरूको "को-अर्डिनेशन कमिटीको आयोजनामा ०४५ चैत्र १४ गते प्रदर्शन र १८ गते त्रिचन्द्र क्याम्पसमा विरोध सभा सम्पन्न भयो। भारतको हैकमवादी रबैया र पंचायतको निकम्मापनको विरोधमा ठूलो विद्रोहको प्रष्ट संकेत देखापरेको बेला त्यसलाई टार्न तेलको समस्या दर्शाई त्रि.वि. र महेन्द्र संस्कृत विश्वविद्यालयलाई ०४५ चैत्र २० गते राति अनिश्चित कालको लागि बन्द गरेको घोषणा गराइयो। यस घटनाले जन्माएको आक्रोशको कारणले वाघ्यतावश सम्पूर्ण इतर-विद्यार्थी संगठनहरूलाई एउटै थलोमा भेला गऱ्यों। अघिल्लो दिनसम्म संयुक्त संघर्षको निम्ति "आफ्ना अनुकूल शर्त" पूरा हुनुपर्ने माग गर्दै आएका विद्यार्थी संगठनहरू निशर्त संघर्षमा ओर्ले र विना पूर्व तयारी ०४५ चैत्र २१ गतेको अभूतपूर्व विरोध प्रदर्शन सफल भयो। विरोध प्रदर्शन पश्चात् त्रिचन्द्र क्याम्पसमा आयोजित आमसभामा सशस्त्र पुलिसले हस्तक्षेप गरी नृशंस दमन र आम गिरफ्तारी चलायो। यसबाट पनि पंचायतले मृतसंजीवनी प्राप्त गर्न सक्ने ग्यारेण्टी नभए पछि सबै विद्यार्थी संगठनका अधिकांश नेता कार्यकर्तालाई जेलमा बन्द गर्ने र रेडियो-टेलिभिजनबाट "शंकास्पदलाई" गिरफ्तार गराउन आव्हान गर्ने सम्म नीच स्तरको प्रचारवाजी भयो।

लगभग ४ महीनापछि विद्यार्थी नेताहरूलाई जेलमुक्त गर्ने, विद्यार्थीका शैक्षिक मागहरू केही पूरा गर्ने र क्याम्पस चालू गराउने कुरामा सरकार राजी भयो।

विद्यार्थी नेताहरूको जेलमुक्ति पश्चात् पंचायत विरूद्ध इतर विद्यार्थी संगठनबाट एकतावद्ध संघर्षको पहल शुरू भयो। जनतालाई अधिकार सम्पन्न गराउन प्रजातन्त्र अनिवार्य आवश्यकता हो भन्ने सवालमा सम्पूर्ण विद्यार्थी संगठनहरू एकमत भए।

अनेक मतभिन्नता, संकीर्णता र गुटस्वार्थका वावजूद पटक-पटकको भेटघाट, वार्ता र छलफल चालू नै रहयो। आन्दोलनको साझा-सहमतिको विन्दु खोज्ने अथक् प्रयत्न पश्चात् ०४६ श्रावण २७ गते "पंचायतको अन्त्य र प्रजातन्त्रको स्थापना" को मूल विषयका साथ ९ सूत्रीय कार्यक्रमलाई साझा-संघर्षको कार्यक्रम बनाउन ९ विद्यार्थी संगठनहरू सहमत भए।

बेला बखत घुर्की लगाएर लेनदेनको माहौल खडा गर्दै आएको नेपाली कांग्रेसले ०४६ भाद्र २४ गतेदेखि सप्ताहव्यापी "जनजागरण अभियान" संचालन गरेर संघर्षको शुरूवातको घोषणा गऱ्यो। दशैंपछि गरिने भनिएको आन्दोलन माघ ५ गतेको "महासम्मेलनले" तय गर्ने निर्णय गरेपछि कांग्रेसको लागि पनि आन्दोलन झण्डै अन्तिम विकल्प र अस्तित्वको सवाल बन्न पुग्यो।

यति बेलासम्म पंचायतको विकल्प वहुदल बनिसकेको थियो। आन्दोलनको सर्वसम्मत नारा र मूल प्रवाहको रूपमा "वहुदल" आएकोले ने.क.पा. मशालको राजनीतिसंग सहमत दुइवटा विद्यार्थी संगठन यस कुरामा सहमत हुन नसकी अलग्गिए। र, बाँकी ७ विद्यार्थी संगठनहरूले ०४६ मंसीर १३ गते विराटनगरमा संयुक्त-सभाको आयोजना गरेर आन्दोलन शुरू भएको घोषणा गरे।

फरक मतलाई स्थगित गर्दै सहमतिबाट अघि बढ्ने विद्यार्थीहरूको प्रेरणाप्रद कदमले



*संघर्षको कार्यक्रम बनाउने कांग्रेस र वाममोर्चा : लागू गर्ने विद्यार्थी मोर्चा।*

इतर राजनैतिक शक्तिहरूलाई पनि सम्वादको टेबुलमा एकत्र हुन प्रेरित गरायो। भिन्न मान्यतामा विश्वास राख्ने ७ वामपंथी पार्टीहरू वाममोर्चा गठन गर्न सफल हुनु र आन्दोलनको निम्ति वाममोर्चा-कांग्रेस समन्वय कायम हुनु यसैको अव्बल नमूना हुन्।

कांग्रेस र वाममोर्चा दुवैका कार्यक्रमलाई साझा बनाउन दुबै शक्ति राजी भएपछि जन-उत्साह झण्डै दश दोब्बर वृद्धि भयो।

आन्दोलनको कार्यक्रम बनाउने कांग्रेस र वाममोर्चा भएता पनि त्यसलाई लागू गर्ने जिम्मा मूल रूपले विद्यार्थीहरू कै काँधमा थियो। प्रचार-प्रसार र संगठनसंगै विद्यार्थीहरू आन्दोलन सफल पार्न युद्ध स्तरमा सक्रिय भए। पर्चा, पोष्टर, भित्ते लेखन, सभा-गोष्ठीको बाढी नै आउन थाल्यो। स्कूल क्याम्पस, टोल-गाउँ, शहर-बजार, कारखाना-उद्योग, यत्रतत्र, सर्वत्र आन्दोलनको चर्चा व्याप्त थियो र ७ फागुनको व्यग्र-प्रतिक्षा थियो। यस चुनौतिलाई सामना गर्न ने.वि.संघ, अ.ने.रा.स्व.वि.यू. दशौं रा.स. आयोजक कमिटी, अ.ने.रा.स्व.वि.यू एघारौं राष्ट्रिय सम्मेलन तयारी समिति, ने.क्रा.वि.संघ, ने.प्र.वि.यू. र ने.रा.वि.फे.का दुई संगठन मिली "संयुक्त राष्ट्रिय जन-आन्दोलन विद्यार्थी समन्वय समिति" गठन भयो।

फागुन ७ र ८ को कार्यक्रम अनपेक्षित रूपमा सफल भयो र त्यसमा मुख्य भूमिका विद्यार्थीकै रह्यो। तीव्र दमनलाई समेत सहजै पचाउँदै दिनहुँ कुनै न कुनै ठूला-साना कार्यक्रममा व्यस्त विद्यार्थीहरू नै पंचायती प्रशासन र पुलिसका आँखाका तारो बनाइए। ने.का.का केही नेताहरू नजरबन्दमा परिसकेपछि केही वाममोर्चाका र पछिल्लो पुस्ताका कांग्रेसी नेताहरू गिरफ्तार भए। यसबाट त विद्यार्थीहरूको उत्तरदायित्व झनै बढ्यो। फागुन १ गते नेल्सन मण्डेलाको रिहाईको अवसरमा अखिल पाँचौंबाट आयोजित सभामा पोखरामा भएको दमनले विद्यार्थीहरू झन आक्रोशित हुन पुगे। जनताको आन्दोलन सफल पार्ने दृढ प्रतिवद्धता र पंचायतको हठ र क्रूर दमन बीच गुज्रिरहेको आन्दोलन थुप्रै प्राविधिक त्रुटी, लापरवाही र हेलचेक्रचाईले शिथिल बन्न थाल्यो। फागुन १४ गतेको "कालो दिवस (Black day)' असफल हुनमा पनि यस्तै कारणले काम गऱ्यो। निर्धारित कार्यक्रम भन्दा केही घण्टा पूर्व नै भएको माले पक्षधर केही व्यक्तिहरूको सानो प्रदर्शनपछि पाँच जना मानिससम्म एक ठाउँ भेला हुन पाएनन् र गिरफ्तारी अझ व्यापक बन्यो। चैत्र १९ गतेको आम हडताल पनि उल्लेखनीय रूपमा सफल हुन सकेन। यस पटकको बन्दलाई जीवन-मरणको सवाल बनाएर विद्यार्थीहरू सक्रिय भएका थिए।

यति बेलासम्म फिल्डमा रहेका सम्पूर्ण विद्यार्थी कार्यकर्ताहरू गिरफ्तार भैसकेका थिए। जोखिम मोल्न तयार हुने कार्यकर्ताको अभावमा कार्यक्रमहरू झन फीका र असफल बन्दै जाँदै थिए। यस्तो संकटपूर्ण घडीमा आन्दोलनको सृंखला टुट्न नदिन र निरन्तरता प्रदान गर्न दुईवटा शक्ति क्रियाशील देखिन्थे। नेपाली बुद्धिजीवी र वाहय संचार साधन। डाक्टर, वकिल, इञ्जीनियर, साहित्यकार, प्रोफेसर, पाइलट र कर्मचारीले यस अवधिमा आन्दोलन बचाई राख्न निकै ठूलो कसरत गरे।

आन्दोलनको दोस्रो चरणमा पनि खास प्रभावकारी कार्यक्रम आउन सकेन र त्यसलाई समुचित संयोजन गर्ने र कार्यान्वियन गराउनेहरू पनि कमजोर सावित भए।

ठूलो संख्यामा भएको गिरफ्तारीले राख्ने स्थानको अभाव महशूस गरी "नोटेड फिगर" बाहेकका कार्यकर्ताहरू पनि विस्तारै रिहा हुँदै गए। ठीक त्यही मौकामा तेश्रो चरणको कार्यक्रम प्रकाशमा आयो।

करीव-करीव चैत्रको शुरू देखिनै फाटफुट स्कूल हडताल गर्ने, जुलुस गर्ने, पुत्ला जलाउने काम शुरू भैसकेको थियो। पुल्चोक क्याम्पस, ल, रत्नराज्य, सरस्वती, अस्कल आदि क्याम्पसहरूमा पनि यस प्रकारका कार्यक्रम लगातार हुन थाले। चैत्र १४ गते मेची क्याम्पसका छात्र राम थापाको मण्डले पुलिसले विभत्स ढंगबाट हत्या गरेपछि पंचायत दमन पराकाष्ठामा पुग्यो। यही घटनाको विरोधमा चैत्र १७ गते पाटन क्याम्पस हडताल गरी एउटा सानो जुलुस शहरको भित्री भाग हुँदै त्यागल पुग्यो। त्यहाँ तैनाथ गरिएका सैयौं लाठीधारी पुलिसले जुलुस तितरबितर गराई अन्धा-धुन्ध अश्रु ग्यास छोड्न थाले। यसको असर निर्दोष जनता, बाल-बालिका र गृहणीहरूमा पऱ्यो। दमनले यसरी सीमा नाघेपछि पूरै पाटनभरि त्यसको प्रतिकार हुन थाल्यो। र पाटन अन्ततः मुक्त क्षेत्र बन्यो।

चैत्र २७ गते विजयोल्लासको दिनपछि लोकेन्द्र सरकारले आफ्नै सरकारलाई "अन्तरिम सरकार" भन्ने र सामान्य सुधार पनि गर्न हिच्किचाउने काम भएपछि ०४७ बैशाख दुइ गते राजकीय प्रज्ञाप्रतिष्ठानमा लोकेन्द्र सरकार-कांग्रेस वाममोर्चा बीच वार्ता भैरहेको बखत विभिन्न विद्यार्थी संगठनका नेताहरूको समेत नेतृत्वमा वार्तास्थल घेरा हाली अनधिकृत सम्झौता गर्नबाट रोकी थप अधिकार प्राप्त गरियो। र, पंचायतको अन्त्य गराई ३० वर्ष पछि फेरि वहुदल स्थापना गराउन ठूलो योगदान भयो।

यसरी अन्तरकलह, गूटगत संकीर्णता र पूर्वाग्रहको शिकार भएका राजनीतिक पार्टीहरूलाई एकहदसम्म त्यसबाट मुक्त गराएर साझा शत्रु विरूद्ध एकजुट गराउने सम्बन्धमा विद्यार्थीहरूले अहम् भूमिका पूरा गरे। कतिपय परम्परागत आन्दोलनको शैलीमा परिष्कार गर्दै समुन्नत एवं बैज्ञानिक शैली निर्माण गर्न मद्दत गर्ने, आन्दोलनको निम्ति जनशक्ति (manpower) को खाँचो पूरा गर्ने जस्ता उल्लेखयोग्य काममा विद्यार्थीहरू अगुवाई गर्न सफल भए।

प्रभुनारायण बस्नेत :
अनेरास्ववियूका भूतपूर्व अध्यक्ष

फागुन ७ गतेको
शुभकामना सवैलाई

नेपाल बैंक लिमिटेड

# महिलाहरूले के गरे?

——राजेन्द्रप्रसाद अधिकारी

वि.सं. २०४६ को जन आन्दोलनमा नेपाली महिलाहरूको पनि महत्वपूर्ण भूमिका रहेको थियो।

पंचायती व्यवस्थाको विरोधमा २०४६ साल फागुन ७ गतेदेखि शुरू हुने भनिएको आन्दोलनलाई निर्धारित तिथिभन्दा अगाडि नै बढी चर्काउने काम फागुन १ गते पोखरास्थित पृथ्वीनारायण क्याम्पसको महिला छात्रावासमा भएको प्रहरी ज्यादतीले गरेको थियो। यस घटनामा लक्ष्मी कार्की सर्वाधिक चर्चामा आएकी थिइन्। यस्तै आन्दोलनको निर्धारित तिथि आउनु अगावै शुरू भएको धरपकडमा समेत महिलाहरू परेका थिए, जसमध्ये साहना प्रधान तथा उमा अधिकारीलाई आन्दोलन अवधिभर नै जेलमा राखिएको थियो। आन्दोलन शुरू हुनु अगावै घटेको यस घटनाबाट महिलाहरू पनि राजनैतिक परिवर्तनको निमित्त सक्रिय भएर लागेका थिए र तिनीहरूको सक्रियताले तात्कालीन पंचायती सरकारलाई तर्साएको थियो भन्ने चाहिं प्रष्ट हुन्छ।

आन्दोलनको निर्धारित तिथि ०४६ साल फागुन ७ गते देशका विभिन्न ठाउँमा भएका प्रदर्शनहरूमा महिलाहरूको पनि सहभागिता रहेको थियो। यसै दिन नारायणघाटको महेन्द्र मार्केटबाट निस्किएको करीब ७०० महिलाहरूको जुलूसबाट थुप्रै महिलाहरूलाई गिरफ्तार गरिएको थियो। यस्तै हेटौडामा जुलूसको अग्रपंक्तिमा रहेकी सीता बिजार प्रहरीको गोलीबाट घाइते भएकी थिइन् भने सीता भुजेललाई चाहिं आन्दोलन पूर्व नै प्रशासनले जोडतोडले खोजेको र फेला पार्न नसकेपछि उनीमाथि राष्ट्र विप्लवको अभियोग लगाइएको थियो। यसबाट के देखिन्छ भने जन आन्दोलनको पूर्व संध्यादेखि नै देशका आन्दोलन उठेका ठाउँहरूमा नेपाली महिलाहरू पनि आफ्ना मौलिक हक र अधिकारको बहालीको निमित्त, देशमा प्रजातन्त्रको स्थापनाको निमित्त र देशमा विद्यमान निरंकुश तानाशाही व्यवस्थाको अन्तको निमित्त घरको चार-पर्खाललाई नाघेर संघर्षको मैदानमा उत्रिएका थिए।

फागुन ९ गते जनकपुरको जदुकुहा नजीकै प्रहरीले चलाएको गोलीबाट पाँच जनाको मृत्यु भएकोमा तीन जना महिलाहरू नै भएबाट यसमा पनि महिलाहरूको सहभागिता रहेको स्पष्ट हुन्छ। तीन जना मध्ये एक जना जानकी देवी यादव आफ्नै घरको आँगनमा गोरूलाई पानी खुवाउन लाग्दा प्रहरीको गोलीको शिकार भएकी थिइन्। वीरगति प्राप्त गर्ने अन्य दुईजनामा भुवनेश्वरी यादव र सोनावती यादव पर्दछन्।

फागुन १० गते चितवन जिल्ला पंचायतको भवनको अगाडिबाट ३०० भन्दा बढी महिलाहरू आ-आफ्ना बच्चालाई पिठ्यूँमा बोकेर हातमा हँसिया, कुटो, कोदालो जस्ता हतियार लिएर नारायणघाटतर्फ जान लाग्दा यी महिला प्रदर्शनकारीहरूसँग तर्सिएर प्रहरीले गोली चलाएका थिए। यसमा दुईजना महिलाहरू घाइते भएका थिए। यो प्रदर्शन कार्यक्रम महिलाहरूले आफ्नै मात्र सहभागितामा आयोजना गरेको देखिन्छ र यस घटनाले उनीहरूको जुझारू एवं संघर्षशील चेतनाको प्रदर्शन गरेको छ। फागुन ११ गते बिराटनगरका महिलाहरूले स्थानीय देवकोटा चोक वरिपरिका घरहरूमा पसेर प्रहरीले गरेको ज्यादतीको विरोधमा मुखमा कालो पट्टी बाँधेर मौन जुलुस निकालेका थिए। यसबाट २० जनालाई गिरफ्तार गरिएको थियो।



*कालो पट्टीमा आन्दोलनकारी महिलाहरू*

निरंकुशताका पूजारीहरूको दमन-चक्रले महिलाहरूलाई पनि छाडेन। फागुन १३ गते २१ वर्षिया छात्रा नीरा शर्मालाई प्रहरीले काठमाण्डौंको ठहिटीमा पक्राउ गरी निर्घात, पिट्दै लगेको थियो। तर उनले प्रहरी शक्तिसित साहसपूर्वक प्रतिरोध गरिन्। "अवला" भनेर हेलाँ गरिने महिलाहरू सत्य र न्यायको निमित्त, देश र जनताको निमित्त, स्वतन्त्रता र स्वाधीनताको निमित्त आवश्यक परे निरंकुशताका रक्षकहरूसित जुध्न सक्दा रहेछन् र जुद्धा रहेछन् भन्ने पुष्टि यस घटनाले गर्दछ।

फागुन २५ गते (८ मार्च,) को अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर महिलाहरूले जन-आन्दालेनको सफलताको लागि आफ्ना कार्यक्रमहरूलाई अरू तेज पारे।

काठमाडौंको पद्म कन्या क्याम्पसबाट ५०० भन्दा बढी महिलाहरूको जुलुस निस्किएको थियो। यसैगरी बुटवल, पाल्पा, विराटनगर, झापा आदि ठाउँहरूमा पनि विरोध सभा एवं जुलुसहरू भए। महिला दिवस मनाएकोमा, विरोध कार्यक्रममा भाग लिएकोमा विभिन्न ठाउँहरूबाट थुप्रै महिलाहरूलाई गिरफ्तार गरियो।

फागुन ३० गते चितवनका करीव २००० महिलाहरू हातमा रातो झण्डा लिएर नारा लगाउँदै नारायणघाट बजार परिक्रमा गर्न निस्किए। महिलाहरूको यस वीरतापूर्ण प्रदर्शनलाई रोक्न प्रहरीले हवाइ फायर गरेको थियो। तर संघर्षशील चेतनाले देश र जनताको निमित्त सडकमा उत्रिएका ती महिलाहरू निडर-ताकासाथ अगाडि बढ्दै गए। यस प्रदर्शनमा भाग लिने महिलाहरूमध्ये २०० भन्दा बढी गिरफ्तार भए। यिनीहरूलाई चितवनको जंगलमा भोकभोकै राखिएको मात्र नभएर निर्लज्ज तरीकाले अमानवीय यातनाहरू पनि खप्न वाध्य पारिएको थियो। चितवनका महिलाहरूको यस अदम्य साहस एवं जुझारूपनाले उनीहरूलाई

"चितवनका टाइगर्नी" भनेर चर्चित समेत बनायो।

चैत्र ३ गते काठमाण्डौमा भएको लेखक, कलाकारहरूको मुखमा कालो पट्टी बाँधेर गरि एको विरोध कार्यक्रममा पनि महिलाहरूको सहभागिता रहेको थियो र पक्राउमा परेका लेखक कलाकारहरूमा महिलाहरू पनि थिए। यस्तै चैत्र ७ गते कीर्तिपुरको अडिटोरियममा भएको गोष्ठीबाट गिरफ्तारीमा पर्ने बुद्धिजीवीहरूमा ३० जना जति महिलाहरू थिए। जसमध्ये हिसिला यमी, कल्याणी शाह र मीना पौडेललाई आन्दोलनको समाप्तिपछि मात्र छोडिएको थियो।

चैत्र १० गते सिराहा जिल्लाको तेतरीया गाउँ वा.नं. २ का ने.क.पा. (चौ.म.) पक्षधर वडा अध्यक्ष अर्जुन थापालाई प्रहरीले गिरफ्तार गरेर लग्दा त्यहाँका महिलाहरूले हँसिया, खुकुरी, लठ्ठी जस्ता हतियार हातमा लिएर प्रहरीसँग डटेका थिए र वडा अध्यक्षलाई गिरफ्तारीबाट फुत्काएका थिए। महिलाहरूको यो निकै साहसपूर्ण कदम थियो।

चैत्र १७ गते पद्म कन्या क्याम्पसको प्राङ्गणमा भेला भएर गृहिणीहरूले पंचायती व्यवस्थाले सृजना गरेको महँगी र अभावको विरोधमा थाल, कचौरा, डाडु पन्यू आदि ठटाएर प्रदर्शन गरेका थिए र यसै समय त्यहाँका छात्राहरूले पंचायतको पुत्ला पनि [illegible]एका थिए। यसबाट १५ जना जति महिलाहरूलाई गिरफ्तार गरियो। यसै दिन कीर्तिपुरको मंगल मा.वि.मा पुत्ला जलाएर दिउँसो ३ बजे शुरू भएको हजारौंको जुलूसमा महिलाहरू अग्रपंक्तिमा रहेका थिए।

चैत्र १८ गते शनिवारका दिन पाटनमा निस्किएको हजारौंको जुलूसमा महिलाहरू पनि आफ्ना नानीहरूलाई एक हातले च्यापेर अर्को हातमा खुँडा, खुकुरी, चुलेसी आदि जस्ता हतियार बोकेर नारा लगाईरहेका थिए। महिलाहरूको सक्रिय सहभागिताको एक उल्लेखनीय घटनाको रूपमा यो निकै चर्चित रह्यो। यसै दिन कोठामा बसिरहेकी नर्स विद्या जोशीको कुममा गोली लागेको थियो। चैत्र १९ गते कीर्तिपुरका गृहिणीहरूले पनि रित्तो गाग्री बोकेर जुलूस निकालेका थिए।



*राजेन्द्र अधिकारी*

चैत्र २० गते कीर्तिपुरमा गोली चल्नु अघि प्रहरीले गिरफ्तार गरेका मानिसहरूलाई बीच बाटोबाटै छुटाउन र थानामा लगे पछि प्रहरीहरूसित वार्ता गर्न त्यहाँका साहसी महिलाहरूले पहल गरेका थिए। चैत्र २१ गते कीर्तिपुरमा भएको शहीद राजमान मालीको शवयात्रामा महिलाहरू निकै ठूलो संख्यामा सामेल भएका थिए। चैत्र २२ र २३ गते जन हत्या गर्ने प्रहरीहरूलाई त्यहाँका महिलाहरूले पानी खान नै नदिई सजायँ गरेका थिए।

चैत्र २२ गते देशव्यापी रूपमा प्रार्थना सभाको आयोजना गरिएको थियो। त्यस दिन भैरहवाका महिलाहरूले प्रहरीलाई जनताको हत्या नगर्नू भनेर अर्ती दिंदै टीका लगाइदिएका थिए। यसै दिन विहान ७:३० बजे तीनथाना गाउँ पंचायतको विष्णुदेवी मन्दीर (काठमाडौं) मा आम सभा भएको थियो। यो आम सभा पछि गएर जुलूसमा परिणत भएको थियो र यसको अग्रपंक्तिमा पनि महिलाहरू थिए।

चैत्र २४ गते पाटनमा कर्फ्यू शुरू भएको दिन ३:४५ बजे विहान जथाभावी गोली बर्साउँदै हिंडेका सैनिकको गोलीबाट घरमै ज्ञानी शोभाको मृत्यु भएको थियो।

यस प्रकार ०४६ को जन आन्दोलनमा महिलाहरूले पनि आफूलाई मात्र-आन्दोलनको सहायकको रूपमा वा भनौं पुरूषहरूकोसाथ दिएको रूपमा मात्र प्रदर्शित नगरी जुझारू एवं सक्रिय सहभागीको रूपमा प्रदर्शन गर्न सफल भएको पाइन्छ।❒

---

राजेन्द्रप्रसाद अधिकारीः अध्यक्ष प्रध्यापक संघ इकाइ, इञ्जिनियरिङ्ग क्याम्पस।

"वेदना" साहित्यिक पत्रिकाका संपादक/वामपन्थी वुद्धिजीवि।

# यस्तो थियो शिक्षकहरूको सहभागिता

प्रतिवन्धित पार्टीहरूका शाखा-प्रशाखाहरू ७५ जिल्ला सबैमा थिएनन्। तर पंचायती-तन्त्र विरोधी चेतना बोकेको एउटा ठूलो बौद्धिक जमात-शिक्षकहरूको संगठन भने विद्यालय भएका प्रायः सबै गाउँ गाउँसम्म पनि पुगेको थियो। यसकारण कुना कुनासम्म पनि शिक्षक-वर्गको पहुँच हुनु स्वाभाविक नै थियो।

पंचायती निरंकुशतन्त्रले आफ्ना विरोधी चेतनशील वर्गहरूलाई विशेष रूपले दबाउने रणनीति लिएर आफ्नो शासनयन्त्रलाई चालू गरेको सन्दर्भमा २०३६ सालमा स्थापना भए देखि नै "नेपाल राष्ट्रिय शिक्षक संगठन" लाई हतोत्साहित तुल्याउने र फुटाउने षडयन्त्रहरू हुँदै आए। यति हुँदाहुँदै पनि २५औं हजार शिक्षकहरू सहभागी भएको ०४२।४३ को "काठमाण्डौ जाऔं" अभियान सफल गर्न यो संगठन सक्षम रहेको थियो। पछि पंचायती-तन्त्रले संगठनको विरूद्ध मा.वि. र प्रा.वि. स्तर का छुट्टा छुट्टै भाट "संघ" हरू खोली संगठनमा सक्रिय हुने शिक्षकहरूलाई निमर्मतापूर्वक खेदो खन्न थाल्यो। खोसुवा, तलब रोक्का, सरूवा, धम्की, लोभ-लालच आदिलाई माध्यम बनाई कठोर आतंकको सृजना गरिएको थियो।

यही वातावरण विद्यमान रहैकै बेलामा जन-आन्दोलन गरिने घोषणा भयो।

यस आन्दोलनको पृष्ठभूमि अर्थात पंचायती निरंकुशता विरोधी चेतनाको पृष्ठभूमि तयार गर्न विगतमा उल्लेखनीय भूमिका खेलेको हुँदाहुँदै पनि शिक्षकतप्काहरूको भूमिका आन्दालेनको घोषित कार्यक्रमको शुरू शुरूको बेलामा मने अपेक्षा गरिए जस्तो हुन सकेन। संगठनले ०४६ माघमा बैठक बसी प्रस्तावित आन्दोलनलाई समर्थन गरी जसरी जसरी संभव

हुन्छ त्यसरी त्यसरी नै सहयोग गर्न हरेक जिल्लालाई निर्देशन पठाएतापनि यसलाई लागू हुन नदिन सरकारी पक्ष अत्यन्त सक्रिय रह्यो। प्रायः विद्यालयहरूमा शिक्षकहरूमाथि कडा निगरानी राख्न थालियो। आन्दोलनको पूर्व सन्ध्यामा माघको अन्तिम साताति काठमाण्डौंको सिद्धार्थ बनस्थली स्कूलका शिक्षकहरूले जारी गरेको आन्दोलनको पक्षमा "नैतिक समर्थन" को वक्तव्यलाई भोलिपल्टै डराई-धम्क्याई अधिकांश शिक्षकहरूलाई बाध्य पारी विद्यालय-प्रशासनले फिर्ता लिन लगायो। शिक्षिकाहरूलाई "तपाईंको श्रीमानको समेत जागिर खोसिने छ" भन्ने हदसम्म र सबैलाई एक एक गरी गिरफ्तार गर्ने धम्कीसम्म दिई सार्वजनिक रूपले व्यक्तव्य फिर्ता गरिएको प्रेस-नोट जारी गराइयो।

जिल्ला जिल्लामा राजनीतिक रूपले "सक्रिय रहेको" आरोप र आशंकामा कतिपय शिक्षकहरूलाई अगाडि नै गिरफ्तार पनि गरियो।

संगठनले शुरूदेखि नै "संघ" संग आन्दोलनमा सहयोग गर्नेबारे कुराकानी चलायो। तर संघ तयार भएन। पछि "संघ" भित्रका "प्रजातन्त्रवादी" शिक्षकहरूसंग पनि संगठनले लगातार कुराकानी चलायो। वाम-मोर्चाको प्रस्तावमा नेपाली कांग्रेस पार्टी स्वयंले समेत गम्भीरतापूर्वक दवाव दिएपछि प्रजातंत्रवादी शिक्षकहरू पनि संगठनको कार्यक्रममा तालमेल मिलाएर अघि बढ्न "संघ" लाई दवाव र जोड दिन थाले।

फागुन महिनाको अन्तसम्ममा जन-आन्दोलनको गतिमा केही मन्दी आएको महशूस भएको समयमा शिक्षक संगठनले आकस्मिक बैठक डाकी पेशागत मागहरू राखी अगाडि बढ्न ढिलो भएको महशूस गऱ्यो। प्रजातन्त्रवादी शिक्षकहरूसंग सम्पर्क र कुराकानी गर्न प्रतिनिधिमण्डल समेत बनाई संगठनले १० सूत्रीय मागहरू राखी जन-आन्दोलनको समर्थनमा चैत्र ८ गते संपूर्ण विद्यालयहरूमा सांकेतिक हड्ताल गर्ने र १६ गते सभा-जुलुस गर्ने कार्यक्रम अगाडि ल्यायो। अरू कार्यक्रम "प्रजातन्त्रवादी" शिक्षकहरूसंग तालमेल मिलाएर मात्र प्रकाशित गर्ने योजना बन्यो।

चैत्र ८ गतेको सांकेतिक हड्ताल बिथोल्न संघका पंचायती भाटहरूलाई पनि सत्ताले प्रयोग गऱ्यो। ७ गतेको दिनमा गौरी राजभण्डारी (तत्कालिन मा.वि.संघका) ले "शिक्षक पेशाको मर्यादा" को राग अलापी आन्दोलन विरोधी बक्तव्य दिएर भोलिपल्ट कुनै "हड्ताल" गर्ने योजना नभएको कुरा समावेश गरी वक्तव्य दिए। यसले भ्रम र आतंक फैलाएतापनि ८ गतेको सांकेतिक हड्तालको कार्यक्रम काठमाण्डौं र बाहिर जिल्लाहरूमा पनि आंशिक रूपले सफल भयो।

चैत्र ८ गतेको यो सांकेतिक हड्तालको महत्व के कुरामा रहेको छ भने - यस कार्यक्रमले स्कूल स्तरका विद्यार्थीहरूमा आन्दालेनको प्रभाव विस्तार गर्न ठूलो भूमिका खेल्यो। उपत्यकाभित्र त स्कूलका विद्यार्थीहरूको आन्दोलनमा उल्लेखनीय सहभागिता यसै दिनदेखि शुरू भएको थियो। चैत्र १६ गतेको सभा र जुलुस काठमाण्डौमा वसन्तपुरबाट शुरू हुने भनिएकोमा गिरफ्तारी र पुलिस हस्तक्षेपको कारण गणवहाल स्थित नेपाल आदर्श स्कूलको हातामा सम्पन्न भयो। बीचैमा पुलिस हस्तक्षेप भए पनि सभा सकियो, स्कूल हाता बाहिर परेका शिक्षकहरूले रणमुक्तेश्वरसम्म जुलुस गरे।


यसपछि चैत्रको तेस्रो हप्तामा शिक्षक संगठन र संघका प्रजातन्त्रवादी शिक्षकहरूको पहलकदमीमा संगठन र संघहरूको बैठक बसी देवीप्रसाद ओझा र देवेन्द्र पौडेल समेत रहेको ८ सदस्यीय "संयुक्त शिक्षक संघर्ष समिति" गठन भयो।

जन-आन्दोलन प्रायः शहरमा मात्र केन्द्रित भएकोले यसलाई गाउँ गाउँ लैजाने गरी कार्यक्रम तय गरियो। चैत्र २९ गते सामूहिक शिक्षकदिवस मनाउनेदेखि लिएर स्कूलमा "प्रार्थना" सकिएपछि नारा लगाउने र गाउँ गाउँ गई अभिभावकहरूसंग भेट गर्ने र बैशाख २० गते देशव्यापी हड्ताल गर्ने कार्यक्रम यो संयुक्त समितिले तय गरी प्रकाशित गरेको थियो। तर आन्दोलन चैत्र २४ मै सबैभन्दा उन्नत स्तरमा उठ्यो र चैत्र २६ गते संझौता भयो।यी कार्यक्रमहरू लागू हुनै पाएनन्।

आन्दोलन अवधिमा २५० भन्दा बढी शिक्षकहरू गिरफ्तार भएको रेकर्ड संगठनमा रहेको पाइयो। तनहूँमा पुलिस दमनद्वारा मारिएका शहीद कृष्णप्रसाद पौडेल र काठमाण्डौमा मारिएका शहीद लाल बहादुर बम शिक्षक हुनुहुन्थ्यो। ❑

*- हरिगोविन्द लुइँटेल*

# आन्दोलनमा शिक्षकहरू किन पछि परे?



— अर्जुन पौडेल,
केन्द्रिय सचिव ने.रा.शि.संगठन

जन-आन्दोलनको बेलामा शिक्षकहरूको संघर्ष उठाउन मूख्य रूपले क्रियाशील शिक्षकहरूमध्ये तात्कालीन ने.रा.शि.संगठनका केन्द्रिय सचिव अर्जुन पौडेलसंग हाम्रा प्रतिनिधि-द्वारा ढिलै भएपनि शिक्षकहरू जन आन्दोलनमा सक्रिय रूपले अगाडि आउनुका मूल प्रेरक तत्वहरूका बारेमा कुराकानी चलाइएको थियो। प्रजातान्त्रिक आन्दोलनप्रतिको आम-नैतिक जिम्मेवारी-बोधका अतिरिक्त शिक्षकहरूलाई दृढताका साथ आन्दोलनमा लाग्न "एकता" ले प्रेरित गरेको कुरा उहाँले बताउनु भयो। संयुक्त सघर्ष समिति बन्ने तयारीको कुरा र पछि यो बनेको कुराले शिक्षक-वर्गमा ठूलो आत्मवल बढायो। १६ गतेको ब्ल्याक आउटको सफलताले बढाएको आम-आत्मवलको समेत यसमा योग रहेको थियो।

श्री पौडेललाई उहाँको विद्यालय (नव युग मा.वि., जैसीदेवल, काठमाण्डौ) मा चैत्र ७ गते देखि नै ८ गतेको हड्ताल नगर्न-नगराउन सत्ता पक्षका शिक्षामन्त्रीदेखि लिएर ४ तहमुनिसम्मका निकायहरूले प्रत्यक्ष रूपले कडा धम्कीहरू दिएको उदाहरण दिँदै उहाँ भन्नु हुन्छ - " यस्तो आतंकको स्थिति विद्यमान भए पनि हामी शिक्षकहरू जनआन्दोलनमा उत्रिन आफू ढिलो भएको महशूस मने तीव्र रूपमा गरिरहेका थियौं। "काठमाण्डौ जाऔं" आन्दोलनमा त्यत्रो विशाल रूपले उत्रिएका शिक्षकहरू किन पछि परे ? भन्ने जन-गुनासोले पनि हामीलाई भित्रभित्रै चिमोटिरहने गर्थ्यो।" ❑


"स्तरीय छालाबाट बनेको आकर्षक,
आरामदायी तथा बलियो"
बाँसबारी छाला तथा जुत्ताहरू

फिदर वेट (D-10)



बाँसबारी बाँसवारी छाला तथा जुत्ता कारखाना लि.
फोन नं. ४- १३१९७, ४१४५६१

# पाटन कसरी मुक्त-क्षेत्र बन्यो?



जनताद्वारा ६० घण्टा सम्म कैद गरिएका प्रहरीहरू

ज्यादाजसो वामपन्थी आन्दोलनबाट प्रभावित क्षेत्र पाटन तथा पाटन वरिपरिका गाउँहरूले विगतको जन-आन्दोलनमा अग्रिम पंक्तिमा रही खेलेको इतिहासलाई नै नौलो मोड दिने भूमिका नेपालको इतिहासमा अविस्मरणीय र छुटाउनै नहुने तथ्य सावित भएको छ।

पाटनको खास गरी उच्च कुलीन वर्गमा नेपाली कांग्रेसको प्रभाव रहेतापनि अधिकांश जनता, विशेषतः तल्लो वर्गमा तत्कालीन ने.क.पा.(चौ.म.), ने.क.पा.(माले), ने.क.पा.(मार्क्सवादी) र ने.क.पा.(अमात्य) समूहको विशेष प्रभाव रहेको देखिन्छ। तर आन्दोलन अगाडिसम्म कतिपय समूहहरू निस्कृय रहे। अतः संघर्षको तयारीको लागि, ने.क.पा.(माले), ने.क.पा.(चौ.म.) तथा ने.क.पा.(मार्क्सवादी) वीच गठित संघर्ष समितिले केन्द्रीय वाममोर्चा कै कार्यक्रम पाटनमा लागू गर्दै जाने निर्णय गर्‍यो। पछि यस संघर्ष समितिले नेपाली कांग्रेसको पनि सहभागितामा "एक्सन कमिटी" निर्माण गरेर केन्द्रका सम्पूर्ण कार्यक्रमहरूका अतिरिक्त आफ्नै मशाल जुलूस जस्ता-कार्यक्रमहरू राखी संघर्षमा अगाडि बढ्यो।

तर फागुन ७ देखि चैत्र १६ सम्मका घोषित संघर्षका कार्यक्रमहरूसम्म त्यस एक्सन कमिटीका प्रमुख सकृय घटकहरू ने.क.पा.(चौ.म.) र ने.क.पा.(माले) लगायत "संयुक्त राष्ट्रिय जन आन्दोलन"ले प्रत्येक जसो राति कार्यकर्ता-स्तरमा मात्रै भए पनि मशाल जुलूस प्रदर्शन गरी पाटनवासीहरूलाई तताउने कार्य गरे। यस बाहेक अरू विशेष सफलता भने हासिल गर्न सकेका थिएनन्। यसै वीच पाटनकै इन्जिनियरिङ्ग क्याम्पस तथा पाटन संयुक्त क्याम्पसका विद्यार्थी, प्राध्यापक तथा प्रशासनिक कर्मचारीहरूले भने क्याम्पसभित्र र बाहिर दुवैतिर जुलूस प्रदर्शन र आमसभा गर्ने, पुत्ला जलाउने, दमनकारी प्रहरीहरूसँग सिधै मुठभेड गर्ने र गिरफ्तारी दिने कार्य निरन्तर रूपमा गर्दै पाटनवासीहरूलाई घचघच्याई रहे।

यसरी पाटनवासीहरूलाई घचघच्याई रहने इन्जिनियरिङ्ग र पाटन क्याम्पसका विद्यार्थीहरूले चैत्र १६ गते पनि पंचायतको पुत्ला जलाई, कालो झण्डा फहराई प्रहरीसँग गरेको मुठभेड र पार्टी कार्यकर्ताहरूले त्यसदिनको ब्ल्याक आउट सफल पार्न आह्वान गर्दै अघिल्लो दिन पाटनभरि गरेको मशाल जुलूस प्रदर्शनको प्रभावले ब्ल्याक आउट पूर्णतः सफल भयो। अघिल्लो दिन सुतिरहेको आरोप सहि-रहेको तथा "भक्तपुरबाट चुरा र पोते उपहार पठाइएको" हल्लालाई चिर्दै पाटनवासीहरूले सारा शहरमा बत्ती निभाएर राती ९ बजेदेखि रातभरि नै झ्याल-झ्यालबाट, कौसी कौसीबाट".....चोर, देश छोड!" को नारा लगाए। अँध्यारोमा सयौं पुत्ला जलाउँदै मशाल लिई नारा सहित सडकमा उत्रेका पाटनवासीहरूलाई दमन गर्न लखेट्दै हिंडेका प्रहरीहरू माथि छानाछानाबाट ईंटा र ढुंगा मूढाले आक्रमण गरेर पाटनवासीहरूले आफ्नो प्रति-रोधी भावना प्रदर्शन गरीछाडे।

यसरी अघिल्लो रात पूरै जिल्लिएका प्रह-रीहरूले १७ गते विहानै त्यागल टोलस्थित प्रभात माध्यमिक विद्यालयमा हडताल गर्न जुलूस सहित गएका पाटन क्याम्पसका विद्यार्थीहरू र सोही स्कूलका विद्यार्थी तथा समर्थक कर्मचारी-शिक्षकहरू माथि दमन गर्ने दुस्प्रयास गरे। प्रहरी दमनको विरोधमा विद्यार्थीहरूले पनि ईंटा बर्साई प्रतिरोध गरे। १०/१५ मिनेटको त्यस आक्रमण-प्रत्याक्रमणकै बीच संघर्षको आगो डढेलो झैं विभिन्न टोल, गल्ली तथा शिक्षण संस्थाहरूमा पनि फैलियो। सरकारी दमनको प्रतिरोध गरिरहेका क्याम्पस र स्कूलका विद्यार्थीहरूलाई सर-सहयोग गर्न गएका हजारौं-हजार युवा, विद्यार्थी, अभिभावक तथा सामान्य जनताहरूले प्रहरीहरूको लाठीचार्ज, अश्रुग्यास तथा ढुंगा मूढाको ब्यापक प्रतिरोध गरे। त्यसको परिणामस्वरूप प्रहरीहरू सुन्धारा फर्कन बाध्य भए तथा उनीहरूले केन्द्रबाट थप प्रहरीहरू माग गरे। ती थप प्रहरी सहितका आक्रमणकारी प्रहरीहरूसँग पनि निरन्तर मुठभेड गरेर जनताले तिनीहरूलाई क्रमश मंगलबजार स्थित वडा प्रहरी कार्यालयसम्म खेद्दै खेद्दै पुर्‍याए।

यसपछि मंगलबजारका चारैतिरका टोलहरू सुन्धारा, हःखा, महापाल, भिन्द्यःपात र हौगल टोलमा बसेर पाटनवासीहरूले प्रहरीहरू लाई त्यहीं घेरावन्दी गरे र कयौं पटक वडा प्रहरी कार्यालयमाथि नै आक्रमण गर्न खोज्दा

चर्को दमन हुने संभावना देखेर नेतृत्वदायी व्यक्तिहरूले संझाउने बुझाउने काम गरे। तर उत्तेजित जनताले नगर पंचायत कार्यालयमाथि भने आक्रमण गरी नै छाडे तथा त्यहाँका ऐनाहरू चकनाचुर पार्ने, साइकल, कागजात, साइनबोर्ड तथा फर्निचरहरूसँगै भवन मै आगो लगाईदिए। तर पछि ३ वटा दमकल आएर आगो निभाएकोले भवन पूरै जल्न पाएन।

उत्तेजित जनताले आक्रमणकारी प्रहरी-हरूको कार्यालयमा पटक-पटक आक्रमण गर्ने प्रयास गरिरहे पनि नेतृत्वको दवाब र प्रहरी-हरूको सशस्त्र प्रतिरोधले गर्दा उनीहरू सफल भएनन्। तर प्रहरीहरूको लाठी, अश्रुग्यांस र ढुंगामूढाको आक्रमणको प्रतिरोधमा जनताले पनि ढुंगा-मूढा बर्साउने, प्रहरीहरूको अश्रुग्यांस टिपेर उनीहरूमाथि नै आक्रमण गर्ने र जलिर-हेका टायरहरूले आक्रमण गर्ने कार्य गर्दै रहे। यस आक्रमणका साथसाथै सवै जसो नाकाहरूमा कन्टेनर, पाइप, काठका मूढा, विशाल ढुंगा तथा ईटाले छेका-अवरोधहरू खडा गरेर आफ्नो गढलाई सुरक्षित राख्ने कामहरू गरे।

यसरी आक्रमणकारी प्रहरीहरू र प्रतिरोधी जनताबीच चलेको घण्टौ घण्टाको हिंसात्मक आक्रमण-प्रत्याक्रमण पछि निराश र हताश भएका प्रहरीहरूले दिनको १२.१० बजे १० रा-उण्ड भन्दा बढी गोली ताकी ताकी प्रहार गरे। यस गोली प्रहारबाट महापालको हलुवाईको पसल अगाडि नै सागर सिंहको मृत्यु भयो र अन्य दुई जना सख्त घाइते भए। यस्तै गरी दमनकारीहरूको अन्धाधुन्ध गोली प्रहारबाट प्रदर्शनकारी ज्ञानबहादुर शाहीको मृत्यु हुनुका साथै अन्य तीन जनालाई सख्त घाइते पारे। प्र-हरीहरूको अन्धाधुन्ध गोली प्रहारद्वारा रगताम्य भएका र अश्रुग्यासले पीरा भएका नाकाहरूमा धर्ना दिई रहेका प्रतिरोधी जनताले दिनभरि नै प्रहरीहरू माथि प्रत्याक्रमण जारी राखे। राती त्यस जघन्य हत्याकाण्डको विरोधमा पुनः "ब्ल्याक आउट" गरी शहरभरि विशाल रूपमा मशाल जुलूस प्रदर्शन गरे।

पाटनवासीहरूको प्रतिरोधी संघर्षबाट भयभीत भएका प्रहरीहरूले १८ गते पनि पाटनवासीहरूलाई भयभीत पर्न विहानैदेखि घर-घरमा गई तर्साउने, खानतलाशी लिने, गिरफ्तार गर्ने तथा निर्ममतापूर्वक पिटाइ गर्ने अमानवीय कार्य गर्न थाले। अझ बखुंबहालबाट निस्केको विशाल जुलूसमाथि पनि बिना चेतावनी नै लोहँल टोलमा गोली प्रहार गरी नर्स विद्यादेवी जोशी लगायत अन्य दुई जनालाई घाइते पारे। यस दमन र अत्याचारको विरोधमा पाटनवासीले चोर, डाँकाहरू आएमा बजाउन प्रयोग गर्ने गरि



*लाठीधारी महिलाहरू*

एको स्थानीय साइरन र घण्टा बजाएर प्रतिरोधको लागि आह्वान गरे। यस आह्वानमा सवै पाटनवासी, बाल बच्चादेखि बूढाबूढी तथा महिलाहरू समेत घर-घरबाट कूटो-कोदालो, खुँडा-खुकुरी, डण्डी र तरवार सहित सम्पूर्ण टोलबाट साढे एघार बजे निस्केर विशाल प्रदर्शन गर्दै उनीहरूले सुन्धारा, धलाचा र लोहँल टोलहरूबाट मंगलबजारमा रहेका प्रहरीहरूलाई पुनः घेरावन्दी गरे। चारैतिरबाट सशस्त्र जनताको भीडदेखि डराएर भागेर मंगलबजारमा भेला हुन आएका प्रहरीहरूले अब आक्रमण गर्नुको सट्टा जनतालाई फर्कन अनुरोध गरेपछि महिलाहरूले प्रतिवाद गरी माफी समेत माग्न लगाए।

त्यस घेरावन्दीलाई कायमै राखी पचासौं हजार पाटनवासीहरूले विभिन्न टोलहरूमा प्रदर्शन गरी आमसभा गरे। यस सभामा वामपन्थी नेता सिद्धिलाल सिंह लगायत विभिन्न विद्यार्थी नेताहरूले सम्वोधन गरेर संघर्षलाई अरू तताउने काम गरे। नगर पंचायतका केही वडाध्यक्षहरूले राजीनामा गरे।

त्यसै रातीदेखि पाटनवासीहरूले आत्मरक्षाका लागि मंगलबजारका चार नाकाहरू सहित सम्पूर्ण टोलका चोक, गल्ली तथा सडकहरूमा साझा यातायात संस्थान पुल्चोकबाट ल्याइएका हजारौं टायर दश-दश गजको फरकमा बालेर, बत्ती निभाएर सशस्त्र रूपमा पालो पहरा दिई पाटनमाथि पूर्ण नियन्त्रण जमाउने काम गरे। चारैतिर विशाल रूपमा मशाल जुलूस प्रदर्शन गरे। घेरावन्दीमा परेका १३२ जना प्रहरीहरूले मंगलबजार स्थिति महा-रानी पोखरीको पानी मात्र खाएर बाँच्नु परेकोले आत्म सर्मपण गरेर आफूहरूलाई छोड्नका लागि अनुरोध गरे। त्यस दिन देखि २४ गते रातीसम्म सामान्यता पाटन र पाटनवासीहरू राजतन्त्रको नियन्त्रणबाट पूर्णतः स्वतन्त्र भए।

यसरी १५६ घण्टा (६ दिन एक रात) सम्मको "स्वतन्त्रता" प्राप्त गरेको समयावधिभित्र पाटनवासीहरूले विभिन्न प्रकारले जनसत्ता स्थापित गरे। १८ गते राती विभिन्न टोलका प्रतिनिधि तथा पार्टीका नेता एवं कार्यकर्ताहरूको एक भेलाले आफ्नो जनसत्ता स्थापनाका खातिर हातहतियार सहित टोलटोलमा आगो बालेर २०/२० जनाको दरले युवाहरूले पालो पहरा बस्ने निर्णय गऱ्यो। उक्त भेलाको निर्णय अनुसार पालो पहरा बस्दा प्रहरीहरूको आक्रमण भएमा विभिन्न बहाल र मन्दिर भित्रका घण्टी, साइरन तथा भ्यालिंचा बजाउने, त्यसको आवाज सुन्नासाथ हतियार सहित सवै जनता सडकमा उत्रने, दिनभरि हातहतियार बनाउने र लिन पायक पर्ने ठाउँहरूमा तमतियार स्टोर गरीराख्ने तथा नेतृत्वकारी शक्तिहरूल सुरक्षा दलहरूसँग सम्पर्क र संयोजन गर्ने व्यवस्था गऱ्यो।

जनताद्वारा नियन्त्रित पाटनमा १९ गते ११.३० बजे सौगल च्यासल टोलबाट शुरू भएको हजारौं सशस्त्र पाटनवासीहरूको विशाल जुलूस नगर परिक्रमा गरी नागबहालमा आमसभा गरी टुंगियो। यस अघि झ्याल झ्यालबाट पानी छ्यापेर शीतल पार्ने, महिलाहरूले बाटोभरि पानी खुवाउने काम गरिएको त्यस जोश, उल्लास र उत्तेजनाले भरिएको जुलूसमा बालबच्चादेखि दूधे बच्चा लिएका आइमाई तथा ६०/७० वर्षका बूढाबूढीहरू समेत हातहतियार सहित सहभागी भई एक-आर्कालाई हौसला बढाई

रहेका देखिन्थे। उक्त आमसभालाई नेपाली कांग्रेसका सप्तलाल ताम्राकार, रामलाल जोशी तथा वाममोर्चाका सिद्धिलाल, लगायत अन्य वक्ताहरू प्रभुनारायण बस्नेत, सुरेन्द्र शर्मा, गोकर्ण बिष्ट र रंजना बजगाईले समेत सम्बोधन गरेका थिए।

उक्त सभा पश्चात् नै पंचहरू केशर बहादुर बिष्ट तथा प्र.पं. वुद्धिराज वज्राचार्य लगायतका २३ जना नगर सभाका सदस्य तथा सभासद्हरू आन्दोलनको समर्थनमा वक्तव्य दिन बाध्य भए।

उक्त आमसभा सकेर फर्कदा पाटनवासीहरूले प्रहरीहरूद्वारा सडकका अव – रोधहरू र छेकाहरू हटाइएको दृश्य देखेर रीसले चूर भई पाटन पस्ने सम्पूर्ण मूल नाकाहरूमा खाडल खन्ने कार्य आरम्भ गरेर नाकावन्दीलाई अझ मजबूत पारे। अघिल्ला दिनहरूमा झैं त्यस राती पनि पालो पहरा बसिरहेको बेला सशस्त्र प्रहरीहरू पालो फेर्ने निहुँमा शहरभित्र पसे, तर पालो नफेरी पुनः रित्तै फर्केर गए।

२० गते पुनः मिखाबहालबाट प्रहरीहरू शहर पस्न खोज्दा जन प्रतिरोध हुँदा पाटनढोकामा "सीमाना" कोरेर दुवै तर्फबाट सुलह–संझौता भयो, जसअनुसार प्रहरीहरू पाटनढोकाबाट भित्र नपस्ने र जनताहरू त्यहाँबाट बाहिर नआउने सहमति भयो। तापनि त्यस दिन हुने जुलूस र आमसभालाई निर्बाध रूपमा संचालन गर्नका लागि ग्वारको, पुल्चोक, लगनखेल, पाटनढोकामा पूरै बाटो बन्द गरी बालबच्चा तथा महिलाहरूलाई पालो पहरामा राखियो। त्यसपछि ती पालो पहरामा बसिरहेकाहरूले कुनै अपरिचित तथा शंकास्पद व्यक्तिहरूले पाटन पस्न खोजेमा केरकार गर्ने तथा सम्पूर्ण जाँच पछि मात्र पस्न दिने कार्य गरिरहे। उता नागबहालबाट ११ बजे शुरू भएको विशाल जुलूस सुन्धारा, पूर्ण चण्डी आदि टोलहरूको परि –क्रमा गरी काठमाण्डौ जान कुपण्डोलसम्म आईपुग्यो। तर प्रहरीहरूले वाधा–अड्चन खडा गरेकाले मानभवनमा झण्डै भीडन्त हुन लागेको स्थितिमा जुलूसको नेतृत्व गरिरहेका लिलामणि पोखरेल लगायत अन्य केहीले बचाएर पुल्चोक क्याम्पस अगाडिको शहीद शुक्र राज शास्त्रीको प्रतिमाको अगाडि आमसभा गर्न पुगे। उक्त प्रतिमामा पार्टीहरूका झण्डाहरू फहराएर पुनः सुन्धारामै विशाल आमसभा गर्न उक्त जुलूस हिंड्यो। सुन्धारामा भएको विशाल र अभूतपूर्व आमसभालाई रामलाल ताम्राकार, सिद्धिलाल सिंह, मोदनाथ प्रश्रित, लिलामणि पोखरेल, डा. मुकुन्द बहादुर श्रेष्ठ, प्रभूनारायण बस्नेत, तुलबहादुर गुरूङ्ग, सागर मुल्मी, उपेन्द्र भट्टराई लगायत शहीद ज्ञान बहादुर शाहीका पिता पूर्णमान शाहीले सम्वोधन गर्नु भएको थियो। घाम डुबिसकेपछि आमसभाबाट फर्केका पाटनवासीहरूले नित्य दिन झैं बत्ती निभाई, पुत्ला जलाई नारा सहित पालो पहरा बसे।

यसरी दिनभरि नारा, जुलूस र आमसभा गरी पाटनवासीहरू थकित रहेको मौका पारी तंगल, ग्वारखो, नायख्यः आदि कमजोर नाकाहरूबाट प्रहरीहरू खाडल पुर्ने सरसाधन तथा क्रेन सहित पस्न खोजे। प्रहरीहरूको यस्तो दुस्प्रयासदेखी जनता रिसाए। उनीहरूले प्रतिरोध गरी आक्रमणकारीहरूलाई धपाई छाडे साथै उनीहरूले छाडेर गएको क्रेन नै जलाई दिए।

यसरी पाटनवासीहरूको दिनभरि जुलूस प्रदर्शन गर्ने र रातभरि पालो पहरा बसी जाग्राम बस्ने कार्य त दिनचर्या नै भै दियो। २१ गते बिहानै पाटनवासीहरूको मानवीय सहयोगमा बाँचिरहेका १३२ जना वन्दी प्रहरीहरूलाई पंचायत व्यवस्था विरोधी नारा लगाउन लगाएर ६० घण्टा पछि जनताले रिहा गरि दियो। त्यस दिन पनि पाटन शहरभित्र मात्र होइन, बाहिर पनि कुपण्डोल र बाडेगाउँमा समेत विशाल प्रदर्शन हुँदा मुठभेड भई प्रहरीहरूको गोली लागी थुप्रै घाइते भए। २२ गते वाममोर्चा र नेपाली कांग्रेसको शहीदहरूको संझनामा धार्मिक स्थलहरूमा प्रार्थना सभा र विरोध सभा गर्ने केन्द्रीय कार्यक्रम अनुसार पाटनको कुंभेश्वरमा विशाल प्रार्थना-सभा भयो। २३ गते पनि साविक वमोजिम काम कारवाही गरी पाटन माथिको नियन्त्रण जनताले जमाई राखे।

२४ गतेको कपटी शाही घोषणा पश्चात नागवहालमा बसेको "एक्सन कमिटी" ले २५ गते जुलूस प्रदर्शन गर्ने निर्णय गरेर बाहिर आउन नपाउँदै विद्यार्थी नेता प्रभूनारायण बस्नेतको नेतृत्वमा विशाल जुलूस प्रदर्शन शुरू भयो। उक्त ५० औं हजारको उत्तेजित जुलूस काठमाण्डौ जाने र काठमाण्डौबाट अर्को जुलूस पाटन आउन खोज्दा कुपण्डोलमा प्रहरीहरूको बाधा–विरोधलाई तोड्दै खुल्लामंच आई पुग्यो। सडक–संघर्षमा सहभागी भई सकुशल पाटन नै फर्केर गयो। र त्यही दिनको राती १२ वजे देखि नै निरंकुश राजतन्त्रले कर्फ्यूको घोषणा हुनुभन्दा काठमाण्डौमा झैं पाटनमा पनि अन्धाधुन्ध गोली चलाउँदै पसेका सैनिकहरूले पाटन माथि कब्जा जमाए। यही क्रममा नःटोलकी ज्ञानीशोभाको हत्या सैनिकहरूको गोलीबाट भयो।

*– राजेन्द्र महर्जन*


जन–आन्दोलनमा प्राण अर्पण गर्ने संपूर्ण शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**अमरावती मद्यशाला प्रा. लि.**

हरिऔन, सर्लाही, नेपाल

BY APPOINTMENT TO THE ROYAL DANISH COURT

# TUBORG BEER

Tuborg Beer right here. And in the rest of the world.

GB

Gorkha Brewery Nepal

TUBORG BREWERIES LTD.

# कीर्तिपुरको ७ दिनको मुक्ति!

पृथ्वीनारायण शाहलाई समेत दुई दुई पटकसम्म हराएर निकै चर्चित भएको कीर्तिपुर का जनताले निरंकुश सत्तापक्ष विरोधी हरेक संघर्षमा अग्रिम पंक्तिमा रहेर आफ्नो संघर्षशील परम्परालाई निर्वाह गर्दै आएका देखिन्छन्। यसै क्रममा राणा शासनको पतनपछि वामपन्थी र ाजनीतिको प्रभूत्व रहेको कीर्तिपुरका जनताले पंचायती शासन विरोधी २०३५/३६ सालको संघर्षमा साथ दिएको प्रसंग देखि जनमत संग्रहमा अत्यधिक (करीव ९५%) मत पंचायतको विरोधमा, वहुदलको पक्षमा खसालेको तथ्य उल्लेखनीय छ।

त्यस्तै गरी २०३८ सालको राष्ट्रिय पंचायतका सदस्यका लागि भएको चुनाव वहिष्कार गरेका र प्रहरी दमनको प्रतिरोधमा उत्रेका कीर्तिपुर वासीले २०४३ सालको अर्को पटकको रा.प.स.को चुनावमा जनपक्षीय उम्मेदवार पद्मरत्न तुलाधरलाई कीर्तिपुरको ९०% भन्दा बढी मत खसाली अत्यधिक मतले विजय गराउन खेलेको भूमिका पनि बिर्सनै सकिदैन।

यसरी निरन्तर रूपमा पंचायती निरंकुश-सत्तापक्षको विरोधमा आमूल परिवर्तनको पक्षमा संघर्षशील रहेका कीर्तिपुरवासीले २०४६ सालको वहुदल प्राप्तिको जन-आन्दोलनमा पनि एक वलिदानपूर्ण र वीरतापूर्ण संघर्ष गरे! मुख्य गरी ने.क.पा. (चौ.म.), ने.क.पा. (माले), ने.क.पा. (मशाल) तथा ने.म.कि.संगठन वीचको गोप्य "एक्सन कमिटी"को सकृयतामा र स्वतः स्फुर्त रूपमा कीर्तिपुरवासीहरू आन्दोलित भएका थिए।

फागुन ७ गतेको विशाल प्रदर्शनमा साहसपूर्वक सहभागी भएका कीर्तिपुरवासीहरूले त्यसको सफलताले उत्साहित भएर फागुन ८ गतेको "नेपाल बन्द"को दिन सम्पूर्ण पसल, कल-कारखाना तथा यातायात बन्द गर्ने गराउने अभियान चलाए। यसरी यातायात बन्द गराउने क्रममा "सिनास"को मोटर उनीहरूले जलाइदिएका थिए। त्यसपछि भएको प्रहरी आक्रमण र प्रतिरोधको क्रममा कीर्तिपुर खाःसिबजार स्थित प्रहरी थानामाथि नै आक्रमण गरी आगो लगाई दिए। कीर्तिपुरवासीहरूको यो साहसबाट आतंकित भएको पंचायती शासक वर्गले कीर्तिपुरमा सशस्त्र प्रहरी लगाई निर्मम दमन, उत्पीडन तथा गिरफ्तारी गरे पनि कीर्तिपुर वासीले केही दिन व्यापक संख्यामा अन्यत्र भूमिगत बसेर र पछि कीर्तिपुर नै फर्केर आफ्नो संघर्षशीलतालाई निरन्तर जोगाईराखे।

नेपाली कांग्रेस, संयुक्त वाममोर्चा तथा संयुक्त राष्ट्रिय जनआन्दोलनका संयुक्त र छुट्टाछुट्टै संघर्षका प्रत्येक कार्यक्रमहरूमा कीर्तिपुर को भूमिका सफल हुँदै गएको क्रममा चैत्र १६ गतेको वत्ती निभाउने कार्यक्रम (ब्ल्याक आउट) अभूतपूर्व रूपमा सफल भयो। साथै यतिखेर नै पाटनमा भएको निर्मम दमनले यहाँको संघर्षमा नयाँ रूप, नयाँ जोश र नयाँ उत्साह जन्माईदियो। भोलिपल्टदेखि नै रात दिन जुलूस प्रदर्शन तथा मशाल जुलूसको सनसनीमा डुबिरहेको कीर्तिपुर मा चैत्र २० गते "कालो दिवस"को विहानै देखि ने.क.पा.(चौ.म.) को आयोजनामा र नगाउँ देखि पांगासम्म दिउँसो ने.क.पा. (माले) र ने.क.पा. (चौ.म.) को संयुक्त आयोजनामा भएका प्रदर्शनहरूले पाटनमा जस्तो नरसंहार कीर्तिपुरमा पनि भएमा हात-हतियार सहित प्रतिरोधका लागि सडकमा उत्रन आह्वान गरे।



*संघर्षशील परम्परा निर्वाह गर्दै कीर्तिपुरवासीहरू सडकमा*

त्यही २० गतेको "कालो दिन" को ३.३० बजे पुनः एक पटक कीर्तिपुरका युवाहरूले मंगल माध्यमिक विद्यालयको प्रांगणबाट पंचायत र राजतन्त्रको अन्तको माग गर्दै निकालेको जुलूस विभिन्न टोलहरू घुम्दै गल्छैं टोल पुग्नासाथ प्रहरी बलले जुलूसको पछाडिको भागबाट निर्ममतापूर्वक आक्रमण गऱ्यो। दमनकारीहरूले निर्ममतापूर्ण लाठी चार्जद्वारा आक्रमण गरी प्रदर्शनकारीहरू मचाभाइ महर्जन र सिद्धिबहादुर महर्जनलाई वेहोश पारे भने गोविन्द महर्जन र हरिबहादुर महर्जनलाई टाउको र खुट्टामा हानेर रगताम्य पारे। यस निर्मम आक्रमण सहन नसकेर नकुट्नका लागि आग्रह गर्न गएका महिलाहरू माथि झन उल्टै लाठी चार्ज गर्न पनि प्रहरी बल पछि परेन।

यस आक्रमणको क्रममा प्रहरी वलले पक्डेर लगेका रगताम्य भएका गोविन्द महर्जन, राजु रंजित तथा भुवन तण्डुकारलाई प्रहरीको हातबाट खोसेर लिनका लागि चाफलटोलमा केही महिलाहरूले प्रयास गरे। तर उनीहरू माथि पनि निर्मम दमन गरी प्रहरी वलले थानासम्म ती गिरफ्तार युवाहरूलाई पुऱ्याई छाडे।

यसरी प्रदर्शनकारी कीर्तिपुरका युवाहरू माथि निर्ममतापूर्वक लाठी चार्ज गरी प्रहरीहरूले उनीहरूलाई गिरफ्तार गरेर लगेको कारणले कीर्तिपुरवासीहरू निकै आक्रोशित र उत्तेजित भए। ती आक्रोशित र उत्तेजित कीर्तिपुरवासीहरू प्रतिरोधका लागि बाघभैरव स्थानमा भेला भए। हजारौं हजार जनताले भेलामा गिरफ्तार भएका

युवाहरूलाई जसरी भए पनि छुटाएर ल्याउने दृढ संकल्प गरे। यसका साथै कूटो, कोदालो, लाठी तथा नोल सहित जुलूस प्रदर्शन गरी नयाँ बजार भई स्वाःसिबजारस्थित प्रहरी थाना घेराऊ गर्न हजारौं-हजार महिला तथा पुरूषहरू थानामा पुगे।

चारैतिरबाट ओइरिएको उक्त जुलूस र भेलाको प्रतिनिधित्व गरी ने.क.पा.(चौ.म.) का कृष्णबहादुर महर्जन, हिरा बहादुर महर्जन तथा ने.क.पा.(माले) का रमेश महर्जन लगायत केही महिला तथा पुरूषहरूले प्रहरीहरूसँग कुराकानी गरे। गिरफ्तार भएका युवाहरूको तत्काल रिहाईको माग गरे। ती प्रतिनिधि तथा प्रहरीहरू बीचको लामो वाद विवाद पछि ४५ मिनेट पछि मात्र तिनीहरूलाई रिहा गर्ने वचन दिइयो। यो ४५ मिनेट समय बढी लिएर काठमाण्डौबाट थप प्रहरी बल मगाएर दमन गर्ने संभावना देखिएकोले जन-प्रतिनिधिहरूले प्रहरीमाथि रिहाईको लागि थप दवाव दिँदै गए।

यसै वीच कीर्तिपुरको आकाशमा सरकारी सेतो हेलिकोप्टर मडारिन थाल्यो। उता टायर बालेर तथा ढुंगा थुपारेर बन्द गरिएको बाटो सफा गरी थप प्रहरी बल थानातिर आउन थाल्यो। यही संजोगमा एक जना शंकास्पद व्यक्तिले प्रहरी-थानाको पर्खालमा ढुंगाले हान्यो। यही मौका छोपेर थाना तथा हेलिकप्टरका प्रहरीहरूले लगातार अश्रुग्यांसद्वारा जनतामाथि आक्रमण गरे। प्रहरीहरूको यस आक्रमणको प्रतिरोधमा प्रदर्शनकारी जनताले पनि प्रहरीहरूद्वारा फ्याकिएका अश्रुग्यांसहरू वीचमै समातेर उनीहरूमाथि नै हानेर तथा ढुंगामूढा बर्साएर प्रत्याक्रमण गरे। यसै वीच हेलिकप्टरद्वारा थाना नजीकको खेतमा खसालेका गोलीगट्ठा तथा हात-हतियारको पोको पाउन सफल भएपछि निशस्त्र प्रदर्शनकारीहरू माथि बाटाको वीचमै अश्रुग्यांसद्वारा मात्र होइन, गोलीद्वारा नै आक्रमण गरे। यस आक्रमणको दौरानमा लनबहादुर महर्जन, हिराकाजी महर्जन, राजमान माली तथा राजेन्द्र महर्जनले शहादत प्राप्त गरे। यसका साथै रामशरण महर्जन, जुजुकाजी महर्जन, राजमान महर्जन, राइमान शाक्य, नरेन्द्र महर्जन, नारायण भक्त तथा दिलकुमार श्रेष्ठ घाइते भए झण्डै मृत्युको मुखमा परेका थिए। र अन्य केही गोलीको शिकार भई सामान्य घाइते भए। पंचायती शासकहरूद्वारा यसरी गोली काण्ड गरिनासाथ तितर-बितर भएका कीर्तिपुरवासीहरू मध्ये नेतृत्वकारी पार्टीका कार्यकर्ताहरू केहीले शक्ति संचय गर्न र कृयाशील गर्न टोल-टोलमा गई हात-हतियार सहित सडकमा निस्कन जनतालाई आहवान गर्दै हिडै। ने.क.पा. (चौ.म.) का स्थानीय कार्यकर्ताहरू त्यही दिन देखि मशाल जुलूस निकाल्ने,राती पालोपहरा बस्ने-बाटो वन्द गर्न छेकवारहरू लगाउने तथा थाना माथि हुन सक्ने आक्रमणबाट बचाउने तथा राष्ट्रिय अन्तर्राष्ट्रिय समाचार समितिहरूलाई त्यस दिनको समाचार दिने निर्णय सहित सडकमा उत्रे।

त्यही दिन राती साँढे आठ बजे वाघभैरव स्थानमा एक हातमा हात-हतियार र अर्को हातमा मशाल लिई "मार या मर"को आतंकित र आक्रोशित मनःस्थितिमा हजारौं हजार कीर्तिपुर वासीहरू भेला भए। राजतन्त्रको अन्त र वहुदलको स्थापनाको माग गर्दै आएको उक्त विशाल जुलूस ईछैं टोल हुँदै तःननि टोल पुग्दा अलिकति अनियन्त्रित भयो। अतः त्यहाँ कम्युनिष्ट कार्यकर्ताहरूले संयमित र शान्तिपूर्ण ढंगले पाटन झैं कीर्तिपुर पनि कब्जा गर्न आह्वान गरे। त्यसपछि अलिकति संयमित भएको उक्त मशाल जुलूस नयाँ बजार पुग्दा ने.क.पा.(मशाल) र नेतृत्वकारी कम्युनिष्ट कार्यकर्ता तथा स्वतन्त्र वाम वुद्धिजीविहरू वीच थानामाथि आक्रमण गर्ने कि नगर्ने भन्ने प्रश्नमा ठूलो विवाद भयो। विवाद आक्रमण नगर्ने टुंगोमा पुगेर समाप्त भए पछि जुलूस पुनः पांगा हुँदै कीर्तिपुरकै विभिन्न टोलहरूमा घुम्दै नयाँ बजारमै रातको २.३० बजे विसर्जन भयो।

त्यही राती देखि २१ गते विहानसम्म कीर्तिपुरवासीहरू थप प्रहरी वल आउन सक्ने संभावना भएका सवै बाटोहरू वन्द गर्न र छेकेवार लगाउन थाले। उनीहरूले बाटोमा खाडल खन्ने, टायर जलाउने, विशाल रूखहरू ढाल्ने तथा ढुंगा-मूढाको गाह्रो बनाउने कार्य गरेर कीर्तिपुर आफ्नो कब्जामा लिई प्रहरीहरूलाई पूर्ण नाकावन्दी गरिदिए।

यसरी अघोषित रूपमा पंचायती निरंकुशतन्त्रबाट मुक्त भएको कीर्तिपुरमा २१ गते वामपन्थी कार्यकर्ता टीकाराम महर्जन र अन्य स्वतन्त्र तथा पार्टी कार्यकर्ताहरूको संयुक्त सकृयतामा शहीद राजमान मालीको विशाल तथा अभूतपूर्व शवयात्राभयो। कीर्तिपुर, पांगा र नगाउँ पूरै घुमेको उक्त शवयात्राको समाप्ति पश्चात् वाघभैरव स्थानमा भएको आमसभामा कीर्तिपुर,पांगा तथा मच्छेगाउँका प्रधान र उपप्रधान पंचहरूले संयुक्त रूपमा राजिनामा गरे।

२२ गते पनि एक्सन कमिटीको आयोजनामा कालोपट्टी बाँधेर कम्युनिष्ट तथा कांग्रेसका झण्डाहरू लीई तिनै गाउँमा विशाल जुलूस गरी अन्तमा आमसभा भयो। उक्त आमसभामा वामनेता लिलामणि लगायत स्थानीय वामकार्यकर्ताहरूले मुक्ति-संघर्ष चलाइरहने संकल्प व्यक्त गरे।

त्यसरी नै २३ गते स्थानीय रूपमा जुलूस प्रदर्शन गरियो भने २४ गते राजाको शाही घोषणाको विरोधमा हजारौं-हजार कीर्तिपुरवासीहरू काठमाण्डौंमा गई वीरतापूर्वक प्रदर्शन गरेको घटना अविस्मरणीय देखिछ।

यसै वीच २१ गते देखि नै ने.क.पा. (चौ.म.) का कार्यकर्ता तथा स्वतन्त्र वामहरूको सहयोग र कृयाशीलतामा प्रत्येक राती पालो पहरा बस्ने काम शुरू भएको थियो। २००७ सालमा खुकुरी दलको आक्रमणको समयमा झैं त्यसवेला पनि प्रहरी आक्रमणबाट बच्नका लागि संकटको समयमा मन्दिरका घण्टाहरू, फलामे लठ्ठाहरू बजाई संकेत गर्ने, टोल टोलमा आगो बालेर हात-हतियार सहित पालैपालो पहरा बस्ने, पहरा बसिरहेका समूहहरू वीच समन्वय र संयोजन गर्ने, ब्लल्याक-आउट गरि रहने, घुमन्ते टोलीद्वारा घुमिरहने तथा मशाल जुलूस प्रदर्शन गर्ने कार्य दिन दिनै हुन थालेको थियो।

कीर्तिपुरवासीहरूको त्यस नाकावन्दीका कारणले रासन र खानेपानीको अभावमा तड्पेका प्रहरीहरू २० गते गिरफ्तार गरिएका सवैलाई रिहा गर्न वाध्य भए। यसका साथै प्रहरीहरू-द्वारा काठ-दाउरा र खाने पानीको चोरी समेत गर्ने प्रयास गरे, जसको प्रतिरोधमा स्थानीय महिलाहरूले कडा विरोध गरी भोकै बस्न समेत विवश पारे।

**बाँकी पेज ७३ मा**

*विगत ऐतिहासिक जन-आन्दोलनमा प्राणाहुती दिने संपूर्ण शहीदहरूमा श्रद्धाञ्जली अर्पण गर्दछौं।*

**सुपर क्वालिटी प्लास्टिक इण्डस्ट्रिज**
पाटन औद्योगिक क्षेत्र,
ललितपुर, नेपाल

# मस्तिष्कको कुन भागले स्मरण गर्ने कार्य गर्छ?

विज्ञानको इतिहासमा पहिलो चोटि स्नायु वैज्ञानिक (Neurocientists) हरूले स्मरणको कार्य संपादन गररहेकै बस्वत मानव मस्तिष्कको फोटो खिचेर मानिसहरूले विभिन्न किसिमका स्मरण कार्यहरू गर्न मस्तिष्कका विभिन्न भागहरू प्रयोग गर्छन् भन्ने कुरा निश्चित गरेका छन्। जीवित मस्तिष्कको भित्री गहिराइमा केरा आकार को एउटा क्षेत्र हुन्छ र त्यही क्षेत्रले स्मरणमा मुख्य भूमिका खेल्छ भन्ने कुराको प्रमाण पनि उनीहरूले पहिलो चोटि भेटेका छन्। त्यो क्षेत्रलाई वैज्ञानिकहरूले अंग्रेजीमा Hippocampus नामाकरण गरेका छन्। नयाँ वैज्ञानिक शब्द भएकोले यो शब्दको नेपाली अनुवाद के हुन्छ, अहिलेसम्म नेपाली वैज्ञानिकहरू र भाषाविद्हरूले टुँगो गरिसकेका छैनन्।

वैज्ञानिकहरूले यो नयाँ निचोड गएको नोभेम्बर महीनामा मात्र खोजि निकालेका हुन्। यो पत्ता लगाउने स्नायु-वैज्ञानिकहरूको नाम हो- अमेरिकाको सान डियागोस्थित क्यालिफोर्निया विश्वविद्यालयका ल्यारी आर स्क्वाइर र सेन्ट लुइसस्थित वाशिंगटन विश्वविद्यालय औषधि-विज्ञान केन्द्रका मार्कस् रैश्ले।

उहाँहरूले १८ जना स्वयम्-सेवकहरूको मस्तिष्कले गरेको शब्द पूरा गर्ने कार्यहरूको वैज्ञानिक निरीक्षण गरे पछि यो तथ्य पत्ता लगाएका थिए। निरीक्षणका लागि उनीहरूले एउटा प्रतिविम्बन प्रविधि (Imaging Technique) प्रयोग गरेका थिए, जसलाई अंग्रेजीमा Positron Emission Tomography (PET) भनिन्छ। अनुसन्धानका लागि सहभागी गराइएका मानिसहरूले अनुसन्धानकर्ताहरूद्वारा केही बेर सम्म देखाइएका शब्द-अंशहरूको पछिल्लो भाग स्मरण गर्न आफ्नो मस्तिष्कको विभिन्न क्षेत्र प्रयोग गरेको कुरा अनुसन्धानकर्ता वैज्ञानिकहरू स्क्वाइर र रैश्लेले आफ्नो अनुसन्धानद्वारा पत्ता लगाए। उनीहरूको मनमा आएको पहिलो शब्दको स्मरण गर्न उनीहरूले मस्तिष्कको भिन्नै भाग प्रयोग गरेको देखियो भने उनीहरूले पहिले नै सूक्ष्म विश्लेषण (Scanning) गरिसकेको शब्द शब्दसूचीबाट संझन भने मस्तिष्कको अर्कै क्षेत्र प्रयोग गरेको देखियो। यसले के देखायो भने- स्मरणको भिन्न-भिन्न दायित्व अनुसार मस्तिष्कको भिन्न-भिन्न क्षेत्र प्रयोग हुने गर्दछ।

यो थाहा पाउनका लागि अनुसन्धानकर्ताहरूले अनुसन्धानमा सहभागी हुनेहरूको मस्तिष्कमा रगतको बहावमा आउने परिवर्तन निरीक्षण गर्न PET Scans प्रविधि प्रयोग गरेका थिए। विभिन्न स्मरण कार्यको दौरानमा जुन क्षेत्रमा रगतको बहाव बढी भयो, त्यो क्षेत्रले स्मरण कार्य गरिरहेको प्रष्ट हुन्थ्यो।

जब सहभागीहरूले मोटर शब्दको अंश "मेट"- लाई पूरा गर्न उनीहरूले देखिसकेको अघिल्लो सूचीको स्मरण गरे, उनीहरूको Hippocampus को दायाँ भागमा रगतको बहाव बढ्यो। यसले के देखायो भने- प्रत्येक सहभागीले शब्द संझनका लागि त्यहाँको स्नायु-कोष (Nerve cells) हरू प्रयोग गर्दछ। यसअघि वैज्ञानिकहरू ठान्दथे- त्यस्तो कार्य गर्न दिमागको देब्रे भाग प्रयोग हुन्छ। अनुसन्धानको दौरानमा के पनि थाहा लाग्यो भने यदि सहभागीहरूले पहिले देखिसकेको शब्द खोज्न परेन र उनीहरूको मनमा आएको पहिलो शब्द सरासर भने भने, Hippo campus को कुनै भागमा पनि रगतको बहाव त्यति धेरै हुँदैन।

चाखलाग्दो अर्को तथ्य के पत्तो लाग्यो भने- सहभागीहरूले जब आफूले पहिले देखिनसकेको शब्द सूचीबाट कहिले-काहीं स्वःफूर्त रूपमा संझन्थे, सहभागीहरूले मस्तिष्कको त्यो क्षेत्र प्रयोग गर्दथे, जसलाई अंग्रेजीमा Visual cortex भनिन्छ।

आफ्नो अनुसन्धानको निष्कर्ष निकाल्दै स्क्वाइर भन्दछन्- "हामीले के पाइरहेका छौं भने जीवित मानव-मस्तिष्कमा स्मरणको किसिम एउटा भन्दा बेसी छ र प्रत्येकको निम्ति भिन्नाभिन्नै स्नायु-क्षेत्र संलग्न हुन्छ।"

प्रस्तुति- प्रतिभा जोशी
श्रोत आधार Science News
Vol 140, November 23, 1991

प्रजातन्त्र प्राप्तीका लागि
जन-आन्दोलनमा प्राण अर्पण गर्ने
समस्त शहीदहरू प्रति
हार्दिक श्रद्धांजली अर्पण गर्दै
नयाँ वर्षको उपलक्ष्यमा
सवै नेपालीहरूप्रति
मंगलमय शुभकामना
व्यक्त गर्दछौं।

हुलासचन्द गोल्छा
एवं
समस्त गोल्छा अर्गनाइजेसन परिवार



# ढोंग : विभाजित मनस्थितिको उपज

डि.आर. पोखरेल

मानिसहरू खण्डित भएका छन्। तिनका जीवन-मूल्यमा आएका संकट वा तिनले अप्नाइरहेको दोहोरो मापदण्ड नै यसको कारण हो भनी भनिंदा यो नयाँ घोषणा जस्तो लाग्न सक्छ। तर यो कुनै नयाँ घोषणा होइन, मानिसका भनाइ र गराइमा जुन असन्तुलन छ, जुन खाडल छ, अथवा मानिसले आफू जे हो त्यो स्वीकार्न उसलाई जुन मुश्किल परिरहेछ र जे होइन त्यही भएको प्रर्दशन गर्न जुन हतार उसले देखाइरहेछ यो नै संकट हो। समाजको विकासमा बाधकको रूपमा यो देखा परेको छ।

समाज-विज्ञानले परिवारलाइ, मनोविज्ञानले व्यक्तिलाई समाजको आधारभूत इकाइ माने पनि अथवा यिनीहरूको मान्यतामा पृथकता देखा परेता पनि मूल कुरो मानिस हो। मानिसको अध्ययन मानवतावादले मात्र गर्छ भन्ने होइन, मानव जीवन र समाजको अध्ययन आचारशास्त्र वा सौन्दर्यशास्त्र वा मनोविज्ञान वा अरू कुनै शास्त्र वा विभिन्न कोणबाट, विभिन्न पक्षबाट हुने हुन्छ। शास्त्रहरू एक आपसका अन्तर्सम्बन्धित त हुन्छन् तर कुनै एक पक्षबाट, कुनै एक शास्त्रबाट नियाल्न खोज्दा अर्को शास्त्रको चर्चा भएन भनी भन्न मिल्दैन।

सगोलमा भन्दा इतिहासका निर्माता जनता त हुन् तर समाज विचारहरूद्वारा परिचालित हुने हुनाले आम-जनसमुदाय निश्चित मानिसहरूले देखाएको बाटोमा हिंडने गरेको पाइन्छ। त्यसो हुनाले खास खास युगका वाहकहरू त्यस युगका गुणदोषका लागि सर्वाधिक जिम्मेवार हुन्छन्।

सर्वसाधारण मानिसहरूको जीवन त सरल हुन्छ। किनभने उनीहरूले त्यति धेरै कुरा बुझेका छैनन्, त्यति धेरै शास्त्र पढेका छैनन्। हो, उनीहरू परंपरागत मान्यताका शिकार त जरूर भएका हुन्छन् तैपनि त्यसमा ढोंग भने हुँदैन। उनीहरू सहज ढंगले, स्वाभाविक ढंगले आफ्ना मनका कुरा भन्न सक्छन्। तर यो स्थिति प्रायः गरेर विचारवाहकहरूको हुन्न। उनीहरूको जीवन धेरै जटील भैसकेको हुन्छ। उनीहरू कितावी ज्ञानको बोझले थिचिएका हुन्छन्। उनीहरू पंडित भैसकेका हुन्छन, उपदेशक भैसकेका हुन्छन्।आफ्नो जीवनबारे थाहा छैन, तर जनताको मुक्तिको माला जप्ने गर्दछन्। आफूभित्र अर्कै दुनियाँ-गिरी छ तर बाहिर अर्कै सौम्य व्यक्तित्वको रूपमा आफूलाई प्रकट गरिरहेका हुन्छन्। उनीहरूको चलाखीको कुनै सीमा हुन्न। कसलाई के भन्नु पर्ने हो, जनता के भन्दा आफूतिर आकर्षित हुने हुन् त्यही "महान" काममा उनीहरू जुटिरहेका हुन्छन्। के चै सत्य हो, त्यससित कुनै मतलव हुन्न। कुन कुराले आफ्नो गरिमा बढाउने हो, त्यही गर्न आतुर भएका हुन्छन् - भित्रबाट। तर बाहिर अर्कै ढोल पिटिएको हुन्छ।

यही "कौशलता", यही "कूटनीति", यही "सिपालुपना", यही "सर्वश्रेष्ठ" हुने धूनको नाम हो - दोहोरो जीवन। आचारशास्त्रमा यसको स्थान कहाँनिर छ? यो उनीहरूलाई वास्ता हुन्न। आचारशास्त्र भर्सेलामा परोस्! उनीहरूलाई के मतलव! उनीहरू जे गर्छन्, त्यही पो आचार शास्त्र हुने हो त! आचारशास्त्रले उनीहरूलाई छुन सक्तैन, बरू उनीहरूको पछि पछि आचार शास्त्र नै लाग्नु पर्ने हुन्छ। जंगबहादुरले जे बोल्यो त्यही नियम हो, बाँकी दुनियाँका नियम त्यसै अनुरूप ढालिनु पर्दछ। यही स्तरको मनोभावनाबाट उनीहरू संचालित भएका देखिन्छन्।

आज समाजमा जुन संकट देखिएको छ, जुन साँस्कृतिक अधोपतन सर्वत्र छाएको छ, त्यसको मूलमा रहेको छ - ढोंग।

ढोंग भनौं या जे भनौं अंग्रेजीमा हिपोक्रयासीको अर्थमा यसलाई बुझ्ने गरिन्छ। भन्ने हो भने, जे होइन त्यही भएको नखरा नै ढोंग हो अथवा यसो मानौं-भित्र र बाहिरको फरक, भनाइ र गराइको फरक। भित्र क्रोधको अग्नि दन्केको छ, बाहिर करूणाको सागर भएको स्वाँग गरिन्छ। भित्र घृणा छ बाहिर प्रेमको नखरा गरिन्छ। भित्र अहंकारको आगो सल्केको छ, बाहिर सौम्यताको ढाँचा पारिन्छ। भित्र जे छ, त्यो बाहिर प्रकट हुँदैन, बाहिर जे प्रकट हुन्छ, त्यो भित्रको कुरा हुँदैन। मन र मष्तिस्कमा अपराधको आँधी चलिरहेको हुन्छ तर बाहिर फूलमाला र आरतीको नाटक चल्छ। आफ्नो मनको विरूद्ध, आफ्नै विचारको विरूद्ध व्यक्ति खडा भैदिन्छ। यसरी भित्र र बाहिरमा ऊ विभाजित भएको हुन्छ।

अझै विचित्र त के छ भनें, यिनै नखराहरूलाई नै आफ्नो महानता ठान्ने गरिन्छः चलाखी, सिपालुपना वा बुद्धि वा कुटनीति ठान्ने गरिन्छ। तर वास्तवमा यो हो - नैतिक संकट। साँस्कृतिक संकट। यसलाई मनोविज्ञानको भाषामा भन्ने हो भने विमारी भनिन्छ - स्किजोफ्रेनिया - विभाजित मन, खण्डित व्यक्तित्व। एउटा व्यक्ति दुई विपरीत जीवन धारामा बाँडिनु पुग्छ। घडीको पेण्डुलम झैं।

तर दोहोरो मापदण्ड वा विभाजित मनस्थिति कुनै चलाखी होइन, कुनै बुद्धिमानी होइन, कुनै कुटनीतिको कुरा होइन भन्ने कुरा तिनलाई कसरी बुझाउने? ती त आफ्ना गल्ती कमजोरीरूलाई पनि बुद्धिकरण (rationalization) गर्दछन्। आफू कुनै विशेष विज्ञ भएको जस्तो तादाम्यता (Identification) को कल्पना गर्दछन्। यसरी यहींबाट थरिथरिका रोगहरू उत्पन्न हुने गरेका छन्।

यो सबैलाई प्रष्टै छ कि जव कोही अशान्तिमा हुन्छ, आन्तरिक द्वन्दमा हुन्छ वा अस्पष्टता र द्वन्दमा हुन्छ - ऊ दुई पृथक धारामा विभाजित भएको हुन्छ। मनले ऊ अनिश्चयको दशामा हुन्छ तर बाहिर सर्वाधिक निश्चयको घोषणा गर्दछ। भित्र ऊ जुन हदसम्म

काँतर हुन्छ बाहिर त्यही उचाइँ सम्मको बहादुरीको घोषणा गर्दछ। ऊ दुई अतिमा बाँचिरहेको हुन्छ। भित्र एउटा अति छ, त्यसलाई लुकाउन बाहिर अर्को अतिको वैशाखी भिर्न पुग्छ।

यसरी मानिस जब दुईवटा धारहरूमा बाँडिन्छ वा आन्तरिक रूपले जव अन्यौलमा अल्झेको हुन्छ - उसको सम्पूर्ण व्यक्तित्व विखण्डित भैरहेको हुन्छ। ऊ चाहन्छ -आफ्नो झूठमा टिकेको, भ्रममा अल्झिएको मान प्रतिष्ठा न गुमोस्, ऊ अरूभन्दा पछि नपरोस्, सर्वश्रेष्ठ बनिरहोस्। यही आन्तरिक भावनालाई पुष्टि दिनका लागि ऊ बाहिरबाट अर्कै भएर प्रकट हुने गर्छ। तर गंभीर अर्थमा उसले आफैंलाई धोका दिइरहेको हुन्छ। जसले आफैलाई उभ्याउन सकेको छैन, त्यसले अरूलाई के भरोसा देला? के आड देला? वास्तविकता त के हुन्छ भने, उसले सारा मानिसलाई धोका दिइरहेको हुन्छ। उसले जे भनीरहेको हुन्छ, त्यो उसको मनको कुरा हुँदैन, आफ्नो कुरा हुँदैन। ऊ मिथ्यामा उभिएको हुन्छ। अरूलाई धोका नदिई ऊ आफू माथि उक्लनै सक्तैन। उसको यही मिथ्याचरणले गर्दा समाजले कष्ट भोग्नु पर्ने हुन्छ। उसले आफूसहित समाजलाई बर्वाद गरिरहेको हुन्छ। तर बाहिरबाट उसले गरेको यस्तो बर्वादी देखिँदैन। सतहमा हेर्दा उसले नराम्रो गरिरहेछ भन्ने पत्तै लाग्दैन। बाहिर उसले अर्कै [illegible]को दुनियाँ खडा गरेको हुन्छ र सामान्यतया उसका कुकृतिहरू देखिँदैनन्। उसका मीठा कुराहरू, उत्साही भाषण र नाराहरूले बाहिर सतहमा यस्तो जालको दुनियाँ निर्माण गरेको हुन्छ कि स्वभाविक रूपले आम जनसमूदाय त्यस भ्रममा पर्दछन्।

"समाज नैतिकवान हुनुपर्छ" भनेर उपदेश दिएर समाज नैतिकवान हुने होइन। उपदेशकले "उपदेश" को कति पालना गर्छ? गाँढी कुरो यहीनिर छ। यदि बाटो देखाउने स्वयंमा द्विविधा छ भने उसले अरूलाई के बाटो देखाउँछ ? उसले देखाएको बाटो सही हुने कुनै ग्यारेण्टी हुन्न। ग्यारेन्टी मात्र नहुने नभएर त्यस्तो "उपदेश" बाट जनतालाई धोका पनि हुन्छ।

बाहिरबाट हेर्दा दोहोरो जीवन भएको मानिस सभ्य जस्तो देखिछ। किनभने ऊ बनावटी नम्रता, बनावटी प्रेम वा माया देखाउन



# टेलिफिल्म "रात" ले संगेटेका कुराहरू

एड्स रोगबारे संचेतना फैलाउने उद्देश्यले यु.एन.डि.पि. को लगानीमा कथा, पटकथा, सम्वाद, निर्देशन र मूल भूमिका समेतमा आफ्नै सहभागिता राखी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले तयार गरेको टेलिफिल्म "रात" गत केही समययता निकै चर्चाको विषय रह्यो। तीन श्रृंखलामा तयार गरिएको उक्त फिल्म अनुवाद गरी अन्य देशहरूमा पनि देखाउने उद्देश्य रहेको कुरा बुझिएको छ।

पंचायती कालमा सत्तासीन राजनीतिका ढोंगहरू र त्यसले फैलाएका विकृतिहरूका विरूद्ध हास्य-व्यंग्यको आफ्नो कौशललाई उपयोग गर्दै आएका मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य आदिका सामु अव राजनीतिक विषयहरू प्रमुख विषय कमै हुन सक्दछन्। यसको कारण, विद्यमान यथास्थितिका विरूद्ध उन्नत वैकल्पिक राजनीतिक सोच उनीहरूमा नहुनुको उनीहरूको सीमितता नै हो। यो सीमिततालाई उनीहरू आफैंले तोड्न अघि बढ्नु पर्छ भन्ने माग आम-दर्शकहरूले राख्नु चाहिं अस्वाभाविक हैन।

यस स्थितिमा मदनकृष्ण, हरिवंशले केही समययता आफूलाई मूल रूपमा सामाजिक विषयहरूसंग संवद्ध गराउँदै आएका देखिन्छन् र यस क्षेत्रमा पनि उनीहरू आफ्नो सीपको अत्यधिक सदुपयोग गर्न सफल भएका देखिन्छन्। यसै क्रममा "रात" टेलिफिल्म एउटा उल्लेखनीय "रचना" हो।

यो टेलिफिल्म एड्स रोगका विरूद्ध जुन सन्देश घरघरै पुऱ्याउन सफल भएको छ, यो प्रसंशनीय छ। वास्तवमा यसले एड्स बाहेक अर्को एक महत्वपूर्ण विषयमा पनि जनतालाई सचेत गराएको छ - त्यो हो- नेपाली महिलाहरूको बेच-बिखन। भारतका वेश्यालयहरूमा कसरी सोझा नेपाली महिलाहरूलाई दलालहरूले झुक्याएर लैजान्छन् र त्यहाँ पुगेपछि उनीहरूको हालत कस्तो हुन्छ भन्ने कुराको एक सजीव झलक दिएर यस टेलिचलचित्रले खास गरी नेपाली महिलाहरूलाई यस विषयको गम्भीरता-बोध गराउनमा सफलता हासिल गरेको छ। यसले आम-जनतालाई नारी-व्यापारका दलाल ठगहरूप्रति सजग हुन प्रेरित गराएको छ। थुप्रै पत्र-पत्रिकाहरू र अन्य प्रचार-साधनहरूबाट जनतामा पुऱ्याउने प्रयत्न हुँदै आएको तर तिनको अपेक्षा गरिए जस्तो प्रभावकारीता हासिल हुन नसकिरहेको स्थितिमा यस टेलिचलचित्रमा प्रदर्शित भारतीय वेश्यालयको करीव १० मिनेटको दृश्यले ठूलो अनुपातमा यो प्रचारलाई प्रभावकारी बनाउन मद्दत गरेको पाइयो।

हास्य विषयहरूको जोडजाड् समग्रमा कुशलतापूर्ण नै रहेपनि मदनकृष्णको भूमिकालाई कतिपय दृश्यहरूले "उत्ताउलो" बनाउन पनि पछि परेका छैनन्। स्तरीय हास्य-व्यंग्यको निम्ति जरूरी एउटा प्रवृत्ति केटौले उत्ताउलोपनाबाट मुक्त हुनु पनि हो। यसतर्फ मदनकृष्ण - हरिवंशहरूको अरू ध्यान खिचिनु जरूरी छ। तुलनात्मक रूपले भन्ने हो भने अभिनयको सहजता मदनकृष्णमा भन्दा हरिवंशमा ज्यादा प्रदर्शित हुन्थ्यो। पात्र-परिस्थिति अनुरूपको मनोविज्ञानलाई अभिनयबाट प्रस्तुत गर्ने क्षमता भने दुवै जनाले राम्ररी प्रदर्शन गरेका छन्।

फिल्मको अन्तमा "एड्स" रोगबारे केही व्याख्यासहित सामान्य मानिसहरूले पनि छङ्ग भएर बुझ्ने शिष्ट-भाषामा औपचारिक किसिमकै भएपनि छोटो जानकारी समावेश गरिएको भए विषय-प्रस्तुतीको धेय अरू सार्थक हुने थियो। यसका लागि एड्स रोगले ग्रस्त डा० वसन्त र श्रीमतीले पछिल्लो चरणमा एड्स बारे चेतना फैलाउन मानिसहरूलाई कुरा बुझाउँदै हिडेको र पोष्टर टाँस्दै हिडेको सन्दर्भलाई नै उपयोग गर्न पनि सकिन्थ्यो।

सिपालु हुन्छ। सरल मानिस यसो गर्न सक्तैन। ऊ मनको कुरा बाहिर प्रकट गरिहाल्छ। तर दोहोरो जीवन भएको "सभ्य" मानिस सबैकुरा भित्र लुकाउन समर्थ हुन्छ। ऊ क्रोध, महत्वाकांक्षा, घृणा सबै भित्रै लुकाउँछ। बाहिर सभ्यता र शिष्टताको अभिनय गर्दछ। उसको आन्तरिक असभ्यता, जंगलीपना थाहै हुँदैन। तर भित्र लुकाएर बाहिर अरू नै अभिनय गर्ने भएकोले ऊ भित्रबाट डाँवाडोल भैसकेको हुन्छ। ऊ खतरनाक भैसकेको हुन्छ।

यस्तो सभ्यताभन्दा बरू असभ्यता नै मानवजातिको लागि उत्तम हुन्छ। किनभने त्यस्तो सभ्यता भनेको बिमारी हो र उल्लेखित असभ्यता भनेको सरलता हो, स्वभाविक जीवन हो।

दोहोरो जीवन-मूल्य भएको मानिस आजको समाजमा सभ्य देखिनु अस्वाभाविक छैन। ऊ बढी कामकाजी, बढी व्यहारपटु, बढी "ट्यालेन्टेड" जस्तो देखिन्छ। आफ्नो विवेकलाई समेत उसले कुनै वास्ता नगर्ने हुनाले के गर्दा उसको स्वार्थ पूरा हुन्छ, के गर्दा उसको महत्वाकांक्षा पूरा हुन्छ, त्यही नक्कली काम गर्न ऊ दाउ खेली रहेको हुन्छ। यसो गर्दा उसको जीवन अति नाटकीय, अति नक्कली र ढोंगी हुनु स्वभाविक हुन्छ। यसरी उसले बाहिर सभ्यताको नक्कल गर्ने हुनाले र नाटकीय रंगढंगमा बाँच्ने हुनाले अबोध जनता उसबाट प्रभावित हुनु स्वभाविक पनि छ। जटील मानिस सभ्य देखिन्छ भनेझैं सरल मानिस असभ्यलाग्नु र जनतामा उसको कुराको कुनै प्रभाव नुहुनु पनि अस्वाभाविक छैन।

त्यसकारण, यहाँ भन्नु पर्ने कुरा के भएको छ भने -समाज, बिखण्डित मानिसहरू-द्वारा पुर्नजीवित, पुननिर्मित हुन सक्तैन। समाजको स्वस्थताको लागि व्यक्ति स्वस्थ हुनु जरूरी छ। विमार व्यक्तित्वबाट, ढोंगी मनस्थितिबाट समाजलाई हानीसिवाय अरू केही हुँदैन। र स्वयं व्यक्तिले पनि अस्वस्थतामा आत्मिक विकास गर्न सक्तैन, नैतिकवान वा सुसंस्कृत हुन सक्तैन। त्यसकारण यो स्थितिबाट मुक्त हुनु सवैको लागि जरूरी छ। त्यसमध्ये पनि





नोवेल पुरस्कार प्राप्त गर्ने प्रथम वामपन्थी साहित्यकार
चिलीका स्पेनीश भाषाका प्रख्यात कवि

समाजका अग्रजहरू, विचारवाहकहरू वा अगुवाहरूले स्वस्थ हुनु अत्यन्त जरूरी छ। स्वार्थ, दंभ, वा अहंकार र अज्ञान, अन्धता र अन्यौलबाट समाजको अगुवाई हुन सक्तैन। विखंडित मानिसहरूबाट श्रेष्ठ कर्म हुनै सक्तैन। ढोंगले व्यक्तित्व निर्माण हुन सक्तैन। दोहोरो जीवनचर्याबाट, "डवल डिलिङ्ग" बाट सामाजिक नैतिकता फक्रिन सक्तैन। त्यसकारण यदि यस विखण्डनबाट, यस दोहोरो जीवनचर्याबाट, यस पाखण्डबाट बच्ने हो भने सर्वप्रथम आफ्नो विमारीको महशूस गराइ शुरू हुनु पर्दछ। आफ्नो वास्तविक हैसियत बुभ्ने चेष्टा गरिनु पर्दछ। स्वाभाविकता, सहजता र सरलतालाई छोड्नु हुन्न। म स्वाभाविक बन्छु भनेर मात्रै चाहिं कोही स्वभाविक हुँदैन, म सरल बन्छु भनेर मात्रै चाहिं कोही सरल हुँदैन। यसका लागि अस्वाभाविकता, नक्कल र ढोंग त्याग्नु जरूरी छ। अस्वाभाविकता, नक्कल र ढोंगनगरे मानिस स्वभावैले स्वभाविक हुन्छ, सरल हुन्छ। त्यसकारण सर्वप्रथम इमान्दारी चाहियो। आफैंप्रति इमान्दार भए पुग्छ। इमान्दारीपूर्वक आत्मनिरिक्षण गर्नासाथ ढोंग बिदा हुन शुरू हुन्छ। इमान्दारीले पाखण्डको चिहान खन्छ र सरलताको उद्घाटन गरी अविभाजित व्यक्तित्वको निर्माण गर्छ। ❐

## कीर्तिपुर......

यसरी प्रहरीहरूको दमन-उत्पीडनको विरोधमा सशस्त्र रूपमा सडकमा उत्रेर आफ्नो कीर्तिपुरलाई मुक्त पारेका लडाकु कीर्तिपुर वासीहरूले २४ गतेको नर-संहारपछि २६ गते भएको राज-नेपाली कांग्रेस वाममोर्चा बीचको त्रिपक्षीय वार्ता र संभौता पश्चात् पनि त्यसप्रति असन्तुष्टी जनाए। यस असन्तुष्टीलाई उनीहरूले देशभर भएका विजय जुलूसबाट पृथक रही विजय जुलूसमा सहभागी नभएर मात्रै होइन, विजयको प्रतीक रातो टीका समेत नलगाई संघर्ष जारी रहेको भावना अभिव्यक्त गरे।

*- राजेन्द्र महर्जन*




## "मूल्यांकन" ले के गरोस्?

पहिलो र दोस्रो अंक हेर्ने सु-अवसर प्राप्त भयो। शोषित पीडित लाखौं श्रमजीवि जनमानसको पक्षमा न्यायको आवाज बुलन्द पार्दै, विश्व कम्युनिष्ट आन्दोलनमा देखा परेको क्षणिक अवरोधलाई समाजवादकै मृत्यु भएको भन्नेहरूलाई प्रस्तुत पत्रिकाले लोप्पा खुवाएको छ। हाल मुलुकमा विद्यमान प्रजातन्त्रले मुठ्ठी भरका तस्कर, काला बजारी, भ्रष्टाचारी, कमिशनखोरी, पूँजीपति र सामान्तहरूकै मात्र हित गर्छ भन्ने कुरा वर्तमान मुलुकको परिदृश्यले स्पष्ट देखाएको छ र अधिकांश श्रमजीवि जनताले प्रजातन्त्रको झिनो आभाष समेत पाएका छैनन्, त्यसैले शोषित पीडित जनताको मानसपटल अब जनवादी कार्य-दिशातर्फ उन्मुख हुनु स्वभाविकै हो। मार्क्सवादको व्यावहारिक कार्यशैलीमा विगतमा भएका खोटा चिन्तन र कार्यान्वयनतर्फ भएका त्रुटीले ल्याएको वर्तमान विकट परिवेशमा विश्वका तमाम प्रतिकृयावादीहरू कम्युनिज्मको भविष्य छैन भन्नेतर्फ जेहाद छेडेर लागी परेका छन्। यस्तो परिवेशमा यिनै प्रतिकृयावादीहरूलाई हँसाएर मुलुकका विभिन्न वाम-घटकहरू एक आपसमा आरोप-प्रत्यारोप र गाली-गलौजमा उत्रिएका छन्।

अर्कोतर्फ, नेपाली चरम उग्रपन्थी र विसर्जनवादको चपेटामा उभिएको वर्तमान वाम-आन्दोलनमा दुवैतर्फको दिशाबाट सन्तुलन गराई प्रतिगामीदेखि लिएर सबै खाले प्रतिकृयावादको वज्र-प्रहारबाट रक्षात्मक प्रकृतिले मार्क्सवादलाई मुलुकको वस्तुस्थिति अनूकुल ढालेर गरीब, किसान, मजदूर लगायत सबै श्रमजीवी जनतालाई मुक्तिको बाटो दिलाउन प्रस्तुत पत्रिकाले अहंम भूमिका खेलोस।

**ध्रुव दाहाल**, वौद्ध महांकाल, पानीपोखरी।

## सामयिक विश्लेषण

क्रान्तिकारी विचारहरूको सँगालो "मूल्याङ्कन"लाई साधुवाद: माघ-फागुनको अंकमा नेपाल-भारतका सन्धि-सम्झौता साथै नेपाली कांग्रेसको विश्लेषण समसामयिक छन्। माओ सम्वन्धी लेख पुरानै ढाँचाको रटिरटाउ छ, नयाँ कुरो दिनु पर्‍यो र खगेन्द्र संग्रौलाको विचार राम्रो छ। साथै घटना-प्रवाहमा अलि बढी समाग्री समावेश गरियोस्। अनि एउटा कविता पनि दिन पाए अति उत्तम हुने थियो। "मूल्याङ्कन"लाई सफलताको शुभकामना।

**प्रकाश ढुङ्गाना**, गौरीवास-१, महोत्तरी

## साहित्यिक स्तंभहरू चाहियो

हालको विश्व राजनैतिक धरातलमा जसरी मार्क्सवादप्रति पूँजीवादी तत्वहरूले आक्रमण गरीर हेका छन्, त्यसैगरी त्यसको प्रतिरोध गर्न हामी मांर्क्सवादका शुभचिन्तकहरूले सकिरहेका छैनौं। फलस्वरूप उनीहरू साम्यवादको पतन भयो भनेर **जनतामा विकर्षण पैदा गराउन हर माध्यमबाट** चिच्याई रहेका छन्। यस्तो बेला "मूल्यांकन" जनता समक्ष त्यस भित्रको वास्तविकतालाई राख्न सक्ने गरी प्रकाशित भएको पाउँदा म जस्ता पाठक वर्ग धेरैलाई खुशी लाग्नु स्वभाविक हो।

खगेन्द्र संग्रौला जस्ता साहित्यकार, जसले प्रगतिशील साहित्य-चिन्तनमा आफ्नो जीवन नै अर्पिएका छन, त्यस्ता साहित्यकारको पनि प्रत्यक्ष सहयोग पाएको यस पत्रिकाले हामी जस्ता पाठक र सम्पूर्ण जनमानसमा प्रभाव पार्न सक्ने साहित्यिक स्तम्भहरू पनि प्रकाशित गरे अरू सुनमा सुगन्ध हुने थियो।

**हरि घिमिरे**, गोरखा

## हर्षले प्रफुल्ल

मासिक पत्रिका थुप्रै निस्कन्छन् र थुप्रै पढ्छु तर मैले "मूल्याङ्कन"सँग तुलना गर्ने मासिक पत्रिका भेट्न सकिनँ। यहाँ विविध कोशेली स्वरूप नयाँ नयाँ फल चाख्न पाउँदा कुन चाहिं पाठक हर्षले प्रफुल्ल नहोला? फेरि माओका बारे विशेष लेखहरू पाउँदा त झन सुनमा सुगन्ध नै बराबर। यसको बाहिरी पृष्ठ पनि राम्रो छ। बाहिरी पृष्ठमा अझ राम्रो तस्वीर समावेश गरियोस्। नयाँ नयाँ विशेष लेखहरू संकलन गरेर पाठकको मन खिच्न सकोस्। महिलाहरूका लेखहरू विशेष ध्यान दिएर प्रकाशन गर्नु पर्‍यो- नियमित रूपमा।

**के.बी. "श्रमजीवी"** गोरखा,

## राजनीति बाहेक अरू

नेपालमा राजनीतिको दिशाबोध गर्न पार्टीको पिछलग्गू बन्नु पर्ने वर्तमान अवस्थामा वाम-राजनीतिमा चाख राख्नेको लागि उपयुक्त स्थायी स्तम्भ समावेश गरेर समाजवादी विचारधाराको शिक्षा दिने तर्फ पनि मूल्याङ्कनको पाइला चल्ला कि?

साथै ताजा समसामयिक घटनाबारे टिप्पणीहरू प्रकाशित गर्नु भएमा अझ राम्रो हुने थियो। राजनीति बाहेक अन्य समस्या पनि "मूल्याक्कनमा" विचार विमर्श होला कि?

आशा छ, आगामी अंकहरू निश्चित रूपमा नियमित पाउने छु।


ELVIS, मरूटोल, काठमाण्डौ।

गतांक "मूल्याङ्कन" टाउको तताएर हेरें। यसमा प्रधान संपादक श्याम श्रेष्ठले लेख्नु भएको लेखमा गिरीजा कोइरालाको भारत भ्रमण र सन्धि संझौताहरू कति नेपालको र कति भारतको हितमा छन् भन्ने कुरालाई यथार्थवादी ढङ्गबाट हेर्ने कोशीस गरेको पाएँ। यद्यपि कतिपय कुराहरू शंकाकै भरमा ठोकिएका छन्। शंकाकै आधारमा कुनै निष्कर्षमा पुग्न सकिदैन। यो लेखले हामी नेपाली हौं भनेर गर्व गर्ने हामी जस्ता युवाहरूलाई लज्जित तुल्याइदिएको छ। यो लेखले देशका तमाम देशभक्त बौद्धिक जगतलाई विशेषतः राष्ट्रियताको सवालमा भुइँचालो ल्याइदिएको छ। यस्तो लेखले नेपाली काँग्रेसमा रहेका इमान्दार कार्यकर्ताहरूमा पनि एउटा हीनताबोधको भावना पैदा गरिदिएको छ। राष्ट्र नै नभए प्रजातन्त्रसँग के सरोकार छ हाम्रो? पंचायत ढल्यो, केवल कागजमा ढल्यो। नयाँ संविधान आयो, त्यो पनि कागजमै आयो। वास्तवमा जनताले केही पाएका छैनन्। यस्तो स्थितिमा "मूल्याङ्कन"ले हालको सरकारले के कस्तो काम गर्नु पर्छ त्यसमा पनि वामपन्थीहरू दोस्रो शक्तिमा अहिले रहेकाले उनीहरूले कस्तो बैकल्पिक कार्यक्रम दिएर सरकारलाई सहयोग गर्नु पर्छ भन्ने कुरालाई पनि गहन चिन्तन गरेर प्रजातन्त्रलाई विकसित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरोस, केवल साम्यवादी दर्शनमा जोड दिने मात्र हैन, भन्ने मेरो माग छ।

**राजु खनाल**, कविलास-८, रातामाटे, नुवाकोट

**मार्क्सवाद वैज्ञानिक सत्य हो र आलोचनादेखि डराउँदैन।**

**- माओ**


नव वर्ष २०४९ सालको शुभ–कामना सहित वैशाख १ गते खोलिने
स्वर्णिम भविश्य । स्वर्णिम अवसर ।
एक पटक मात्र रु ५५५ तिरे पुग्ने
परे पुरस्कार नपरे ब्याज सहित रकम फिर्ता
RX 100 मोटर साइकल
TV 14" Colour नेशनल
माउन्टेन बाइक
सिलाई मेसिन (हात)
वासिङ्ग मेसीन
ड्रेसिङ टेबुल
स्टिल दराज
ग्यास चुल्हो (चाइनीज)
स्पेश ट्रेडिङ कन्सर्न
रयापिड इङ्गलिस इन्स्टिच्यूट अगाडि
बागबजार, काठमाण्डौ
पो.ब.नं. ४८११
यो किस्तावन्दी कार्यक्रम होइन
विश्वास तपाईंको कार्यक्रम हाम्रो
सीट सीमित छ
सदस्य बन्नु हुने महानुभावहरुले तुरुन्त सम्पर्क राख्नु भई मौकाको फाइदा उठाउनु होस् ।

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.का.द.नं. ४८: ०३९/४० बा.अ.हु.द.नं. ६२: ०३९/४०

काठमाडौं रियल स्टेट जनरल सर्भिस प्रा. लि. द्वारा संचालित
३० महिने घडेरी बुकिङ्ग कार्यक्रममा रु. ५००/- तिरी सहभागी बन्नु होस्

(कार्यक्रम अवधि भित्रमा पुरस्कार नपर्नेले घडेरी लिन नचाहेमा रु. ६००/- फिर्ता दिइने छ)

पुरस्कार विवरण



पहिलो महिनामा पर्ने विशेष पुरस्कारको तयारी घर जग्गा

विशेष पुरस्कार - काठमाडौं जिल्लाको कीर्तिपुर हाइटको ४ आना जग्गामा निर्मित काठमाडौं - पाटनको अति सुन्दर दृश्य देखिने आधुनिक ढंगको २ तल्ले घर र जग्गा

(यो विशेष पुरस्कार पनि पहिलो पटकमै खोलिने छ)

प्रत्येक महिनामा पर्ने पुरस्कारहरु

पहिलो पुरस्कार - काठमाडौं जिल्लाको थानकोट बस स्टप (मंगलोदय बहुमुखी क्याम्पस) नजिक मोटर जाने बाटो भएको ३ आना जग्गा।
दोस्रो पुरस्कार - काठमाडौं जिल्ला थानकोटको बाटो भएको ३ आना जग्गा
तेस्रो पुरस्कार - काठमाडौं जिल्ला थानकोटको बाटो भएको ३ आना जग्गा
चौथो पुरस्कार - हिरो साइकल - १ थान १ जनालाई
पाचौं पुरस्कार - सिलाई मेसिन (हाते) - १ थान १ जनालाई
छैठौं पुरस्कार - ५ फिटको स्टील दराज - २ थान २ जनालाई
सातौं पुरस्कार - साधारण सोफा (३ सिटर) - २ थान २ जनालाई
आठौं पुरस्कार - ओपन टी.भी. र्‍याक - ३ थान ३ जनालाई
नवौं पुरस्कार - तामाको वाटर फिल्टर - ३ थान ३ जनालाई
दशौं पुरस्कार - हिटर फाएन - १ थान १ जनालाई
एघारौं पुरस्कार - टेबुल फाएन - १ थान १ जनालाई
बाह्रौं पुरस्कार - स्टील बुक र्‍याक - ५ थान ५ जनालाई
तेह्रौं पुरस्कार - नगद रु. ६००/- का दरले ३० जनालाई

फो.नं. २-१३८२५

सम्पर्क
काठमाडौं रियल स्टेट जनरल सर्भिस प्रा. लि.
नयाँ बजार, कीर्तिपुर

घर, जग्गा खरिद बिक्री गर्नु परेमा यस प्रा. लि. मा सम्पर्क राख्नु होला।